३९ वद मां शरणागतं कथं न तथाऽद्यावसि दीनवत्सल ॥ ८ ॥ गजनायक एत्य रक्षितो झटिति ग०४
ग्राहमुखाद्यथा त्वया ॥ वद मां शरणागतं कथं न तथाऽद्यावसि दीनवत्सल ॥ ९ ॥ श्रीनारायण
उवाच - इति विज्ञाप्य भूमानं विरराम निरीश्वरः ॥ मलमासोऽश्रुवदनस्तिष्ठन्नग्रे जगत्पते ॥ १० ॥

मलाई त्यसै गरी आज किन रक्षा गर्नुहुन्छ ? ॥५॥ यमुनाको बिषपानबाट ग्वाला र पशुहरू जसरी तपाईंले रक्षा गरिए हे दीनवत्सल ! भन्नुहोस्, शरणमा आएको मलाई त्यसै गरी आज किन रक्षा गर्नुहुन्छ ? ॥६॥ जसरी तपाईंले डढेलोबाट गाई, ग्वाला र ग्वालिनीहरू रक्षा गरिए हे दीनवत्सल ! भन्नुहोस् शरणमा आएको मलाई त्यसै गरी आज किन रक्षा गर्नुहुन्न ? ॥७॥ जसरी तपाईले मगधको राजा जरासन्धको जेलको बन्धनबाट राजाहरू रक्षा गरिए हे दीनवत्सल ! भन्नुहोस् शरणमा आएको मलाई त्यसै गरी आज किन रक्षा गर्नुहुन्न ? ॥८॥ जसरी तपाईंले तुरुन्तै आएर ग्राहको मुखबाट
३९ गजनायक हात्ती रक्षा गरियो, हे दीनवत्सल ! भन्नुहोस् शरणमा आएको मलाई त्यसै गरी आज किन रक्षा गर्नुहुन्न ? ॥ ९॥ श्रीनारायणले भन्नुभयो–यति कुरो भगवान्लाई निवेदन गरेर ईश्वरहीन मलमास चुपो लाग्यो र आँसुका धारा बगाउँदै जगत्पतिको अगाडि उभियो ॥१०॥ तब दयाले अत्यन्तै पग्लिएका हरि भगवान्ले निन्याउरो मुख लाएर अगाडि उभिएका

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदानीं श्रीहरिस्तूर्णं कृपया पालितो भृशम् ॥ उवाच दीनवदनं मलमासं पुरःस्थितम् ॥ ११ ॥
श्रीहरिरुवाच—वत्स वत्स किमत्यन्तं दुःखमग्नोऽसि साम्प्रतम् ॥ एतादृशं महद्दुःखं किं ते मनसि
वर्तते ॥ १२ ॥ त्वामहं दुःखसंमग्नमुद्धरिष्यामि मा शुचः ॥ न मे शरणमापन्नः पुनः शोचितु-
मर्हति ॥ १३ ॥ इहाऽऽगत्य महादुःखी पतितोऽपि न शोचति ॥ किमर्थं त्वमिहागत्य शोकसंम-
ग्नमानसः ॥ १४ ॥ अशोकमजरं नित्यं सानन्दं मृत्युवर्जितम् ॥ वैकुण्ठमीदृशं प्राप्य कथं दुःखा-
न्वितो भवान् ॥ १५ ॥ त्वामत्र दुःखितं दृष्ट्वा वैकुण्ठस्थाः सुविस्मिताः ॥ मिकर्थं मर्तु कामोऽसि
तन्मे वत्स वदाऽधुना ॥ १६ ॥ श्रीनारायण उवाच—श्रुत्वेदं भगवद्वाक्यं विभार इव भारभृत् ॥

मलमासलाई तुरुन्तै भन्नुभयो ॥११॥ श्रीहरि भगवान्ले भन्नुभयो-हे वत्स, हे बाबू ! यस बेला किन तिमी अत्यन्त दुःखमा डुबेका छौ ? यस्तो ठूलो दुःख तिम्रो मनमा के छ ? ॥१२॥ दुःखमा डुबेका तिमीलाई म उद्धार गर्नेछु, शोक नगर । मेरो शरणमा आएको व्यक्ति फेरि शोक गर्न योग्य हुँदैन ॥१३॥ यहाँ आइपुगेपछि अत्यन्त दुःखी पतित पनि शोक गर्दैन । केका लागि तिमी यहाँ आएर पनि शोकले मन खिस्रिक्क पारेका छौ ? ॥ १४ ॥ शोक नगरिने, नबुढ्याइने, सधैं आनन्द मिलिरहने, मर्नु नपर्ने यस्तो वैकुण्ठमा आएर पनि किन तिमि दुःखी छौ ? ॥१५॥ तिमीलाई यहाँ दुःखी देखेर वैकुण्ठमा रहने सबै आश्चर्यचकित छन्, केका लागि अहिले तिमी मर्ने चाहन्छौ ? हे बाबू ! त्यो कुरो मलाई बताऊ ॥१६॥ नारायणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्वासोच्छ्वाससमायुक्त उवाच मधुसूदनम् ॥ १७ ॥ अधिमास उवाच — अज्ञातं किञ्चिनैवाऽस्ति
सर्वत्र भगस्वँस्तव ॥ आकाश इव सर्वत्र व्याप्य विश्वे व्यवस्थितः ॥ १८ ॥ चराचरगतो विष्णुः
 साक्षी सर्वस्य विश्वदृक् ॥ कूटस्थे त्वयि सर्वाणि भूतानि च व्यवस्थया ॥ १९ ॥ संस्थितानि
 जगन्नाथ न किञ्चिद्भवता विना ॥ किन्न जानासि भगवन्निर्भाग्यस्य मम व्यथाम् ॥ २० ॥ तथाति
वच्मि हे नाथ दुःखजालमपावृतम् ॥ तादृशं नैव कस्यापि न श्रुतं नावलोकितम् ॥ २१ ॥
क्षणा लवा मुहूर्ताश्च पक्षा मासा दिवानिशम् ॥ स्वामिनामधिकारैस्ते मादन्ते निर्भया: सदा
॥ २२ ॥ न मे नाम न मे स्वामी न हि कश्चिन्ममाऽऽश्रयः ॥ तस्मान्निराकृतः सर्वैः साधिदेवैः सुक-

भन्नुभयो–भगवानको यस्तो वाक्य सुनेर भारी बिसाएको भरियाले झैं स्वाँ-स्वाँ गर्दै भगवान्‌लाई भन्यो ॥ १७ ॥ अधि-
मासले भन्यो–विश्वमा तपाईं आकाश झैं सबैतिर व्याप्त भएर रहनुभएको छ, त्यसकारण हे भगवन् ! सर्वत्र तपाईंले
नजानिएको वयैं छँदैछँदै ॥ १८ ॥ विश्वभर देखने, सबैका साक्षी तपाईं विष्णु चर-अचर सबैमा व्याप्त भएर रहनुभएको
छ, कूटस्थ तपाईंमा सारा सृष्टि नै व्यवस्थापूर्वक ॥१९॥ रहेका छन्, हे जगन्नाथ ! तपाईं बिना केही छैन, हे भगवन् !
तब पनि किन अभागी मेरो दुःख जान्नुहुन्न ॥२०॥ हे नाथ ! तैपनि हटाइनसक्नु मेरो दुःख-समूहलाई भन्दछु । त्यस्तो
दुःख त न कसैको सुनिएको छ, न देखिएको छ ॥२१॥ क्षण, निमेष, मुहूर्त, पक्ष, महीना, दिन रात आफ्ना-आफ्ना स्वामी-
हरूको अधिकारले गर्दा ती सब सधैं निर्भय भएर खुशी रहन्छन् ॥२२॥ हे प्रभु ! न मेरो नाम छ, न मेरो कोही स्वामी छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र्मणः ॥ २३ ॥ निषिद्धो मलमासोऽयमित्यन्धोऽवटगः सदा ॥ तस्माद्विनष्टुमिच्छामि नाऽहं जीवितु-
मुत्सहे ॥ २४ ॥ कुजीविताद्वरं मृत्युर्नित्यदग्धः कथं स्वपेत् ॥ अतः परं महाराज वक्तव्यं नावशि-
 ष्यते ॥ २५ ॥ परदुःखासहिष्णुस्त्वमुपकारप्रियो मतः ॥ वेदेषु च पुराणेषु प्रसिद्ध पुरुषोत्तमः ॥ २६ ॥
 निजधर्मं समालोच्य यथारुचि तथा कुरु ॥ पुनः पुनः पामरेण न वक्तव्यः प्रभुर्महान् ॥ २७ ॥
मरिष्येऽहं मरिष्येऽहं मरिष्येऽहं पुनः पुनः ॥ इत्युक्त्वा मलमासोऽयं विरराम विधेः सुत ॥ २८ ॥
ततः पपात सहसा सन्निधौ श्रीरमापतेः ॥ तत्र तं पतितं दृष्ट्वा संसज्जाता सुविस्मिता ॥ २९ ॥

न कोही मेरो आश्रय छ, त्यसकारण अधिष्ठित द्यौता हुने सबैले शुभ कर्मबाट मलाई निकालिदिएका छन् ॥२३॥ हे प्रभु ! सबै मलाई या ता मलमास शुभ कर्ममा सधैं निषेध गरिएको छ, यो अन्धो हो, खाल्टामा जाकिन्छ भन्दछन् । त्यसैकारण, हे नाथ ! मर्न चाहन्छु, म बाँचन साहस गर्दिनँ ॥२४॥ खराब किसिमले बाँच्नुभन्दा मर्नु निको हो, सधैं पीरले डढेको व्यथित कसरी सुतोस् ? हे महाराज ! अब अगाडि मेरो भन्नु क्यै बाँकी छैन ॥२५॥ वेदहरूमा र पुराणहरूमा पनि 'पुरुषोत्तम, पुरुषहरूमा उत्तम प्रसिद्ध तपाईं अर्काको दुःख सहन नसक्ने अनि उपकार नै प्रिय मान्ने भनी मानिनुहुन्छ ॥ २६ ॥ ठूला शक्तिशालीलाई नीचहरूले बार-बार झिझ्याट भनिरहनु हुन्न । त्यसकारण आफूले धर्म विचारेर जस्तो मन लाग्छ त्यस्तै गर्नुहोस् ॥२७॥ हे ब्रह्माका छोरा नारदजी ! अनि यो मलमासले बार-बार म मर्छु, म मर्छु, कि मर्छु यस्तो भनेर बोल्न बिसायो अर्थात् चुपो लाग्यो ॥२८॥ त्यसपछि रमापति भगवान्को नजीकै एकाएक ढ्वाङ्ग पच्छारियो । तब त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीनारायण उवाच—इत्युक्त्वा विरतिमुपागतेऽधिमासे श्रीकृष्णो बहुलकृपाभरावसन्नः ॥ प्रोवाचज्जलदगभीररावरम्यं निर्वाणं शिशिरमयूखवन्नयंस्तम् ॥ ३० ॥ सूत उवाच—नारायणस्य निगमर्द्धिपरायणस्य पापौघवार्धिवडवाग्निवचोऽवदातम् ॥ श्रुत्वा प्रहर्षितमना मुनिरावभाषे शुश्रुषुरादिपुरुषस्य वचांसि विप्राः ॥ ३१ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये मलमासविज्ञप्तिर्नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

त्यसलाई त्यसरी पच्छारिएको देखेर त्यहाँको संसद्मानै द्यौताहरूको सभा आश्चर्यचकित भयो ॥ २९ ॥ श्रीनारायणले भन्नुभयो—यति भनेर अधिमास चुपो लागेपछि ज्यादै नै कृपाको भारले शान्त रहनुभएको श्रीकृष्णले पानी पार्ने बादलको जस्तो गम्भीर स्वरले र शिशिर ऋतुको चन्द्रकिरण झैं आनन्द लाग्ने वचन त्यस अधिमासलाई भन्नुभयो ॥ ३० ॥ तब सूतजीले भन्नुभयो—हे ब्राह्मण हो, वेदको ऐश्वर्यरूप वाणीले वर्णन गरिने नारायणले कहिएको, पापको समूहरूप समुद्र सोस्नका लागि बडवानल जस्तो वचन सुनेर प्रसन्न भएका नारद मुनिले फेरि पनि आदिपुरुषको वचन सुन्न चाहेर भने ॥ ३१ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये चतुर्थोऽध्याय ॥ ४ ॥

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चमोऽध्यायः

नारद उवाच- किमुवाच महाभाग श्रुत्वा तद्वचनं हरिः ॥ चरणाऽग्रे निपतितमधिमासं तपोनिधे भा.टी.
पु.मा. ॥ १ ॥ श्रीनारायण उवाच—शृणु नारद वक्ष्यामि यदुक्तं हरिणाऽनघ ॥ धन्योऽसि त्वं मुनि श्रेष्ठ अ०५
४४ यन्मां पृच्छसि सत्कथाम् ॥ २ ॥ श्रीकृष्ण उवाच—शृणु तत्रत्यवृत्तान्त प्रवक्ष्यामि तवाग्रतः ॥
नेत्रकोणसमादिष्टस्तदानीं हरिणाऽर्जुन ॥ ३ ॥ वीजयामास पत्रेण त मासं मूर्छितं खगः ॥
उत्थितः पुनरेवाह नैतन्मे रोचते विभो ॥ ४ ॥ अधिमास उवाच—पाहि पाहि जगद्धातः पाहि

नारदजीले भन्नुभयो-हे महाभाग ! हे दयानिधि ! उसको वचन सुनेर, आफ्ना गोडामा गिरेका अधिमासलाई हरिले
के भन्नुभयो ? ॥ १ ॥ श्रीनारायणले भन्नुभयो-हे मुनिश्रेष्ठ ! तिमी जुन असल कथा मलाई सोधिरहेका छौ, त्यसले
तिमी धन्य छौ, तिमीलाई धन्यवाद छ। हे निष्पाप नारद ! हरिले जुन कुरो मलमासलाई भन्नुभयो त्यो म भन्छु, सुन
॥ २ ॥ श्रीकृष्णले भन्नुभयो--हे अर्जुन ! तिम्रो सामु अब म वैकुण्ठमा भएको वृत्तान्त सुनाउँछु--आफ्ना पाउमा पच्छा- ४७
रिएर अधिमास मूर्च्छा परेपछि तब हरिले आँखाका कुनाले अराइएका ॥ ३ ॥ गरुडले त्यस मूर्च्छा परेको मलमासलाई
आफ्ना पखेटाले हम्किदिए। तब बौरेर उठेको मलमासले 'हे विभु ! मलाई यो ठीक लाग्दैन, भनेर फेरि पनि भन्नथाल्यो—
॥ ४ ॥ अधिमासले भन्यो-हे जगत् सृष्टि गर्ने जगतका पति विष्णु ! मलाई रक्षा गर्नुहोस्, मलाई रक्षा गर्नुहोस्, मलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णो जगत्पते ॥ उपेक्षसे कथं नाथ शरणं मामुपागतम् ॥ ५ ॥ इत्युक्त्वा वेपमानं तं
विलपन्तं मुहुर्मुहुः ॥ अद्धोवाच हृषीकेशो वैकुण्ठनिलयो हरिः ॥ ६ ॥ श्रीविष्णुरुवाच–
पु.मा. उत्तिष्ठोत्तिष्ठ भद्रं ते विषादं वत्स मा कुरु ॥ त्वद्दुःखं दुर्निवार्यं मे प्रतिभाति निरीश्वर ॥ ७ ॥ भा.टी.
४५ इत्युक्त्वा मनसि ध्यात्वा तदुपायं क्षणं प्रभुः ॥ विनिश्चित्य पुनर्वाक्यमुवाच मधुसूदनः ॥ ८ ॥ अ०५
श्रीविष्णुरुवाच— वत्साऽऽगच्छ मया सार्धं गोलोकं योगिदुर्लभम् ॥ यत्राऽऽस्ते भगवान् कृष्णः पुरुषोत्तम
ईश्वरः ॥ ९ ॥ गोपिकावृन्दमध्यस्थो द्विभुजो मुरलीधरः ॥ नवीननीरदश्यामो रक्तपङ्कजलोचनः

रक्षा गर्नुहोस् हे नाथ ! शरणमा आएको मलाई कसरी उपेक्षा गर्नु हुन्छ ? ॥५॥ यति भनेर बार-बार विलाप गर्दै थर-थर काँपिरहेको उसलाई वैकुण्ठमा रहने हृषीकेश हरि भगवानले तुरुन्तै भन्नुभयो ॥६॥ श्रीविष्णुले भन्नुभयो–हे बाबू ! उठ-उठ ! तिम्रो कल्याणहोस्, दुःख नमान। हे निरीश्वर ! बिना-स्वामीको महीना ! मलाई लाग्दछ तिम्रो दुःख हटाउन गाह्रो छ ॥७॥ यति भनेर, प्रभुले त्यसको उपाय एकछिन मनमा सोचेर निश्चय गरी मधुसूदन भगवान्ले फेरि कुरो कहनुभयो ॥८॥ श्रीविष्णुले भन्नुभयो–हे बाबू ! योगीहरूले पनि बडा मुश्किलले पाइने त्यस्तो गोलोक जान मेरा साथ आऊ जहाँ ४५
गोपीका झुण्डको बीचमा रहने, दुइ बाहु हुने, मुरली लिने, नयाँ नीरद (पानी पार्ने बेलाको बादल) जस्तो श्याम वर्ण हुने रातो कमल जस्तो आँखा भएका, शरद् ऋतुका पूर्णिमाका चन्द्रमाको शोभालाई पनि टप्ने मुखमण्डलवाला, करोडौं कामदेव समान सुन्दर लीलाका धाम हुनाले अति राम्रा; पीताम्बर पहिरेका, माला लगाएका, वनमाला (किसिम-किसिमका जंगली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ १० ॥ शारदीय—पार्वणेन्दुशोभातीरोचनाननः ॥ कोटिकन्दर्पलावण्यलीलाधाममनोहरः ॥ ११ ॥
पीताम्बरधरः स्रग्वी वनमालाविभूषितः ॥ सद्रत्नभूषणः प्रेमभूषणो भक्तवत्सलः ॥ १२ ॥ चन्द-
पु.मा. नोक्षितसर्वाङ्ग कस्तूरीकुङ्कुमाऽन्वितः ॥ श्रीवत्सवक्षाः संभ्राजत्कौस्तुभेन विराजितः ॥ १३ ॥ भा टी
४६ सद्रत्नसाररचितकिरीटो कुण्डलोज्ज्वलः ॥ रत्नसिंहासनारूढः पार्षदैः परिवेष्टितः ॥ १४ ॥ स एव अ०५
परम ब्रह्म पुराणपुरुषोत्तमः ॥ स्वेच्छामयः सर्वबीजं सर्वाधारः परात्परः ॥ १५ ॥ निरीहो निर्वि-
कारश्च परिपूर्णतमः प्रभुः ॥ प्रकृतेः पर ईशानो निर्गुणो नित्यविग्रहः ॥ गच्छावस्तत्र त्वद्दुःखं
श्रीकृष्णो व्यपनेष्यति ॥ १६ ॥ श्रीनारायण उवाच—इत्युक्त्वा तं करे कृत्वा गोलोकं गतवान्

फूलका माला)ले शोभिएका; असल रत्नहरूले सिंगारिएका, प्रेम नै भूषण भएका, भक्तहरूलाई प्रेम गर्ने, कस्तूरी-कुम्कुम-
मिलेको चन्दन शरीरभर लगाएका, छातीमा श्रीवत्सको चिह्न हुने, चम्किलो कौस्तुभ मणिले जगमगाएका, अतल-असल रत्न
चुनी जडेर बनाइएको किरीट पहिरेका, उज्ज्ल कुण्डल लाएका, रत्नैरत्नले बनेको सिंहासनमा बसेका, पार्षदहरूले घेरिएका,
उही परब्रह्म, पुराणपुरुषोत्तम, सर्वतन्त्र, समस्त ब्रह्माण्डका उत्पत्तिस्थान, सबैका आधार, परभन्दा पनि पर रहने चेष्टा-
रहित (साक्षीमात्र), विकार (भौतिक पदार्थ) रहित, सब थोकले एकदम उच्च, प्रभु, प्रकृतिभन्दा पर रहने, ईशान, निर्गुण ४६
(गुणरहित), अविनाशी पुरुषोत्तम, ईश्वर, कृष्ण भगवान् हुनुहुन्छ, उहीं जाऔं, भगवान् श्रीकृष्णले तिम्रो दुःख हरिदिनु-
हुनेछ ॥९-१६॥ श्रीनारायणले भन्नुभयो—यति भनी अधिमासलाई डोर्‍याएर हरि भगवान् गो-लोकमा जानुभयो ॥ १७ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिः ॥ १७ ॥ अज्ञानान्धतमोध्वंसं ज्ञानवर्त्मप्रदीपकम् ॥ ज्योतिःस्वरूपं प्रलये पुराऽऽसीत्केवलं
मुने ॥ १८ ॥ सूर्यकोटिनिभं नित्यमसंख्यं विश्वकारणम् ॥ विभोः स्वेच्छामयस्यैव तज्ज्योति–
पु. भा. रुल्बणं महत् ॥ १९ ॥ ज्योतिरभ्यन्तरे लोकत्रयमेव मनोहरे ॥ तस्यैवोपरि गोलोकः शाश्वतो भा टी
४७ ब्रह्मवन्मुने ॥ २० ॥ त्रिकोटियोजनायामो विस्तीर्णो मण्डलाऽऽकृतिः ॥ तेजः स्वरूपः सुमहद्रत्नभू अ०
मिमयः परः ॥ २१ ॥ अदृश्यो योगिभिः स्वप्ने दृश्यो गम्यश्च वैष्णवैः ॥ ईशेन विधृतो योगैर-
न्तरिक्षस्थितो वरः ॥ २२ ॥ आधिव्याधिजरामृत्युशोकभीतिविवर्जितः ॥ सद्रत्नभूषितासंख्यमन्दिरैः

हे मुनी ! जुन गोलोक पहिले प्रलयकालमा अज्ञानरूप महाअन्धकारलाई ध्वस्त पार्ने, ज्ञानरूपी बाटोमा ज्योति जगाउने, करोडौं सूर्य झैं चम्किला, रोजै असंख्य विश्व सृष्टिमा कारण भएको, केवल ज्योति नैं ज्योतिको पुञ्ज जस्तो ज्योतिस्वरूपको थियो। त्यो ज्योति नै स्वच्छन्दचारी विभुको ठूलो गर्भ हो ॥१८-१९॥ त्यसै ज्योतिको भित्र नै मनोहर तीनै लोक छन्। त्यसै तीन लोकको माथि हे मुनि, शाश्वत् ब्रह्म जस्तो 'गो-लोक' छ ॥२०॥ त्यो गो-लोक तीन करोड योजन नापको, फराक, गोलाइका आकारको, तेजं तेज भएको, अति ठूलो रत्नैरत्नको भूमि जस्तो श्रेष्ठ ॥२१॥ योगीहरूले त सपनामा पनि देख्न नसकिने, केवल वैष्णवहरूले मात्र जान र देख्न सकिने, विभुले योगले अड्याइएको, अन्तरिक्षमै रहेको अति उत्तम, रोग-व्याध-बुढ्याइँ-मृत्यु-शोक डरले रहित भएको, असल-असल रत्न जडिएका असंख्य मन्दिरहरूले शोभिएको छ ॥२२-२३॥ ४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पु.मा. ४८

परिशोभितः ॥ २३ ॥ तदधो दक्षिणे सव्य पञ्चाशत्कोटिविस्तरात् ॥ वैकुण्ठः शिवलोकश्च तत्समः सुमनोहरः ॥ २४ ॥ कोटियोजनविस्तीर्णो वैकुण्ठो मण्डलाऽऽकृतिः ॥ लसत्पीतपटा रम्या यत्र तिष्ठन्ति वैष्णवाः ॥ २५ ॥ शंखचक्रगदापद्मश्रियाजुष्टचतुर्भुजात् ॥ स्त्रियो लक्ष्मीसमाः सर्वाः कूजन्नूपुरमेखलाः ॥ २६ ॥ सव्येन शिवलोकश्च कोटियोजनविस्तृतः ॥ लयशून्यश्च सृष्टौ च पार्षदैः परिवारितः ॥ २७ ॥ निवसन्ति महाभागा गणा यत्र कपर्दिनः ॥ भस्मोद्धूलितसर्वाङ्गा नागयज्ञोपवीतिनः ॥ २८ ॥ अर्द्धचन्द्रलसद्भाला: शूलपट्टिशपाणयः ॥ सर्वे गंगाधराः शूरास्त्र्यम्बका

त्यस गोलोकको तल दायाँपट्टि पचास करोड योजन फैलिएको वैकुण्ठ लोक छ । बायाँपट्टिचाहिँ त्यत्तै नै अति राम्रो शिवलोक पनि छ ॥ २४ ॥ वैकुण्ठ धामचाहिँ करोड योजन फराकिलो बाटुलो आकारको छ । त्यस वैकुण्ठधाममा अति राम्रा चम्किला पहेंलो वस्त्र लाउने वैष्णवहरू बस्तछन् ॥ २५ ॥ त्यहाँ रहने पुरुषहरू शंख-चक्र-गदा-पद्मको शोभा (चिह्नले) युक्त चार बाहुवाला छन् । स्त्रीहरूचाहिँ पाउजेब र काञ्ची (करधनी) छम-छम बजाइरहने सबै नै लक्ष्मीसमान छन् ॥ २६ ॥ बायाँपट्टिको शिवलोकचाहिँ एक करोड योजन फैलिएको छ । त्यो लयशून्य छ अर्थात् प्रलय नहुनेवाला छ, सृष्टिकालमा पार्षदहरूले घेरिएर रहेको छ ॥ २७ ॥ त्यहाँ शिवजीका भाग्यमानी गणहरू बस्तछन् । त्यहाँ रहनेहरू सबै आङभरि भस्म घसेका, सर्पको जनै लगाएका ॥ २८ ॥ आधा चन्द्रमाले निधार चम्कि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयशालिनः ॥ २९ ॥ गोलोकाऽभ्यन्तरे ज्योतिरतीव सुमनोहरम् ॥ परमाऽऽह्लादकं शाश्वतपरमाऽनन्द-
कारणम् ॥ ३० ॥ ध्यायन्ते योगिनः शाश्वद्योगेन ज्ञानचक्षुषा ॥ तदेवानन्दजनकं निराकार परात्परम्
॥ ३१ ॥ तज्ज्योतिरन्तरे रूपमतीव सुमनोहरम् ॥ इन्दीवरदलश्याम पङ्कजाऽरुणलोचनम् ॥ ३२ ॥
कोटिशारदपूर्णेन्दुशोभाऽतिरोचनाननन् ॥ कोटिमन्मथ सौन्दर्यलीलाधाममनोहरम् ॥ ३३ ॥ द्विभुजं
मुरलीहस्तं सस्मितं पीतवाससम् ॥ श्रीवत्सवक्षसा भ्राजत्कौस्तुभेन विराजितम् ॥ ३४ ॥ सद्रत्न

एका, त्रिशूल र फर्सा हातमा लिएका, सधैं नै गंगालाई धारण गर्ने, शूर-बीर, त्र्यम्बक र शङ्करै जस्ता जयशाली छन् ॥२९॥ त्यसै गोलोकभित्र अत्यन्त सुन्दर, ज्यादै रहरलाग्दो, हमेशा असाध्यै आनन्द लाग्ने 'ज्योति' छ ॥३०॥ जुन ज्योतिलाई योगीहरू हमेशा योगद्वारा ज्ञानरूपी आँखाले ध्यान गर्छन् । त्यही ज्योति नै आनन्द दिनेवाला आकाररहित र परभन्दा पनि पर छ ॥३१॥ त्यस ज्योतिको पनि भित्र अत्यन्तै राम्रो कुनै रूप छ । जुन रूप नीलकमलका फूलको पत्र जस्तो श्याम वर्णको र रातो कमलको मुकुल जस्तो आँखा भएको ॥३२॥ शरद् ऋतुको पूर्णिमाका करोडौं चन्द्रमाको शोभालाई पनि टप्ने मुख भएको, करोडौं कामदेवका समान अतिसुन्दर लीलाको धाम हुनाले अति राम्रो ॥३३॥ दुइ हात भएको, मुरली हातमा लिएको, मुस्कुराइरहेको, पहेंलो वस्त्र पहिरेको, छातीमा श्रीवत्सको चिन्ह भएको, चम्किरहेको कौस्तुभ मणिले शोभिएको ॥३४॥ करोडौं असल रत्न जडेको किरीट र वाजुले उज्वल, रत्नको सिंहासनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोटिखचितकिरीटकटकोज्ज्वलन् ॥ रत्नसिंहासनस्थं च वनमालाविभूषितम् ॥ ३५ ॥ तदेव परमं ब्रह्म पूर्णं श्रीकृष्णसंज्ञकम् ॥ स्वेच्छामयं सर्वबीजं सर्वाऽऽधारं परात्परम् ॥ ३६ ॥ किशोरवयं

 शश्वद्गोपवेशविधायकम् ॥ कोटिपूर्णेन्दुशोभाढयं भक्तानुग्रहकारकम् ॥ ३७ ॥ निरीहं निर्विकार च

परिपूर्णतमम् प्रभुम् ॥ रासमण्डपमध्यस्थं शान्तं रामेश्वरं हरिम् ॥ ३८ ॥ मंगलं मंगलार्हं च सर्व मंगलमंगलम् ॥ परमानन्दराज च सत्यमक्षरमव्ययम् ॥ ३९ ॥ सर्वसिद्धेश्वरं सर्व सिद्धिरूपं च सिद्धिदम् ॥ प्रकृतेः परमीशानं निर्गुणं नित्यविग्रहम् ॥ ४० ॥ आद्यं पुरुषमव्यक्तं पुरुहूतं च

बसेका, वनमालाले शोभिएको छ ॥३५॥ त्यही रूप नै श्रीकृष्ण नाउँ गरेको पूर्ण परब्रह्म हो । जुन स्वचछन्द, सबै सृष्टिको बीज, सारा चर अचरको आधार, परभन्दा पनि पर ॥३६॥ सानै उमेरका रहने, निरन्तर गोपको वेश घर्ने, कोटिन् पूर्ण चन्द्रमाको शोभाले शोभिएका, भक्तहरूलाई कृपा गर्ने ॥३७॥ कुनै इच्छा नगर्ने, विकारले रहित, सबै कुराले टञ्च, शक्तिशाली, रामण्डलको बीचमा रहने, शान्त, रासका मालिक, हरि ॥३८॥ मंगलरूप, मंगल गर्ने, सारा मंगलका पनि मंगल, अत्यन्त आनन्दले शोभिएका, सत्यस्वरूप, कहिल्यै नखिइने, अविनाशी ॥२९॥ सारा सिद्धहरूका मालिक, समस्त सिद्धिस्वरूप, सम्पूर्ण सिद्धि दिने, प्रकृतिदेखि अलग, निर्गुण, शरीर ननाशिने ॥४०॥ आदिपुरुष,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ष्टतम् ॥ नित्यं स्वतन्त्रमेकं च परमात्मस्वरूपकम् ॥ ४१ ॥ ध्यायन्ते वैष्णवाः शान्ताः शान्तं
शान्तिपरायणम् ॥ एवं रूपं परं बिभ्रद्भगवानेक एव सः ॥ ४२ ॥ श्रीनारायण उवाच—एवमुक्त्वा
 ततो विष्णुरधिमाससमन्वितः ॥ गोलोकमगमच्छीघ्रं विरजोवेष्टितं परम् ॥ ४३ ॥ सूत उवाच—
 इतीरयित्वा गिरमात्तसत्क्रिये मुनीश्वरे तूष्णिमवस्थिते मुनिः । जगाद वाक्यं विधिजो महोत्सवाच्छु-
श्रूषुरानन्दनिधेर्नवाः कथा ॥ ४४ ॥

इति श्री बृहन्नारदीयपुराणे श्रीनारायणनारदसंवादे पुरुषोत्तममासमाहात्म्ये
विष्णोर्गोलोकगमनो नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

सूक्ष्मभन्दा पनि सूक्ष्म, धेरै नाम हुने, धेरैले स्तुति गरिने, नित्य, स्वतन्त्र, एकमात्र परमात्माको स्वरूप ॥४१॥ शान्त, शान्तिमै लागिरहने यस किसिमको चम्किने श्रेष्ठ रूपलाई शान्त चित्तका वैष्णवहरू ध्यान गर्दछन् । भगवान् भनेको उही एकमात्र हो ॥४२॥ श्रीनारायले भन्नुभयो—यति भनिसकेर तब अधिमासलाई साथैमा लिएर विष्णु भगवान तुरुन्तै परब्रह्म रहने गोलोकमा गए ॥४३॥ तब सूतजीले भन्नुभयो—सत्कार गरिएका मुनिश्वर यति कुरो भनेर चुपो लागेपछि आनन्दका सागर पुरूषोत्तम प्रभुको नयाँ-नयाँ कथाहरू सुन्न चाहने ब्रह्माका पुत्र नारद मुनिले ठूलो उत्कण्ठाले वचन बोले ॥४४॥

इति श्रीबृहन्नारदीये पुरुषोत्तममासमाहात्म्ये विष्णोर्गोलोकगमने पञ्चमोऽध्यायः समाप्तः ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षष्ठोऽध्यायः

नारद उवाच--वैकुण्ठाधिपतिर्गत्वा गोलोके किं चकार ह ॥ तद्वदस्व कृपां कृत्वा मह्यं शुश्रूषवेऽनघ
 ॥ १ ॥ श्रीनारायण उवाच-शृणु नारद वक्ष्येऽहं यज्जातं तत्रतेऽनघ ॥ विष्णुर्गोलोकमगमदधिमासेन
 संयुतः ॥ २ ॥ तन्मध्ये भगवद्धाम मणिस्तम्भैः सुशोभितम् ॥ ददर्श दूरतो विष्णुर्ज्योतिर्धाम
मनोहरम् ॥ ३ ॥ तत्तेजः पिहिताक्षोऽसौ शनैरुन्मील्य लोचने ॥ मन्दं मन्दं जगामाधिमासं कृत्वा
स्वपृष्ठतः ॥ ४ ॥ उपमन्दिर मासाद्य साधिमासो मुदान्वितः ॥ उत्थितैर्द्वारपालैश्च वन्दिताङ्घ्रिर्हरिः
शनैः ॥ ५ ॥ प्रविष्टो भगवद्धाम शोभासंपुष्टलोचनः ॥ तत्र गत्वा ननामाशु श्रीकृष्णं पुरुषोत्तमम्

नारदजीले भन्नुभयो–हे अनघ ! बैकुण्ठका अधिपति विष्णु गोलोकमा गएर के गर्नु भयो ? म सेवकलाई कृपा गरेर त्यो कुरो भन्नुहोस् ।।१।। श्रीनारायणले भन्नुभयो–हे पापरहित नारद ! अधिमासलाई साथमा लिएर विष्णु गोलोकमा गएपछि त्यहाँ जुन घटना घट्यो, त्यो म भन्छु, सुन ।।२।। त्यस गोलोकको बीचमा मणिका खम्बाहरूले अत्यन्त शोभिएको भगवानको रहने ठाऊँ अति राम्रो ज्योतिको धाम विष्णुले टाढैबाट देखे ।।३।। त्यस तेजले आँखा तिर्मिरिएका विष्णु बिस्तारै-बिस्तारै दुवै आँखा खोलेर अधिमासलाई आफ्नू पछाडि लाएर बिस्तारै-बिस्तारै जानुभयो ।।४।। मन्दिरको नगीचै पुगेपछि उठेका द्वारपालहरूले गोडामा ढोगिएका हरि ।।५।। त्यहाँको शोभाले आँखा रसिलो पार्दै बिस्तारै पुरुषोत्तमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ६ ॥ गोपिकावृन्दमध्यस्थं रत्नसिंहासनासनम् ॥ नत्वोवाच रमानाथो बद्धाञ्जलिपुटः पुरः ॥ ७ ॥
श्रीविष्णुरुवाच-"वन्दे कृष्णं गुणातीतं गोविन्दमेकमक्षरम् ॥ अव्यक्तमव्ययं व्यक्तं गोपवेशविधा-
पृ.मा. थिनम् ॥ ८ ॥ किशोरवयसं शान्तं गोपीकान्तं मनोहरम् ॥ नवीननीरदश्यामं कोटिकन्दर्पसुन्दरम् ॥ ९ ॥ भा.टी.
५३ वृन्दावनवनाभ्यन्ते रासमण्डलसंस्थितम् ॥ लसत्पीतपटं सौम्यं त्रिभंगललिताकृतिम् ॥ १० ॥ अ० ६
रासेश्वरं रासवासं रासोल्लाससमुत्सुकम् ॥ द्विभुजं मुरलीहस्तं पीतवाससमच्युतम्"॥ ११ ॥ इत्येव-
मुक्त्वा तं नत्वा रत्नसिंहासने वरे ॥ पार्षदैः सत्कृतो विष्णुः स उवाच तदाज्ञया ॥ १२ ॥ श्रीनारायण

धाममा प्रवेश गर्नुभयो। उहाँ गएर गोपीका झुण्डको बीचमा विराजमान, रत्नको सिंहासनमा आसन जमाउनुभएका पुरुषो-त्तम श्रीकृष्ण भगवान्लाई तुरुन्तै ढोग्नुभयो। ढोगिसकेर रमाका नाथ विष्णु पुरुषोत्तमको अगाडि हात जोडेर भन्न थाल्नुभयो ॥६-७॥ श्रीविष्णुले भन्नुभयो–गुणलाई टपेका, गोविन्द, एकमात्र अक्षर, सूक्ष्म, अविनाशी, विराट, गोपको वेश लिने ॥८॥ सानै उमेरका, शान्त, गोपीहरूका कान्त (पति), सुन्दर, नयाँ पानी पार्ने मेघ जस्तो श्याम, करोडौं कामदेव जस्ता सुन्दर ॥९॥ बृन्दावनको झाडीभित्र रास-मण्डलमा रहने, चम्किलो पहेंलो वस्त्र पैह्रने, शान्त आकारका, रासमा नाच्दा तीन ठाऊँ शरीर टेढिनाले असाध्यै राम्रो आकारका लाग्ने ॥१०॥ रासलीलाका स्वामि, ५३
रासमा नै बस्ने, रास लीलाको विनोदमा सधैं उत्सुक, दुइ हात हुने, मुरली हातमा लिने, पहेलो वस्त्र पहिर्ने, पार्षदहरूले सत्कार गरिएका ती विष्णु पुरुषोत्तमको आज्ञाले श्रेष्ठ रत्नसिंहासनमा बस्नु भयो ॥११-१२॥ श्रीनारायणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच— इति विष्णुकृतं स्तोत्रं प्रातरुत्थाय यः पठेत् ॥ पापानि तस्य नश्यन्ति दुःस्वप्नः सत्फलप्रदः
॥ १३ ॥ भक्तिर्भवति गोविन्दे पुत्रपौत्रविवर्द्धिनी ॥ अकीर्तिः क्षयमाप्नोति सत्कीर्तिर्वर्द्धते चिरम्
॥ १४ ॥ उपविष्टस्ततो विष्णुः श्रीकृष्णचरणाम्बुजे ॥ नामयामास तं मासं वेपमानं तदग्रतः ॥ १५ ॥
तदा पप्रच्छ श्रीकृष्णः कोऽयं कस्मादिहागतः ॥ कस्माद्रुदति गोलोके नकश्चिद्दुःखमश्नुते ॥ १६ ॥
गोलोकवासितं सर्वे सदाऽऽनन्दपरिप्लुताः ॥ स्वप्नेऽपि नैव शृण्वन्ति दुर्वार्तां च दुरन्वयाम्
॥ १७ ॥ तस्मादयं कथं विष्णो मदग्रे दुःखितः स्थितः ॥ मुञ्चन्नश्रूणि नेत्राभ्यां वेपते च मुहुर्मुहुः

भन्नुभयो—विष्णुले स्तुति गरिएको यो स्तोत्र बिहानै उठेर जो पढ्दछ, त्यसका पाप नाशिन्छन् र खराब सपना पनि असल फल दिने हुन्छ ॥१३॥ गोविन्दमा भक्ति हुन्छ, जसले छोरा-नातिको वृद्धि हुन्छ । अकीर्तिको नाश हुन्छ, सत्कीर्ति स्थायी रूपले बढ्दछ ॥१४॥ तब विष्णु बसेपछि पुरुषोत्तमको अगाडि थर-थर काँपिरहेको त्यस अधिमासलाई श्रीकृष्णका चरण-कमलमा ढोग्न लगाउनुभयो ॥१५॥ तब श्रीकृष्णले विष्णुलाई सोध्नुभयो कि—यो को हो ? के कारणले यहाँ आएको हो ? किन रुन्छ ? गोलोकमा त कोही पनि दुःख भोग्दैन ? ॥१६॥ गोलोकवासीहरू त सबै सधैं आनन्दमा डुबिरहेका छन् । सपनामा पनि खराब कुरो र दुःखको समाचार सुन्दैनन् ॥१७॥ त्यसकारण हे विष्णु ! किन यो मेरो अगाडि दुःखी भएर रहेको छ ? दुबै आँखाबाट आँसु बगाउदै बार-बार (थररर) काँपिरहेको छ ॥१८॥ श्रीनारायणले भन्नुभयो—नयाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पु.मा. ५५ भा टो. ७०६

॥ १८ ॥ श्रीनारायण उवाच—नवाम्बुदानीकमनोहरस्य गोलोकनाथस्य वचो निशम्य ॥ उवाच विष्णुर्मलमासदुःखं प्रोत्थाय सिंहासनतः समग्रम् ॥ १९ ॥ श्रीविष्णुरुवाच—वृन्दावनकलानाथ श्रीकृष्ण मुरलीधर ॥ श्रूयतामधिमासोऽयं दुःखं वच्मि तवाग्रतः ॥ २० ॥ तस्मादहमिहायातो गृहीत्वा मुनिरीश्वरम् ॥ दुःखदावानलं तीव्रमेतदीयं निराकुरु ॥ २१ ॥ अयं त्वधिकमासोऽस्ति व्यपेतरविसंक्रमः ॥ मलिनोऽयमनर्होऽस्ति शुभकर्मणि सर्वदा ॥ २२ ॥ न स्नानं नैव दानं च कर्तव्यं प्रभुवर्जिते ॥ एवं तिरस्कृतः सर्वैर्वनस्पतिलतादिभिः ॥ २३ ॥ मासैर्द्वादशभिश्चैव कलाकाष्ठालवादिभिः

मेघसमूह जस्तो सुन्दर भएका गो-लोकका नाथको वचन सुनेपछि विष्णुले सिंहानबाट जुरुक्क उठेर मलमासको सम्पूर्ण दुःख भन्नुभयो ।।१९।। श्रीविष्णुले भन्नुभयो—हे वृन्दावनका शोभाका नाथ ! हे श्रीकृष्ण ! हे मुरलीधर ! सुनिबक्सियोस्, यो अधिमास हो, यसको दुःख म तपाईंको अगाडि भन्दछु ।।२०।। यसको दुःख निवेदन गर्नका लागि नै अधिष्ठित देवता नभएको यसलाई लिएर म यहाँ आएको हुँ। यसको अति कठोर दुःखरूपी डढेलोलाई शान्त गरिदिबक्सियोस् ।।२१।। यो अधिकमास सूर्यको संक्रमण नभएको अर्थात् सूर्य संक्रान्ति नपर्ने चान्द्र महीना हो यसै कारणले यो मलिन छ र सधैं शुभ कर्ममा अपूज्य अर्थात् वर्जित छ ।।२२।। स्वामी नभएको महीनामा धर्मका लागि स्नान गर्नु हुँदैन र पुण्यका लागि दान पनि गर्नु ठीक छैन अर्थात् यस लाछी महीनामा गरिएको स्नान दानले धर्म पुण्य क्यै हुँदैन भनी यस किसिमले स्वामीवाला हूँ भन्ने गर्वले युक्त भएका सारा वनस्पति र लता-पताहरूले ।।२३।। बाह्र महीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयनैर्हायनैश्चैव स्वामिगर्वसमन्वितैः ॥ २४ ॥ इति दुःखानलेनैव दग्धोऽयं मर्तुमुन्मुखः ॥ अन्यै-
र्दयालुभिः पश्चात्प्रेरितो मामुपागतः ॥ २५ ॥ शरणार्थी हृषीकेश वेपमानो रुदन्मुहुः ॥ सर्वं निवेद-
 यामास दुःखजालमसंवृतम् ॥ २६ ॥ एतदीयं महद्दुःखमनिवार्यं भवद्दते ॥ अतस्त्वामाश्रितो नूनं
 करे कृत्वा निराश्रयम् ॥ २७ ॥ परदुःखासहिष्णुस्त्वमिति वेदविदो जगुः ॥ अत एनं निरातङ्कं सानन्दं
कृपया कुरु ॥ २८ ॥ त्वदीयचरणाम्भोजं गतो नैवावऽशोचते ॥ इति वेदविदो मिथ्या कथं भावि

हरूले, कला, काष्ठा, क्षण बगैरहले; अयन, संवत्सरहरूले पनि यो विचरा तिरस्कार गरिएको छ ॥२४॥ यस किसिमका दुःखरूपी आगोले नै डढेको यो मर्न तयार भएको रहेछ। पछि अरू-अरू दयालुहरूले ढिपी गरेछन् र मझाठौं आएको हो ॥२५॥ हे हृषीकेश! शरण चाहने यसले काम्दै, बार-बार रूँदै हटाई नसक्नु सारा दुःख-समूह मलाई निवेदन गऱ्यो ॥२६॥ यसको यो ठूलो कष्ट तपाईबाहेक कसैले हटाउन सक्तैन यसै कारण नै निराश्रय यसलाई डोऱ्याएर तपाईको आश्रयमा ल्याएको हूँ ॥२७॥ वेद जान्नेहरूले तपाईलाई अर्काको दुःख सहन नसक्ने यस्तो भनेका छन्। यसकारण यसलाई कृपा गरेर आतङ्कले रहित सुखी गराउनोस ॥२८॥ तपाईंको चरणकमलमा प्राप्त भएकोले 'शोक गर्नुपर्दैन'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्पते ॥ २९ ॥ मदर्थमपि कर्तव्यमेतद्दुःखनिवारणम् । सर्वं त्यक्त्वाऽहमायातो यातं मे सफलं कुरु
॥ ३० ॥ मुहुर्मुहुर्नवक्तव्यं कदापि प्रभसन्निधौ ॥ वदन्त्येवं महाप्राज्ञा नित्यं नीविविशारदाः
॥ ३१ ॥ इति विज्ञाप्य भूमानं बद्धाञ्जलिपुटो हरिः ॥ पुरस्तस्थौ भगवती निरीक्षस्तन्मुखाम्बुजम्
॥ ३२ ॥ ऋषय उचः-सूत सूत वदाम्योऽसि जीव त्वं शाश्वतीः समाः ॥ पिबामो यन्मुखात्सेव्यं हरि
लीलाकथामृतम् ॥ ३३ ॥ गोलोकवासिना सूत किमुक्तं किं कृतं वद ॥ विष्णु श्रीकृष्णसंवादः सर्व-

भन्ने वेदका विद्वान्हरू हे जगत्पति ! कसरी झूठा हुन्छन् ।।२९।। मेरै लागि पनि यसको दुःख-निवारण गर्नुपर्‍यो । सारा लठी-बज्र त्यागेर म यहाँ आएको छु, मेरो आउनु सफल गरिबक्सियोस् ।।३०।। स्वामीका नजीकमा कहिल्यै पनि हरहमेशा कचकच नगर्नू भनी यस्तो कुरो ठूला बुद्धिमान् नीतिशास्त्रका बिद्वान्हरू भन्दछन् ।।३१।। यसरी श्रीकृष्णलाई अधिमासको दुःख निवेदन गरेर हरि भगवान् हात जोडेर भगवान् कृष्णको सामने उहाँको मुखकमल निहार्दै खड़ा रहे ।।३२।। तब ऋषिहरूले भने-हे सूत ! हे सूतजी ! तपाई दाता हुनुहुन्छ, तपाईं धेरै वर्षसम्म बाँचिरहनोस् । जसका मुखबाट सेवा गरिन योग्य हरिका लीलाको कथारूपी अमृत हामी पिइरहन पाऔं ।।३३।। हे सूतजी ! गो-लोकवासी श्रीकृष्णले श्रीविष्णुलाई के भन्नुभयो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकोपकारकः ॥ ३४ ॥ विधि सुतः किमपृच्छदृषीश्वरं तदधुना वद सूत तपस्विनः ॥ परमभागवतः
हरेस्तनुस्तदुदितं वचनं परमौषधम् ॥ ३५ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे पुरुषोत्तमविज्ञप्तिर्नाम
षष्ठोऽध्यायः ॥ ६ ॥

अधि मासलाई के गर्नुभयो ? सबै लोकको उपकार गर्ने विष्णु र श्रीकृष्णको त्यो सम्वाद हामीहरूलाई बताउनोस् ॥३४॥
हे सूतजी ! नारदजीले ऋषीश्वर नारायणलाई के सोध्नुभयो ? त्यो अहिले हामी तपस्वीहरूलाई बताउनोस् । भगवानको
परम भक्त ती विष्णु हुन्, तिनलाई कृष्णले भनेको वचन हामीलाई ठूलो हितकारी हुन्छ ॥३५॥

इति श्रीबृहन्नारदीय पुराणे पुरुषोत्तममासमाहात्म्ये षष्ठोऽध्यायः ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पु मा. ५९ — भा.टी. अ०७

अथ सप्तमोऽध्यायः

सूत उवाच—भवद्भिर्यः कृतः प्रश्नस्तमचीकरदाशुगः ॥ यदुत्तरमुवाचेशस्तद्वदामि तपोधनाः ॥ १ ॥ नारद उवाच-विष्टम्भश्रवसि मौनमास्थिते सन्निवेद्य परदुःखमपारम् ॥ किं चकार पुरुषोत्तमः परस्तद्वदस्व बदरीपतयेऽधुना ॥ २ ॥ श्रीनारायण उवाच-गोलोकनाथो यदुवाच विष्णुं तदेव गुह्यं कथयामि वत्स ॥ वाच्यं सुभक्ताय सदास्तिकाय शुश्रूषवे दम्भविवर्जिताय ॥ ३ ॥ सुकीर्तिकृत् पुण्यकरं यशस्यं सत्पुत्रदं वश्यकरं च राज्ञाम् ॥ दारिद्र्यदावाग्निरनल्पपुण्यैः श्राव्यं तथा कार्यं राजन्यभक्त्या ॥ ४ ॥ श्रीपुरुषोत्तम उवाच ॥ समीचीनं कृतं विष्णो यदत्राऽऽगतवान् भवान् ॥ मलमासं

सूतजीले भन्नुभयो-हे तपोधनहो ! तपाईहरूले अहिले जो प्रश्न गर्नुभयो, त्यही प्रश्न नारदले नारायणसँग गरेका थिए । नारायणले नारदलाई जुन उत्तर भन्नुभयो, त्यही म तपाईंहरूलाई भन्दछु ॥१॥ नारदले भन्नुभयो-अधिमासको अपार कष्ट श्रीकृष्णलाई रास्रोसित निवेदन गरेर विष्णु चुपो लागेपछि हे बदरीपति ! तब पुरुषोत्तमले के गर्नुभयो ? अब त्यो कथा बताउनोस् ॥२॥ श्रीनारायणले भन्नुभयो-हे बाबू, गो-लोकका नाथले विष्णुलाई जो भन्नुभयो, त्यही गुह्य [गुप्त] कुरो म भन्दछु, तैपनि असल भक्तलाई, असल आस्तिकलाई, सेवकलाई र दम्भ [आडम्बर] नभएकोलाई यस्ता गुप्त बात पनि बताउनुपर्छ, त्यसैले म तिमीलाई बताइरहेको छु ॥३॥ यो आख्यान असल कीर्ति फिजाउने, पुण्य बढ़ाउने, यश फैलाउने, वेस सन्तान दिने, राजाहरूलाई पनि वश गर्ने, दरिद्रतामा डढेलो लाउने हुनाले ठूला ठूला पुण्यात्माहरूले सुन्न योग्य छ र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करे कृत्वा लोके कीर्तिमवाप्स्यसि ॥ ५ ॥ यस्त्वयोरीकृतो जीवः स मयैवोररीकृतः ॥ अत एनं करि-
ष्यामि सर्वोपरि मया समम् ॥ ६ ॥ गुणैः कीर्त्याऽनुभावेन षड्भगैश्च पराक्रमैः ॥ भक्तानां वरदानेन गुणै-
 रन्यैश्च मामकैः ॥ ७ ॥ अहमेतैर्यथा लोके प्रथितः पुरुषोत्तमः ॥ तथाऽयमपि लोकेषु प्रथितः
 पुरुषोत्तमः ॥ ८ ॥ अस्मै समर्पिताः सर्वे ये गुणा मयि संस्थिताः ॥ पुरुषोत्तमेति मन्नाम प्रथितं
लोकवेदयोः ॥ ९ ॥ तदप्यस्मै मया दत्तं तव तुष्टयै जनार्दन ॥ अहमेवाऽस्य सञ्जातः स्वामी च
मधुसूदन ॥ १० ॥ एतन्नाम्ना जगत्सर्वं पवित्रं च भविष्यति ॥ मत्सादृश्यमुपागम्य मासानाम-

सुने अनुसार सुनेका कर्मलाई अनन्य भक्तिले गर्नु पनि पर्छ ॥४॥ श्रीपुरुषोत्तमले भन्नुभयो-हे विष्णु ! मलमासलाई डोऱ्याएर
तपाईं जो यहाँ आउनुभयो, अति वेस गर्नुभयो, यस कामले तपाई संसारमा कीर्ति पाउनुहुनेछ ॥५॥ जुन प्राणीलाई तपा-
ईंले अङ्गीकार गर्नुभयो, त्यसलाई मैले पनि अङ्गीकार गरें। यसकारण म यसलाई आफैं तुल्य सर्वोच्च गराउँछु ॥६॥
गुणले, कीर्तिले, कृपाले, छः ऐश्वर्यले, पराक्रमले, भक्तहरूलाई वर दिने शक्तिले र मेरा अरू-अरू पनि गुणहरूले ॥७॥
जसरी म संसारमा 'पुरुषोत्तम' भनिएर प्रख्यात छु, त्यस्तै यो पनि यिनैं गुणहरूले संसारमा 'पुरुषोत्तम' भनेर
विख्यात हुनेछ ॥८॥ जो गुण ममा रहेका छन् ती सब गुण मैले यसलाई समर्पण गरिदिएँ। 'पुरुषोत्तम' भनेर
नाम जो लोकमा र वेदमा पनि विख्यात छ ॥९॥ त्यो पनि हे जनार्दन ! तपाईंको खुशीको लागि
मैले यसलाई दिएँ। हे मधुसूदन ! लौ अब म नै यस मलमासको स्वामी पनि भएँ ॥१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धिपो भवेत् ॥ ११ ॥ जगत्पूज्यो जगद्वन्द्यो मासोऽयं तु भविष्यति । पूजकानां च सर्वेषां दुःख-दारिद्र्यखण्डनः ॥ १२ ॥ सर्वे मासाः सकामाश्च निष्कामोऽयं मया कृत ॥ मोक्षदः सर्वलोकानां मत्तुल्योऽयं मया कृतः ॥ १३ ॥ अकामः सर्वकामो वा योधिऽमास प्रपूजयेत् ॥ कर्माणि भस्मसात्कृत्वा मामे वैष्यत्ससंशयम् ॥ १४ ॥ यदर्थं च महाभागा यतिनो ब्रह्मचारिणः ॥ तपस्यन्ति महात्मानो निराहारा दृढव्रताः ॥ १५ ॥ फलपत्रानिलाहाराः कामक्रोधविवर्जिताः ॥ जितेन्द्रियं च याः सर्वे

यस नामले सारा जगत् पवित्र हुनेछ, यो अधिमास पनि म जस्तै हुन पाएर सबै महीनाहरूको राजा हुनेछ । ११॥ यो अधिमास जगतैले पूजिने र जगतैले स्तुति गरिने हुन्छ। यसका सबै पूजकहरूको पनि दुःख र दारिद्र्य खतम पार्न सक्ने हुनेछ ॥ १२ ॥ चैत्रादि सबै महीनाहरू सकाम अर्थात् काम्य कर्म सफल पर्नेवाला छन् । यसलाई चाहिं मैले निष्काम (कामना रहितका कर्मको फल दिने) गरिदिएँ। सबै मनुष्यहरूलाई मोक्ष दिन सक्ने मै बराबरको यसलाई मैले बनाइदिएँ ॥१३॥ जो मनुष्य निष्काम अथवा सकाम भएर अधिमासलाई पूजा गर्दछन्, त्यो जन उसका सबै दुष्कर्महरूलाई भस्मीभूत गराएर निःसन्देह ममा नै प्राप्त हुनेछन् ॥ १४ ॥ जुन परमपद प्राप्तिका लागि ठूला-ठूला भाग्यमानी यतिहरू, ब्रह्मचारीहरू तपस्या गर्दछन्, महात्माहरू उपवास बस्छन् र दृढ (हठ) नियममा रहनेहरू ॥ १५ ॥ काम-क्रोध आदि छः शत्रुलाई जितेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रावृट्काले निराश्रयाः ॥ १६ ॥ शीतातापमहाश्चैव यतन्ते गरुडध्वज ॥ तथापि नैव मे यान्ति
परमं पदमव्ययम् ॥ १७ ॥ पुरुषोत्तमस्य भक्तास्तु मासमात्रेण तत्पदम् ॥ अनायासेन गच्छन्ति
 जरामृत्युविवर्जितम् ॥ १८ ॥ सर्वसाधनतः श्रेष्ठ सर्वकामार्थसिद्धिदः ॥ तस्मात् संसेव्यतामेष
 मासोऽयं पुरुषोत्तमः ॥ १९ ॥ सीतानिक्षिप्तबीजानि वर्धन्ते कोटिशो यथा ॥ यथा कोटिगुणं पुण्यं
कृतं मे पुरुषोत्तमे ॥ २० ॥ चातुर्मास्यादिभिर्यज्ञैः स्वर्गं गच्छन्ति केचन ॥ तत्रत्यं भोगमासाद्य
पुनर्गच्छन्ति भूतलम् ॥ २१ ॥ विधिवत् सेवते यस्तु पुरुषोत्तममादरात् ॥ कुलं स्वकीयमुद्धृत्य

फल-पात-हावा नै खाएर रहन्छन् ती सब र इन्द्रिय समूहहरूलाई जितेका कति वर्षाकालमा ओत नभएको ठाउँमा रहेर ॥१६॥
जाडामा शीतमा बसेर, गरमीमा घूपमा आसन कसेर हे विष्णु ! प्रयत्न गर्दछन् तथापि मेरो अविनाशी परमपदमा जान
सक्तैनन् ॥ १७ ॥ तर पुरुषोत्तमका भक्तहरू ता एक महीना मात्र नियम पालन गर्नाले बुढ्याइँ र मृत्युले रहित भएको त्यस
परमपदमा सजिलैसँग पुग्दछन् ॥ १८ ॥ यो पुरुषोत्तमको व्रत सबै साधनहरूभन्दा श्रेष्ठ छ र यो सबै इच्छाका लागि सिद्धि
दिनेवाला छ। त्यसकारण यो पुरुषोत्तम महीना सेवा गरिन योग्य छ ॥ १९ ॥ सीता (हलोले जोतेको डोप—सीयो)
मा हालेका बीउ जसरी करोडौं भएर बढ्दछन्, त्यसै गरी मेरो पुरुषोत्तममा गरिएको पुण्य करोडौं गुणा धेरै हुन्छ ॥२०॥
कति मानिसहरू चतुर्मासहरूमा गरिने यज्ञहरू गरेर स्वर्ग त जान्छन्, तर तिनीहरू त्यहाँको भोग भोगेर फेरि पृथ्वीतलमा
जान्छन् ॥ २१ ॥ किन्तु विधिपूर्वक श्रद्धासाथ जो जन पुरुषोत्तमको सेवा गर्छ, उ आफ्नू कुलैलाई उद्धार गरेर निश्चय नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मामे वैष्यत्यसंशयम् ।। २२ ।। मामुपेतोऽत्र संसारं जन्ममृत्युभयाकुलम् ।। आधिव्याधिजराग्रस्तं न पुनर्याति मानवः ।। २३ ।। यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।। इतिच्छन्दोवचः सत्यमसत्यं जायते कथम् ।। २४ ।। एतन्मासाधिपश्चाहं मयैवायं प्रतिष्ठितः ।। पुरुषोत्तमेति मन्नाम तदप्यस्मै समर्पितम् ।। २५ ।। तस्मादेतस्य भक्तानां मम चिन्ता दिवानिशम् ।। तद्भक्तकामनाः सर्वाः पूरणीया मयैव हि ।। २६ ।। कदाचिन्मम भक्तानामपराधोऽधिगण्यते ।। पुरुषोत्तमभक्तानां नापराधः कदाचन ।। २७ ।। मदाराधनतो विष्णो मदीयाराधनं प्रियम् ।। मद्भक्तकामनादाने विलम्बेऽहं

मभाठौं आइपुग्छ ।।२२।। मभाठौं पुगेपछि, जन्मनु-मनुको डरले आकुल भएको, दुःख-शोक-बुढ्याइँले व्याप्त भएको यस संसारमा मनुष्य फेरि फर्कंदैन ।।२३।। जहाँ गएपछि गएकाहरू फर्कंदैनन् मेरो त्यो परमधाम हो। वेदको यस्तो वचन सत्य वचन हो, त्यो कसरी असत्य हुन सक्छ ? ।।२४।। यो अधिमास र यसको अधिष्ठित देवता पनि मै हुँ, मैले नै यसलाई बनाएको हो। 'पुरुषोत्तम' भन्ने मेरो जो नाम हो, त्यो नाम पनि यसलाई अर्पिदिएँ ।। २४ ।। त्यसकारण यस अधिमासका भक्तहरूको लागि मलाई रात-दिन चिन्ता भैरहन्छ, किनकि उसका भक्तका सारा इच्छाहरू मैले नै पूरा गरिदिनुपर्छ ।। २६ ।। बरु कहिलेकाहीं मेरा भक्तहरूको अपराध गनिएला, तर पुरुषोत्तम मासका भक्तहरूको अपराध कहिल्यै गनिंदैन ।। २७ ।। हे विष्णु ! मेरो आराधनाभन्दा मेरा भक्तको आराधना मलाई प्रिय छ। भलै म मेरा भक्तहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदाचन ।। २८ ।। मदीयमासभक्तानां न विलम्बः कदाचन ।। मदीयमासभक्ता ये ममैवातीव
वल्लभाः ।। २९ ।। या एतस्मिन्नहामूढा जपदानादिवर्जिताः ।। सत्कर्मस्नानरहिता देवतीर्थद्विज-
पु.मा. द्विषः ।। ३० ।। जायन्ते दुर्भगा दुष्टाः परभाग्योपजीविनः ।। न कदाचित्सुखं तेषां स्वप्नेऽपि शश- भा.
६४ भृङ्गवत् ।। ३१ ।। तिरस्कुर्वन्ति ये मूढा मलमासं मम प्रियम् ।। नाचरिष्यन्ति ये धर्मं ते सदा निर- टी.
यालयाः ।। ३२ ।। पुरुषोत्तममासाद्य वर्षे वर्षे तृतीयके ।। नाचरिष्यन्ति धर्मं ये कुम्भीपाके पतन्ति अ०७
ते ।। ३३ ।। इह लोके महद्दुःखं पुत्रपौत्रकलत्रजम् ।। प्राप्नुवन्ति महामूढा दुःखदावानलस्थिताः

कामना (इच्छा) पूर्ण गर्नमा कहिल्यै ढिलाउँ ।। २८ ।। तर मेरा महीनाको भक्तहरूको इच्छा पूर्ण गर्न कहिल्यै ढिलाउँदिनँ
जो मेरा महीनाका भक्तछन् ती मेरा अत्यन्त नै प्यारा छन् ।। २९ ।। जो महामूर्खहरू यस पुरुषोत्तम महीनामा जप दान
आदिले हीन छन्, सत्कर्म स्नान रहित छन्, द्यौता, तीर्थ र ब्राह्मणहरूको द्वेष गर्छन् ।। ३० ।। त्यस्ताहरू अभागी, दुष्ट र
अर्काको भाग्यले बाँच्ने हुन्छन् । खरायाको सीङ नभएझैं ती अधिमास स्नान, दान नगर्नेहरूलाई सपनामा पनि कहिल्यै
सुख हुँदैन ।। ३१ ।। जो मूर्ख स्वाँठेहरू मेरो मलमासलाई तिरस्कार गर्छन् र शठ मलमास धर्म गर्दैनन् ती पापी ६४
सधैं नरकैमा अखाडा जमाइरहन्चन् ।। ३२ ।। तीन-तीन वर्षमा पुरुषोत्तम महीना पाएर पनि जो जन त्यसमा धर्म गर्दैनन्
ती जन कुम्भीपाक नरकमा जाकिन्छन् ।। ३३ ।। यस संसारमा पनि दुःखरूपी डढेलोमा रुमलिएका ती महामूर्खहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३४॥ ते कथं सुखमेधन्ते येषामज्ञानतो गतः ॥ श्रीमान् पुण्यतमो मासो मदीयः पुरुषोत्तमः ॥३५॥
याः स्त्रियः सुभगाः पुत्रसुखसौभाग्यहेतवे ॥ पुरुषोत्तमे करिष्यन्ति स्नानदानार्चनादिकम् ॥ ३६ ॥
तासां सौभाग्यसम्पत्तिसुखपुत्रपदो ह्यहम् ॥ यासां मासो गतः शून्यो मन्नामा पुरुषोत्तमः ॥ ३७ ॥
न तासामनुकूलोऽहं न सुखं स्वामिजं भवेत् ॥ भ्रातृपुत्रधनानां च सुखं स्वप्नेऽपि दुर्लभम् ॥ ३८ ॥
तस्मात् सर्वमना सर्वैः स्नानपूजाजपादिकम् ॥ विशेषेण प्रकर्तव्यं दानं शक्त्यनुसारतः ॥ ३९ ॥
येनाऽहमर्चितो भक्त्या मासेऽस्मिन् पुरुषोत्तमे ॥ धनपुत्रसुखं भुक्त्वा पश्चाद्गोलोकवासभाक्

छोरा-नाति स्वास्नीहरूबाट हुने ठुलो दुःख पाउँछन् ॥ ३४ ॥ सौभाग्यशाली, अत्यन्त पवित्र मेरो पुरुषोत्तम महीना जो जन अज्ञानले (मूर्खताले) कुनै पुण्य कार्य नगरी बिताउँछन्, त्यस्ताले कसरी सुख पाउँछन् अर्थात् क्यै गरे पनि सुख पाउन सक्दैनन् ॥ ३५ ॥ जो सधवा स्त्रीहरू सन्तानको सुख र सौभाग्यका लागि पुरुषोत्तम महीनामा स्नान-दान-पूजा आदि कर्म गर्छन् ॥ ३६ ॥ तिनीहरूलाई म सौभाग्य-सम्पत्ति-सुख र सन्तान दिन्छु । मेरो नाम भएको पुरुषोत्तम महीना जुन स्त्रीहरूले खाली (कुनै धर्मकार्य नगरी) बिताउँछन् ॥ ३७ ॥ तिनीहरूका लागि म अनुकूल हुन्नँ, तिनीहरूलाई स्वामीबाट हुने सुख हुँदैन । दाजु-भाई, सन्तान र धनको सुख त सपनामा पनि दुर्लभ हुनेछ ॥ ३८ ॥ त्यसकारण सबैले तनमनले स्नान-पूजा-जप आदि कार्य गर्नुपर्छ । विशेष गरेर शक्ति-अनुसार दानचाहिं गर्नैपर्छ ॥ ३९ ॥ यस पुरुषोत्तम महीनामा जसले मलाई भक्तिपूर्वक पूजा गर्दछ, त्यो जन यस लोकमा धन सन्तानको सुख भोगेर पछि गो-लोकको वास भोग्छ अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।। ४० ।। ममाज्ञया जनाः सर्वे पूजयिष्यन्ति मामकम् ।। सर्वेषामपि मासानामुत्तमोऽयं मया कृतः
।। ४१ ।। अतस्त्वमधिमासस्य चिन्तां त्यक्त्वा रमापते ।। गच्छ वैकुण्ठमतुलं गृहीत्वा पुरुषोत्तमम्
।। ४२ ।। श्रीनारायण उवाच ।। इति रसिकवचो निशम्य विष्णुः प्रबलमुदा परिगृह्य मासमेनम् ।।
नवजलदरुचं प्रणम्य देव झटिति जगाम निजालयं खगेन ।। ४३ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादेऽधिमासस्यैश्वर्यप्राप्तिर्नाम-
सप्तमोऽध्यायः ।। ७ ।।

गोलोकमा बस्छ ।। ४० ।। मेरो आज्ञाले सारा मनुष्यहरू मेरो पुरुषोत्तम मासलाई पूजा गर्नेछन् । अरू सबै महीनाभन्दा यस पुरुषोत्तम महीनालाई मैले उत्तम बनाइदिएको छु । ४१ ।। यस कारण, हे रमापति ! तिमी अधिमासको चिन्ता त्यागेर यो कसैसँग तुलना गर्न नसकिने पुरुषोत्तमलाई लिएर वैकुण्ठ जाऊ ।। ४२ ।। श्रीनारायणले भन्नुभयो—कृष्णको मुखारविन्दबाट यस्तो रसिलो वचन सुनेर विष्णुले अति खुशी भई यस अधिमासलाई साथै लिई नयाँ बादलका जस्तो कान्ति भएका श्रीकृष्ण भगवानलाई ढोगेर तुरुन्तै गरुडद्वारा आफ्नू धाममा जानुभयो ।। ४३ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये सप्तमोऽध्यायः समाप्तः ।। ७ ।।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथाष्टमोऽध्यायः

सूत उवाच ॥ नारदः कृतवान् प्रश्नं पुनरेव तपोधनाः ॥ विष्णु श्रीकृष्णसंवादं श्रुत्वा सन्तुष्टमानसः ॥ १ ॥ नारद उवाच ॥ वैकुण्ठं गतवति रुक्मणीशे किं जातं तदनु वद प्रभो मे ॥ वृत्तान्तं हरिसुतकृष्णयोश्च सर्वेषां हितकरमादिपुंसोः ॥ २ ॥ इति संप्रश्नसंहृष्टो भगवान् बदरीपतिः ॥ उवाच पुनरेवामुं जगदानन्ददं बृहत् ॥ ३ ॥ श्रीनारायण उवाच ॥ अथ श्रीरुक्मिणीनाथो वैकुण्ठं गतवान् मुदा ॥ तत्र गत्वाऽधिमासं तं वासयामास नारद ॥ ४ ॥ तत्रात्यन्तरतिं प्राप्य मोदमानोऽभवत्तदा ॥ मासानामधिपो भूत्वा रमते विष्णुना सह ॥ ५ ॥ द्वादशस्वपि मासेषु

सूतजीले भन्नुभयो—हे तपोधन हो ! विष्णु र श्रीकृष्णको संवाद सुनेर सन्तुष्ट मन भएका नारदले फेरि पनि प्रश्न गरे ॥ १ ॥ नारदले भने—प्रभु ! रुक्मिणीका स्वामी वैकुण्ठ गएपछि त्यसपछि के भयो ? त्यो कहिदिनुहोस्। आदिपुरुष विष्णु र कृष्णको वृत्तान्त सबै प्राणीहरूलाई हित्त गर्नेवाला हुन्छ ॥ २ ॥ यस्तो राम्रो प्रश्नले प्रसन्न भएका भगवान् बदरीपतिले जगतैलाई आनन्द दिने ठूलो आख्यान फेरि पनि नारदजीलाई भन्न थाल्नुभयो ॥३॥ श्रीनारायणले भन्नुभयो—अनि रुक्मिणीका स्वामी खुशी भएर वैकुण्ठ जानुभयो र उहाँ गएर हे नारद ! त्यो अधिमासलाई आफ्नै नजीकमा बसाल्नुभयो ॥ ४ ॥ अधिमास पनि त्यहाँको वास पाएर तत्र अत्यन्त खुशी भयो र अरू महानाहरूको राजा भएर विष्णुका साथ रहन थाल्यो ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलमासं वरं प्रभु ॥ विधाय मनसा तुष्टो वभूव प्रकृतिप्रियः ॥ ६ ॥ अर्जुनमुवाचेदं भगवान् भक्तवत्सलः ॥ युधिष्ठिरं च पाञ्चालीं निरीक्षन् कृपया मुने ॥ ७ ॥ श्रीकृष्ण उवाच ॥ जानेऽहं राजशार्दूल तपोवनमुपागतैः ॥ भवद्भिर्दुःसंमग्नैर्नादृतः पुरुषोत्तमः ॥ ८ ॥ वृन्दावनकलानाथ-वल्लभः पुरुषोत्तमः ॥ प्रमादादुगतवान् मासो भवतां काननौकसाम् ॥ ९ ॥ युष्माभिर्नैव विज्ञातो भयद्वेषसमन्वितैः गाङ्गेयद्रोणकर्णेभ्यो भयसन्त्रस्तमानसैः ॥ १० ॥ कृष्णद्वैपायनात्प्राप्तविद्या-राधनतत्परे ॥ इन्द्रकीलं गतवति बीभत्सौ रणशालिनो ॥ ११ ॥ तद्वियोगपरिक्लिष्टैर्न ज्ञातः

वाहै महीनाहरूमा मलमासलाई श्रेष्ठ बनाएर प्रकृतिका प्रिय प्रभु विष्णु भित्रैदेखि खुशी हुनुभयो ॥ ६ ॥ हे मुनि ! अनि भक्त-वत्सल भगवान्ले दयापूर्वक युधिष्ठिर र पाञ्चालीलाई हेर्दै अर्जुनलाई यस्तो भन्नुभयो ॥ ७ ॥ श्रीकृष्णले भन्नुभयो–हे राज-शार्दूल ! तपोवनमा आएका यसैकारण दुःखमा डुबे तपाईंहरूले पुरुषोत्तम महीनाको आदर (व्रत) गर्नुभएनछ भन्ने मैले ठानें ॥ ८ ॥ वृन्दावनका शोभाका स्वामीको प्यारो पुरुषोत्तम महीना जंगलमा रहने तपाईंहरूको प्रमादले त्यसै गयो ॥ ९ ॥ भीष्म, द्रोण, कर्णहरूदेखि प्राप्त हुने डरले मन काँपिएका यसैकारण भय र द्वेष दुवैले मुछिएका तपाईंहरूले पुरुषोत्तम महीना कहिले आयो गयो, थाहै पाउनुभएन ॥ १० ॥ व्यासजीबाट पाएको विद्याको आराधनामा तत्पर हुन रणकुशल अर्जुन इन्द्रकील पर्वतमा गएपछि ॥ ११ ॥ उनका वियोगले दुःखित भएका तपाईंहरूले पुरुषोत्तम आएको गएको जान्नुभएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषोत्तमः ।। युष्माभिः किं प्रकर्तव्यमदृष्टमवलम्ब्यताम् ।।१२।। अदृष्टं यादृशं पुंसां तादृशं भाषते सदा ।। अवश्यमेव भोक्तव्यमदृष्टजनितं फलम् ।। १३ ।। सुखं दुःख भयं क्षेममदृष्टात् प्राप्यते जनैः ।। तस्माददृष्टनिष्ठैश्च भवद्भिः स्थीयतां सदा ।। १४ ।। अथापरं प्रवक्ष्यामि भवतां दुःखकारणम् ।। सेतिहासं महाराज श्रूयतां मन्मुखादहो ।। १५ ।। श्रीकृष्ण उवाच—पाञ्चालीयं महाभागा पूर्वजन्मनि सुन्दरी ।। मेधाविद्विजमुख्यस्य पुत्री जाता सुमध्यमा ।। १६ ।। कालेन गच्छता राजन् सञ्जाता दशवार्षिकी ।। रूपलावण्यललिता नयनापाङ्गशालिनी ।। १७ ।। चातुर्यगु-

अब तपाईंहरूले के गर्ने त ? भने भाग्यको भरोसामा रहनुहोस् ।। १२ ।। पुरुषहरूको जस्तो भाग्य हुन्छ, सधै मनमा त्यस्तो भास्छ अर्थात् गर्न मन लाग्छ । भाग्यबाट उत्पन्न भएको फल अवश्यै भोग्नुपर्दछ ।१३।। सुख, दुःख, भय, कल्याण मनुष्यले भाग्यले नै पाउँछन् । त्यसकारण, भाग्यमा भरोसा राख्ने तपाईंहरूले सधै भाग्यमै निर्भर रहनुपर्छ ।। १४ ।। अब तपाईं-हरूको दुःखको अर्को कारण भन्दछु, हे महाराज ! मेरो मुखबाट आश्चर्यलाग्दो त्यो कारण इतिहासपूर्वक सुन्नुहोस् ।। ५ ।। श्रीकृष्णले भन्नुभयो—मध्यभाग अति राम्रो भएकी भाग्यमानी सुन्दरी ई द्रौपदी पूर्वजन्ममा मेधावी ऋषिकी छोरी भई जन्मे-की थिइन् ।।१६ समय बित्दै जाँदा हे राजन् ! तिनी दश वर्षकी भइन् रूप र सुन्दरताले कलकलाउँदी, आँखाका तेर्सो हेराइले शोभिएकी, ।।१७।। चातुर्य गुणले युक्त भएकी, बाबुकी यौटै मात्र छोरी, सुन्दर स्वभाव भएकी, चतुरी थिइन् । त्यसैकारणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

णसम्पन्नापितुरेकैव पुत्रिका ।। वल्लभातीव तेनेयं चतुरा गुणसुन्दरी ।। १८ ।। लालिता पुत्रवन्नित्यं न कदाचित् प्रलम्भिता ।। साहित्य-शास्त्र कुशला नीतावपि विशारदा ।। १९ ।। तन्माता स्वर्गतापूर्वं पित्रा सा पोषिता मुदा ।। पार्श्वस्थलिसुखं दृष्ट्वा पुत्रपौत्रसुखस्पृहा ।। २० ।। तर्कयन्ती तदा बाला मामेवं च कथं भवेत् ।। गुणभाग्यनिधिर्भर्ता सुखदः सत्सुताः कथम् ।। २१ ।। एवं मनोरथं चक्रेदैवेन ध्वंसितं परा ।। किं कृत्वा किं विदित्वाऽहं कमुपास्ये सुरेश्वरम् ।। २२ ।। किं वा मुनिमुपातिष्ठे किं वा तीर्थमुपाश्रये ।। मम भाग्यं कथं सुप्तं भर्ता

यिनी बाबुको अत्यन्तै स्नेहमयी थिइन् ।। १८ ।। मेरावीले पनि सधैं छोरी झैं प्यारो गरिइन् । कहिल्यै पनि ई डाँटिइनन् । साहित्यशास्त्र वा कुशल र नीतिमा पनि निपुण थिइन् ।। १९ ।। यिनकी आमा पहिल्यै परलोक भैसकेकीले नै ती प्रसन्नता पूर्वक पोसिइन् हुर्काइइन् । छिमेकका साथीहरूको सुखलाई देखेर छोरा नातिको सुख चाहने ।। २० ।। ती बालाले मलाई पनि यस्तै कसरी होला ! गुण र भाग्यको खानि भएको सुख दिने स्वामी, असल-असल छोराहरू कसरी होलान् भन्ने तर्कना गर्दै ।। २१ ।। यस्तो मनोरथ गरिन् पहिले माँग्न आएको सुहाउँदो वरलाई भाग्यले बिगारिदियो । अब के गरेर, के जानेर त्यो कुरो सप्रला, अथवा कुन श्रेष्ठ द्यौतालाई उपासना गरूँ ।। २२ ।। या के कुनै मुनिभाठौं जाऔं, या कुनै तीर्थको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोऽपि न वाञ्छति ॥ २३ ॥ पण्डितोऽपि पिता मूढो मम भाग्यवशादहो ॥ विवाहकाले सम्प्राप्ते न दत्ता सदृशे वरे ॥ २४ ॥ अध्यक्षाहं सखीमध्ये कुमारी दुःखपीडिता ॥ नाहं स्वामिसुखाभिज्ञा

यथा चालिगणो मम ॥ २५ ॥ मम भाग्यवती माता कथं स्वर्गं गता पुरा ॥ एवं चिन्ताकुला
बाला मनोरथमहोदधौ ॥ २५ ॥ निमग्ना मोहसलिले शोकमोहोर्मिपीडिता ॥ मेधावी ऋषिराजोऽसौ विचचार महीतले ॥ २७ ॥ कन्यादाननिमित्तं च विचिन्वन् सदृशं वरम् ॥ तादृशं वरमाप्राप्य निमग्नः स्वमनोरथे ॥ २८ ॥ सुतास्वकीयभाग्याभ्यां मग्नसङ्कल्पपञ्जरः ॥ अवाप दैवयोगेन

आश्रय ल्यूँ । हरे शिव ! मरो भाग्य कस्तो सुतेको (खोटो) रहेछ, जा कि कुनै पनि लोग्ने मलाई चाहँदैन ॥ २३ ॥ अहो ! मेरो भाग्यले गर्दा पण्डित बाबु पनि मूर्ख जस्ता भए । बिहा गर्ने बेला पुगेपछि पनि सुहाउँदो वरलाई दिएनन् ॥२४॥ सखीहरूका माझमा म अध्यक्ष छु, तर कुमारी हुनाले दुःखले पीडित छु । जस्तो मेरा सखीहरू स्वामीका सुखको अनुभवी छन्, त्यस्तो म छैन ॥ २५ ॥ मेरी भाग्यमानी आमा किन पहिल्यै परलोक हुनुभयो होला ! यस्ता चिन्ताले आकुल भएर ती बाला मनोरथरूपी समुद्रको ॥२६॥ अविवेकरूप जलमा शोक र मोहरूप छालले पीडित भएकी छँदी चुर्लुम्म डुबिन् तब कन्यादानका निम्ति सुहाउँदो वर खोज्दै ती ऋषिराज मेधावि पनि पृथ्वीतलमा भट्के । भने जस्तो वर नपाएर आफ्नो मनोरथमा निराश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्वरं तीव्र सुदारुणम् ॥ २९ ॥ स्फुटत्सर्वाङ्गसम्भिन्नतापज्वालासमाकुलः ॥ श्वासोच्छ्वास समायुक्तो महादारुणमूर्छया ॥ ३० ॥ प्रस्खलन्निपतन्भूमौ मदिरामत्तवत् भृशम् ॥ आगच्छन्नेव भवनं स पपात धरातले ॥ ३१ ॥ यावत्सुता समायाता पितरं भयविह्वला ॥ तावन्मुमूर्षुः सञ्जातो भूसुरत्पामनुस्मरन् ॥ ३२ ॥ भाविनार्थबलेनैव सहसा जातवेपथुः ॥ कन्यादानप्रसङ्गोत्थमहोत्सव विवर्जितः ॥ ३३ ॥ अथ प्राचीनगार्हस्थ्यकृतधर्मपरिश्रमात् ॥ संसारवासनां त्यक्त्वा हरौ चित्तमधारयत् ॥ ३४ ॥ सस्मार श्रीहरिं तूर्णं मेधावी पुरुषोत्तमम् ॥ इन्दीवरदलश्यामं त्रिभङ्ग-

भए ॥ २०–१८ ॥ छोरीको र आफ्नू भाग्यले मनोरथ भङ्ग हुँदा हलनटट्टू भएका मेधावीलाई दैवसंयोगले वडा भारी निकै नहुने जरो आयो ॥ सबै अङ्ग टुटेर अलग-अलग हुन्छ कि जस्तो दाहको ज्वालाले आकुल भएका मेधावी अति दुःखदायी वेदनाले स्वाँ-स्वाँ गर्दै ॥ ३० ॥ मदिराले मातेकाले झैं भूईमा चारैतिर लड्दै पड्दै लरखराउँदै घरमा आइपुग्ने बित्तिकै तिनी पृथ्वीमा पच्छारिए ॥ ३१ ॥ डरले आत्तिएकी छोरी बाबुभाठौं आइ पुग्दा न पुग्दै तत्र तत्कैमा 'छोरी-छोरी' भन्दै ती बाजे मर्न आँटे ॥३२॥ एकाएक उत्पन्न हुने प्राण तोड्नका लागिको बलले कम्प छुटेका ब्राह्मणले कन्यादानका प्रसङ्गले उब्जेको ठूलो उमंग त्यागिदिए॥ ३३ ॥ पहिले गृहस्थी जीवनमा परिश्रमपूर्वक गरिएको धर्मका प्रभावले संसारको वासना त्यागेर हरि भगवान्मा चित्त लगाए ॥३४॥ मेधावीले तुरुन्तै नीलकमल जस्तो श्याम वर्णका, रासको नाच नचाइमा तीन ठाउँ बाँगिएकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिलताकृतिम् ॥ ३५ ॥ रासेश राधारमण प्रचण्डदोर्दण्डदूराहतनिर्जरारे ॥ अत्युग्रदावानलपानकर्तः
कुमारिकावारिविवस्त्रहर्तः ॥ ३६ ॥ श्रीकृष्ण गोविन्द हरे मुरारे राधेश दामोदर दीननाथ ॥ मां
पु.मा पाहि संसारसमुद्रमग्नं नमो नमस्ते हृषिकेश्वराय ॥ ३७ ॥ इति मुनिवचनं निशम्य दूराज्झटिति भा.
७३ ययुश्च चरा मुकुन्दलोकात् ॥ तदनुमृतेमुनिं करे गृहीत्वा चरण सरोरुहमोयुरीश्वरस्य ॥३८॥ टी.
प्राणोत्क्रमणमालोक्य हाहेति सा सुताऽरुदत् ॥ अङ्केकृत्वा पितुर्देहं विललाप सुदुःखिता ॥ ३९ ॥ अ०८
कुररीव चिरं सा तु विलप्य भृशदुःखिता ॥ उवाच पितरं बाला जीवन्तमिव विह्वला ॥ ४० ॥

सुन्दर आकृति भएका पुरुषोत्तम श्रीहरिलाई सम्झे ॥ ३५ ॥ हे रासक्रीड़ाका स्वामी ! प्रचण्डले ठाढबाट घोताका शत्रुलाई मार्ने हे राधारमण ! गाई चराउन गएका ठाउँमा चारैतिरबाट घेरेर आएका डढेलोलाई पिइदिने, कुमारी गोपीहरूले फुकालेर राखेका वस्त्र हर्ने ॥ ३६ ॥ हे कृष्ण ! हे गोविन्द ! हे हरि ! हे राधेश ! हे दामोदर ! हे दीनानाथ ! संसार समुद्रमा डुबेको मलाई रक्षा गर्नुहोस्, तपाईं हृषीकेश्वरलाई बार-बार नमस्कार छ ॥ ३७ ॥ यस किसिमको मेधावीको वचन ठाढैबाट सुनेर मुकुन्दलोकबाट भगवान्का चरहरू तुरुन्तै त्यहाँ आइपुगे । त्यसका बाद प्रेतात्मा मुनिलाई हातमा समातेर
७ भगवान्को चरणकमलमा पुगे ॥ ३८ ॥ बाबुको प्राण निस्किलएको देखेर ती छोरी 'हाय, भन्दै रुँदी भइन् । पिताको मृत ७१
देहलाई काखमा राखेर अत्यन्तै दुःखले विलाप गर्न थालिन् ॥ ३९ ॥ अत्यन्तै दुःखी ती छोरीले न्याउलाले झैं धेरै विलाप गरेर, विह्वल भएकी ती कुमारीले बाँचेकै बाबुलाई झैं भनिन् ॥ ४० ॥ कुमारीले भनिन्—हाय हाय ! छोरीलाई आनन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालोवाच–हा हा पितः कृपासिन्धो आत्मजानन्ददायक ॥ कस्याङ्के मा निधायाऽद्य गतोऽसि वैष्णवं पुरम् ॥ ४१ ॥ पितृहीनां च मां तात को वा सम्भावयिष्यति ॥ न भ्राता नैव बन्धुश्च
पु.मा. न मे माता तपस्विनी ॥ ४२ ॥ भोजनाच्छादने चिन्तां को मे तात करिष्यति ॥ कथं तिष्ठाम्यहं भा.
७४ शून्ये वेदध्वनिविवर्जिते ॥ ४३ ॥ आश्रमे ते मुनिश्रेष्ठ अरण्य इव निर्जने ॥ अतः परं मरिष्यामि टी.
जीवने किं प्रयोजनम् ॥ ४४ ॥ असम्पाद्यैव वैवाहं विधिं दुहितृवत्सल ॥ गतोऽसि पितरस्तात अ०८
इहागच्छ तपोनिधे ॥ ४५ ॥ वाणीं वद सुधाकल्पां कथं तूष्णीमवस्थितः ॥ उत्तिष्ठोत्तिष्ठ हे तात

दिनेवाला, दयाका खानि हे पिताजी ! कसको काखमा मलाई राखेर अर्थात् कसलाई सुम्पेर आज तपाईं वैकुण्ठ जानु भयो ? ॥४१॥ हे पिताजी ! बाबु नभएकी म टुहुरीलाई कसले विहे गर्नेछ र, न मेरा दाजु-भाई छन्, न काकाहरू बन्धु नै हुनुहुन्छ ! न तपस्विनी आमा नै हुनुहुन्छ ॥ ४२ ॥ हे पिताजी ! मेरो खान लाउनको फिक्री अब को गर्ला ? हे मुनिश्रेष्ठ पिताजी, वेद-ध्वनिले रहित भएको जंगल जस्तो कोही नभएको तपाईंको यस शून्य आश्रममा म कसरी रहूँ ! अब म पनि मर्छु, बाँचेरै के ७४ प्रयोजन छ ? ॥४३-४४॥ हे छोरीलाई प्यारो गर्ने पिताजी ! विवाह विधि पूरा नगरीकन नै तपाईं कहाँ जानुभयो ? हे पिताजी, हे बाबा ! यहाँ आउनुहोस्, हे तपस्याका खानि ! ॥४५॥ मीठो प्यारो बोली बोल्नुहोस्, किन तपाईं चुपचाप रहनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

चिरं सुप्तोऽसि सम्प्रियम् ।। ४६ ।। इत्युक्त्वाऽश्रुमुखी बाला विललाप मुहुर्मुहुः ।। मुक्तकण्ठ रुरोदार्ता कुररोव सुदुःखिना ।। ४७ ।। तत्सुतारोदनं श्रुत्वा विप्रास्तद्वनवासिनः ।। अतोत्र करुणं को वा रोदित्यस्मिंस्तपोवने ।। ४८ ।। मेधाऋषेः सुताशब्दं शनैर्निश्चित्य तापसाः ।। ससम्भ्रमाः समाजग्मुर्हाहाकारसमन्विताः ।। ४९ ।। आगत्य ददृशुः सर्वे सुताङ्कस्थं मृतं मुनिम् ।। ततः संरुरुदुः सर्वे मुनयः काननौकसः ।। ५० ।। सतोत्सङ्गाच्छवं नीत्वा श्मशाने शितसन्निधौ ।। अन्त्येष्टिं

भएको छ ? काख उक्राई ! हे पिताजी उठ्नुहोस् चाँडै उठनुहोस् अहिले तपाईं धेरै बेरदेखि सुतिरहनुभएको छ ।।४६।। यस्तो भन्दै आँसुका धारा बगाइएकी कुमारीले वारम्बार विलाप गर्न लागी, पिताको मरणले अत्यन्तै दुःखित भएर आत्तिएकी कुमारी न्याउली चरी झैं डाँको छोडेर रोई ।। ४७ ।। मेधाऋषिकी छोरीको रुवाइ सुनेर त्यस वनमा वस्ने बाहुनहरू यस तपोवनमा यस्तो असाध्यै दयालाग्दो गरी को रुन्छ है ।। ४८ ।। भनेर कान थाप्ने भएका तपस्वीहरूले विस्तार-विस्तार मेधाऋषिकै छोरीकै आवाज हो भन्ने निश्चय गरेर हत्त र पत्त 'ए के भो, के भो हूँ' भनी कराउँदै उहाँ आइपुगेपछि सबैले छोरीका काखमा रहेका मरेका मुनिलाई देखे । तब जंगलवासी सबै ती मुनिहरू खुब रोए ।।४९-५०।। तिनकी छोरीको काखबाट त्यो लाश उठाएर शिवमन्दिर-नजदीक श्मशान घाटमा लगेर विधिपूर्वक आखिरी क्रियाहरू गरेर चितामा राखिएको त्यस शवलाई ती

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिना कृत्वा तेऽदहन् काष्ठवेष्टितम् ॥ ५१ ॥ ततः कन्यां समाश्वास्य सर्वेते स्वगृहान् ययुः ॥ कन्या धैर्यं समालम्ब्य यथाशक्त्यकरो व्ययम् ॥ ५२ ॥ इत्यौर्ध्वदेहिकविधिं प्रणिधाय पित्र्यं पुत्री निवासमकरोत्त्र तपोवनेऽस्मिन् ॥ सा विव्यथे पितृजदुःखदवाग्निदग्धारम्भेव वत्समरणात् सुरभीव बाला ॥ ५३ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे कुमारीविलापो नामाष्टमोऽध्यायः ॥ ८ ॥

बाहुनहरूले जलाइदिए ॥५१॥ तब कन्यालाई धैर्य दिएर सम्झाई बुझाई सबै ती ऋषिहरू आफाफ्ना घर गए। कन्याले पनि धैर्य धारण गरेर काजक्रियाका लागि यथाशक्ति खर्च गरिन् ॥५२॥ यस्ता प्रकारले पिताको और्ध्वदेहिक काजक्रिया विधिपूर्वक सकेर ती टुहुरी छोरी तपोवनमा रहन लागिन्। बाच्छो मर्नाले ब्वाँः ब्वाँः कराउने गाई झैं ती कुमारी पनि बाबुका मरणले उब्जेको दुःखरूपी डढेलोले डडेकी छंदी व्यथित अर्थात् दुःखले आकुल-व्याकुल रहन्थिन् ॥ ५३ ॥

इति श्री बृहन्नारदीयपुराणे पुरुषोत्तममास माहत्म्ये अष्टमोऽध्यायः समाप्तः ॥ ८ ॥

*— *

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ नवमोऽध्यायः

सूत उवाच—ततस्तं विस्मयाविष्टः पप्रच्छ नारदो मुनिः ।। मेधाविद्विजवर्यस्य सुतावृत्तान्त-
पु मा. मद्भुताम् ।। १ ।। नारद उवाच–मुने मुनिसुता तत्र किं चकार तपोवने ।। को वा मुनिवरस्तस्याः भा.
७७ पाणिग्रहमचीकरोत् ।। २ ।। श्रीनारायण उवाच–निजसन्ध्यास्ततस्तस्याः क्रियान् कालो विनिर्गतः ।। टी.
स्मारं स्मारं स्वपितरं शोचन्त्याश्च मुहुर्मुहुः ।। ३ ।। शून्यसद्मनि संविष्टां यूथभ्रष्टां मृगीमिव ।। अ०९
गलद्बाष्पौघनयनां ज्वलद्धृदयपङ्कजाम् ।। ४ ।। विनिःश्वासपरां दीनां संरुद्धामुरगीमिव ।। चिन्त-
यन्तीमपश्यन्तीं दुःखपारं कृशोदरीम् ।। ५ ।। तामाससाद भगवाद् भविष्यन्बलनोदितः ।। यदृ-

सूतजीले भन्नुभयो—तब ब्राह्मणमा श्रेष्ठ अर्थात् आफ्नू आचार-बिचारमा रहने मेधावीकी जोरीको यस्तो अद्भुत वृत्तान्त सुनेर आश्चर्यचकित भई सोधे ।। १ ।। नारदले भने —हे नारायण मुनि ! तब त्यस तपोवनमा ती मेधावीकी छोरीले के गरिन् ? अथवा कुन श्रेष्ठ मुनिले त्यस कन्याको पाणिग्रहण गऱ्यो ? ।। २ ।। तब श्रीनारायले भन्नुभयो—तब आफ्नू बाबुलाई सम्झी सम्झी हमेशै शोक गरेर रहने उसको कयै काल यसै किसिमले बित्यो ।। ३ ।। झुण्डबाट छुटेको मृगिणी झैं घबडाएकी, ७७
कोही नभएको घरमा रहेकी हमेशा निस्कने आँसुले आँखा डमडमाइएकी, पीरले हृदयरूपी कमल जलिरहेकी ।।४।। खुय्य खुय्य गरिरहेकी, थुनिएकी सर्पिणी झैं अत्यन्त दुःखी, त्यस दुःख बाट पार पाउने कुनै उपाय नदेखेर पिरिइरहेकी, पातली ।। ५ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च्छया वने तस्मिन् परमः कोपनो मुनिः ॥ ६ ॥ यद्विलोकनमात्रेण त्रस्येदपि शतक्रतुः ॥ जटा-
कलापसच्छन्नः साक्षादिव सदाशिवः ॥ ७ ॥ यस्त्वज्जनन्या राजेन्द्र शैशवेऽतिप्रसादितः ॥
 त्रिदशाऽऽकर्षिणीं विद्यां ददावस्यै सुपूजितः ॥ ८ ॥ येनाहमपि भूपाल सर्वदेवनमस्कृतः ॥ रथे
 संयोजित साक्षाद् रुक्मिण्या सह नारद ॥ ९ ॥ उभाभ्यां चालितो मार्गे रथे दुर्वाससान्विते ॥
अत्युग्रया तृषा शुष्यत्ताल्वोष्ठपुटयाऽनया ॥ १० ॥ सूचितोऽहं जलार्थिन्या स्कन्धस्थयुगया पुरा ॥
गच्छन्नेव पदाग्रेण सम्पीड्य वसुधातलम् ॥ ११ ॥ आनीतवान् भोगवतीं प्रियाप्रेमपरिप्लुतः ॥

उ-माठौं उसका भविष्यको वलले प्रेरित भएर अत्यन्त क्रोधी, जसलाई देख्तैखेरि इन्द्र पनि डराऊँछन् कि जस्ता, जटाको मसेटाइ छरिएका अर्थात् जटा फिंजारिएका, मानो साक्षात् शिवजी नै जस्ता भगवान् दुर्वासा मुनि त्यस वनमा मन-मोजले घुम्दै फिर्दै आइपुगे ।६-७॥ हे राजेन्द्र युधिष्ठिर! केटाकेटीमा तपाईंको आमाले असाध्यै सेवा गरिएकाले अत्यन्त खुशी भएका जुन दुर्वासाले जनलाई 'त्रिदशाकर्षिणी विद्या' अर्थात् द्यौतहरूलाई तानेर आफू माठौं ल्याउने मन्त्र दिएका थिए ॥ ८ ॥ हे नारद! कृष्णले दुर्वासाको वारेमा अझै युधिष्ठिरलाई भन्नुभयो—हे भूपाल! जुन दुर्वासाले सबै द्यौताहरूले नमस्कार गरिने मलाई पनि साक्षात् रुक्मिणीका साथ रथमा जोतेका थिए ॥ ९ ॥ हामी दुवैले दुर्वासा बसेको रथ बाटामा तान्दाखेरि अति उग्र प्यासले तालु र दुवै ओठ सुकेकी, काँधमा जुवा राखिएकी पानी पिउन चाहने रुक्मिणीले त्यतिखेरै मलाई 'तिर्खा लाग्यो' भनिन् र हिंड्दा हिंड्दै नै गोडाको बूढी औंलाले भुइंमा थिचेर ॥ १०-११ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सैवोर्ध्वगामिनो भूत्वा तावन्मात्रेण वारिणा ।। १२ ।। न्यवारयन्महाराज रुक्मिणीतृषमुल्बणाम् ।।
तद्दृष्ट्वा तत्क्षणोद्धूतक्रोधेन प्रज्वलन्निव ।। १३ ।। प्रलयाग्निरिवोत्तिष्ठन् शशाप कोपनो मुनिः ।।
अहो श्रीकृष्ण तेऽत्यन्तं वल्लभा रुक्मिणी सदा ।। १४ ।। यद्भवान् मामवज्ञाय प्रियाप्रेमपरिप्लुतः ।।
पाययामास पानीयं माहात्म्यं दर्शयन् स्वकम् ।। १५ ।। दम्पत्योरूभूमी रेव वियोगोऽस्तु युधिष्ठिर ।।
इति यो दत्तवान् शापं स एव मुनिसत्तमः ।। १६ ।। साक्षाद्रुद्रांशसम्भूतः जातरुद्र इवापरः ।।
अत्रेरुग्रतपः कल्पवृक्षदिव्यफलं महत् ।। १७ ।। पतिव्रताशिरोरत्नाऽनुसूयागर्भसम्भवः ।। दुर्वासानाम

प्रियाका प्रेमले पग्लेको मैले पनि 'भोगवती' नामकी नदी उत्पन्न गरें । त्यो भोगवती फोहरा जस्तो भएर मास्तिर जाँदा आँ बाएको मुखमा परेको त्यति मात्रै पानीले ।। १२ ।। हे महाराज ! रुक्मिणीको अति भयङ्कर प्यास मेटिदियो । त्यसरी रुक्मिणीको प्यास मेटिएको देखेर त्यसै बेला तुरुन्तै उठेको क्रोधले डढाउँछन् कि जस्ता ती क्रोधी मुनिले प्रलयकालको आगो झैं जागेर सरापे—अहो आश्चर्य छ, ए श्रीकृष्ण ! तँलाई रुक्मिणी सधैं अत्यन्त प्यारो छ, हैन ? ।। १३–१४ ।। जो कि प्यारीका प्रेमले पग्लेको तैले मेरो अपमान गरेर आफ्नू बडप्पन देखाउँदै पानी पियाइस् ।। १५ ।। 'त्यसकारण तिमी दुबै दम्पतीको बियोग होस्' भनी सराप्ने हे युधिष्ठिर ! मुनिहरूमा श्रेष्ठ, ।। १६ ।। मानौं दोस्रो काल रुद्रै जस्ता साक्षात् रुद्रका अंशबाट उत्पन्न भएका, अत्रिको उग्र तपस्यारूप कल्पवृक्षका विशाल फल जस्ता ।। १७ ।। पतिव्रताहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

मेधावी यता वै मूर्तिमत्तपः ॥ १८ ॥ नैकतीर्थजलक्लिन्नजटाभूषितसच्छिराः ॥ तमालोक्य समा-
यान्तं कुमारी शोकसागरात् ॥ १९ ॥ उन्मज्ज्योत्थाय धैर्येण ववन्दे चरणौ मुनेः ॥ नत्वा स्वाश्रम-
 मानीय जानकी वाल्मीकि यथा ॥ २० ॥ अर्घ्यपाद्यैर्वन्यफलैः पुष्पैश्च विविधैर्मुनिम् ॥ स्वागतम्
 पृच्छय सा बाला पूजयामास सादरम् ॥ ततः सविनया राजान्नुवाच मुनिकन्यका ॥ २१ ॥
बालोवाच—नमस्तेऽस्तु महाभाग अत्रिगात्रदिवाकर ॥ कुतोऽधिगमनं साधो दुर्भाग्याया ममाश्रमे ॥
मम भाग्योदयो जातस्तवागमनतो मुने ॥ २२ ॥ अथवा मत्पितुः पुण्यप्रवाह प्रेरितो भवान् ॥

अतिश्रेष्ठ अनसूयाका गर्भबाट उत्पन्न भएका, मानो मूर्तिधारी तपस्यै जस्ता, असाध्यै स्मरण शक्तिवाला बुद्धि भएका, अनेक तीर्थका जलले भिजेका जटाले शिव शोभिएका, दुर्वासा नाम गरेका ती मुनिलाई आउन लगेको देखेर ती मेधावीकी छोरी कुमारीले शोकरूपी समुद्रबाट ॥ १८–१९ ॥ माथि उत्रेर अर्थात् शोक गर्न छाडी जुरुक्क उठेर धैर्यपूर्वक गम्भीर मुनि दुर्वासाका दुवै चरणमा ढोगिन् । ढोगिसकेर जानकीले वाल्मीकिलाई झैं आफ्नू आश्रममा ल्याएर ॥ २० ॥ 'म स्वागत गर्न पाउँछु कि' भनी सोधी मुनिबाट आज्ञा पाएकी ती कुमारीले अर्घ्य; पाद्य र वनका नाना प्रकारका फल-फूलले आदरपूर्वक मुनिलाई पूजा गरिन् । हे राजन्, युधिष्ठिर ! तब अत्यन्त नम्र मेधावीकी छोरीले भनिन् ॥ २१ ॥ कुमारीले भनिन्—हे अत्रिकुलका-सूर्य, हे महोदय ! तपाईंलाई नमस्कार छ । हे साधु ! म अभागिनीको आश्रममा कसरी तपाईंको आगमन भयो ? तपाईंका आगमनले मेरो भाग्यको उदय भएको हो ॥ २२ ॥ अथवा मेरा पिताको पुण्यका प्रवाहले प्रेरित भएर हे मुनिसत्तम !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्भावयितु मामिव ह्यागतो मुनिसत्तमः ॥ २३ ॥ भवादृशं पादरजस्तीर्थरूपं महात्मनाम् ॥
स्पृशन्त्याः सफलं जन्म सफलं चाद्य मे व्रतम् ॥ २४ ॥ अद्य मे सफलं पुण्यमद्य मे-सकलो
 भवः ॥ भवादृशा महापुण्या यन्मे दृष्टिपथं गताः ॥ २५ ॥ एवमुक्त्वा च सा बाला तस्थौ तूष्णीं
 तदग्रतः ॥ सस्मितं मुनिराहेदं दुर्वासाः शङ्करांशजः ॥ २६ ॥ दुर्वासा उवाच—साधु साधु द्विज
सुते कुलमभ्युदुद्धृतं पितुः ॥ मेधाऋषेः सुतपसः फलमेतादृशी सुता ॥ २७ ॥ कैलासदहमागच्छ
ज्ञात्वा ते धर्मशीलताम् ॥ त्वदाश्रममनुप्राप्तस्त्वया सम्पूजितोऽस्म्यहम् ॥ २८ ॥ गमिष्यामि वरा

तपाईं मलाई नै सान्त्वना दिनका लागि पाल्नुभएको हो ॥ २३ ॥ तपाईं जस्ता महात्माहरूको तीर्थरूप अति पवित्र चरणको धूलो छुन पाएकी मेरो जन्म सफल भयो, नियममा रहनुरूप व्रत पनि आज मेरो सफल भयो ॥ २४ ॥ तपाईं जस्ता महा-पुण्यात्माको जो मैले दर्शन पाएँ त्यसले आज मेरो पुण्य सफल भयो, आज मेरो जन्म सफल भयो ॥ २५ ॥ यति भनेर ती कुमारी मुनिका अगाडि चुपचाप उभिइरहिन् । तब शंकरका अंशबाट उत्पन्न दुर्वासा मुनिले क्यै मुस्कुराएर यो कुरो भने ॥ २६ ॥ दुर्वासाले भने —ठीक छ, ठीक छ, हे ब्राह्मणपुत्री ! तिमीले पितृकुलको उद्धार गर्‍यौ । यस्ती छोरी हुनु मेधाऋषिका शुद्ध तपस्याको फल हो ॥ २७ ॥ तिम्रो धर्मात्मा शीलस्वभाव जानेर म कैलासबाट आएको हुँ । तिम्रा आश्रममा म आइपुगें र तिमाबाट म राम्रोसित पूजिएँ पनि ॥ २८ ॥ हे वरारोहे ! अब म चाँडैनै बदरिकाश्रममा लोकको कल्याणका लागि एकाग्र

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रोहे शीघ्रं बदरिकाश्रमम् ॥ द्रष्टुं नारायणं देवं सनातममुनीश्वरम् ॥ तपश्चरन्तमेकाग्रमत्युग्रं
लोकहेतवे ॥ २९ ॥ बालोवाच–ऋषे त्वद्दर्शनादेव शुष्को मे शोकसागरः ॥ ३० ॥ अतः परं
 शुभं भावि यस्मात् सम्भाविता त्वया ॥ समुद्भूतबृहज्ज्वालदारहव्यभुजं मुने ॥ ३१ ॥ किं न वेत्सि
दयासिन्धो तन्निर्वापयतु शङ्कर ॥ हर्षहेतुर्न मे कश्चिद् तृष्यते सुविचारतः ॥ ३२ ॥ न माता न
पिता भ्राता यो धैर्यं न प्रयच्छति ॥ कथङ्कारमहं जीवे दुःखपागरपीडिता ॥ ३३ ॥ यां यां दिशं
प्रपश्यामि सा सा शून्या विभाति मे ॥ मम दुःखप्रतीकारं कुरु शीघ्रं तपोनिधे ॥ ३४ ॥ न मां

भएर अति उग्र तपस्या गरिरहेका सनातन मुनीश्वर नारायण भगवान्‌को दर्शन गर्न जान्छु ॥ २९ ॥ तब कुमारीले भनिन्–
हे ऋषि ! तपाईंको दर्शनले नै मेरो शोकरूपी समुद्र सुक्यो ॥ ३० ॥ किनकि तपाईंबाट सान्त्वना पाएकीले अब उप्रान्त
मेरो कल्याणै हुनेछ । हे मुनि ! मेरो दिलमा दन्केको दुःखरूप डढेलोलाई ॥ के तपाईं जान्नुहुन्न ? हे कृपाका खानि
शंकर ! त्यसलाई निभाइबक्सियोस् । यसो, विचार गरेर हेर्दा मेरो हर्ष हुने कारण केही देखिन्न ॥ ३२ ॥ न आमा हुनुहुन्छ,
न बाबा हुनुहुन्छ, न दाजु–भाई छन्, जसले मलाई धैर्य देओस् । दुःखका समुद्रले पीडित भएकी म आखिर कसरी बाँचूँ
॥ ३३ ॥ जुन जुन दिशा म हेर्छु त्यो-त्यो मलाई शून्य लाग्छ, हे तपोनिधि ! मेरो दुःख हट्ने उपाय चाँडै
गरिबक्सियोस् ॥ ३४ ॥ विवाह गर्नका लागि कोही पनि मलाई चाहँदैन । यसकारण अब वृषली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

कामयते कश्चित् पाणिग्रहणहेतवे ।। अतः परं भविष्यामि वृषलीति महद्भयम् ।। ३५ ।। तस्मान्न जायते निद्रा न रुचिर्भोजने मम ।। ब्रह्मन् मुमूर्षुरस्म्येव इति मे निश्चयोऽधुना ।। ३६ ।। इत्युक्त्वाऽश्रुमुखी बाला विरराम तदग्रतः ।। दुर्वासास्तदुपायार्थं विचारमकरोत्तदा ।। ३७ ।। श्रीनारायण उवाच–इति मुनितनयवचो निशम्य बहुलतमा मुनिराड् विचार्य छन्दः ।। अतिशयकृपया विलोक्य बालां किमपि हितं निजगाद सारभूतम् ।। ३८ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये दुर्वाससस्तपोवनगमनं नाम नवमोऽध्यायः ।।९।।

हुन्छु कि भन्ने मलाई ठूलो डर छ ।। ३५ ।। त्यसकारण मलाई न निद्रा लाग्छ, न खान रुचि नै हुन्छ । त्यसकारण हे ब्रह्मन् ! अब म अवश्य मर्छु भन्ने अहिलें मेरो यस्तो निश्चय छ ।। ३६ ।। यति भनेर त्यो कुमारी आँसु झार्दै तीं मुनिका आगाडि चुप लागिन् । तब दुर्वासाले त्यसको उपायका लागि यसो घोरिएर बिचार गरे ।। ३७ ।। श्री नारायणले भन्नुभयो—यस किसिमको मेधावी मुनिकी छोरीको कुरो सुनेर अत्यन्त क्रोधी मुनिराज दुर्वासाले क्यै उपाय विचारेर, आश्चर्य दयाले ती कुमारीलाई हेरी उसको कल्याण हुने निचोड़ कुरो कन्यालाई भने ।। ३८ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये नवमोऽध्यायः समाप्तः ।। ९ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ दशमोऽध्यायः

नारद उवाच-किं विचार्य बृहद्धामा परमः कोपनो मुनिः ॥ अत्रेरोदुर्विषकन्यां तां तन्मे ब्रूहि तपोनिधे ॥ १ ॥ सूत उवाच-नारदस्य वचः श्रुत्वा प्रोवाच बदरीपतिः ॥ दुर्वासोवचनं गुह्यं सर्वेषां हितकृद् द्विजाः ॥ २ ॥ श्रीनारायण उवाच-शृणु नारद वक्ष्येऽहं यदुक्तं मुनिना तदा ॥ मेधावीतनयादुःखमपनेतुं कृपालुना ॥ ३ ॥ दुर्वासा उवाच-शृणु सुन्दरि वक्ष्यामि गुह्याद् गुह्यतरं महत ॥ आख्येयं नैव कस्यापि त्वदर्थं तु विचारितम् ॥ ४ ॥ न विस्तरं करिष्यामि समासेन ब्रवीमि ते ॥ इतस्तृतीयः सुभगे मासस्तु पुरुषोत्तमः ॥ ५ ॥ तस्मिन् स्नातो नरस्तीर्थे मुच्यते

नारदले भने—हे तपोनिधि! ठूला तेजस्वी अत्यन्त क्रोधी मुनिले के विचारेर ती ऋषिकन्यालाई भने, त्यो कुरा मलाई कहिबक्सियोस् ॥ १ ॥ सूतजीले भन्नुभयो—हे ब्राह्मण हो! नारदको वचन सुनेर सबैको हित हुने दुर्वासाको गुह्य (गुप्त) वचन बदरीपतिले भन्नुभया ॥ २ ॥ श्रीनारायणले भन्नुभयो—हे नारद! मेधावी ऋषिकी छोरीको दुःख हटाउन कृपालु मुनिले त्यस बेला जो भन्नुभयो, म त्यो भन्छु सुन ॥ ३ ॥ दुर्वासाले भन्नुभयो—हे सुन्दरी! तिम्रै लागि मात्र मैले विचारिएको, अरू कसैलाई पनि भन्न अयोग्य गुप्त भन्दा पनि ठूलो गुप्त कुरा म भन्छु सुन ॥ ४ ॥ म धेरै लम्बतम्ब गर्दिनँ, तिमीलाई संक्षेपमै भन्दछु। हे सुभगे! यसदेखि अगाडि आउने तेस्रो महीना पुरुषोत्तम हो ॥ ५ ॥ त्यस महीना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रूणहत्यया ॥ एतत्तुल्यो न कोऽप्यन्यः कार्त्तिकादिषु सुन्दरि ॥ ६ ॥ सर्वे मासास्तथा पक्षाः पर्वाण्यन्यानि यानि च ॥ पुरुषोत्तममासस्य कलां नार्हन्ति षोडशीम् ॥ ७॥ साधनानि समस्तानि निगमोक्तानि यानि च ॥ मासस्यैस्य नार्हन्ति कलामपि च षोडशीम् ॥ ८ ॥ द्वादशाब्दसहस्राणि गङ्गास्नानेन यत्फलम् ॥ गोदावरीसकृत्स्नानाद्यत्फलं सिंहगे गुरौ ॥ ९ ॥ तदेव फलमाप्नोति मासे वै पुरुषोत्तमे ॥ सकृत् सुस्नानमात्रेण यत्र कुत्रापि सुन्दरि ॥ १० ॥ श्रीकृष्णवल्लभो मासो नाम्ना च पुरुषोत्तमः ॥ तस्मिन् संसेविते बाले सर्वं भवति वाञ्छितम् ॥ ११ ॥ तस्मान्निषेवयाशु त्वं मासं

तीर्थमा न्वाहुने मनुष्य भ्रूणहत्यबाट पनि छुट्तछ । सुन्दरि ! कार्तिक आदि महीनाहरूमा अरू कुनै पनि यसको बराबर गर्ने महीना छैन ॥ ६ ॥ सबै महीनाहरू तथा पक्षहरू र अरू जो पर्वहरू छन् ती सब पुरुषोत्तम मासको सोह्रौं कलाका पनि योग्य छैनन् ॥ ७ ॥ परमपद प्राप्तिका लागि वेदले बताइएका र अरू पनि समस्त जति साधनहरू छन् ती सब यस पुरुषोत्तम महीनाको सोह्रौं कलाका पनि योग्य छैनन् ॥ ८ ॥ बाह्र हजार वर्षसम्म गंगास्नान गर्नाले जो फल मिल्छ; सिंह राशिमा बृहस्पति छँदा एकैपल्ट पनि गोदावरीमा न्वाहुँदा जो फल मिल्छ ॥ ९ ॥ हे सुन्दरी ! पुरुषोत्तम महीनामा जहाँ कहीं पनि एक चोटि नै सही, राम्रासंग नुहाउनाले त्यही फल पाइन्छ ॥१०॥ यो मास श्रीकृष्णको अति प्यारो महीना हो, पुरुषोत्तम नामले पुकारिन्छ पनि । हे कुमारी ! त्यस महीनामा पुरुषोत्तम भगवानको सेवा पूजा गरे हुँदि चाहेको सबै कुरा पूरा हुन्छ ॥ ११ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तं पुरुषोत्तमम् ॥ मयापि सेव्यते सोऽयं पुरुषोत्तमवन्मुदा ॥ १२ ॥ एकदा भस्मसात्कर्तुमम्बरीषेरे क्रुधो मया ॥ मुक्त कृत्या तदा बाले सुनाभं हरिणा ज्वलत् ॥१३॥ मामेव भस्मसात्कर्तु तदानीं प्रेरितं मयि ॥ पुरुषोत्तमव्रतादेव तच्चक्रं संन्यवर्तत ॥ १४ ॥ त्रैलोक्यं भस्मसात्कर्तुं समर्थं तच्च सुन्दरि । मय्यकिञ्चित्करं जातं तदा मे विस्मयोऽभवत् ॥ १५ ॥ तस्माद्भजस्व सुभगे श्रीमन्तं पुरुषोत्तमम् ॥ इत्युक्त्वा मुनिशार्दूलो विरराम मुनेः सुताम् ॥ १६ ॥ श्रीकृष्ण उवाच—दुर्वासोवचनं श्रुत्वा बाला मूढधियाऽवदत् ॥ भाविना प्रेरिता राजन्नसूयाप्रेरिता सती ॥ १७ ॥ दुर्वाससं मुनि

त्यसकारण चाँडै नै तिमी त्यस पुरुषोत्तम महीनाको सेवा गर । उही यो पुरुषोत्तम महीना खुशीसाथ मैले पनि सेवा गरिन्छ ॥ १२ ॥ अघि कुनै बेला क्रोधले मैले अम्बरीष राजालाई भस्म गर्नका लागि कुत्यालाई पठाएको थिएँ, तब हे कुमारी ! हरिले जलजलाउँदो सुदर्शन चक्र ॥ १३ ॥ मलाई नै भस्म पार्नका लागि त्यसै बेला ममाथि प्रहार गर्नु भयो, मैले गरेका पुरुषोत्तम व्रतका प्रभावले नै त्यो चक्र फर्कियो ॥ १४ ॥ हे सुन्दरी ! तीनै लोकलाई भस्म पार्न समर्थ त्यो चक्र मेरा ऊपर क्यै गर्न नसक्ने भयो र तब मलाई आश्चर्य भयो ॥ १४ ॥ त्यसकारण हे सुभगे ! तिमी पनि कल्याणवाला पुरुषोत्तम महीनाको व्रत गर । मेधावी मुनिकी छोरीलाई यति भनेर ती मुनिश्रेष्ठ दुर्वासा चुप लाग्नुभयो ॥ १६ ॥ श्रीकृष्णले भन्नुभयो—हे राजन् ! दुर्वासाको यस्तो वचन सुनेपछि पछि घट्ने घटनाले घच्याडिएर गुणमा दोष देख्ने बुद्धिले प्रेरणा गरिएकी सच्चरित्रवाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

श्रेष्ठं मनसि क्रोधमंयुता ।। बालोवाच—न मह्यं रोचते ब्रह्मन् यदुक्तं भवता मुने।।१८।। कथंमाघादयोमासा
अकिञ्चित्कर तां गताः ।। कथं कार्तिकमासं त्वमूनं वदसि तद्वद ।।१९।।वैशाखःसेवितः किंवा न दास्यति
सुकामितम्।। सदाशिवादयो देवाऽफलदाः किं न सेविताः।।२०।।अथवा भुवि मार्तण्डो देवः प्रत्यक्षदर्शनः।।
सकिं न दाता कामानां देवोष्ट जगदम्बिका ।।२१।। गणेशः सेविता किं वा न संयच्छति कामिनाम् ।।
व्यतीपातादिकान् योगान् देवान् शर्वादिकानपि ।। २२ ।। सर्वानुल्लङ्घ्य वदतस्त्वया किं ते न जायते ।।
अयं तु मलिनो मासः सर्वकर्मविगर्हितः ।। २३ ।। असूर्यसङ्क्रमः श्रेष्ठः क्रियते च कथं मुने ।।

ती कुमारीले मूर्ख बुद्धिले मनमा क्रोध गर्दै मुनिमा श्रेष्ठ दुर्वासालाई भनिन्—कुमारीले भनिन्—हे ब्रह्मन् ! तपाईंले जो भन्नुभयो मलाई त त्यो ठीक लागेन ।।१७-१८।। किनकि माघ आदि महीनाहरू किन क्यै गर्न नसक्ने भए ? कसरी तपाईंले कार्तिक महीनालाई कम बताउनुभयो ? त्यो मलाई बताइबक्सियोस् ।। १९ ।। सेवा गरिएको वैशाख महीनाले के इच्छित वर दिदैन ? के सेवा गरिएका सदाशिव आदि देवताहरू फल दिने हुँदैनन् ? ।। २० ।। अथवा पृथ्वीमा प्रत्यक्ष देखिने भगवान् सूर्य हुनुहुन्छ, के उहाँले इच्छा गरिएको कुरा दिनुहुन्न ? या देवीले चाहेको वर दिनुहुन्न र ? ।। २१ ।। अथवा सेवा गरिएका गणेशले के चाहेको चीज दिनुहुन्न ? व्यतीपात आदि सारा योग र शर्व (शिवजी) आदि देवताहरू ।। २२ ।। सबैलाई नाघेर पुरुषोत्तमलाई नै ठूलो भन्दा के तपाईंलाई लाज लाग्दैन ? यो त सबै शुभकर्मका निन्दा गरिएको मलिन महीना तर्थात् मलमास हो ।। २३ ।। दुई औंसीको बीचमा संक्रान्ति नपर्ने यस अशुद्ध महीनालाई हे मुनि ! तपाईं श्रेष्ठ भनि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदाहं सर्वदुःखानां पारदं श्रीहरिं परम् ॥ २४ ॥ नान्यं पश्यामि भूदेव चिन्तयन्ती दिवानिशम् ॥
रामाद्वा जानकीजानेः शङ्करात् पर्वतीपतेः ॥ २५ ॥ नान्यः कोऽपि महान् देवो यो मे दुःखं व्यपो-
हति ॥ एतान् विहाय विप्रेन्द्र कथं स्तौषि मलं मुने ॥ २६ ॥ एवमुक्तस्तया विप्रपुत्र्या स धनो
मुनिः । जाज्वल्यमाना वपुषा क्रोधसंरक्तलोचनः ॥२७॥ तथापि न शशापैनां मित्रजां कृपयान्वितः ॥
मूढेयं नैव जानाति हिताहितमपूर्णधीः ॥ २८ ॥ पुरुषोत्तममाहात्म्यं दुर्ज्ञेयं विदुषामपि । किमुताल्प
धियां पुंसां कुमारीणां विशेषतः ॥ २९ ॥ पितृहीना कुमारीयं बाला दुःखाग्निभर्जिता ॥ अतीवोग्रतरं

रहनुभएको छ ? सबै दुःखबाट पार लाउने श्रेष्ठ श्रीहरि भगवान्लाई म जान्दछु ॥ २४ ॥ हे भूदेव ! रात-दिन चिन्ता गर्ने भएकी म जानकीका गति राम अथवा पार्वतीका पति शङ्कर भन्दा ठूलो म अरू कसैलाई देख्तिनँ ॥ २५ ॥ हे विप्रेन्द्र ! यी दुइभन्दा ठूलो अर्को कुनै पनि धौता छैन, जो मेरो दुःख हटाओस् । उपरोक्त ती सब धौताहरूलाई छोड़ेर हे मुनि ! किन तपाईं मलमासको स्तुति प्रशंसा गर्नुहुन्छ ? ॥ २६ ॥ मेधावी ब्राह्मणकी ती कन्याले यस्ता प्रकारले भनिएका ती क्रोधी मुनि रिसले राता-राता आँखा पारेर शरीरले जाज्वल्यमान अर्थात् देख्तै डरलाग्दा भए ॥ २७ ॥ तैपनि मित्रकी छोरी लाई दयाले युक्त उनले सरापेनन् । बुद्धि छिपिइ नसकेकी मूर्ख यो हित-अहित जान्दिन नै भनिठाने ॥ २८ ॥ पुरुषोत्तम महीनाको महिमा विद्वानहरूले पनि जानिनसक्नु छ अर्थात् कठिनले मात्रै जानिने छ भने थोरै बुद्धि हुने पुरुषहरूको र विशेष गरेर कुमारीहरूको त के कुरो ॥ २९ ॥ बाबु-आमा नभएकी टुहुरी यो कुमारी बालख दुःखरूपी अग्निले भुटिएकी छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शापं मदीयं सहते कथम् ॥ ३० ॥ इत्येवं कृपया क्रोधं सञ्जहार मनःस्थितम् ॥ स्वस्थो भूत्वा मुनिः
प्राह तां बालामतिविह्वलाम् ॥३१॥ दुर्वासा उवाच—अहो बाले न मे कोपो मित्रजे त्वयि कश्चन ॥
 यत्ते मनसि निर्भाग्ये यथारुचि तथा कुरु ॥३२॥ अपरं श्रूयतां बाले भविष्यं किञ्चिदुच्यते ॥ पुरुषो-
त्तममासस्य यत्त्वयाऽनादरः कृतः ॥ ३३ ॥ सर्वथा तत्फलं भावि इह वा परजन्मनि ॥ अतः परं
गमिष्यामि नरनारायणालयम् ॥ ३४ ॥ न च शप्ता मया भीरु मन्मित्रं ते पिता यतः ॥ हिताहितं
न जानासि बालभावाच्छुभाशुभम् ॥ ३५ ॥ स्वस्ति तेऽस्तु गमिष्यामि मास्तु कालात्ययो मम ॥

त्रिवरी यसले मेरो अत्यन्तै कडा सराप कसरी सहली ? ॥३०॥ यस किसिमको कृपाले मनमा उठेको रिसलाई त्यागे । अनि स्वस्थ शान्त भएर अत्यन्त विह्वल त्यस कुमारीलाई मुनिले भने ॥ ३१ ॥ दुर्वासाले भने–हे बच्ची ! मित्रकी छोरी तिमीमा मेरा कुनै किसिमको रिस छैन । हे अभागिनी ! तिम्रो मनमा जो जस्तो इच्छा लाग्छ त्यस्तै गर ॥३२॥ हे बच्ची ! अझ सुन । तिम्रो भविष्यमा हुने क्यै कुरो भन्छु । तिमीले जो पुरुषोत्तम महीनाको अनादर गन्यौ ॥ ३३ ॥ त्यसको फल यो जन्ममा होस् या अर्को जन्ममा होस् अवश्य मिल्नेछ । अब म नर-नारायणको आश्रममा जान्छु ॥३४ ॥ हे भीरु । त्यस्तो अनादर गर्दा पनि मैले तिमीलाई सरापिनँ, किनकि तिम्रा पिता मेरा मित्र थिए । तिमी बालख स्वभावले गर्दा आफ्नू हित-अहित, शुभ-अशुभ क्यै जान्दिनौ ॥ ३५ । पछि हुने कल्याणलाई] कसैले पनि उल्लंघन गर्न सक्तैन । मेरो पनि समय व्यर्थ बर्बाद नहोस्,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभं शुभेतरं भावि न केनाप्यनुलङ्घ्यते ।।३६।। श्रीकृष्ण उवाच—इत्युदीर्य जगामाशु तामसस्तापसो मुनिः ।। तत्क्षणं निष्प्रभा साऽभूत् पुरुषोत्तहेलया ।।३७।। निमृश्य सुचिरं कालं तत्कालफलदं शिवम् ।। आराधयामि देवेशं तपसा पार्वतीपतिम् ।।३८।। इति निश्चित्य मनसा मेधावितनया नृप ।। दुष्करं तत्तपः कर्तुमियेष स्वाश्रमे स्थिता ।।३९।। सूत उवाच—आर्षेयी प्रबलमुनेर्वचो विनिन्द्य प्रद्युक्तान्धकरिपुसेवने वने स्वे ।। लक्ष्मीशं बहुलफलप्रदं विहाय सावित्रीपति मपिताद्दशं निरस्य ।। ४० ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमहात्म्ये कुमारीशिवाराधनयो नाम दशमोऽध्यायः ।।१०।।

त्यसकारण म गएँ त । तिम्रो कल्याण होस् ।। ३६ ।। तब श्रीकृष्णले भन्नुभयो–यति भनेर तामसी तपस्वी मुनि तुरुन्तै गए । दुर्वासा जानेवित्तिकै पुरुषोत्तमलाई अनादर गरेकोले त्रिचरी तो अलमल्ल परिन् ।। ३७ ।। तब धेरै बेरसम्म सोचेर घौताहरूका मालिक, पार्वतीका पति, तुरुन्तै फल दिने शिवजीलाई तपस्याले आराधना गर्दछु ।। ३८ ।। भन्ने मनले यस्तो निश्चय गरेर हे राजन् । मेघावीकी छोरोले आफ्नै आश्रममा वसेर शिवजीको कठिन तपस्या गर्न चाहिन् ।। ३९ ।। तब सूतजीले भन्नुभयो– शक्तिशाली दुर्वासाको बचनलाई अनादर गरेर, धेरै फल दिने लक्ष्मीका पति विष्णुलाई त्यागेर, त्यसै सावित्रीका पतिलाई पनि हटाएर ती ऋषिकन्या आफ्नै आश्रममा रहेर अन्धकका शत्रु आशुतोष शिवको सेवाका लागि तम्तयार भइन् ।। ४० ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये दशमोऽध्यायः समाप्त ।। १० ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ एकादशोऽध्यायः

नारद उवाच—अचीकरत् कुमारीयं महत्कर्म सुदुष्करम् ।। मुनीनामपि सर्वेषां तन्मे वद महामुने ।। १ ।। श्री नारायण उवाच ।। अथारभत कल्याणी तपः परमदारुणम् ।। चिन्तयन्ती शिवं शान्तं पञ्चवक्त्रं सनातनम् ।। २ ।। भुजङ्गभूषणं देवं नन्दिभृङ्गिनिषेवितम् ।। चतुर्विंशतितत्त्वैश्च गुणैस्त्रिभिश्चत्रिभिष्टुतम् ।। ३ ।। यथासिद्धिभिरष्टाभिः प्रकृत्या पुरुषेण च ।। चन्द्रखण्डलसद्भालं जटाजूटविराजितम् ।। ४ ।। चचार दुश्चरं बाला तमुद्दिश्य परंतपः ।। पञ्चाग्नीनां च मध्ये सा स्थायिनी ग्रीष्मगे रवौ ।। ५ ।। हेमन्ते शिशिरे चैव शीतवार्यन्तरस्थिता ।।

नारदजीले भन्नुभयो—मुनिहरूमा पनि सबैले गर्न मुश्किल ठूलो काम (तपस्या) कुमारीले जो गरिन् हे महामुनि, त्यो अब मलाई बताउनुसियोस् ।।१।। श्रीनारायणले भन्नु भयो—त्यसका बाद कल्याणी कुमारीले शान्तरूपका सनातन पाँचमुखे शिवजीलाई एकतार संझदी छँदी अति कठिन तपस्या गर्न शुरू गरिन् ।। सर्पका गहना लाउने, नन्दी भृङ्गीले सेविने, चौबीस तत्त्व र तीनै गुणले युक्त, भगवान् ।। ३ ।। आठोटा ठूला-ठूला सिद्धिले र प्रकृति, पुरुषले पनि युक्त, आधा खुँडे चन्द्रमाले निधार शोभिएका, जटाजूटले सिंगारिएका ।।४।। ती भगवानलाई उद्देश्य गरेर कुमारीले बड़ा कनिले ठूलो तपस्या गरिन् । ग्रीष्म ऋतुमा सूर्य गएका वेलामा पञ्चाग्निको बीचमा रहने, हेमन्त र शिशिर ऋतुमा शीत र पानीको बीचमा

Nepal Sanskrit University, Valmiki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यक्तवक्त्रा तथा रेजे जलस्थं कमलं यथा ॥ ६ ॥ शिरोऽधःप्रसृतश्यामनीलालकविगुण्ठिता ॥
जम्बालवल्लरीपुञ्जैर्वेष्टितेवाबभौ ले ॥ ७ ॥ ब्रह्मरन्ध्रोद्गतश्रीमता धूम्रराजिर्व्यदृश्यत ॥ नलिनं
सेव्यमानेन मिलिन्दालिः प्रसर्पिणी ॥ ८ ॥ वर्षास्वनावृता शेते स्थण्डिले बृसिकान्विते ॥ सन्ध्ययो-
रुभयोस्तन्वी धूमपानमचीकरत् ॥ ९ ॥ पुरन्दरः परां चिन्तामवापाश्रुत्य तत्तपः ॥ दुर्धर्षा दिविजैः
सर्वैःस्पृहणीया महर्षिभिः ॥ १० ॥ एवं तपसि वृत्तायामार्षेय्यां नृपनन्दन ॥ गतान्यब्दसहस्राणि
नव राजन्यभूषण ॥ ११ ॥ सन्तुष्टस्तपसा तस्या भगवान् पार्वतीपतिः ॥ दर्शयामास बालायै

रहने खुला मुखवाली ती बाला जलको बीचमा रहेको कमल जस्तै शोभिएकी थिइन् ॥५-६॥ त्यस वेला शिरबाट तलतिर झुण्डेका काला नीला अलकले ढाकिएकी तिनी जलमा सिवाँलीका लहरासमूहले घेरिएकी झैं लाग्दथिन् ॥७॥ तिनका नाकका दुवै दुलाबाट निस्केको, बाहिरको चिसो बताससँग मिसिदा अत्यन्तै राम्रो धूवाँ जस्तो देखिने तातो सासको रेखा मानौं कमलको मकरन्द पिएर ताँती-ताँती भै उडेको भमराको पंक्ति झैं देखिन्थ्यो ॥८॥ वर्षाका महीनाहरूमा आसन बिछ्याइएको चौतरामा केही नओढी खुलै सुत्थिन्, दुवै छाक ती पातली धूम्र-पान गर्थिन् ॥९॥ तिनको त्यो तपस्या सुनेर इन्द्र ठूलो चिन्तामा परे । सारा देवता-हरूले क्यै गर्न नसकिने, महर्षिहरूले प्रशंसा गरिने ॥ १० ॥ यस किसिमको तपस्यामा लागेकी ब्राह्मणकुमारीको हे क्षत्रिभूषण नृपनन्दन, नौ हजार वर्ष बिते ॥ ११ ॥ तब उनका तपस्याले सन्तुष्ट भएका पार्वतीका पति भगवान् शंकरले—इन्द्रियहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निजं रूपमगोचरम् ॥ १२ ॥ तद् दृष्ट्वा सहसोत्तस्थौ देहः प्राणमिवागतम् ॥ तपःकृशापि सा बाला हृष्टपुष्टा तदाऽभवत् ॥ १३ ॥ भूरिवातातपक्लिष्टा देवमीढा गरीयसी ॥ सा बालाऽवनता
 भूत्वा ववन्दे गिरिजापतिम् ॥ १४ ॥ मानसैरुपचारैस्तं सम्पूज्य विश्ववन्दितम् ॥ तुष्टाव जगतां
नाथं भक्तियुक्तेन चेतसा ॥ १५ ॥ बालोवाच—अये शैलजावल्लभ प्राणनाथ, प्रभो भर्ग भूतेश गौरीश शम्भो ॥ नमः सोमसूर्याग्निदिव्यत्रिनेत्र, मदाधार मुण्डास्थिमालिन्नमस्ते ॥ १६ ॥ नरोऽनेकतापाभिभूताङ्गोपीडः परे घोरसंसारवार्धौ निमग्नः ॥ खलव्यालकालोग्रदंष्ट्राभिदंष्टो विमु-

नदेखिने—आफ्नू रूप ती बालालाई देखाए ॥१२॥ भगवान् शंकरलाई देखेर सौरिएको शरीर झैं जऱ्याकजुरुक्क उठिन् । तप-स्याले दुब्लाएकी पनि ती कुमारी त्यस बेला हृष्ट-पुष्ट भइन् ॥ १३ ॥ धेरै नै बतास र घामले दुःख पाएकी ठूली तपस्विनी ती कुमारीले नम्र भएर पार्वतीका पतिलाई ढोगिन् ॥ १४ ॥ मानस उपचार (कल्पना गरिएका सामग्रीहरू) ले उनलाई पूजा गरेर विश्वले नै ढोगिने जगत्का नाथलाई भक्तियुक्त चित्तले स्तुति गरिन् ॥ १५ ॥ कुमारीले भनिन्—हे पार्वतीका पति ! हे प्राण-नाथ, हे प्रभु, हे भर्ग, हे भूतेश, गौरीश, हे शम्भु, हे तम ! हे चन्द्र-सूर्य अग्नि नै दिव्य तीन आँखा हुने, मेरा आधार । हे खोपड़ीका हड्डीको माला लाउने । तपाईंलाई नमस्कार छ ॥१६ ॥ अनेक प्रकारका चिन्ताले अङ्ग-प्रत्यङ्ग पीडित भएका, पार माइनसक्नु संसाररूपी समुद्रमा डुबेका, दुष्ट सर्परूप कालका उग्र दाहाले डसिएको मनुष्य पनि तपाईंको शरणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्येद्भवन्तं शरण्यं प्रपन्नः ॥१७॥ विभो येन बाणः स्वकीयोकृतश्च मृता जीवितालर्कभूपालपत्नी ॥
दयानाथ भूतेश चण्डीश भव्य भवत्राण मृत्युञ्जय प्राणनाथ ॥ १८ ॥ मखध्वंसकर्तः समस्तारिहर्तः
सदा सेवकानां भवध्वंसकर्तः ॥ नमो जन्महर्तः पुरा सृष्टिकर्तस्त्वदीयानव प्राणनाथोघहर्त ॥ १९ ॥
इत्येवं मनसा वाचा शिवं स्तुत्वा तपस्विनी ॥ विरराम महाभागा मेधावितनया नृप ॥ २० ॥
श्रीकृष्ण उवाच—तत्कृतं स्तोत्रमाकर्ण्य तपसोग्रतरेण च ॥ प्रसन्न वदनाम्भोजस्तामुवाच सदा-
शिवः ॥ २१ ॥ शिव उवाच—वरं वरय भद्रं ते यस्ते मनसि वाञ्छितः । प्रसन्नोऽस्मि महा-
भागे मा मा खिद तपस्विनि ॥ २२ ॥ तदाकर्ण्य कुमारीयं महानन्द परिप्लुता ॥ उवाच वचनं

प्राप्त भयो भने सारा दुःखबाट छुट्छ ॥ १७ ॥ हे विभु ! जुन तपाईंले बाणासुरलाई अपनाउनुभयो, मरेकी अलर्क राजाकी
पत्नीलाई जियाउनुभयो, त्यस्ता हे दयाका नाथ ! हे भूतेश, हे भव्य, हे भवत्राण, हे मृत्युञ्जय, हे प्राणनाथ,
॥ १८ ॥ हे दक्षको यज्ञ ध्वस्त गर्नेवाला, हे समस्त शत्रुहरूलाई संघार्नेवाला, सधैं सेवकहरूका सांसारिक पापलाई ध्वंश गर्ने,
भक्तहरूको जन्म-मृत्यु-बुढ्याईंलाई नाश्ने पहिला सृष्टि गर्ने, समस्त पाप हर्ने हे प्राणनाथ, यस्ता तपाईंलाई नमस्कार छ,
तपाईंका भक्तहरूलाई रक्षा गर्नुहोस् ॥ १९ ॥ हे राजन् । यस्ता प्रकारका बचनले शिवलाई स्तुति गरेर मेधावीकी छोरी
भाग्यमानी ती तपस्विनी चुप लागिन् ॥ २० ॥ फेरि श्रीकृष्णले भन्नुभयो—उसले गरेको स्तुति सुनेर अनि उसले गरेको
अत्यन्त उग्र तपस्याले पनि मुखकमल प्रसन्न भएका सदाशिवले उनलाई भने ॥ २१ ॥ शिवजीले भने–हे भाग्यमानी लड्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

राजन् सुप्रसन्नं सदाशिवम् ॥ २३ ॥ बालोवाच—दीनानाथ दयासिन्धो प्रसन्नाश्चेन्ममोपरि ॥
तदा मत्कामितं देहि मा विलम्बं कुरु प्रभो ॥ २४ ॥ पतिं देहि पतिं मह्यं पतिं पतिमहं वृणे ॥
पतिं देहि महादेव नान्यन्मे चिन्तितं हृदि ॥ २५ ॥ एवमुक्त्वा तदाऽर्षेयी विरराम कपर्दिनम् ॥
तदाकर्ण्य महादेवो जगाद मुनिकन्यकाम् ॥ २६ ॥ शिव उवाच-त्वया यत्स्वमुखेनोक्तं तदस्तु
मुनिकन्यके ॥ पञ्चकृत्वस्त्वया यस्मात् पतिः सम्प्रार्थितोऽधुना ॥ २७ ॥ तस्मात् पञ्च भविष्यन्ति
पतयस्तव सुन्दरि ॥ शूराः सकल धर्मज्ञाः साधवः सत्यविक्रमाः ॥ २८ ॥ यज्वानः स्वगुणख्याताः

आफ्नो मनमा जो इच्छा छ, त्यो कल्याणकारी वर माँग म प्रसन्न छु, हे तपस्विनी खेद नगर ॥ २२ ॥ त्यो सुनेर ठूलो आनन्दमा डबेको यी कुमारीले हे राजन्, खुशी भएका सदाशिवलाई यस्तो वचन भनिन् ॥ २३ ॥ कुमारीले भनिन्—हे दुःखीलाई कृपा गर्ने, हे दयाका समुद्र, यदि मेरा उपर प्रसन्न हुनुहुन्छ भने हे प्रभु, तब मेरो ईच्छित कुरो दिनुहोस् यसमा ढिल नगर्नु होस् ॥ २४ ॥ पति दिनुहोस्, मलाई पति दिनुहोस्, म पति माग्छु, पति दिनुहोस् हे महादेव, मेरो हृदयमा अर्को-कको चिन्ता छैन ॥ २५ ॥ महादेवजीलाई यति भनेर तब ऋषिकन्या चुपो लागिन् । तिनको त्यो माँग सुनेर महादेवले मुनि-पुत्रीलाई भन्नुभयो ॥ २६ ॥ शिवजीले भन्नुभयो—हे मुनिपुत्री, तिमीलाई आफ्नू मुखले जो भन्यौ त्यो होस् । अहिले तिमीले नसरी पाँचपल्ट पति माग्यौ ॥ २७ ॥ हे सुन्दरी, निश्चय नै तिम्रा पाँचोटा पति हुनेछन् । ती सब शूरा, सकल धर्म जान्ने, सज्जन, सत्य पराक्रमी असल काममा मात्रै पराक्रम गर्ने ॥२८॥ ठूला ठूला यज्ञ गर्ने आफ्ना गुणले प्रसिद्ध भएका, साँचो प्रतिज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यसन्धा जितेन्द्रिया ॥ त्वन्मुखप्रेक्षकाः सर्वे राजन्या गुणशालिनः ॥ २९ ॥ श्रीकृष्ण उवाच — इत्याकर्ण्य वचस्तस्य धूर्जटेरनतिप्रियम् ॥ उवाचावनता भूत्वा बाला वाक्यविशारदा ॥ ३० ॥ बालोवाच—एवं मे गिरिजाकान्त मातु लोकेऽतिकौतुकम् ॥ एकस्या एक एवास्ति भर्ता नार्याः सदाशिव ॥ ३१ ॥ न दृष्टा न श्रुता क्वापि नार्येका पञ्चभर्तृका ॥ एकस्य पञ्च पत्न्यस्तु पुरुषस्य भवन्ति हि ॥ ३२ ॥ त्वदीयाहं कथं शम्भो भवेय पञ्चभर्तृका ॥ नैवार्हसि वचस्त्वेवं मयि वक्तुं कृपानिधे ॥ ३३ ॥ तवैव जायते लज्जा त्वदीयाहं यतः प्रभो ॥ इत्याकर्ण्य वचस्तस्याः शङ्कर प्राह

गर्ने, इन्द्रिय जितेका तिम्रो मुख हेर्ने अर्थात् जे काममा पति तिम्रो राय लिने, सबै नै गुणशाली क्षत्रिय हुनेछन् ॥ २९ ॥ श्रीकृष्णले भन्नुभयो—श्री महादेवको असाध्यै नजाती यस्तो वचन सुनेर, बोल्न सिपालु ती कुमारीले तब अति नम्र भएर भनिन् ॥ ३० ॥ कन्याले भनिन्—हे पार्वतीका पति महादेव, संसारमा अति उल्फालाग्दो यस्तो कुरो मलाई नहोस्, सदाशिव, यौटी नारीको यौटै नै पति हुन्छ ॥ ३१ ॥ यौटा पुरुषका पाँचोटी स्त्री ता हुन्छन् पनि तर पाँच पति हुने यौटा नारी त न कहीं देखिएको छ, न कहीं सुनिएको छ ॥३२॥ हे शम्भु, तपाई जस्ताको परम भक्त सेविका म पाँचवटाले कसरी हुँ । हे कृपानिधि ! यस किसिमको वचन मलाई भन्नु बिलकुल ठीक होइन ॥ ३३ ॥ हे प्रभु, किनकि तपाईंकी म सेविका हुनाले यदि यस्तो भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तां पुनः ।। ३४ ।। शिव उवाच—मास्तु तेऽस्मिन् भवे भीरु भर्त्यं तत्परजन्मनि ।। अयोनिसम्भवा
तत्र भविष्यसि तपोबलात् ।। ३५ ।। भर्तृजं सुखमासाद्य ततो मन्त्रो परं पदन् । दुर्वासा मे प्रिया
 मूर्ति स त्वयाऽवनतः पुरा ।। ३६ ।। स चेत् कोपावृतः सुभ्रु निर्दहेद् भुवनत्रयम् ।। त्वया गर्वातिरेकेण
 ब्रह्मतेजः प्रमर्दितम् ।। ३७ ।। पुरुषोत्तमस्त्वया मासो न कृतो भगवत्प्रियः ।। यस्मिन्नर्पितमैश्वर्यं
श्रीकृष्णेनात्मनः स्वकम् ।। ३८ ।। अहं ब्रह्मादयो देवा नारदाद्यास्तपस्विनः ।। यदादेशकरा बाले

भने तपाईंलाई नै लाजमर्नु हुन्छ ! ती कुमारीको यस्तो कुरो सुनेर शङ्करले फेरि तिनलाई भन्नुभयो ।। ३४ ।। शिवजीले भन्नुभयो—लौ त, यस जन्ममा तिमीलाई पति-सुख नहोस्, अर्थात् यस जन्ममा तिम्रो विवाह हुँदैन, त्यो सुख अर्को जन्ममा हुनेछ । यस तपस्याका प्रभावले त्यस जन्ममा तिमी योनिबाट नजन्मिएकी हुनेछौ ।। ३५ ।। तब पतिबाट पाउनुपर्ने सुख भलीभाँति पाएर पछि परमपद पुग्नेछयौ ।' यी सब हुनाको कारण के हो भने; दुर्वासा त मेरा प्रिय मूर्ति (रूप) हुन्, उनलाई तिमीले पहिले अपमान गरेकी थियौ ।। ३६ ।। हे सुभ्रु ! राम्रा आँखीभूइँ भएकी कुमारी ! यदि दुर्वासा क्रोधले आगो भए भने त तीनै भुवन डढाइदिन्छन् । त्यस्तो उग्र ब्रह्मतेजलाई घमण्डले उम्लेकी तिमीले माडमूड़ पारिदियौ ।। ३७ ।। जुन अधिमासलाई श्रीकृष्णले आफनू निजो सारा ऐश्वर्य अर्पण गर्नु भएको छ, त्यस्तो भगवान्को असाद्धै प्यारो पुरुषोत्तम महीनाको व्रत तिमीले गरिनौ ।। ३८ ।। हे बाले ! म, ब्रह्मा आदि देवताहरू, नारद आदि तपस्वीहरू जसका आदेशमुताबिक काम गर्दछौं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदाज्ञां को विलङ्घयेत् ॥ ३९ ॥ स मासो न त्वया मूढे पूजितो लोकपूजितः । अतस्ते पञ्चभर्तारो भविष्यन्ति द्विजात्मजे ॥ ४० ॥ नाऽन्यथा भावि तद्बाले पुरुषोत्तमखण्डनात् ॥ यो वै निन्दति तं मासं स याति घोररौरवम् ॥ ४१ ॥ विपरीतं भवेत्तस्य न कदाप्यन्यथा भवेत् ॥ पुरुषोत्तमस्य ये भक्ताः पुत्रपौत्रधनान्विताः ॥४२॥ ऐहिकामुष्मिकीं सिद्धिं याता यास्यन्ति यान्ति च ॥ वयं सर्वेऽपि गीर्वाणाः पुरुषोत्तमसेविनः ॥ ४३ ॥ यस्मिन् संसेविते शीघ्रं प्रीयते पुरुषोत्तमः ॥ सेवनीयं कथं मासं न भजामः सुमध्यमे ॥ ४४ ॥ अत्युत्कटानां महतां वचो मिथ्या कथं वद ॥ अनुनेया हि

तिनको आज्ञालाई कसले नाघ्न सक्छ ? ॥ ३९ ॥ हे मूर्ख, संसारैले पूजा गरिएको त्यस्तो त्यो महीना तिमी द्वारा पूजिएन । हे ब्राह्मण पुत्री ! यसकारण तिम्रा पाँचोटा लोग्ने अवश्यै हुनेछन् ॥४०॥ हे बाले ! पुरुषोत्तमलाई अनादर गरेकीले त्यो कुरो बदलिन सक्तैन । जो जन त्यस पुरुषोत्तममहीनालाई निन्दा गर्दछ, त्यो जन घोर रौरव नरकमा जान्छ ॥ ४१ ॥ त्यसको सबै मनोरथ उल्तै हुन्छ, यो कुरो कहिल्यै पनि अर्को हुन सक्तैन । जो मानिस पुरुषोत्तममासका भक्त छन् तो छोरा-नाती धनधान्यले सम्पन्न हुन्छन् ।।४२।। यस लोकको र परलोकमा पनि सिद्धि पाएका-पाउने र पाइरहेका तथा हामी सबै देवताहरू पनि पुरुषोत्तमको सेवा गर्दछौं ।। ४३ ।। जुन पुरुषोत्तमको सेवा गर्नाले पुरुषोत्तम भगवान् तुरुन्तै खुशी हुनुहुन्छ। हे सुन्दरी ! त्यस्तो सेवा गर्न योग्य महीनालाई हामी किन नभजूँ ।।४४।। अति उत्कृष्ट श्रेष्ठ पुरुषहरूको वचन कसरी झुट्टा हुन सक्छ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनयः सदसद्सत्येवावादिनः ॥ ४५ ॥ वदन्नेवं नीलकण्ठः क्षिप्रमन्तर्दधे हरः ॥ चकिता साऽभवद्
बाला यूथभ्रष्टा मृगी यथा ॥४६॥ सूत उवाच-शशाङ्कलेखाङ्कितभालदेशे सदाशिवे शैवदिशं प्रयाते ॥
चिन्ता बबाधे मुनिराजकन्यां हत्या यथा बृत्रहणं मुनीशाः ॥ ४७ ॥

इति श्रीवृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये शिववाक्यं नाम एकादशोऽध्यो ॥११॥

भन । मुनिहरू साँचोलाई साँचो, झुटोलाई झुटो भन्ने वाला हुन्छन्, त्यसकारण तिनीहरूले भनेको कुरा मान्नै पर्छ ॥ ४५ ॥
यसरी बोल्दाबोल्दै नीलकण्ठ महादेव तुरुन्तै बिलाउनुभयो । तब बथानबाट छुटेको मृगी झैं तो कुमारी चकित भइन् ॥ ४६ ॥
सूतजीले भन्नुभयो--चन्द्रमाको कयै कलाले निधार शाभिएका सदाशिव आफ्नू दिशातिर गएपछि हे मुनीश्वर हो ! बृत्रलाई
मार्ने इन्द्रलाई हत्याले झैं दुर्वासाको उपदेश नमान्ने ती मुनिकन्यालाई पनि चिन्ताले पिर्न थाल्यो ॥ ४७ ॥

इति वृहन्नारदीय पुराणे पुरुषोत्तममासमाहात्म्ये एकादशोऽध्यायः समाप्त ॥११॥

—***—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. ९८७१२

अथ द्वादशोऽध्यायः

नारद उवाच—शितिकण्ठे गते नाथ बाला किमकरोच्छुचा ।। तन्मे वद विनीताय शुश्रुषा-धर्मसिद्धये ।। १ ।। श्रीनारायण उवाच—एवमेव पुरा पृष्टः श्रीकृष्णः पाण्डुसुनुना ।। यदुवाच वचो राज्ञे तन्मे निगदतः शृणु ।। २ ।। श्रीकृष्ण उवाच—एवं गते शिवे राजन् सा बाला विगतप्रभा ।। निःश्वासपरमा भीता साश्रु नेत्रा कृशोदरी ।। ३ ।। हृदयाग्निलसज्ज्वालाज्वलिताङ्गी कुमारिका ।। दावाग्निदग्धपत्रा सा लतेवासीत्तपस्विनी ।। दुःखमीर्ष्यामास वत्यामेवं कालो महान् गतः ।। असौ

नारदजीले भन्नुभयो—हे नाथ ! महादेव अन्तरधान भएपछि ती शोकसंतप्त कुमारीले के गरिन् ? शुश्रूषा धर्म नै सिद्धि हुने विनीत मलाई त्यो कुरो भन्नुहोस् ।। १ ।। श्रीनारायणले भन्नुभयो—यसै गरी पाण्डुका छोरा युधिष्ठिरले अघि श्रीकृष्ण-लाई सोधेका थिए। त्यस वेला श्रीकृष्णले राजा युधिष्ठिरलाई जो भन्नुभयो, त्यही म भन्छु, सुन ! ।। २ ।। श्रीकृष्णले भन्नुभयो—हे राजन् ! त्यसरी शिवजी गएपछि चक्रमन्न भएकी ती पातली कुमारी डराएर रुँदै 'खुय्य' 'खुय्य' गर्न थालिन् ।।३।। हृदयमा दन्केको आगाको ज्वालाले अंग जलेकी ती कुमारी तपसिनी डढेलोले पात डढेको लता जस्तै भइन् ।।४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तामवचस्कन्द तादृशीं तापसीं प्रभुः ॥ ५ ॥ सहसा तां समापन्नां फणीवाखुनिवेशनम् ॥ इति कालेन बलिना वश नीता तपस्विनी ॥ ६ ॥ प्रावृण्मेघावृते व्योम्नि विद्युत्सौदामिनी यथा ॥ तथाऽऽश्रमे स्वके नष्टा तमसा दग्धकल्मषा ॥ ७ ॥ तदानीमेव धर्मिष्ठो यज्ञसेनो नराधिपः ॥ बृहत्सम्भारसम्पन्नमकरोद्यज्ञमुत्तमम् ॥ ८ ॥ तदज्ञकुण्डादुद्भूता कुमारी कनकप्रभा ॥ ॥ सेयंद्र पदशार्दूल-तनया प्रथिता भुवि ॥ ९ ॥ द्रौपदी सर्वलोकेषु ह्यार्षेया या पराऽभवत् ॥ सेयं स्वयंवरे राजन् मत्स्य-वेधे कृते सति ॥ १० ॥ लब्धार्जुनेन पाञ्चाली क्षुभिते राजमण्डले ॥ तृणीकृत्य नृपान् सर्वान् भीष्म-

ईर्ष्यालि र दुःख पाएर नै उनको धेरै समय बित्यो । मूसाको प्वालमा पसेको सर्पले मूसालाई समाएझैं त्यस दुःखित अवस्थामा परेकी त्यस्ती तपसिनी ती कन्यालाई पनि उस प्रभु कालले एकाएक अँठ्याथो । यस प्रकार बलियो कालले वशमा गरिएकी ती तपस्विनी ॥ ५ ॥ वर्षाको मेघले ढाकेको आकाशमा जसरी झिलिक्क बिजुली चम्कन्छ र तुरुन्तै हराउँछ, त्यसै गरी तपस्याले पाप सखाप भएकी ती कुमारी पनि आफ्नै आश्रममा नाशिइन् ॥ ७ ॥ त्यसै वेलामा नै यज्ञसेन नामका धर्मात्मा राजाले धेरै सरसामानले सम्पन्न भएको उत्तम यज्ञ गरेका थिए ॥ ८ ॥ त्यसै यज्ञकुण्डबाट सुनको जस्तो चमक भएकी कुमारी निस्किइन् । उनै ई द्रुपद राजाकी छोरी भनिएर संसारमा प्रसिद्ध छिन् ॥ ९ ॥ पहिले संसार भर जो मेधावी ऋषिकी छोरी भनेर प्रख्यात भइन्, उनै यी द्रौपदी हुन्, हे राजन् ! जुन पाञ्चालीलाई स्वयंवरमा मत्स्यवेध गर्दा हुँदि ॥ १० ॥ रिसले चूर भएका राजा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्णादिकान् बहून् ।। ११ ।। सेयं कचग्रहं प्राप्ता दुष्टदुःशासनात् सती । वचांसि कर्णशूलानि श्राविता वरवर्णिनी ।। १२ ।। मया चोपेक्षिता राजन् पुरुषोत्तमहेलनात् ।। यदा मयी कृतस्नेहा मन्नामान्यवदन्मुहुः ।। १३ ।। दामोदर दयासिन्धो कृष्ण-कृष्ण जगत्पते ।। हे नाथ हे रमानाथ केशव क्लेशनाशन ।। १४ ।। न माता न तातो न च भ्रातृवर्गो न सख्यो न जामिर्न वै भागिनेयः ।। न बन्धुर्न चेष्टो न वै प्राणनाथो हृषीकेश सर्वं भवानेव मेऽस्ति ।। १५ ।। गोविन्द गोपिकानाथ दीनबन्धो दयानिधे ।। दुःशासनपराभूतां किं न जानासि मां प्रभो ।।१६।। दुःशासनपराभूता तदा द्रुपदनन्दिनी ।।

हरूका हूलमा भीष्म, कर्ण आदि गरिएका धेरै वीरलाई र सारा राजाहरूलाई तृण बराबर गरेर अर्जुनले हात लाए ।। ११ ।। उनै ई सती द्रौपदीले दुष्ट दुःशासनबाट झुत्ल्याइ खाइन्, जगल्ट्याइ पाइन्, श्रेष्ठ गुण हुने विचरीलाई कान छेड्ने कुराहरू सुनाइए ।।१२।। हे राजन् ! पुरुषोत्तमलाई अनादर गरेकीले मैले पनि वास्ता गरिनँ । जब ममा स्नेह गरेर कोही सहाय नहुँदा गरिने आर्त पुकारले हे दामोदर ! हे दयाका समुद्र ! हे कृष्ण ! हे जगत्का पति कृष्ण ! हे नाथ ! हे रमाका नाथ ! हे केशव ! हे दुःख हर्ने प्रभु ! यस वेला मेरा न आमा, न बाबु, न दाजु-भाई, न मित्र, न ज्वाइँ, न भानिज, न बन्धु, न इष्ट, न पति नै छन्, हे हृषीकेश ! मेरा सब तपाईं नै हुनुहुन्छ । हे गोविन्द ! हे गोपीका नाथ ! हे दीनबन्धु ! हे दयानिधि ! दुःशासनबाट तिरस्कार गरिएकी मलाई हे प्रभु ! के तपाई जान्नुहुन्न ! भन्दै मेरा नामहरू बारम्बार भन्न लागिन् ।।१३–१६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदीयं स्मरणं प्राप्ता विस्मृताऽपि मया पुरा ॥ १७ ॥ शीघ्रं गरुडमारुह्य तत्राऽऽगत्य स्थितेन वै ॥
पूरितानि मया राजन्नस्यै वासांस्यनेकशः ॥ १८ ॥ सदा मयि कृतस्नेहा मत्प्राणा मत्परायणा ॥
ममातिवल्लभा साध्वी सखी मे प्राणसन्निभा ॥ १९ ॥ तथाप्युपेक्षितेयं सा पुरुषोत्तम हेलनात् ॥
पुरुषोत्तमं तिरस्कारकर्तारं पातयाम्यहम् ॥ २० ॥ सर्वथा मुनिदेवानां सेव्योऽयं पुरुषोत्तमः ॥ किं
पुनर्मानुषाणां तु सर्वार्थफलदायकः ॥ २१ ॥ तस्मादाराधयस्वेनमागामिपुरुषोत्तमम् ॥ वर्षे चतुर्दशे
पूर्णे सर्वं ते भविता शुभम् ॥ २२ ॥ व्यलोकि चिकुरव्रातो यैरस्याः पाण्डुनन्दन ॥ तन्नाशेणाहं

त्यसरी दुःशासनले तिरस्कार गरिएकी द्रौपदीलाई—पहिले मैले बिर्सिराखेको भए पनि—त्यस वेला तिनी मेरो स्मरणमा आइन् ॥१७॥ तब झट्टै गरुडमा चढेर त्यहाँ आइपुगेर रहेको मैले हे राजन् ! यिनलाई धेरै लुगाहरूले परिपूर्ण गरिदिएँ ॥१८॥ सधैं ममा स्नेह, म भनेपछि हिरिक्क हुने, ममै तल्लीन रहने, मेरी अत्यन्त प्रिय सती, मेरो प्राण जस्तै मित्र ॥ १९ ॥ यी हुन् तापनि पुरुषोत्तमको अनादर गरेको हुनाले यिनलाई मैले उपेक्षा गरेको हुँ । किनकी पुरुषोत्तमलाई तिरस्कार गर्नेलाई म पतन गराइदिन्छु ॥ २० ॥ मुनि र देवताहरूले पनि सम्पूर्ण चिताएको फल दिने यस पुरुषोत्तमको सेवा एकदम गर्नैपर्छ भने फेरि मनुष्यहरूको के कुरा ? ॥२१॥ त्यसकारण यै आउने पुरुषोत्तम महीनालाई आराधना गर अर्थात् त्यस पुरुषोत्तम मासमा त्यसमा गर्नु पर्ने नियम गर, यति गर्‍यौ भने चौध वर्ष पूरा भएपछि तिम्रो सारा कल्याण हुनेछ ॥२२॥ हे पाण्डुपुत्र युधिष्ठिर !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजन्निर्वापिष्येऽलकान् रुषा ॥ २३ ॥ सुयोधनादि भूपालान् सर्वान्नेष्ये यमालयम् । सर्वशत्रुक्षयं
कृत्वा त्वं च राजा भविष्यसि ॥ २४ ॥ न मे क्षीरोदतनया प्रिया नापि हलायुधः ॥ न तथा देवकी
पु.मा. देवी प्रद्युम्नो नापि सात्यकिः ॥ २५ ॥ यादृशा मे प्रिया भक्तास्तादृशो नास्ति कश्चन । येन मे भा.
१०४ पीडिता भक्तास्तेनाहं पीडितः सदा ॥ २६ ॥ द्वेष्यो मे नास्ति तत्तुल्यो यमस्तस्य फलप्रदः ॥ टी.
नाऽवलोक्यो मया दुष्टो दण्डार्थमपि पाण्डव ॥ २७ ॥ श्रीनारायण उवाच—श्रीकृष्णस्तान् समा- अ.१२
श्वास्य पाण्डवान् द्रौपदीं तथा ॥ कुशस्थली जिगमिषुरुवाच मधुसूदनः ॥ २८ ॥ राजन्नद्य गमि-

जजसले यिनको कपाल भुत्ल्याएको तमाशले हेरेका थिए; हे राजन् ! तिनका नारीहरूको अलकलाई म क्रोधले लुछिदिनेछु ॥ २३ ॥ सुयोधन आदि गरिएका सबै राजाहरूलाई यमराजको घरमा पठाइदिन्छु, तपाईं पनि सबै शत्रुहरूलाई नाश गरेर राजा हुनुहुनेछ ॥ २४ ॥ न मलाई क्षीरोदतनया (लक्ष्मी) त्यति प्रिय छिन्, न बलरामजी नै त्यति प्रिय हुनुहुन्छ, न त त्यतिसाहो देवकी देवी नै प्रिय हुनुहुन्छ, न प्रद्युम्न न त सात्यकि नै त्यति प्रिय छन् ॥ २५ ॥ जति मेरा भक्तहरू मलाई प्रिय छन्, त्यस्तो प्रिय त कोही छैन । जसले मेरो भक्तहरूलाई दुःख दियो; त्यसले म पनि सधैं दुःखी रहन्छु ॥ २६ ॥ मेरा भक्तलाई सताउने त्यो जस्तो शत्रु मेरो अर्को छैन, त्यसका त्यस अपराधको फल दिनेवाला यमराज छन् । हे पाण्डव ! दंडैका लागि पनि त्यस्तो दुष्टलाई म हेर्दिन ॥ २७ ॥ श्रीनारायणले भन्नुभयो—मधुसूदन भगवान् श्रीकृष्णले ती पाण्डवहरूलाई र द्रौपदीलाई आश्वासन दिएर द्वारका जाने इच्छाले भन्नुभयो ॥ २८ ॥ हे राजन् ! आज म वियोगले व्याकुल भएको द्वारका १०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्यामि द्वारकां विरहाकुलाम् ॥ वसुदेवो महाभागो बलदेवो ममाग्रजः ॥ २९ ॥ मन्माता देवकी
देवो गदसाम्बादयोऽपरे ॥ आहुकाद्याश्चयदवो रुक्मिण्याद्याश्च याः स्त्रियः ॥ ३० ॥ सर्वे तेऽनिमि-
 पैर्नेत्रैर्मदागमनकाङ्क्षिणः ॥ मामेव चिन्तयन्त्येवं मद्दर्शनसमुत्सुकाः ॥ ३१ ॥ श्रीनारायण उवाच—
 इत्युक्तवन्तं देवेशं कथञ्चित्पाण्डुनन्दनाः ॥ हरिप्रयाणमालक्ष्य तमूचुर्गद्गदाक्षरम् ॥ ३२ ॥ जीवनं

नो भवानेव यथा वारिजलौकसाम् ॥ पुनर्दर्शनमल्पेन कालेनाऽस्तु जनार्दन ॥ ३३ ॥ पाण्डवानां
हरिर्नाथो नान्यः कश्चिज्जगत्त्रये ॥ इत्थं सर्वे वदन्त्यद्धा तस्मान्नः पाहि सर्वदा ॥ ३४ ॥ न

जान्छु, जहाँ भाग्यमानी वसुदेव मेरी बलदेव ॥ २९ ॥ मेरा आमा देवकी तथा गद, शाम्ब आदि र अरू आहुक आदि यदुहरू अनि रुक्मिणी आदि गरिकाएर जो स्त्रीहरू छन् ॥३०॥ ती सबै नै आँखा झिमिक्क नगरीकन मेरो आउनो बाटो हेरि-रहेका होलान् र मेरो दर्शनका लागि उत्सुक तिनीहरू मेरै चिन्ता गरिरहेका होलान् ॥३१॥ श्रीनारायणले भन्नुभयो तब भग-वान्को प्रस्थान गर्ने विचार बुझेर, त्यस्तो भन्ने भएका देवेश ती श्रीकृष्णलाई पाण्डुका छोराहरूले बड़ा मुश्किलले भक्भका-एको कुरो भने । ३२॥ जस्तो जलचरहरूको जीवन पानी हुन्छ, त्यस्तै हाम्रो जीवन तपाईं नै हुनुहुन्छ । हे जनार्दन ! चाँडै नै फेरि दर्शन मिलोस् ॥३३॥ पाण्डवहरूका नाथ (रक्षक) हरि हुनुहुन्छ, वा तीन भुवनमा अर्को रक्षक कोही छैन भनी सबै यस्तो भन्छन्, त्यसकारण हरतरहले हामीलाई सधैं रक्षा गरिबक्सियोस्॥३४ । हे जगदीश्वर ! हामी सबै तपाईंकै हौं, हामीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्मार्या वयं सर्वे त्वदीया जगदीश्वर ।। अस्मच्चेतोमिलिन्दानां जीवनं त्वत्पदाम्बुजम् ।।३५।।
अवलम्ब नमेवाऽस्तु प्रार्थयामोमुहुर्मुहुः ।। असकृत्पाण्डुपुत्रेषु गृणत्स्वेवं यदुद्वहः ।। ३६ ।। मन्दं
मदं समारुह्य रथं प्रेमपरिप्लुतः ।। यौ द्वारवत्योमेतान् परकृत्यागनुच्छतः ।। ३७ ।। श्रीनारायण
उवाच—अथ श्रीद्वारकानाथे गते द्वारवतीं तदा ।। राजापि सानुजस्तप्यस्तीर्थानि विचचार ह
।। ३८ ।। पुरुषोत्तमे मनः कृत्वा ब्रह्मन् श्रीभगवत्प्रिये ।। अनुजानीह कृष्णां च विष्वक्सेनवचः
स्मरन् ।। ३९ ।। अहो श्रुतमतीवोग्रं माहात्म्यं पौरुषोत्तमम् ।। कथं सुखानि लभ्यन्ते नाभ्यर्च्य
नबिर्सनुहोला । हाम्रो चित्तरूपी भमराको जीवन (आधार) तपाईं नै हुनुहुन्छ, हामीहरू बार-बार- प्रार्थना गर्दछौं । यस्ता
प्रकारले पाण्डवहरूले लगातार प्रार्थना गर्दिंदा-गरिंदै उनीहरूको प्रेममा चुर्लुम्मनुभएका श्रीकृष्ण ।। ३६ ।। बिस्तारै-बिस्तारै
रथमा चढेर, पछि-पछि हिंडिरहेका पाण्डवहरूलाई फर्काएर द्वारावतीमा जानुभयो ।। ३७ ।। श्रीनारायणले भन्नुभयो—यसका
बाद श्रीकृष्ण भगवान् द्वारावती गएपछि, तब राजा युधिष्ठिर पनि भाइहरूसहित भएर कष्ट सहनरूपी तप गर्दै
तीर्थहरूमा घुम्न थाले ।। ३८ ।। हे नारद ! भगवान्को प्रिय पुरुषोत्तम महीनामा मन लाएर भगवानको वचन
सम्झँदै भाइहरूलाई र द्रौपदीलाई पनि राजाले भने--।। ३९ ।। ओहो ! पुरुषोत्तमको अत्यन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषोत्तमम् ॥ ४० ॥ स धन्यो भारते वर्षे स पूज्यः श्रेष्ठ एव सः ॥ विविधैर्नियमैर्यस्तु
पूजयेत्पुरुषोत्तमम् ॥ ४१ ॥ एवं सर्वेषु तीर्थेषु भ्रमन्तः पाण्डुनन्दना ॥ पुरुषोत्तमसमासाद्याव्रतं
 चेरुर्विधानतः ॥ ४२ ॥ तदन्ते राज्यमतुलमवापुर्गतकण्टकम् ॥ पूर्णे चतुर्दशे वर्षे श्रीकृष्णकृपया मुने
॥ ४३ ॥ दृढधन्वा नृपः पूर्वं सूर्यवंश समुद्भवम् ॥ पुरुषोत्तममासस्य सेवनान्महतीं श्रियम् ॥ ४४ ॥
 पुत्रपौत्रसुखं चैव भुक्त्वा भोगाननेकशः ॥ जगाम भगवल्लोकमगम्यं योगिनामपि ॥ ४५ ॥ एतन्मा-
सस्य माहात्म्यमतुलं मुनिसत्तम ॥ नाहं वक्तुं समर्थोऽस्मि कल्पकोटिशतैरपि ॥ ४६ ॥ सूत उवाच—

उग्र माहात्म्य सुन्यौं । त्यस्तो पुरुषोत्तमलाई नउपासीकन सुख कसरी पाइन्छ ? ॥ ४० ॥ यस भारतवर्षमा त्यही धन्य हो, त्यही पूज्य हो र त्यो नै सबैभन्दा श्रेष्ठ हो जसले पुरुषोत्तम भगवान्‌लाई किसिम-किसिमका नियमहरूले पूजा गर्छ ॥ ४१ ॥ यस किसिमले सबै तीर्थहरूमा घुम्ने भएका पाण्डवहरूले पुरुषोत्तम महीना आएपछि विधिपूर्वक पुरुषोत्तमको व्रत गरे ॥ ४२ ॥ हे नारद मुनि, अनि चौध वर्ष पूरा भएपछि श्रीकृष्ण भगवान्‌को कृपाले दुष्टहरूरूप काँढा निखिएको विशाल राज्य पाए ॥ ४३ ॥ उहिले सूर्यवंशमा पैदा भएका दृढधन्वा नामका राजा पनि पुरुषोत्तम महीनाको सेवा गर्नाले प्रशस्त सम्पत्ति ॥४४॥ छोरा-नातिको सुख र अनेक किसिमका भोग भोगेर पछि योगीहरूले पनि पाइनसक्नु भगवान्‌को लोक वैकुण्ड धाममा गए
॥ ४५ ॥ हे मुनिहरूमा श्रेष्ठ नारद ! यस महीनाको विशाल माहात्म्य वर्णन गर्न अरबौं कल्प समय लगाएर पनि म समर्थ छैन ॥ ५६ ॥ तब सूतजीले भन्नुभयो—हे ब्राह्मण हो ! पुरुषोत्तम महीनाको माहात्म्य मैले व्यासजीबाट सुनेको हुँ । उहाँले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरूषोत्तममासस्य कृष्णद्वैपायनादहम् ॥ महात्म्यं श्रुतवान् विप्राः सोऽपि वक्तुं शशांक नो ॥ ४७ ॥
अस्य माहात्म्यमखिलं वेत्ति नारायणः स्वयम् ॥ अथवा भगवान् साक्षाद्वैकुण्ठनिलयो हरिः ॥ ४८ ॥
ब्रह्मादिदेवानतपादपीठगोलोकनाथेन स्वकीकृतस्य ॥ सर्वं माहात्म्य पुरूषोत्तमस्य देवो न जानाति कुतो मनुष्यः ॥ ४९ ॥

इति श्रीबृहन्नाररदीयपुराणे पुरूषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे पुरूषोत्तमतोत्रपदेशो नाम द्वादशोऽध्ययायः ॥ १२ ॥

पूरा पूरा बखान्न सक्नुभएको थिएन ॥ ४७ ॥ यस पुरुषोत्तम महीनाको सम्पूर्ण माहात्म्य त स्वयम् नारायणले नै जान्नुहुन्छ साक्षात् वैकुण्ठवासी हरि भगवान् नै जान्नुहुन्छ ॥४८॥ ब्रह्मादि द्यौताहरूले हमेशै चरणकमलमा ढोगिइरहने गोलोकका मालिक श्रीकृष्णले अपनाइएको अर्थात् आफै तुल्य गराएको पुरुषोत्तम महीनाको सारा माहात्म्य त द्यौता नै जान्दैनन् भने मान्छे जातोले कहाँबाट जान्दछ ॥ ४९ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसम्वादे पुरुषोत्तमव्रतोपदेशो नाम द्वादशोऽध्यायः ॥ १२ ॥

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ त्रयोदशोऽध्यायः

ऋषयः ऊचुः—सूत सूत महाभाग वद नो वदतां वर ॥ दृढधन्वा कथं प्राप्य पुरुषोत्तमसेवनात् ॥ १ ॥ सौराज्यं पुत्रपौत्रादीन् ललनां च पतिव्रताम् ॥ कथं च भगवल्लोकमवाप योगिदुर्लभम् ॥२॥ शृण्वतां ते मुखाम्भोजात् कथासारं मुहुर्मुहुः ॥ अलं बुद्धिर्न नस्तात यथा पीयूषपानतः ॥३॥ अतो विस्तरतो ब्रूहि इतिहासं पुरातनम् ॥ अस्मद्भाग्यबलेनैव धात्रा संदर्शितोभवान् ॥४॥ सूत उवाच—सनातनमुनिर्विप्र नारदाय पुरातनम् ॥ इतिहासमुवाचेदं स एवं प्रोच्यतेऽधुना ॥ ५ ॥ शृण्वन्तु

ऋषिहरूले भने—हे सूतजी, हे बोल्नेहरूमा श्रेष्ठ, बोलैया सूतजी, महोदय, दृढधन्वाले पुरुषोत्तमको सेवा गरेर कल्याणकारी राज्य, छोरा-नाति-पनातिहरू र पतिव्रता सुन्दरी स्त्री कसरी पाए ? अनि योगीहरूले पनि पाई नसक्नु भगवान्‌को लोक कसरी पाए ? ॥१२॥ हे बाबू, तपाईंका मुखकमलबाट बारम्बार कथासार सुनिरहेका हाम्रो बुद्धि अमृतपानले झैं यस कथा पानले तृप्त हुँदैन ॥ ३ ॥ यस कारण पुराना इतिहास (घटना) हरूलाई विस्तारपूर्वक भन्नुहोस्, किनकि हाम्रा भाग्यको प्रभावले नै ब्रह्माजीले तपाईं यहाँ देखाइनुभएको छ ॥४॥ तब सूतजीले भन्नुभयो—हे ब्राह्मण हो, सनातन मुनि नारायणले यो पुरानू इतिहास नारदलाई भन्नुभएको थियो। त्यही इतिहास अहिले म तपाईंहरूलाई भन्दछू ॥ ५ ॥ गुरुको मुखबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनयः सर्वे चरित्रं पापनाशनम् ।। यथाधीतं गुरुमुखाद्राज्ञो वै दृढधन्वनः ।।६।। श्रीनारायण उवाच ।।
मुने शृणु प्रवक्ष्येऽहं भूपस्य दृढधन्वनः ।। कथां पुरातनीं रम्यां स्वधंनीमिव पावनीम् ।।७।। आसीद्धै-
पु.मा. हयदेशस्य गोप्ता श्रीमान् महीपतिः ।। चित्रधर्मेति विख्यातो धीमान् सत्यपराक्रमः ।। ८ ।। तस्य भा.
११० पुत्रोऽतितेजस्वी दृढधन्वेति विश्रुतः ।। स सर्वगुणसम्पन्नः सत्यवाग्धार्मिकः शुचिः ।। ९ ।। आक- टी.
र्णान्त विशालाक्षः पृथुवक्षा महाभुजः ।। अवर्धत: महातेजाः सार्धं गुणगणैरसौ ।।१०।। अधीत्य साङ्गा अ.१३
न्निगमांश्चतुरश्चतुमो मुदा ।। सकृन्निगदमात्रेण प्रागधीतानिव स्फुटम् ।। ११ ।। दक्षिणां गुरवे दत्त्वा

जस्तो मैले पढेको सुनेको छु, राजा दृढधन्वाको पाप नाश गर्ने त्यो चरित्र सबै मुनिहरू सुन्नुहोस् ।। ६ ।। श्रीनारायणले भन्नु-
भयो—हे मुनि ! राजा दृढधन्वाको गंगा झैं पवित्र राम्रो पुरानू कथा म भन्छु, सुन ।। ७ ।। अघि कुनै समयमा हैहय
देशको रक्षा गर्ने, तेजस्वी, बुद्धिमान्, असल काममा पराक्रमी 'चित्रधर्मा' भन्ने नामले प्रसिद्ध राजा थिए ।।८।। ती चित्रधर्मा-
को अत्यन्त तेजस्वी 'दृढधन्वा' भन्ने नामले प्रसिद्ध छोरो थियो । त्यो छोरो सारा गुणले पूर्ण भएको, साँचो बोल्ने, धर्मात्मा
पवित्र ।। ९ ।। ठूला-ठूला लाम्चिला आँखावाला, च्याप्टो छाती र लामा हात भएको थियो । अति तेजस्वी त्यो छोरो यी ११०
गुणसमूहका साथै लाठे भयो ।।१०।। चतुर उस दृढधन्वाले गुरुले एकैपल्ट भनेकै भरमा पहिले पढिसकेका विद्या झैं छलैङ्ग-
संग प्रसन्नतापूर्वक व्याकरण आदि छः ओटा अङ्गसहित चारै वेद पढेर ।। ११ ।। गुरुलाई दक्षिणा दिएर, विधिपूर्वक उनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूज्य विधिवच्चतम् ॥ गुरोरनुज्ञया धीमान् पितुः पुरमजीगमत् ॥१२॥ जनयन्नयनानन्दं निजप-
त्तनवासिनाम् ॥ चित्रधर्माऽपि तं पुत्रं दृष्ट्वा लेभे परां मुदम् ॥ १३ ॥ युवानं सर्वधर्मज्ञं प्रजानां
 पालने क्षमम् ॥ अतः परं किमत्रास्ति संसारे सारवर्जिते ॥ १४ ॥ आराधयामि श्रीकृष्ण द्विभुजं
 मुरलीधरम् ॥ प्रसन्नवदनं शान्तं भक्तानामभयप्रदम् ॥ १५ ॥ ध्रुवाम्बरीषशर्यातिययातिप्रमुखा
नृपाः ॥ शिविश्च रन्तिदेवश्च शशविन्दुर्भगीरथः ॥१६॥ भीष्मश्च विदुरश्चैव दुष्यन्तो भरतोऽपि वा ।
पृथुरुत्तानपादश्च प्रह्लादोऽथ विभीषणः ॥ १७ ॥ एते चान्ये च राजानस्त्यक्त्वा भोगाननेकशः ॥

पूजा गरेर विदा मागी गुरुका आज्ञाले ती बुद्धिमान् दृढधन्वा बाबुको नगरमा गए ॥ १२ ॥ आफ्ना नगरवासीहरुको आँखालाई आनन्द दिदै आएको रक्षा गर्नमा समर्थ त्यो जवान छोरोलाई देखेर चित्रधर्मा पनि अत्यन्त आनदिन्त भए । निःसार यस संसारमा यो भन्दा ज्यादा के हुन सक्छ र ? ॥ १३-१४ ॥ अब म यसलाई राज्यभार सुम्पेर दुइ हात हुने, मुरली लिने, हंसिलो मुख भएका, शान्त, भक्तहरूलाई अभय दिने भगवान् श्रीकृष्णको आराधना गर्दछु ॥ १५ ॥ ध्रुव, अम्बरीष शर्याति,
ययाति आदि राजाहरु, शिबि, रन्तिदेव, शशबिन्दु भगीरथ ॥ १६ ॥ भीष्म, बिदुर, दुष्यन्त, भरत अनि पृथु, उत्तानपाद, प्रह्लाद, विभीषण ॥१७॥ यी र अरु पनि धेरै राजाहरु अनेक किसिमका सुखभोग त्यागेर अनित्य यस शरीरले पुरुषोत्तम भग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्रुवेण ध्रुवं प्राप्ता आराध्य पुरुषोत्तमम् ॥ १८ ॥ अतो मयापि कर्तव्यमरण्ये हरिसेवम् ॥ छित्वा
स्नेहमयं पाशं दारागारसुतादिषु ॥ १९ ॥ इति निश्चत्य मनसा समर्थे दृढधन्वनि ॥ धुरं न्यस्य
पु.मा. जगामाशु विरक्तः पुलहाश्रमम् ॥ २० ॥ तत्र गत्वा तपस्तेपे श्रीकृष्णं मनसा स्मरन् ॥ निस्पृहः भा.
११२ सर्वकामेभ्यो निराहारो निरन्तम् ॥२१॥ कियत्कालं तपस्तप्त्वा हरेर्धाम जगाम सः ॥ दृढधन्वापि टी.
शुश्राव स्वपितुर्वैष्णवीं गतिम् ॥२२॥ हर्षशोकसमाविष्टो ह्यकरोदौर्ध्वदैहिकम् ॥ पितृभक्त्या महो- अ.१३
पालो विद्वज्जनवचःस्थितिः ॥२३॥ पुष्करावर्तके पुण्य नगरेऽत्यन्तशोभिते ॥ राज्यं चकार भूपालो

वांनुको आराधना गरेर नित्य (कहिल्यै नाश नहुने) विष्णुको परमपद पाए ॥ १८ ॥ यसकारण मैले पनि अब स्त्री-घर-सन्ता नमा हुने स्नेहमय पासोलाई छिनाएर, जंगलमा गएर हरिको सेवा गर्नैपर्छ ॥१९॥ मनले यस्तो निश्चय गरेर समर्थ दृढधन्वा-मा राज्यभार थमाएर विरक्त भएका छंदा तुरुन्तै पुलहका आश्रममा गए ॥२०॥ उहाँ गएपछि सम्पूर्ण इच्छाहरूदेखि निःस्पृह भएर अर्थात् समस्त सांसारिक सुखभोगमा वास्तै नराख्ने भएर, भोजन समेत त्यागेर, मनले हरहमेशा श्रीकृष्ण भगवान्लाई संझदै तपस्या गर्न थाले ॥ २१ ॥ क्यै काल त्यसरी तपस्या गरेपछि ती राजा चित्रधर्मा हरिको धाममा गए ॥ तब दृढधन्वाले
पनि आफ्ना बाबुको वैष्णवी गति अर्थात् बाबु परलोक गएको समाचार सुने ॥२२॥ बाबुमा भक्ति हुनाले, विद्वान्हरूको वचनमा रहने अर्थात् विद्वान्हरूले भने अनुसार राजा दृढधन्वाले— बाबुले विष्णुको लोक पाएकोले हर्ष र बाबुका वियोगले भएको शोक दुवैले युक्त भएर बाबुको औंर्ध्वदेहिक काजक्रिया गरे ॥ २३ ॥ अनि नीतिशास्त्रमा चतुर राजाले अत्यन्त राम्रो ११२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीतिशास्त्रविशारदः ॥ २४ ॥ तस्य शीलवती भार्या नाम्ना या गुणसुन्दरी ॥ विदर्भराजतनया रूपेण-
प्रतिमा भुवि ॥ २५ ॥ पुत्रान् सा सुषुवे दिव्याँश्चतुरान्गुणवाञ्छुभान् ॥ पुत्रीं चारुमतीं नाम सर्वल-
क्षणसंयुताम् ॥ २६ ॥ चित्रवाक् चित्रवाहश्च मणिमाश्चित्रकुण्डलः ॥ सर्वे ते मानिनः शूरा विख्याता
नामभिः पृथक् ॥ २७ ॥ दृढधन्वा गुणैः ख्यातः शान्तो दान्तो दृढव्रतः ॥ रूपवान् गुणवाञ्छूरः श्रीमान्
प्रकृतिसुन्दरः ॥ २८ ॥ वेदवेदाङ्गविद्वाग्मी धनुर्विद्याविशादः ॥ सुनिर्जितारिषड्वर्गः शत्रुसङ्घविदा-
रणः ॥ २९ ॥ क्षमया पृथिवीतुल्यो गाम्भीर्ये सागरोपमः ॥ पितामहसमः सम्ये प्रसादे गिरिशोपमः

पवित्र पुष्करावर्तक नगरमा रहेर राज्य गर्न थाले ॥ २४ ॥ विदर्भराजको छोरी त्यस वेला पृथ्वीमा सबभन्दा राम्री कहलिएको, शील स्वभाववाली गुणसुन्दरी नामकी तिनकी जो स्त्री थिइन् ॥ २५ ॥ तिनले राम्रा, चतुर, गुणी, वेस छोराहरू र सबै शुभ लक्षणले युक्त भएकी चारुमती नामकी छोरी पनि पाइन् ॥ २६ ॥ चित्रवाक्, चित्रवाह, मणिमान्, चित्रकुण्डल नामका सबै ती छोराहरू मानी विख्यात र नामले अलग-अलग विख्यात भए ॥ २७ ॥ राजा दृढधन्वा पनि आफ्ना गुणहरूले प्रसिद्ध शान्त स्वभावमा, क्षमाशील, असल नियमी, सुन्दर, गुणी, शूर, ऐश्वर्यशाली, असल स्वभावका ॥ २८ ॥ वेद र वेदाङ्ग सबै जान्ने, बोलक्कड़, धनुर्विद्यामा निपुण, अरिषड्वर्ग (काम, क्रोध, लोभ, मोह, पद, मात्सर्य) लाई राम्रोसित जितेका, शत्रुका समूह-लाई चिथोरचाथर पार्ने ॥ २९ ॥ पृथिवी जस्तै शहनशील, समुद्र जस्तै गम्भीर, ब्रह्माजी जस्तै समान व्यवहार गर्ने, महादेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

। ३०।। एकपत्नीव्रतधरो रघुनाथ इवापरः ।। अत्युग्रवीर्यः सद्धर्मी कीर्तवीर्य इवापरः ।।३१।। श्रीना-
रायण उवाच–एकदा निशि सुप्तस्य चिन्ताऽऽसीत्तस्यभूपतेः ।। अहोऽहं वैभवः केन पुण्येन मह-
पु. मा. ताऽभवत् ।।३२।। न मया च तपस्तप्तं न दत्तं न हुतं क्वचित् ।। किमिदं परिपृच्छामि मम भाग्यस्य भा.
११४ कारणम् ।।३३।।एवं चिन्तयत स्तस्य रजनी विरतिं गता।। ब्राह्मे मुहूर्त उत्थाय स्नानं कृत्वा यथाविधि।३४ टी.
उपस्थायार्कमुद्यन्तं सन्तर्प्य भगवत्कलाः ।। दत्वा दानानि विप्रेभ्यो नमस्कृत्वाऽश्वमारुहत् ।। ३५ ।। अ.१३
ततोऽरण्यं जगामाशु मृगयासक्तमानसः ।। मृगान् वराहान् शार्दूलाञ्जघान गवयान् बहून् ।। ३६ ।।
कश्चिन्मृगो हतोऽरण्ये बाणेन दृढधन्वना ।। वनाद्वनान्तरं यातो बाणमादाय सत्वरम् ।। ३७ ।।

जस्तै प्रसन्न रहने, ।। ३० ।। यौटै पत्नीमा रहने व्रत लिएका मानों अर्का रामचन्द्रै जस्ता अति उग्र पराक्रमी, मानों दोस्रो कार्त-
वीर्य नै हुन् कि जस्ता धर्मात्मा थिए ।। ३१ ।। श्रीनारायणले भन्नुभयो—कुनै दिन राती सुतेका ती राजालाई चिन्ता भयो–
ओहो ! यो ऐश्वर्य कुन ठूलो पुण्यले भयो ।। ३२ ।। न त मैले तपस्या गरेको छु, न क्यै दान गरेको छु, न कहीं क्यै हवन
गरेको छु, मेरो यो भाग्यको कारण कसलाई सोधूँ ? ।। ३३ यस्तो सोच्ता-सोच्तै तिनको रात बित्यो । तब ब्राह्म मुहूर्तमा
उठेर, विधिपूर्वक स्नान गरेर ।। ३४ ।। उदाउन लागेका सूर्यको उपस्थान गरेर; भगवान् अंश मूर्तिहरूलाई जल चढ़ाई पूजा ११४
गरेर, ब्राह्मणहरूलाई दान दिएर तिनीहरूलाई ढोगेर घोडामा चढ़े ।। ३५ ।। अनि शिकार खेल्न मनले तुरुन्तै जंगलमा गए
उहाँ मृग, बँदेल, सुँगुर र धेरै नै खरायाहरू मारे ।। ३६ ।। त्यत्तिकैमा जंगलमा दृढधन्वाले बाणले हानिएको कुनै मृग बाणै
लिएर एकदम चाँडै त्यस वनबाट अर्को वनमा गयो ।। ३७ ।। रगतको धारो बगेको बाटो (गोहो) द्वारा राजा पनि मृगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोणितश्रुतिमार्गेण राजाऽप्यनुययौ मृगाम् ।। मृगः कुत्रापि संलीनो राजा बभ्राम तद्वनम् ।। ३८ ।।
तृषाक्रान्तः स कासारं ददर्श सागरोपमम् ।। तत्र गत्वाशु पीत्वाऽसौ पानीयं तीरमागतः ।। ३९ ।।
ततो ददर्श न्यग्रोधं घनच्छायं महातरूम् ।। तज्जटायां निबद्ध्याश्वं निषसाद महीपतिः ।। ४० ।।
तत्रागमत् खगः कश्चित् कीरः परमशोभनः ।। मानुषीमीरयन् वाणीमतुलां नृमोहिनीम् ।। ४१ ।।
शुकः पपाठ सुश्लोकमेकमेव पुनः पुनः ।। सम्बोध्य दृढधन्वानमेकाकिनमुपस्थितम् ।। ४२ ।।
"विद्यमानातुलसुखमालोक्यातीव भूतले ।। न चिन्तयसि तत्त्वं त्वं तत्कथं पारमेष्यसि" ।। ४३ ।।
वारं वारमिदं पद्यं पपाठ नृपतेः पुरः ।। श्रुत्वा तस्य वचो राजा मुमुदे मुमुदेऽपि च ।। ४४ ।।

पछि लागे । तर मृगचाहिं कुनै झाडीमा लुक्यो, राजाचाहिं त्यस वनमा भट्कन थाले ।। ३८ ।। त्यत्तिकैमा तिर्खाले आकुल भएका ती राजाले समुद्र जस्तो ठूलो पोखरी देखे । तुरुन्तै उहाँ गएर, पानी पिएर ती त्यसैको तीरमा आए ।। ३९ ।। तब त्यहाँ घना छाया भएको वरको ठूलो रूख देखे । त्यस वरको झुन्डिरहेका जटा (जरा) मा घोडालाई बाँधेर राजा त्यहीं थ्याच्च बसे ।।४०।। त्यसै बेला त्यहाँ अत्यन्त राम्रो 'सुगा' नाम हुने कुनै चरो राजालाई मोह पार्ने, कसैका साथ तुलना गर्न नसकिने, मनुष्यले बोल्ने वाणी बोल्दै आइपुग्यो ।। ४१ ।। एक्लै नजीकै बसेका दृढधन्वालाई सम्बोधन गरेर यौटै अति राम्रो श्लोक दोहऱ्याई तेहऱ्याई कैयन्पल्ट त्यस सुगाले पढ्यो—।।४२।।"'संसारमा रहेका ती सुख भोगेर त्यस्तरी । गर्दौन तत्त्व-चिन्ता ता जोला पार कसोगरी ?'"।। ४३ ।। त्यो सुगाले घरि-घरि यही अर्थ भएका श्लोक राजाको आगाडि पढिरह्यो । त्यस सुगाको कुरो सुनेर राजा खुशी पनि मुग्ध पनि भए ।। ४४ ।। मजाको गुदीले भरिएको तर बाहिर अति साह्रो फेला पारि नसक्नु नरिवल झैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किमेतदुक्तवान् कीर एकं पद्यं पुनः पुनः ॥ नारिकेलमिवागम्यं दुर्बोधं सारसम्भृतम् ॥ ४५ ॥
किं वा नायं भवेत् कृष्णद्वैपायनसुतः परः ॥ श्रीकृष्णसेवकं मूढं मग्नं संसारसागरे ॥ ४६ ॥
पु. मा. विष्णुरातमिवोद्धर्तुं कृपया मां समागतः ॥ इति चिन्तयतस्तस्य तत्सेना समुपागता ॥ ४७ ॥ भा.
११६ कीरस्त्वदर्शनं प्राप्तो बोधयित्वा नराधिपम् ॥ राजा स्वपुरमागत्य कीरवाक्यमनुस्मरन् ॥ ४८ ॥ टी.
वाच्यमानोऽपि नावोचद्विनिद्रस्त्यक्तभोजनः ॥ राज्ञी रहः समागत्य राजानं पर्यपृच्छत ॥ ४९ ॥ अ.१३
गुणसुन्दर्युवाच—भो भो पुरुषशार्दूल ! दौर्मनस्यमिदं कुतः ? ॥ उत्तिष्ठोत्तिष्ठ भूपाल ! भुङ्क्ष्व
भोगान् वचो वद ॥ ५० ॥ एवं स्त्रियाऽनुनीतोऽपि न किञ्चिदवदन्नृपः ॥ स्मरन् शुकवचस्तथ्यं

मतलबले भरिएको तर बड़ा कठिनले मतलब बुझिने, जानि नसक्नुको यो योटै श्लोक घरि-घरि यो सुगा किन भनिरहेको छ ? ॥ ४५ ॥ अथवा भगवान् श्रीकृष्णको भक्त भएर पनि संसार-सागरमा डुबेको मूर्ख मलाई, परिक्षितलाई झैं उद्धार गर्न दयाले यहाँ आएका, के यिनी व्यासका श्रेष्ठ छोरा त हैनन् ? यस्तो उनले सोच्तासोच्तै तिनको सेना नगीचै आइपुग्यो ॥ ४६-४७ ॥ राजालाई त्यति बोध गराएपछि सेना आइपुगेको देखेर सुगाचाहिं नदेखिने भयो अर्थात् अन्तर्धान भयो । तब राजा आफ्नू नगरमा आएर सुगाको त्यो कुरा सोचिरहे र ॥ ४८ ॥ सुत्न खान समेत छोडेका उनी बोलाउँदा पनि बोल्दैनथिए । ११६
तब रानीले एकान्त समयमा आएर राजालाई सोधिन् ॥ ४९ ॥ गुणसुन्दरीले भनिन्—हे पुरुषसिंह, हे नरसिंह ! यो खिन्नता कतावाट आयो ? हे पृथिवीका रक्षक ! उठ्नुहोस्, भोग भोग्नुहोस्, बचन बोल्नुहोस् ॥ ५० ॥ यौताहरूले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

दुर्ज्ञेयममैरपि ॥५१॥ साऽपि राज्ञी विनिःश्वस्य भर्तृदुःखातिपीडिता ॥ न बुबोध निजस्वामिचिन्ता-कारणमुत्कटम् ॥५२॥ एवं चिन्तानिमग्नस्य राज्ञः कालः कियान् गतः ॥ सन्देहसागरोत्तीरे हेतुं नैवाभिपश्यत ॥ ५३ ॥ नारद उवाच—इति चिन्तयतो धरापतेर्वद जातं दृढधन्वनश्च किम् ? ॥ विमलं चरित्रं हि वैष्णवं कलुषं हन्ति मनाक्छ्रुतं मुने ॥ ५४ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने मनःखेदो नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

बुझ्न कठिन, सुगाको कुराको रहस्य सोचिरहेका राजाले यसरी स्त्रीले अनुनय विनय गर्दा पनि क्यै कुरो भनेनन् ॥ ५१ ॥ स्वामीका दुःखले खुय्य गरेर अत्यन्त पीडित भएकी ती रानीले पनि आफ्ना स्वामीको उत्कट चिन्ताको कारण बुझ्न सकिनन् ॥ ५२ ॥ यसरी चिन्तामा डुबेका राजाको कैयौं समय गयो। तर त्यस सन्देहरूपी समुद्रबाट पार हुन कुनै पनि कारण देखेनन् ॥ ५३ ॥ नारदजीले भन्नुभयो—हे मुनि ! स्वच्छ वैष्णव विष्णुका भक्तहरूले गरिएको) चरित्र अलिकति पनि सुन्यो भने पाप नाशिन्छ । त्यसकारण त्यस्तो चिन्ता गर्ने राजा दृढधन्वाको अनि के भयो ? त्यो भन्नुहोस ॥ ५४ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वनों मनः खेदो नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ चतुर्दशोऽध्यायः

श्रीनारायण उवाच—अथ चिन्तातुरस्यास्य गृहं वाल्मीकिराययौ ।। यो रामचरितं दिव्यं चकार परमाद्भुतम् ।। १ ।। दूरादालोक्य भूपालः समुत्थाय ससम्भ्रमम् ।। अनीनमत्तच्चरणौ दण्डवद्भक्तिसंयुतः ।। २ ।। सम्पूज्य स्थापयामास तमृषिं परमासने ।। पादावङ्कगतौ कृत्वा कराभ्यां समलालयत् ।। ३ ।। पादावनेजनीरापः शिरसा धारयन्मुदा ।। उवाच स्निग्धया वाचा स्मरन् कीरवचो नृपः ।। ४ ।। दृढधन्वोवाच—भगवन् कृतकृत्योऽहं भाग्यवानस्मि साम्प्रतम् ।। अद्य मे सफलं जन्मह्यद्यार्थोऽधिगतः प्रभो ।। ५ ।। श्रुतं मे सफलं जातं यद्भावानक्षिगोचरः ।।

श्रीनारायणले भन्नुभयो—यसपछि चिन्ताले अति दुःखी ती राजाको घरमा वाल्मीकि ऋषि आए । जसले अति अद्भुत र राम्रो रामचरित्र लेख्नुभएको छ ।। १ ।। मुनिलाई आउन लागेको टाढैबाट देखी हत्तपत्त उठेर राजाले अति भक्तिपूर्वक ऋषिका दुवै चरणमा साष्टाङ्ग दण्डवत् गर्दै ढोगे ।। २ ।। र यथायोग्य पूजा गरेर ती ऋषिलाई उत्तम आसनमा बसाए । ऋषीका दुवै चरण काखमा राखी आफ्ना दुवै हातले धोइदिए ।। ३ ।। अनि ऋषीका गोडा धोएको जल प्रसन्न हुँदै शिरले धारण गरे अर्थात् शिरमा राखेर सुगाको कुरो संझदै मधुर वचनले भने ।। ४ ।। दृढधन्वाले भने—हे भगवन् ! म कृतकृत्य भएँ, म यतिखेर अति भाग्यमानी छु, आज मेरो जन्म सफल भयो, हे प्रभु ! आज मेरो मनोरथ पूर्ण भयो ।। ५ ।। तवाईं प्रत्यक्ष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किं वर्ण्यं मे महद्भाग्यं जगत्पावनपावन ।। ६ ।। श्रीनारायण उवाच—इत्युक्त्वा मुनिशार्दूलं विरराम स भूपतिः ।। बाल्मीकिरपि तं दृष्ट्वा राजानं विनयान्वितम् ।। ७ ।। उवाच परमप्रीता हर्षयन् जनतां मुनिः ।। वाल्मीकिरुवाच—साधु साधु नृपश्रेष्ठत्वय्येतदुपपद्यते ।। ८ ।। चिन्तातुरः कथं राजन् वद सर्वं मनोगतम् ।। किञ्चिद्वक्तु स्पृहा तेऽस्ति तद्वदस्व महामते ।। ९ ।। दृढधन्वोवाच—भवदीयपदाम्भोज कृपया मे सुखं सदा ।। परन्त्वेको महान् विद्वान् सन्देहो हृदये मम ।। १० ।। तमपाकुरु शल्य त्वं वन्यकीरमुखोद्गतम् ।। कदाचिन्मृगयाकामो

हुनुभएकोले मैले शास्त्र सुनेको सफल भयो । हे जगत्लाई पवित्र पार्नेलाई पनि पवित्र पार्ने प्रभु ! मेरो ठूलो भाग्यको के वर्णन गरूँ ।। ६ ।। श्रीनारायणले भन्नुभयो—मुनिश्रेष्ठ बाल्मीकिलाई यति भनेर ती राजा चुपोलागे । अनि वाल्मीकि मुनिले पनि अति नम्र ती राजालाई देखेर ।। ७ ।। जनतालाई खुशी पार्दै बड़ा प्रेमले बोले । बाल्मीकिले भन्नुभयो—हे नृपश्रेष्ठ ! ठीक छ, ठीक छ, तिमीमा यो सब पाइन्छ ।। ८ ।। तर हे राजन् ! किन चिन्ताले पिरिएका छौ ? मनमा भएको सबै कुरा भन । हे बुद्धिमान् ! क्यै भन्ने इच्छा तिम्रो छ भने त्यो भन ।। ९ ।। दृढधन्वाले भने—पताईंका चरणकमलका कृपाले मलाई सधैं सुख छ । परन्तु हे विद्वान् ! मेरो हृदयमा यौटा ठूलो सन्देह छ ।। १० ।। हे विद्वान् ! जंगली सुगाको मुखबाट निस्केको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गतोऽहं गहने वने ।। ११ ।। भ्रमन्नपश्यं कासारं तत्र पातं जलं मया ।। श्रमापनोदनाकाङ्क्षी महान्यग्रोधमाश्रतः ।। १२ ।। स्निग्धच्छायं सुनिबिडं मनोननयनन्दनम् ।। तत्रापश्यं स्थितं कीरं मनोमोदविधायकम् ।। १३ ।। दत्तदृष्टिरहं यावज्जातस्तस्मिन् पतित्रिणि ।। तावन्मां सम्मुखीभूय श्लोकमेकं पपाठ ह ।। १४ ।। विद्यमानातुलसुखमालोक्यातीव भूतले ।। न चिन्तयसि तत्त्वं त्वं तत्कथं पारमेष्यसि ? ।। १५ ।। इति वाचः शुकेनोक्ता आकर्ण्याहं सुविस्मितः ।। न तज्जानाम्यहं ब्रह्म किमुवाच हरच्छदः ।।१६।। इमं मे हार्दसन्देहं भवानुच्छेत्तमर्हति ।। मम राज्यसुखं पुत्राश्चत्वारश्चारु

तीखो काँढा जस्तो त्यो वचनलाई तपाईं हटाइदिबक्सियोस् । हे प्रभु ! कुनै दिन म शिकार खेल्ने इच्छाले बाक्लो वनमा गएको थिएँ ।। ११ ।। त्यहाँ घुम्दाघुम्दै पोखरी देखें र त्यस पोखरीमा मैले पानी पिएँ । अनि थकाई मेटाउन चाहने मैले अति बाक्लो, मन र आँखा दुवैलाई अति आनन्द दिने, मधुर छाया भएको यौटा ठूलो वरको आश्रय लिएँ र त्यहीं बसेको मनलाई खुशी तुल्याउने रहरलाग्दो यौटा सुगा देखें ।। १२-१३ ।। जसै मेरो दृष्टि त्यस चरोमा पऱ्यो त्यतिखेरै मेरो सम्मुख भएर यौटा श्लोक उसले पढ्यो ।। १४ ।। 'संसारमा रहेका ती सुख भोगेर त्यस्तरी । गर्दौन तत्त्व-चिन्ता ता जौला पार कसोगरी ?' ।। १५ ।। त्यस सुगाले भनेको यस्तो वचन सुनेर म आश्चर्यचकित भएँ । हे ब्रह्मन् ! त्यो सुगाले के भन्यो म त्यो जान्दिनं ।।१६।। हे ब्रह्मन् ! मेरा राज्य-सुख, देख्तै राम्रा चारोटा छोरा, पतिव्रता स्त्री, राम्रा हात्ती-घोडा रथ-सेना, यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्शनाः ॥१७॥ पत्नी पतिव्रता रम्या गन्धाश्वरथपत्तयः ॥ समृद्धिरतुला ब्रह्मन् केन पुण्येन मेऽधुना ? ॥ १८ ॥ एतत्सर्वं समासेन विचार्य वक्तुमर्हसि ॥ श्रुत्वा वाक्यानि भूपस्य वाल्मीकिर्मुनिसत्तमः ॥ १९ ॥ प्राणायामपरो भूत्वा मुहूर्तं ध्यानमास्थितः ॥ करामलकवद्विश्वं भूतं भव्यं भवच्च यत् ॥ २० ॥ विलोक्य हृदि निश्चिन्त्य राजानं प्रत्युवाच तम् ॥ वाल्मीकिरुवाच—शृणु भूपतिशार्दूल प्राग्जन्मचरितं तव ॥ २१ ॥ पुराजन्मनि राजेन्द्र भवान् द्रविडदेशजः ॥ द्विजः कश्चित् सुदेवाख्य स्ताम्रपर्णीतटे वसन् ॥ २२ ॥ धार्मिकःसत्यवादी च यथालाभेन तोषवान् ॥ वेदाध्ययनसम्पन्नो

अतुल ऐश्वर्य मेरो कुन पुण्यले यस बेला छन् ? यो मेरो हृदयको सन्देहलाई तपाईं निर्मूल पारिदिनुहोस् ॥ १७-१८ ॥ यो सब कुरो विचारेर संक्षेपले बताइबक्सियोस् । राजाका कुरा सुनेर श्रेष्ठ मुनि वाल्मीकिले ॥ १९ ॥ प्राणायाममा तल्लीन भएर, दुइ घड़ी जति ध्यानमा रहेर, विश्वलाई हत्केलामा रहेको अमला जस्तो देखेर अर्थात् ठानेर, भएको-हुने र भैरहेको जो घटना हो त्यसलाई हृदयमा निश्चय गरेर ती राजालाई जवाफ दिए । वाल्मीकिले भने—हे श्रेष्ठ राजन् ! तपाईं को पूर्वजन्मको चरित्र सुन्नुहोस् ॥ २०—२१ ॥ हे राजेन्द्र ! पूर्वजन्ममा तपाईं द्रविड देशमा जन्मभएको, ताम्रपर्णीको तटमा बस्ने सुदेवाख्य नाउँको कोही ब्राह्मण हुनुहुन्थ्यो ॥ २२ ॥ धर्मात्मा, सत्यवादी, जो मिल्यो उसैमा सन्तोष गर्ने वेदको पढाइ पूरा गरेको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णभक्तिपरायणः ॥ २३ ॥ अग्निहोत्रादियागैश्च तोषयामास तं हरिम् ॥ सदैवं वर्तमानस्य भार्याऽऽसीद्धरवर्गिनो ॥ २४ ॥ गौतमीति सुविख्याता गौतमस्य सुता शुभा ॥ पतिं पर्यचरत् प्रेम्णा भवानीव भवं प्रभुम् ॥ २५ ॥ गृहमेधविधौ तस्य वर्तमानस्य धर्मतः ॥ व्यतीतः सुमहान् कालः प्रापासौ सन्ततिं न हि ॥ २६ ॥ एकदाऽऽसनसंविष्टः सेव्यमानः स्वकान्तया ॥ उवाच वचनं विप्रो विषण्णो गद्गदाक्षरम् ॥ २७ ॥ अयि सुन्दरी संसारे सुखं नास्ति सुतात्परम् ॥ लोकान्तरसुखं पुण्यं तपोदानसमुद्भवम् ॥ २८ ॥ सन्ततिः शुद्धवंश्या हि त्रेपरत्र च शर्मणे ॥ तमप्राप्य वरं पुत्रं

विष्णुको भक्तिमा लवलीन तपाईंले ॥ २३ ॥ अग्निहोत्र आदि यज्ञहरूले ती हरि भगवानलाई खुशी पार्नुभएको थियो। सधैं यस्तै हिसाबले रहने तपाईंकी पत्नी–श्रेष्ठ गुण भएकी, गौतमी भन्ने नामले प्रसिद्ध रहेकी, गौतमकै शीलवती छोरी-थिइन् । जो पार्वतीले प्रभु शिवलाईझैं प्रेमले पतिको सेवा गर्दथिन् ॥ २४-२५ ॥ गृहस्थ आश्रमको विधिमा धर्म-पूर्वक रहने भएका तिम्रो धेरै समय बित्यो र पनि तिमीले सन्तान पाउन सकेनौ ॥ २६ ॥ कुनै दिन आफ्नी स्त्रीले सेवा गरिएर आसनमा बसेका खिन्न ब्राह्मण (लोग्ने) ले तोतलो अक्षर हुने बोलो बोले ॥ २७ । हे सुन्दरी ! संसारमा छोराभन्दा अर्को सुख छैन । तपस्या र दान-धर्मले प्राप्त हुने पुण्य त अर्को लोकमा मात्रै सुख दिने हुन्छ ॥ २८ ॥ शुद्ध वंशमा पैदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवितं मम निष्फलम् ॥ २९ ॥ न लालितो मया पुत्रो वेदार्थो न प्रबोधितः ॥ नोद्वाहश्च कृतस्तस्य
वृथा जन्म गतं मम ॥ ३० ॥ सद्यो मे मृतिरेवास्तु न ह्यायुश्च प्रियं मम ॥ इत्थं प्रियवचः श्रुत्वा
पु. मा. सुन्दरी खिन्नमानसा ॥ ३१ ॥ समाश्वासयितुं धीरा प्रियवाक्यविशारदा ॥ अवावदद्वचः सौम्यं मा.
१२३ प्रियप्रेमपरिप्लुता ॥ ३२ ॥ गौतम्युवाच—मा मा प्राणेश्वर ब्रूहि तुच्छवाक्यानि साम्प्रतम् ॥ भव- टी.
द्विधा भागवता नैव मुह्यन्ति सूरयः ॥ ३३ ॥ सत्यधर्मरतोऽसि त्वं जितः स्वर्गस्त्वया विभो ॥ कथं अ. १४
पुत्रैः सुखावाप्तिर्ज्ञानिनस्तव सुव्रत ! ॥३४॥ चित्रकेतुः पुरा स्वामि पुत्रशोकेन तापितः ॥ स नारदे-

भएको सन्तान-परलोकमा र यस लोकमा पनि कल्याण गर्ने हुन्छ। त्यस्तो श्रेष्ठ छोरो नपाउनाले मेरो जीवन निष्फल
छ ॥ २९ ॥ न त मैले छोरोलाई प्यारो गर्न पाएँ, न त वेदको अर्थ नै बुझाउन पाएँ, मेरो जन्म बेकार गयो ॥ ३० ॥ बरु
चाँडै मर्न पाए हुन्थ्यो, मलाई बाँच्न पटक्कै मन छैन । पतिको यस्तो बचन सुनेर स्त्री उदास भइन् ॥ ३१ ॥ प्रियकुरो
बोल्न चतुर, गम्भीर, आफ्ना प्यारा पतिको प्रेममा डुबेकी ती स्त्रीले पतिलाई आश्वासन दिनका लागि राम्रो कुरो
भनिन् ॥ ३२ ॥ गौतमीले भनिन्—हे प्राणेश्वर ! हे मेरा प्राणभन्दा प्यारा पति, अब यस्ता तुच्छ कुराहरू नगर्नुहोला, १२३
एकदमै नभन्नुहोला, किनकि तपाई जस्ता विद्वान् भगवान्का भक्तहरू मोह हुँदैनन् ॥ ३३ ॥ हे स्वामी, तपाई सत्य
धर्ममा अडिग हुनुहुन्छ, यसै धर्मले तपाईले स्वर्ग जितिसक्नुभएको छ ॥ हे सुव्रत, आफ्नू नियममा रहने स्वामी, तपाई
जस्ता ज्ञानीका लागि छोराद्वारा सुखको प्राप्ति के काम ? ॥ ३४ ॥ हे स्वामी उहिले चित्रकेतु नामको राजा पुत्रशोकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाङ्गिरसाऽभ्येत्य सन्तारितोऽभवत् ॥३५॥ तथाङ्गाराजो दुष्पुत्राद्वनाद्वनमगन्निशि ॥ तथा ते सन्तति
स्वामिन् दुःखदा च भविष्यति ॥३६॥ तथापि तव सत्पुत्रलालसा चेत्तपोधन ॥ आराधय जगन्नाथं
पु.मा. हरिं सर्वार्थदं मुदा ॥ ३७ ॥ यमाराध्य पुरा स्वामि कर्दमः पुत्रमाप्तवान् ॥ सांख्याचार्यैस्तुतं देवं भा.-
१२४ कपिलं योगिनां वरम् ॥ ३८ ॥ धर्मपत्न्या वचश्चेत्थं श्रुत्वा विप्रशिरोमणिः ॥ निश्चित्यैव तथा सार्धं टी.
ताम्रपर्णीतटं गतः ॥३९॥ स्नात्वाऽथ विरजे पुण्ये चचार परमं तपः ॥ शुष्कपर्णजलाहारः पञ्चमे पञ्चमे अ.१४
दिने ॥ ४० ॥ चत्वार्यब्दसहस्राणि गतान्येवं तपोनिधेः ॥ तस्यैतत्तपसा राजँस्त्रयो लोकाश्चकम्पिरे

पिरिएका थिए । ती राजा पछि नारदले र अङ्गिरसले आएर उद्धार गरिए ॥ ३५ ॥ यस्ता प्रकारले अङ्गराज पनि दुष्ट पुत्र
वेनको कारण रातमा वनतिर भाग्नुपर्‍यो । त्यस्तै हे स्वामी, तपाईलाई सन्तान दुःख दिने पनि हुन सक्छन् । ३६ ॥
हे तपोधान, सत्यरूप तप नै धन हुने स्वामी, तैपनि तपाईलाई सत्पुत्रको इच्छा छ भने सबै इच्छा पूरा गरिदिने, जगतका
नाथ हरि भगवान्‌लाई प्रसन्न चित्तले आराधना गर्नुहोस ॥ ३७ ॥ हे स्वामी, उहिले कर्दम ऋषिले जसको आराधना गरेर
छोरो पाएका थिए; जुन छोरो संसारमा सांख्यका आचार्यहरूले स्तुति गरिने, योगीहरूमा श्रेष्ठ कपिलदेव नामले विख्यात १२५
भए ॥ ३८ ॥ धर्मपत्नीको वचन सुनेर विद्वान् सज्जन ब्राह्मण तिमीले 'यो ठीक हो' भनिठानेर उसैका साथ ताम्रपर्णीको
किनारमा गयौ ॥ ३९ ॥ अनि त्यस पवित्र तीर्थमा न्वाहेर पाँच-पाँच दिनमा सुकेको पात र जल मात्र खाएर ठूलो तपस्या
गरे ॥ ४० ॥ त्यसरी तपस्या गर्दागर्दै ती तपस्वीका चार हजार वर्ष बिते हे राजन्, तिनको त्यस तपस्याले तीने लोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।। ४१ ।। अत्युग्रं तत्तपो दृष्ट्वा भगवान् भक्तवत्सलः ।। प्रादुर्बभूव तपसा गरुडोपरि संस्थितः ।। ४२ ।। श्रीनारायण उवाच–दृष्ट्वा नवजलदोपमं मुरारिं दोर्दण्डैर्जगदवनक्षमैश्चतुर्भिः ।। संलक्ष्य मुदितमुखं तं सुदेवशर्मा साष्टाङ्गं नतिमकरोन्मुदा मुकुन्दम् ।। ४३ ।।

इति श्रीबृहन्नारदीय पुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनरायणनारदसंवादे चतुर्दशोऽध्यायः ।।१४।।

थर्थराए ।। ४१।। अति उग्र त्यो तपस्या देखेर भक्तहरूलाई प्यारा गर्ने भगवान् तुरुन्तै गरुड़माथि चसेर प्रकट हुनुभयो ।।४२।। श्रीनारायणले भन्नुभयो–जगतलाई रक्षा गर्न समर्थ चारोटा बाहुले चिनिने, प्रसन्न चेहरा भएका, नया मेघ जस्तो श्यामवर्णका, मुर नामको दानका शत्रु ती मुकुन्द भगवान्लाई सामने देखेर सुदेव शर्माले खुशी हुँदै साष्टाङ्ग दण्डवत् गरे ।। ४३ ।।

इति श्रीवृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण नारद संवादे चतुर्दशोऽध्यायः ।।१४।।

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चदशोऽध्यायः

श्रीनारायण उवाच—ततस्तुष्टाव तं देवं श्रीकृष्णं भक्तवत्सलम् ।। बद्धाञ्जलिपुटो भुत्वा सुदेवो गद्गदाक्षरम् ।। १ ।। नमस्ते देव देवेश त्रैलोक्याभयद प्रभो ।। सर्वेश्वर नमस्तेऽस्तु त्वामहं शरणं गतः ।। २ ।। पाहि मां परमेशान शरणागतवत्सल ।। जगद्वन्द्य नमस्तेऽस्तु प्रपन्नभयभञ्जन ।।३।। जयस्वरूपं जयदं जयेशं जयकारणम् ।। विश्वाधारं विश्वसंस्थं विश्वकारणकारणम् ।।४।। विश्वैकरक्षकं दिव्यं विश्वघ्नं विश्वपञ्जरम् ।। फलबीजं फलाधारं फलमूलं फलप्रदम् ।। ५ ।। तेजःस्वरूपं

श्रीनारायणले भन्नुभयो–अनि भक्तवत्सल ती श्रीकृष्ण भगवान्‌लाई सुदेवले हात जोडेर तोतलिँदै स्तुति गरे ।। १ ।। हे देव, देवेश ! हे तीनैलोकलाई अभय दिने प्रभु ! तपाईलाई नमस्कार छ । तपाईलाई नमस्कार छ, म तपाईको शरणमा प्राप्त भएको छु ।। २ ।। हे परमेशान ! हे शरणागतवत्सल ! मलाई रक्षा गर्नुहोस् । जगतैले स्तुति गरिने अनि शरणमा परेकाको दुःख नाशिदिने प्रभु ! तपाईलाई नमस्कार छ ।। ३ ।। जयका रूप, जय दिने जयका मालिक, जयका कारण विश्वका आधार, विश्व थाम्ने, विश्वका कारणको पनि कारण; विश्वका रक्षक, सुन्दर, परिणाममा विश्वलाई जर्जर पार्ने अनि विश्व नाशने, फलहरूका बीज, फलको आधार, फलका जरा, फलदाता, तेजको रूप,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेजोदं सर्वतेजस्विनी वरम् ॥ कृष्णं विष्णुं वासुदेवं वन्देहं दीनवत्सलम् ॥ ६ ॥ न त्वां ब्रह्मादयो
देवाः स्तोतुं शक्ताः जगत्प्रभो ॥ कथं मन्दो मनुष्योऽहमल्पबुद्धिर्जनार्दनः ॥ ७ ॥ अतिदुःखतर दीनं
 त्वद्भक्तं मामुपेक्षसे ॥ तत्कथं लोकबन्धुत्वं प्रभो लोके वृथा गतम् ॥ ८ ॥ वाल्मीकिरुवाच—
 इत्यभिष्टूय भूमान द्विजस्तस्थौ हरेः पुरः ॥ तदाकर्ण्य हरिर्वाक्यमुवाच जलदस्वनः ॥ ९ ॥ श्री हरि-
रुवाच—सम्यक् सम्पादितं वत्स यत्त्वया चरितं तपः ॥ किमिच्छसि महाप्राज्ञ तपोधन वदस्व मे
॥ १० ॥ ततेऽहं वितरिष्यामि सन्तुष्टस्तपसा तव ॥ एतादृशं महत्कर्म न केनापि कृतं पुरा ॥११॥

तेज दिने, सबै तेजस्वीमा श्रेष्ठ, दुःखीलाई प्यारो गर्ने वासुदेव विष्णु कृष्णलाई म ढोग्दछु ॥ ६ ॥
हे जगतका प्रभु ! तपाईंको स्तुति गर्न ब्रह्मादि द्यौता पनि समर्थ हुन्नन् भने हे जनार्दन ! थोरै बुद्धि भएको म मन्द
मनुष्यले कसरी सकौंला ? ॥ ७ ॥ अत्यन्त दुःखी मलीन तपाईंको परमभक्त मलाई बेवास्ता गर्नुभयो भने हे प्रभु !
संसारमा हजुरको लोकबन्धुत्व कसरी भयो ? त्यो त बेकार गयो । ॥ ८ । वाल्मीकिले भन्नुभयो—भगवानलाई यति भनेर
बाहुन हरिको अगाडि खड़ा रहे । त्यो सुनेर मेघको जस्तो स्वर हुने हरिले कुरा भन्नुभयो । ॥ ९ ॥ श्रीहरिले भन्नुभयो—
हे बाबु ! तिमीले जो तपस्या गर्‍यौ, बड़ो बेस गर्‍यौ, हे तपस्या नै धन हुने बुद्धिमान ! के चाहन्छौ ? मलाई भन ॥ १० ॥
यस्तो ठूलो काम पहिले कसैले पनि गरिएको छैन, त्यसकारण, तिम्रो तपस्याले खुशी भएको म तिम्रो इच्छा पूरा गरिदिन्छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुदेव उवाच—यदि प्रीतोऽसि हे नाथ दीनबन्धो दयानिधे ।। सत्पुत्रं देहि मे विष्णु पुराणपुरुषो-
त्तम ।। १२ ।। हरे पुत्रं बिना शून्यं गार्हस्थ्यं मे न रोचते ।। इति विप्रवचः श्रुत्वा जगाद हरिरीश्वरः
 ।। १३ ।। श्रीहरिरुवाच—अदेयमपि ते सर्वं दास्ये पुत्रं बिना द्विज ।। तव पुत्रसुख वत्स विधात्रा
 नैव निर्मितम् ।। १४ ।। त्वदीयभालफलके वर्णाः सर्वे मयेक्षिताः ।। तत्र मेवास्ति ते पुत्रसुखं सप्तसु
जन्मसु ।। १५ ।। इत्याकर्ण्य हरेर्वाक्य वज्रनिर्घातनिष्ठुरम् ।। स पपात महीपृष्ठे छिन्नमूल यव द्रुमः
।। १६ ।। पतिं पतितमालोक्य प्रमदाऽत्यन्तदुःखिता ।। पश्यन्ती स्वामिन पुत्रस्पृहाशून्यमरूरुदत्
।। १७ ।। पश्चाद्धैर्यं समालम्ब्य साऽवोचत् पतित पतिम् ।। गौतम्युवाच—उत्तिष्ठोत्तिष्ठ हे नाथ किं

।। ११ ।। तब सुदेवले भने–हे नाथ ! हे दीनबन्धु ? हे दयाका खानि ! यदि तपाईं खुशी हुनुहुन्छ भने हे विष्णु !
हे पुरुषोत्तम ! मलाई असल छोरो दिनुहोस ।। १२ ।। हे हरि ! छोरो विनाको सुनसान गृहस्थी जीवन मलाई पटक्कै
मनपर्दैन ! बाहुनको यस्तो कुरा सुनेर ईश्वर हरि भगवानूले भन्नुभयो ।। १३ ।। श्रीहरिले भन्नुभयो––
हे ब्राह्मण ! छोरोलाई छाडेर अरु जे माग्छौ, दिनै नहुने कुरो पनि तिमिलाई म सब दिन्छु हे बाबू ! तिमीलाई छोराको
सुख त ब्रह्माले बनाएकै (लेखेकै) छैनन् ।। १४ ।। तिम्रो च्याप्टो निधारना लेखिएका सबै अक्षर मैले हेरें । त्यहाँ तिमीलाई
सात जन्मसम्ममा पनि सुपुत्र छँदैछैन ।। १५ ।। तब वज्रले हिर्काएजस्तो कठोर निर्दयी हरिको यस्तो वाक्य सुनेर––
फेद काठिएको रूख झैं–ती राजा पृथ्वीतलमा डङ्ङ पच्छारिए ।। १६ ।। पतिलाई पच्छारिएको
देखर उनकी स्त्री अत्यन्तै दुःखी भइन् र पुत्रको इच्छामा निराश भएका स्वामीलाई हेर्दै रुन थालिन् ।। १७ ।। निकै बेर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न स्मरसि मे वचः ॥ १८ ॥ विधात्रा लिखितं भाले तल्लभेत सुखासुखम् ॥ किं करोति रमानाथः
स्वकृतं भुञ्जते नराः ॥ १९ ॥ अभाग्यस्य कृतोद्योगो मुमूर्षोरिव भेषजम् ॥ तस्य सर्वं भवेद्व्यर्थं
पु. मा. यस्य दैवमदक्षिणम् ॥ २० ॥ क्रतुदानतपःसत्यव्रतेभ्यो हरिसेवनम् ॥ श्रेष्ठं सर्वेषु वेदेषु ततो दैव- भा.
१२९ बलं वरम् ॥ २१ ॥ तस्मात् सर्वत्र विश्वासं विहायोत्तिष्ठ भूसुर ॥ दैवमेवावलम्ब्याशु हरिणा किं
प्रयोजनम् ॥ २२ ॥ इत्याकर्ण्य वचस्तस्यास्तीव्रशोकसमन्वितम् ॥ वैनतेयोऽवदद्विष्णुं क्षोभसञ्जात- टी.
वेपथुः ॥२३॥ गरुड उवाच—शोकसागरसंमग्नां ब्राह्मणीं वीक्ष्य हे हरे ॥ तथैव ब्राह्मणं नेत्रगलद्बाष्पकला- अ. १५
कुलम् ॥ २४ ॥ दीनबन्धो दयासिन्धो भक्तानामभयङ्करः ॥ भक्तदुःखासहिष्णोस्तो दयाऽद्य क्व

पछि धैर्य सँभालेर पछारिएको पतिलाई उनले भनिन् ॥ गौतमीले भनिन्—हे नाथ ! उठनुहोस् उठनुहोस्, के मैले भनेको कुरा सम्झनुहुन्न ? ॥ १८ ॥ ब्रह्माजीले निधारमा सुख वा दुःख जो लेख्नुभएको छ, त्यो मिल्छ नै । मनुष्यहरू आफूले गरेको कर्म भोग्छन्, त्यसमा लक्ष्मीपति रमानाथले के गर्नुहुन्छ ? ॥ १९ ॥ अभागीले गरेको उद्योग मर्न आँटेको आतुरलाई ओखती जस्तै हो । जसको भाग्य बायाँ छ, त्यसले गरेका सबै कुरा व्यर्थ छ ॥ २० ॥ सकल वेद शास्त्रमा यज्ञ-दान-तप-सत्यव्रतहरू भन्दा हरिको सेवा श्रेष्ठ कहिएको छ । त्यसभन्दा पनि श्रेष्ठ 'भाग्य-बल' भाग्यको छ ॥ २१ ॥ त्यसकारण, हे ब्राह्मण द्यौता ! सबै ठाउँबाट विश्वास हटाएर उठनुहोस् र झट्टै नै भाग्यको अवलम्बन (आश्रय) गर्नुहोस् यसमा हरिसँग के प्रयोजन छ ॥ २२ ॥ ती गौतमीको अत्यन्त शोकले युक्त भएको यस्तो वचन सुनेर क्षोभ (एराचौ भन्ने आवेग) ले कम्प छुटेका गरुडले विष्णुलाई भने ॥ २३ ॥ गरुडले भने—हे हरि, शोक-सागरमा डुबेकी ब्राह्मणीलाई र त्यस्तै आँखाबाट बगेका आँसुका धाराले आकुल यी ब्राह्मणलाई देखेर ॥ २४ ॥ हे दीनबन्धु, हे दयाका समुद्र, हे भक्तहरूलाई अभय गर्ने ! हे प्रभु, भक्तको दुःख १२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गता प्रभो ॥ २५ ॥ अहो ब्रह्मण्यदेवस्त्वं त्वधर्मः क्व गतोऽधुना ॥ त्वद्भक्तस्य चतुर्धाऽपि मुक्तिः
करतले स्थिता ॥ २६ ॥ अहो तथापि नेच्छन्ति विहाय भक्तिमुत्तमाम् ॥ सिद्धयश्चाष्टौ किङ्करीभूय-
पु. मा. संस्थिताः ॥ २७ ॥ त्वदाराधनमाहात्म्यमेवं सर्वत्र विश्रुतम् ॥ तर्हि विप्रस्य पुत्रेच्छापूरणे कः परि- श्री.
१३० श्रमः ॥२८॥ गजमर्पयतः पुंसो ह्यङ्कुशे कः परिश्रमः ॥ अतः परं न केनापि सेव्यते ते पदाम्बुजम् टी.
॥२९॥ यददृष्टगतं पुंसस्तदेव भविता ध्रुवम् ॥ इति लोके प्रथा जाता त्वद्भक्तिर्विलयंगता ॥३०॥ अ.१५
कर्तुमकर्तुं सामर्थ्यं तव सर्वत्र विश्रुतम् ॥ तदेवाद्य गतं नाथ न चेदस्मै सुतप्रदः ॥३१॥ अतस्त्वं
सहन नसक्ने तपाईंको दया आज कता गयो ? ॥ २५ ॥ अहा ! तपाईं त ब्राह्मणलाई प्यारो गर्ने भगवान् हुनुहुन्छ,
यतिखेर तपाईंको धर्म कता गयो ? तपाईंका भक्तका लागि त चारै प्रकारको मुक्ति तपाईंका हत्केलामा रहन्छन् ॥ २६ ॥
अहो आश्चर्य छ, तैपनि तपाईंका उत्तम भक्तिलाई छोडेर क्यै चाहँदैनन् । तपाईंका सामने त आठै सिद्धिहरू
नोकर भएर रहेका छन् ॥ २७ ॥ यस्ता प्रकारले तपाईंका आराधनाको महिमा सर्वत्र प्रख्यात छ । तर त्यस ब्राह्मणलाई पुत्रको
इच्छा पूरा गरिदिनमा के गाह्रो भो ? ॥२८॥ हात्ती जस्तो जीव दान गर्ने पुरुषको लागि अंकुशे दिनमा के गाह्रो ? यदि यस्तैं
हो भने, आज-उप्रान्त कसैले पनि तपाईंको चरण-कमलको सेवा गर्दैन ॥२९॥ किनकि पुरुषको जो भाग्यमा छ, निश्चय त्यही
नै हुन्छ भन्ने यस्तो प्रथा लोकमा फैलिएरपछि तपाईंको भक्ति त रसातलमा भासिन्छ अर्थात् विलाइजानेछ ॥ ३० ॥ गर्ने १३०
न गर्ने सबै कुरो गर्नसक्ने सामर्थ्य तपाईंमा छ भन्ने कुरो सर्वत्र प्रख्यात छ । हे नाथ, त्यही विश्वविख्यात शक्ति यदि आज
यस बाहुनलाई छोरो दिएन भने लुप्त भैजानेछ ॥ ३१ ॥ यसकारण तपाईं यस ब्राह्मणलाई योग्य छोरो जसरी पनि दिनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वथा देहि पुत्रमेकं द्विजन्मने ॥ सुदामा त्वं समाराध्य लेभे वैभवमुत्तमम् ॥ ३२ ॥ सान्दीपि-
निर्मृतं पुत्रमवाप कृपया तव ॥ इति ते शरणं प्राप्तौ दम्पती पुत्रलालसौ ॥ ३३ ॥ नारायण उवाच—
पु म. इति गरुडवचो निशम्य विष्णुर्वचनमुवाच खगं सुधोपमामाषम् ॥ अयि ! खगवर पुत्रमेकमस्मै वितर भा.
१३१ मनोगतमाशु वैनतेय ॥३४॥ इति हरिवचनं निजानुकूलं झटिति निशम्य खगोऽतिहृष्टचेताः ॥ अदद् टी.
दतिविषण्णमानसाय सुतमनुरूपमिलासुराय रहस्यम् ॥ ३५ ॥ अ.१५

श्रीबृहन्नारदीय पुराणे पुरुषोत्तममासमाहात्म्ये दृढधन्वोपाख्याने श्रीनारायणनारदसंवादे सुदेव वरप्रदानं नाम पंचदशोऽध्यायः ॥ १५ ॥

होस् । सुदामाले तपाईंकै आराधना गरेर उत्तम ऐश्वर्य पाएका दिए ॥ ३२ ॥ तपाईंकै कृपाले सान्दीपनिले उहिल्यै मरेको छोरो वापस पाए । यस्ता तपाईंको शरणमा पुत्र चाहने यी दम्पती परेका छन् ॥ ३३ ॥ श्रीनारायणले भन्नुभयो—गरुड़को यस्तो वचन सुनेर विष्णु भगवान्ले गरुड़लाई अमृत समान वचन भन्नुभयो—अये पक्षीहरूमा श्रेष्ठ गरुड़ ! झट्टै नै यस १३१
ब्राह्मणलाई उसको इच्छा अनुसारको यौटा छोरो देऊ ॥ ३४ ॥ आफूले चाहेको जस्तै हरिको यस्तै वचन सुनेर अत्यन्त खुशी भएका गरुड़ने तुरुन्तै अत्यन्तै खिन्न मन भएका ब्राह्मणलाई उनल चाहे-जस्तै राम्रो छोरो हुने वर दिए ॥ ३५ ॥

इतिश्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये दृढधन्वोपाख्याने श्रीनारायण-नारदसंवादे सुदेववरप्रदानं नामपञ्चदशोऽध्याय॥१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षोडशोऽध्यायः

श्रीनारायण उवाच—शृणु नारद वक्ष्येऽहं यदुक्तं दृढधन्वने ।। वाल्मीकिना महाप्राज्ञ चरितं परमाद्भुतम ।। १ ।। वाल्मीकिरुवाच—-दृढधन्वन् महाराज ! शृणुष्व वचनं मम ।। सुपर्णः केशवादेशादिदमाह द्विजेश्वरम् ।। २ ।। गरुड उवाच–सप्तजन्मसु ते पुत्रसुखं नास्तीति यद्वच ।। हरिणोक्त द्विजश्रेष्ठ तत्तथैव तवाधुना ।। ३ ।। तथापि स्वामिनाऽऽज्ञप्तः कृपया दद्मि ते सुतम् ।। मदंशसम्भवः पुत्रो भविता ते तपोधन ।। ४ ।। येन त्वमाशिषः सत्या लप्स्यते गौतमीयुतः ।। परं तज्जनितं दुःखं युवयोर्भाविता ध्रुवम् ।। ५ ।। धन्योऽसि द्विजशार्दूल यत्ते जाता हरौ मतिः ।। मकामाऽऽप्राथं

श्रीनारायणले भन्नुभयो–हे बुद्धिमान् नारद, वाल्मीकिले दृढघन्वलाई जो अति अद्भुत चरित्र भन्नुभयो, त्यो म भन्छु, सुन ।। १ ।। वाल्मीकिले भन्नुभयो—हे महाराज, अब मेरो कुरो सुन्नुहोस्–केशव भगवान्को आदेशले गरुडले ब्राह्मणलाई यस्तो भने ।। २ ।। गरुडले भने–'सात जन्मसम्म पनि तिमीलाई पुत्र-सुख छैन' भन्ने जो वचन हरिले अहिले भन्नुभयो हे द्विजश्रेष्ठ ! त्यो त्यस्तै नै छ ।।३।। तैपनि स्वामीबाट आज्ञा पाएको म दयाले तिमीलाई छोरो दिन्छु । हे तपोधन मेरै अंशबाट तयार छोरो तिमीलाई हुनेछ ।। ४ ।। जुन छोराका लागि गौतमीसहितका तपाईं सत्य आशिष पाउनुहुन्छ अर्थात् जुन छोरले गर्दा गौतमीसहित तपाईंको मनोरथ पूर्ण हुनेछ, परन्तु त्यसै छोरोद्वारा उब्जेको दुःख तपाईं दुबैलाई अवश्यै हुनेछ ।। ५ ।। हे ब्राह्मणश्रेष्ठ ! हरिमा तपाईंको जो बुद्धि लाग्यो त्यसले गर्दा तपाईं धन्य हुनुहुन्छ । सकाम होस अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्कामा हरिभक्तिर्हरेः प्रिया ॥ ६ ॥ जलबुद्बुदवत् पुंसां शरीरं क्षणभंगुरम् ॥ तदासाद्य हरेः पादं

धन्यश्चिन्तयते हृदि ॥ ७ ॥ हरेरन्यो न संसारात्तारयेद् बहुदुस्तरात् ॥ हरेरेव कृपालेशामन्या दत्तः

 सुतस्तव ॥ ८ ॥ मनसि श्रीहरिं धृत्वा विचरस्व यथासुखम् ॥ उदासीनतया स्थित्वा भुङ्क्ष्व संसारजं

 सुखम् ॥ ९ ॥ वाल्मीकिरुवाच–दम्पत्योः पश्यतो सद्यो दत्त्वा वरमनुत्तमम् ॥ खगद्वारा हरिः शीघ्रं

ययौ निजनिकेतनम् ॥ १० ॥ सुदेवोऽपि सपत्नीको वरं लब्ध्वा मनोगतम् ॥ आसाद्य स्वगृहं भेजे

गार्हस्थ्यसुखमुत्तमम् ॥ ११ ॥ कियत्कालक्रमेणास्या दोहदः समपद्यत ॥ दशमे मासि सम्प्राप्ते

निष्काम होस् दुवै हरिभक्ति हरिका प्रिय छन् ॥६॥ मानिसहरूको शरीर जलको बुरुबुता या फोका झैं तुरुन्तै नाश हुनेवाला छ । त्यस्तो शरीर पाएर हृदयमा हरिका पाउको जो ध्यान गर्छ त्यो धन्य हो ॥७॥ अत्यन्त दुःखले मात्रै तर्न सकिनै संसार-बाट पारि पुऱ्याउन हरिभन्दा अर्को कसैले पनि तार्न सक्तैन । हरिको केही कृपा भएकोले मैले तपाईंलाई छोरो दिनसकेको हुँ ॥ ८ ॥ मनमा श्रीहरि भगवान्‌लाई राखेर सुखपूर्वक रहनोस् । उदासीपनाले रहेर संसारमा पाइने सुख भोग्नुहोस् ॥ ९ ॥

 वाल्मीकिले भने—त्यसरी ब्राह्मणलाई छोरा त हुने तर त्यसबाट सुख नहुने वर दिएर दुवै दम्पतिले हेर्दाहेर्दै त्यसै बेला गरुड़-द्वारा तुरुन्तै हरि भगवान् आफ्नू धाममा जानुभयो ॥१०॥ पत्नी सहितका सुदेवले पनि मनखुसी गराउने वर पाएपछि आफ्नू घर आएर गृहस्थी आश्रमका उत्तम सुख भोग्न लागे ॥११॥ केही समयपछि गौतमी भारी जीउकी भइन् । दशौं महीना लागेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्णो गर्भोबभूव ह ॥ १२ ॥ प्रसूतिकाले सम्प्राप्ते साऽसूत सुममुत्तमम् ॥ सुदेवस्त्वात्मजे जाते
जातह्लादो बभूव ह ॥ १३ ॥ आहूय जातकं कर्म चकार द्विजसत्तमान् ॥ बृहद्दान ददौ तेभ्यः
सुस्नातो द्विजसत्तमः ॥ १४ ॥ नाम चास्याऽकरोद्धीमान् ब्राह्मणैः स्वजनैर्वृतः ॥ अयं सुतः
सुपर्णेन दत्तः प्रेम्णा कृपालुना ॥ १५ ॥ शारदेन्दुरिव प्रोद्यत्तेजस्वी शुकसन्निभः ॥ शुकदेवेति
नामायं पुत्रोऽस्तु मम वल्लभः ॥ १६ ॥ अवर्धत सुतः शीघ्रं शुक्लपक्ष इवोडुपः ॥ पितुर्म-
नोरथैः साकं मातृमानसनन्दनः ॥ १७ ॥ उपनीय सुतं तातः सावित्री दत्तवान् मुदा ॥

गर्भ पूरा भयो ॥ १२ ॥ सुत्केरी हुने समय आएपछि उनले उत्तम छोरो पाइन् । छोरो जन्मेपछि सुदेव खूब खुशी भए ॥१३॥
सज्जन ब्राह्मणहरूलाई बोलाएर जातक कर्म गरे । ती सज्जन बाहुनले राम्रोसँग न्याहेर ती ब्राह्मणहरूलाई धेरै-धेरै दान दिए
॥१४॥ ब्राह्मण र बन्धु-बान्धवहरूले सँग भएर ती बुद्धिमान्‌ले यस बालकको न्वारान पनि गरे । यो कृपालु गरुड्ले
प्रेमले दिएका हुन् ॥१५॥ शरत् ऋतुको चन्द्रमा जस्तो चम्किलो, शुकदेव जस्तै तेजस्वी हुनाले मेरो प्यारो यो छोरो पनि
'शुकदेव' भन्ने यो नामवाला होस् ॥ १६ ॥ बाबुका मनोरथका साथै आमाको मनलाई आनन्द दिने त्यो छोरो शुक्लपक्षमा
चन्द्रमा झैं चाँडै नै बढ्यो ॥१७॥ अनि बाबुले हर्षपूर्वक छोराको व्रतबन्ध गरेर उसलाई गायत्री मन्त्र दिए । वैदिक संस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कारं वैदिकं प्राप्य ब्रह्मचर्यव्रते स्थितः ॥ १८ ॥ तत्तेजसाऽन्वितो रेजे साक्षात्सूर्य इवापरः ॥
वेदाध्ययनमारेभे कुमारो बुद्धिसागरः ॥ १९ ॥ सद्बुद्ध्याऽऽनन्दयामास स्वगुरुं गुरुवत्सलः ॥
पु मा. सकृन्निगदमात्रेण विद्यां सर्वामुपेयिवान् ॥ २० ॥ वाल्मीकिरुवाच—एकदा देवलोऽभ्यागात् कोटि- भा.
१३५ सूर्यसमप्रभः ॥ तमालोक्य सुदेवोऽसौ ननाम दण्डवन्मुदा ॥ २१ ॥ पूजयामास विधिवदर्घ्यपाद्या- टी.
दिभिर्मुनिम् ॥ आसनं कल्पयामास देवलाय महात्मने ॥ २२ ॥ तत्रोपविष्टो भगवान् देवलो अ.१६
देवदर्शनः चरणे पतितं दृष्ट्वा कुमारं देवलोऽब्रवीत् ॥ २३ ॥ देवल उवाच—भो भो सुदेव धन्यो-

पाएपछि उ ब्रह्मचर्य व्रतमा रहन लाग्यो ।।१८।। त्यस ब्रह्मचर्यको तेजले युक्त उ साक्षात् अर्को सूर्य झैं शोभियो। तब अगाध बुद्धि भएको उस कुमारले वेद पढ्न शुरू गऱ्यो ।।१९।। गुरुको प्यारो उस कुमारले अमल तेज बुद्धिले गर्दा आफ्ना गुरूलाई आनन्द गरायो । एक चोटि भनिदिएको भरमा मात्रै सारा विद्या प्राप्त गऱ्यो ।। २० ।। वाल्मीकिले भने—यस्तैमा एक दिन कोटि सूर्यसमान चम्किला देवल उहाँ आए । देखेर ती सुदेवले हर्षपूर्वक साष्टाङ्ग दण्डवत् गर्दै ढोगे ।। २१ ।। अनि विधिपूर्वक अर्घ्य-पाद्य आदिले मुनिलाई पूजा गरे र ती महात्मा देवललाई आसनमा बसाए ।।२२।। त्यस आसनमा बसेका, भगवान् देवल १३५
द्यौता जस्तै देखिने कुमारलाई गोडामा गिरेको अर्थात् आफूलाई ढोगिरहेको देखेर देवलले भने ।। २३ ।।
देवलले भने—हे सुदेवजी ! तपाईं धन्य हुनुहुन्छ, किनकि हे सुदेवजी ! तपाईंका उपर हरि भगवान् सन्तुष्ट हुनुभयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऽसि तुष्टस्ते भगवान् हरिः ।। यसस्त्वं प्राप्तवान् पुत्रं दुर्लभं सुन्दरंवरम् ।। २४ ।। एतादृशः सुतः
क्वापि कस्यापनवलोकितः ।। विनीतो बुद्धिमान् वाग्मी वेदाध्यनशीलवान् ।। २५ ।। एहि पुत्र
 किमेतत्ते करे पश्यामि कौतुकम् ।। सच्छत्रं चामरयुतं कमलं यवसंयुतम् ।। २६ ।। आजानुलम्बिनौ
हस्तौ हस्तिहस्तसमौ तव ।। आकर्णान्तविशाले च चक्षुषी मधुपिञ्जरे ।। २७ ।। वपुर्वर्तुलकं मध्यं
वलित्रयविभूषितम् ।। एवमुक्त्वा सुतं दृष्ट्वा पुनराहोत्सुकं द्विजम् ।। २८ ।। अहो सुदेव तनयस्तवाग्यं
गुणसागरः ।। गूढजत्रुः कम्बुकण्ठः स्निग्धकुञ्चिमूर्धजः ।। २९ ।। तुङ्गवक्षाः पृथुग्रीवः समकर्णो

जसले गर्दा तपाईंले पाइनसक्नु योग्य छोरो प्राप्त गर्नु भयो ।। २४ ।। यस्तो विनीत; बुद्धिमान् बोलक्कड; वेद पढ्न सिपालु
छोरो कहीं पनि कसैको देखिएको छैन ।। २५ ।। हे पुत्र ! यता आऊ त ! तिम्रो हातमा छाता-सहित जोड़ा चमर, यव-
रेखासहित कमल यो उदेकलाग्दो के देखिरहेको छु ! ।। २६ ।। हात्तीको सूँड सदृश घुँडासम्म लामा तिम्रा दुइ हात छन् ।
खूप लाम्रा-लामा, बडा-बडा रसिला दुइ आँखा हुन् ।।२७।। शरीर गोलो छ । पेट तीन रेखाले शोभिएको छ। छोरोलाई यति
भनेर फेरि छोराका अरू गुण सुन्न अति उत्कण्ठित ब्राह्मणतिर हेरेर ।।२८।। ओहो सुदेव ! तिम्रो यो छोरो त गुणको सागर छ,
खगाले हाड़ नदेखिने, शङ्ख जस्तो कण्ठ भएको, चिल्ला घुघुरिएका केश भएको ।।२९।। चौडा छाती भएको, लामो घाँटी भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृषांसकः ॥ सर्वलणक्षसम्पूर्णः पुत्रो भाग्यनिधिर्महान् ॥ ३० ॥ एक एव महान् दोषो येन सर्वं वृथा कृतम् ॥ इत्युक्त्वा मौलिमाधुन्वन् विनिःश्वस्याब्रवीन्मुनिः ॥ ३१ ॥ पूर्वमायुः परीक्षेत पश्चाल्लक्षणमादिशेत् ॥ निरायुषः कुमारस्य लक्षणैः किं प्रयोजनम् ॥ ३२ ॥ सुदेव तनयोऽयं ते द्वादशे हायने जले ॥ मृत्युमेष्यति तस्मात्वं शोकं मा कुरु मानसे ॥ ३३ ॥ अवश्यम्भाविनो भावा भवन्त्येव न संशय ॥ तत्र प्रतिविधिर्नास्ति मुमूर्षोरिव भेषजम् ॥ ३४ ॥ वाल्मीकिरुवाच—इत्युदीर्य गतोब्रह्मलोकं देवलको मुनिः ॥ सुदेवः सह गौतम्या पपात धरणीतले ॥३५॥ विललाप चिरं भूमौ देवलोक्तं

दुवै कान बराबर भएको, गोरूको जस्तो गर्धन भएको, सारा लक्षणले परिपूर्ण ठूलो भाग्यमानी यो छोरो छ ॥ ३० ॥ तर यसमा यौटा ठूलोदोष छ, जुन दोषले सारा गुण बेकार पारिदिएको छ । यति भनेर टाउको तल माथि गरी विस्तारै हल्लाउँदै खुय्य गरेर देवल मुनिले भने——॥३१॥ हात वा चिना हेर्दा पहिले आयु विचार्नुपर्छ, त्यसका बाद लक्षणहरू बताउनुपर्छ । आयु छोटो हुने कुमारको असल वा खराब लक्षणहरूले के मतलब ? ॥३२॥ हे सुदेव ! तिम्रो यो छोरो अब बाह वर्षमा जलमा डुबेर मर्नेछ; त्यस दुर्घटनाले तिमी मनमा पीर नमाने ! ॥३३॥ हुने घटना अवश्यै हुन्छन्, यसमा कुनै संशय छैन, मर्न लागेको लाई औषधि जस्तै नभै नछोड्ने घटनामा कुनै प्रतिक्रिया (उपाय) छैन ॥ ३४ ॥ वाल्मीकिले भन्नुभयो——यति भनेर देवलक मुनि ब्रह्मलोकमा जानुभयो । यता सुदेव चाहि गौतमीका साथै भूईंमा पच्छारिए ॥३५॥ र देवलले भनेको कुरो संझदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वचः स्मरन् ॥ अथ सा गौतमी पुत्रं स्वाङ्कमारोप्य धैर्यतः ॥ ३६ ॥ चुचुम्ब वदनं प्रेम्णा पश्चात्
पतिमुवाच सा ॥ गौतम्युवाच—द्विजराज न कर्तव्या भीतिर्भाव्येषु वस्तुषु ॥ ३७ ॥ नाभाव्यं
 भविता कुत्र भाव्यमेव भविष्यति ॥ किं नु नो दुःखमापन्न नलरामयुधिष्ठिराः ॥ ३८ ॥ बन्धनं
 बलिराजाऽपि प्राप्तवान् यादवः क्षयम् ॥ हिरण्याक्षो वधं घोरो वृत्रोऽपि निधनं गतः ॥ ३९ ॥
कार्तवीर्यः शिरच्छेदं रावणोऽपि तथाप्तवान् ॥ विरहे रघुनाथोऽपि जानक्याः प्राप्तवान् मुने ॥ ४० ॥
परीक्षिदपि राजर्षिर्ब्राह्मणान्मृत्युमाप्तवान् ॥ एवं ये भाविनो भावा भवन्त्येव मुनीश्वर ॥ ४१ ॥ अत

भूइँमा पछारिएकैमा धेरै बेर विलाप गरे । अनि उठेर ती गौतमीले धैर्यपूर्वक छोरालाई आफ्नू काखमा बसाएर ॥ ३६ ॥ बड़ो स्नेहले मुखमा म्वाईं खाइन् र त्यसपछि उनले पतिलाई भनिन्—। गौतमीले भनिन्—हे द्विजराज ! नभै नछोड्ने कुराला हराउनु छैन ॥३७॥ जो नहुने कुरो छ, त्यो कहाँबाट हुन्छ ! हुने नै त हुन्छ । के, नल-राम-युधिष्ठिर जस्ताले पनि दुःख पाएनन् र ॥३८॥ बलिराजा जस्ता पनि बन्धनमा परे, यादव क्षय भए, हिरण्याक्षले घोर मृत्यु पाए, वृत्रासुर जस्तो मारियो, ॥३९॥ कार्तवीर्यको शिरै काटियो, रावणको पनि त्यस्तै दुर्दशा भयो । हे मुनि ! रघुनाथले पनि जानकीको विरह पाए ॥४०॥ राजर्षि परीक्षित्‌ले पनि ब्राह्मणद्वारा मृत्यु पाए । हे मुनीश्वर ! यसरी जो हुने घटना छन् ती हुन्छन् हुन्छन् ॥ ४१ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तिष्ठ हे नाथ ! हरिं भज सनातनम् ।। शरण्यं सर्वजीवानां निर्वाणपददायकम् ।। ४२ ।।
वाल्मीकिरुवाच—इति निजवनितावचो विशम्य प्रकृतिमुपागतवान् सुदेवशर्मा ।। हृदि हरिचरणाम्बुजं निधाय झटिति जहौ शुचमात्मजाद्भवित्रीम् ।। ४३ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने सुदेवप्रतिबोधो नाम षोडशोऽध्यायः ।। १६ ।।

यसकारण हे नाथ ! उठ्नुहोस्, समस्त प्राणीहरूले शरण लिइने, मोक्ष पद दिने सनातन हरिको भजन गर्नुहोस् ।। ४२ ।।
वाल्मीकिले भन्नुभयो—आफ्नी पत्नीको यस्तो वचन सुनेर सुदेव शर्मा पहिले जस्तै स्वस्थ भए। तब हृदयमा हरिका चरणकमललाई राखेर छोराबाट पछि हुने शोक तुरुन्तै त्यागिदिए ।। ४३ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण-नारदसंवादे दृढधन्वोपाख्याने सुदेवप्रतिबोधो नाम षोडशोऽध्यायः ।। १६ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्तदशोऽध्यायः

नारद उवाच ।। ततः किमभवत्तस्य प्रबुद्धस्य महीपतेः ।। तन्मे वद कृपासिन्धो शृण तां पापनाशनम् ।। १ ।। श्रीनारायण उवाच ।। स्वकीयचरितं श्रुत्वा प्राक्तनं चकिताननम् ।। राजानं पुनरेवाह बाल्मीकिः श्रवणोत्सुकम् ।। २ ।। बाल्मीकिरुवाच—इति ताः शीतला वाचः समाकर्ण्य प्रियामुखात् । सुदेवो धैर्यमालम्ब्य हरौ चित्तमधारयत् ।। ३ ।। निश्वस्य दीनवदनो यद्भाव्यं तद्भविष्यति ।। इति निश्चित्य मनसा पुष्पाद्यर्थं वनं ययौ ।। ४ ।। एवं कृतवतस्यस्य क्रियान्

नारदजीले भन्नुभयो---त्यसरी पूर्वजन्मको वृत्तान्त बोध गराइएका ती राजाको अनि के भयो ? ।।१।। श्रीनारायणले भन्नुभतो—पूर्वजन्ममा भएको आफ्नू चरित्र सुनेर चकित चेहरा भएका, अझ अगाडि सुन्न उत्सुक ती राजालाई बाल्मीकिले फेरि पनि भने ।। २ ।। बाल्मीकिले भने—आफ्नी प्रियाका मुखबाट यस्ता ती शीतल वचन सुदेवले धैर्य धारण गरेर हरिमा चित्त लगाए ।। ३ ।। निन्याउरो मुख लाएका ती सुदेवले खुय्य गरेर 'जो हुने हो, त्यो हुन्छ नै मनले यस्तो निश्चय गरेर फूल समिधा आदिका लागि बन गए ।। ४ ।। यस्तै किसिमले हरिका भजन गर्दागर्दै तिनका आज भोलि गरेर कैयन् समय गयो । यस्तैमा कुनै दिन सुदेवजी मनले हरिका चरणकमलको ध्यान गर्दै समिधा कुश फल आदिका लागि जंगलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालो गतः क्रमात् ॥ समित्कुशफलाद्यर्थं कदाचित् काननं ययौ ॥५॥ सुदेवो मनमा ध्यायन् हरेः पादसरोरुहम् ॥ तस्मिन्नेव दिनेऽगच्छद्वापीं सुनुः सुहृद्वृतः ॥ ६ ॥ प्रविश्यवापीं चिक्रोडे वयस्यैः सहवारिणि ॥ जलयन्त्रैः क्षिपन् वारि बालकेषु स्मरन्मुहुः ॥ ७ ॥ जले क्रीडां मुहुः कुर्वन् ग्रीष्मे मोदमुपाययौ ॥ एवं सर्वेषु वालेषु क्रीडत्सु प्रेमनिर्भरम् ॥ ८ ॥ स पलायनमन्विच्छत् सुहृद्वर्गभयाद्द्रुतम् ॥ ९ ॥ विधिना नोदितस्तत्र नियम्य श्वाशमात्मनः ॥ ममज्जागाधतनयोऽसौ वञ्चयन्नात्मनः सखीन् ॥१०॥ तत्राद्धा व्याकुलीभूथ ततो निर्गन्तुमुन्मनाः ॥ सुहसा मृतिमापन्नः

गएका थिए । त्यस्तै दिन तिनको छोरो आफ्ना साथीहरूका साथ पोखरीमा गयो ॥५-६ ॥ पोखरीमा पसेर पानीमा आफ्ना समान उमेरका साथीहरूका साथ जलयन्त्रहरूले अरू वालक साथीहरूमा पानी छेप्तै घरि-घरि [मुस्कुराउँदै हाँस्तै खेल्दथ्यो ॥ ७ ॥ ग्रीष्म ऋतुमा बराबर पानीमा क्रोडा गरिरहँदा असाध्य आनन्द पायो । प्रेममा मग्न भएर यसरी सबै बालकहरू खेल्दाखेल्दै ॥ ८ ॥ हुन दपाउने खेलमा मित्रहरूले छोलान् भन्ने भयले चाँडै नै त्यो शुकदेव भाग्य चाह्यो ॥९॥ त्यहाँ भाग्यले घचेडिएको छँदो आफ्नू सास रोकेर पानीमा आफ्ना साथीहरूलाई छक्याउँदै उ डुब्यो ॥ १० ॥ त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमारोऽगाधवारिणि ॥ ११ ॥ जलादनिर्गतं वीक्ष्य सर्वे चकितमानसाः ॥ समानवयसः सर्वे हाहा
कृत्वा प्रधाविताः ॥ १२ ॥ गौतम्यै कथयामासुर्दुःखशोकपरायणाः ॥ वज्रपातसमां वाचं बालानाम-
नतिप्रियाम् ॥ १३ ॥ श्रुत्वा भूमौ पपाताशु गौतमी पुत्रवत्सला ॥ एतस्मिन्नेव समये वनाद्विप्रः
समाययौ ॥ १४ ॥ निशम्य पुत्रमरणं त्वष्टैवात्रापदद्भुवि ॥ तत उत्थाय तौ विप्रदम्पती वापिकां
गतौ ॥ १५ ॥ मृतं पुत्रं समालिङ्गय स्वाङ्के कृत्वा कलेवरम् ॥ सदेवः पुत्रवदनं चुचुम्ब च मुहुर्मुहुः
॥ १६ ॥ ततः स्वाङ्के स्थितं पुत्रं मृतं वाक्षन् मुहुर्मुहुः ॥ स रुदन्विलपन्नेव गद्गदाश्रुपूरितास्

डुब्नेबित्तिकै व्याकुल भएर त्यहाँबाट निस्कन चाहने उ कुमार त्यस गहिरो पानीमा माथि आइनपुग्दै एकाएक मऱ्यो ॥११॥
उसलाई जलबाट ननिस्केको देखेर सबै छक्क परे। अनि सबै साथीहरू आफ्रै आफ, हाय-हाय गर्दै दौडे ॥ १९ ॥ ठूलो
शोकले पिरिएका ती बालकहरूले गएर गौतमीलाई त्यो खबर भनिदिए। बालकहरूको अत्यन्त अप्रिय मानो वज्रपात जस्तो
त्यो कुरो ॥ १३ ॥ सुनेर छोरोलाई औधि प्यारो गर्ने गौतमी तुरुन्तै भुइँमा पछारिइन्। त्यत्ति नै खेर वनबाट सुदेव ब्राह्मण
पनि आइपुगे ॥ १४ ॥ एकाएक छोराको मरण सुनेर-पुत्रपुत्रको मरण सुनेर उनको बाबु-त्यस्तै झैं भुइँमा पछारिए। त्यसपछि
बाद उठेर ती बाहुनका दम्पती पोखरीमा गए ॥१५॥ उहाँ पुगेर पोखरीबाट निकालिएको त्यो मरेको छोरोलाई अंकमाल गरेर,
त्यो लाशलाई काखमा राखेर सुदेवले छोराको मुखमा बराबर म्वाइँ खाए ॥१६॥ तब काखमा रहेको मरेको छोरालाई घरि-घरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ १७ ॥ सुदेव उवाच—वद पुत्र शुभां वाणीं मम शोकविनाशिनीम् ॥ शीतलां ललितां वत्स मनसो मोदमावद ॥ १८ ॥ विहाय पितरौ वृद्धौ न त्वं गन्तुमिहार्हसि ॥ वत्साह्वयति सन्मित्रं वेदाध्ययनहेतवे ॥ १९ ॥ मुदाऽऽह्वयत्युपाध्यायस्त्वामध्यापनहेतवे ॥ तूर्णमुत्तिष्ठ हे पुत्र ! कथं सुप्तोऽसि साम्प्रतम् ॥२०॥ त्वां विहाय न गच्छामि गृहे किं मे प्रयोजनम् ॥ शून्यारण्यमिवाद्यैव त्वदृते सदनं मम ॥ २१ ॥ वनेऽपि नैव गच्छामि गमने किं प्रयोजनम् ॥ फलमूलप्रियस्त्वं चेन्नोत्तिष्ठसि ममाग्रतः ॥ २२ ॥ न मया चरितम् गर्ह्यं ब्रह्महत्याऽपि नो कृता ॥ केन कर्मविपाकेन

हेर्दै उनले रुँदै, विलाप गर्दै घुंक्घुंकिएर भने ॥ १७ ॥ सुदेवले भने—हे पुत्र ! मेरो शोक नाश गर्ने शीतल सुन्दर असल वचन बोल, हे बाबु ! मेरो मनलाई प्रसन्न पार ॥१८॥ बूढा बाबु-आमालाई यहीं छोडेर तिमी परलोक जान योग्य छैनौ । हे बाबु ! तिम्रो प्यारो साथी वेद पढ्नका लागि बोलाइरहेको छ ॥ १९ ॥ तिमीलाई पढाउने उपाध्यायजी खुशी भएर बोलाउनुन्छ, हे पुत्र ! चाँडै उठ ! यस वेला किन सुतिरहेका छौ ॥ २० ॥ तिमीलाई छोडेर म जान्नँ, घरमा मेरो के प्रयोजन छ ? तिमीले छोडिएको मेरो घर आजदेखि शून्य जङ्गल जस्तै भएको छ ॥ २१ ॥ फल, मूल प्रिय मान्ने तिमी यदि मेरो अगाडि उठ्तौन भने वनमा पनि म अब जाँदै जान्न, गएरै पो के मतलब छ र ! ॥ २२ ॥ मैले कुनै निन्दित काम गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रो मे निधनं गतः ॥ २३ ॥ अहो धातः किमेतावत्फलं लब्धं त्वया महत् ॥ लोचनं मम दीनस्य वृद्धस्याकृष्य निर्दय ! ॥ २४ ॥ निर्धनस्य धनं बालं दम्पत्योरवलम्बनम् ॥ हरतस्ते कथं लज्जा जायते नहि कुत्रचित् ॥ २५ ॥ सर्वत्र सदयस्त्वं वै मयि निर्दयतां गतः ॥ कथमित्यन्यथा भावो मम भाग्यवशादहो ॥ २६ ॥ कुत्राहं शोधयाम्यद्य पुत्रं प्रकृतिसुन्दरम् ॥ द्रक्ष्ये तवाननं कुत्र पुत्र चारु सुलोचनम् ॥ २७ ॥ पर्जन्यः स्रवते वारि सुते धान्यं वसुन्धरा ॥ गिरयो रत्नजातानि मुक्तासारं पयोनिधिः ॥ २८ ॥ न तं देशं प्रपश्यामि यत्र पुत्रं मृतं लभेत् ॥ यद्गात्रं तु

छैन, ब्रह्महत्या पनि गरेको छैन, कुन त्यस्तो दुष्कर्मको फलले मेरो छोरो मर्दो भो ॥ २३ ॥ हे ब्रह्माजी ! म बूढो दुःखीको आँखा नोचेर हे निर्दयी ! तिमीले के यस्तो ठूलो फल पायौ ? ॥२४॥ निर्धन गरीबको धन हामी पति-पत्नीको अवलम्ब (भरोसा) बालकलाई हरण गर्नें तिमीलाई के त्यै लाज लाग्दैन ! ॥ २५ ॥ तपाईं जतातत्तै दयालु हुन्नहुन्छ, ममा मात्र निर्दयी निष्ठुर हुनुभयो किन यस्तो उल्टो भयो ! अहो ! यो मेरो भाग्यले गर्दा नै भएको हो ॥ २६ ॥ स्वभावैले सुन्दर छोरालाई आज म कहाँ खोजूँ, हे छोरा ! तिम्रो मुख र सुन्दर आँखा कहाँ देखुँला ॥ २७ ॥ मेघले पानी पार्छ, पृथिवी धान उब्जाउँछ, पर्वतहरू नाना जातका रत्न दिन्छन् र समुद्र मणि मोती दिन्छ ॥ २८ ॥ तर जहाँ मरेको छोरो मिलोस् त्यो देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समालिङ्ग्य हृद्गतं तापमुत्सृजेत् ॥ २९ ॥ हे वत्स त्वं सकृद्वाचं श्रावयाशु दयां कुरु ॥ विलपत्यति
ते माता कुररीव गतत्रपा ॥३०॥ तां दृष्ट्वा तु कथं पुत्र दया नोत्पद्यते तव ॥ अननुज्ञाप्य पितरौ
 न कदापि भवान् गत ॥ ३१ ॥ आवामपृष्ट्वा किं दीर्घमार्गं यायोऽसि पत्रक ॥ वेदाध्ययनतद्वाणीं
 कस्य श्रोष्यामि सम्प्रतम् ॥ ३२ ॥ त्वामनुस्मरतो वत्स कलावाक्यं मनोहरम् ॥ शतधा दीर्यते
नोऽद्य ह्यायसं हृदयंमम ॥ ३३ ॥ मन्ये सुधन्यं किल कोसलेन्द्र ! यः कानने दाशरथौ प्रयाते ॥
दधार नोऽसून्सुततापदग्धो धिङ्मा सुतस्य प्रलयेऽप्यनष्टम् ॥ ३४ ॥ गोविन्द विष्णो यदुनाथ नाथ

देखितनँ, जसको शरीरलाई आलिंगन गरेर हृदयको ताप त्यागियोस् ॥ २९ ॥ हे बाबू ! तिमी एकैपल्ट भएर पनि चाँडै बोली सुनाऊ, दया गर लाज-शर्म त्यागेर न्याउलो झैं तिम्री आमा अत्यन्तै विलाप गरिरहेकी छ ॥ ३० ॥ हे पुत्र ! उमलाई देखेर पनि कसरी तिमीलाई दया उत्पन्न हुँदैन ? बाबु आमालाई नसोधी कहिल्यै कतै जाँदैनथ्यौ ॥३१॥ हे बाबू ! हामीलाई नसोधीकन नै किन अहिले लामो बाटो गएका हौ ? अब म वेद पढेको मीठो वाणी कसको सुनूँ ! ॥३२॥ हे बाबू ! तिमीलाई र तिम्रो मनोहर कलकलाउँदो कुरो संझँदा फलामले बनेको मेरो हृदय सय टुक्रा भएर आज फुटिरहेको छैन ॥३३॥ हे कोशलेन्द्र
 दशरथ ! म तपाईंलाई साँचै नै धन्य ठान्दछु, जो कि रामचन्द्र वन जाँदा छोराका तापले डढेका तपाईंले प्राण धनु भएन ।
तर छोरो मर्दा पनि नमर्ने मलाई धिक्कार छ ॥ ३४ ॥ हे गोविन्द ! हे यदुनाथ, हे स्वामी, हे रुक्मिणीका प्राणपति ! हे दुःखीमाथि दया गर्ने, हे दयालु भगवान् ! छोराको शोकरूप तापले तातेको अर्थात् डढेको मलाई रक्षा गर्नुहोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीरुक्मिणप्राणपते मुरारे ॥ दीनानुकम्पिन् भगवन्दयालो मां पाहि पुत्रानलतापतप्तम् ॥ ३५ ॥ देवाधिदेवाखिललोकनाथ गोपाल गोपीश रथाङ्गपाणे ॥ कलिन्दकन्याविषशोषहारिन् मां पाहि पुत्रानलतापतप्तम् ॥ ३६ ॥ वैकुण्ठ विष्णो नरकासुरारे चराचराधार भवाब्धिपोत ॥ ब्रह्मादिदेवानतपादपीठ मां पाहि पुत्रानलतापतप्तम् ॥ ३७ ॥ शठो मदन्यो भविता न कोऽपि यो देवकीसूनुवचो विलङ्घ्य ॥ पुत्रे दुराशां कृतवान भाग्यो लभेत कोऽदृष्टविनष्टवस्तु ॥ ३८ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने सुदेवविलापो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

हे देवताहरूका अधिदेव, हे समस्त लोकका स्वामी, हे गोपाल, हे गोपीश, हे रथाङ्गपाणि, (भीष्ममाथि जाइलाग्दा रथको चक्र हातमा लिने) हे कालिन्दीकी कन्या यमुनाको विषरूपी दोष (खरावी) नाश गर्ने ! हे भगवन्, छोराको सन्तापरूप तापले डढेको मलाई रक्षा गर्नु होस् ॥ ३५-३६॥ हे वैकुण्ठ–हे विष्णु, हे नरकासुरका शत्रु, हे चर-अचरका आधार, हे संसाररूपी समुद्रका जहाज, हे ब्रह्मा आदि देवताहरूले पनि पैतालाकाको मामापट्टि ढोगिने हे प्रभु, छोराको विरहरूपी अग्निका रापले खारिएको मलाई रक्षा गर्नु होस् ॥ ३७ । म बाहेक कोही पनि अर्को शठ हुनेछैन, जसले देवकीका पुत्रको वचन नटेरेर छोरामा दुराशा गरें अर्थात् छोरो पाउँ भन्ने खराब आशा राखें, हरे राम, कुन अभागीले भाग्यले नै नाश गरेको वस्तु अर्थात् भाग्यमा नभएको चीज पाउला ॥ ३८ ॥

इति श्रीबृह० पुरु० नारा० सत्रौं अध्याय सकियो ॥ १७ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ अष्टादशोऽध्यायः

नारद उवाच—दृढधन्वमहीपालं किमुवाच ततः परम् ॥ वाल्मीकिर्भगवान्साक्षात्तद्वदस्व तपोनिधे ॥ १ ॥ श्रीनारायण उवाच—दृढधन्वा स राजर्षि श्रुत्वा प्राक्तनमात्मनः ॥ सविस्मयः
 समापृच्छद्वाल्मीकिं मुनिसत्तमम् ॥ २ ॥ दृढधन्वोवाच—ब्रह्मंस्तव वचो रम्यं सुधाकल्पं नवं नवम् ॥
पीत्वा पीत्वा न तृप्तोऽस्मि भूयो वद ततः परम् ॥ ३ ॥ वाल्मीकिरुवाच—एवं विलपतस्तस्य विप्रस्य जगतीपते ॥ अकालजलदोऽभ्यागाद्गर्जयंश्च दिशो दश ॥ ४ ॥ ववौ वायुः खरस्पर्श कम्प यन्निव पर्वतान् ॥ बृहल्लसन्महाविद्युत्स्वनेनापूरयन् दिशः ॥ ५ ॥ यावन्मास ववर्षैव मही पूर्णजला·

नारदले भने—हे तपोनिधि, त्यसका बाद साक्षात् भगवान् वाल्मीकिले दृढधन्वा महाराजलाई के भन्नुभयो ? त्यो आज्ञाहोस् ॥१॥ श्रीनारायणले भन्नुभयो—ती राजर्षि दृढधन्वाले आफ्नू पूर्वजन्मको वृत्तान्त सुनेर आश्चर्य हुँदै मुनिहरूमा श्रेष्ठ वाल्मीकिलाई सोधे ॥ २ ॥ दृढधन्वाले भने—हे ब्रह्मन्, तपाईंका नयाँ नयाँ राम्रा अमृतजस्ता वचन बारम्बार पिएर पनि म तृप्त भएको छैन, हे मुनि, फेरि त्यसदेखि परतिरको घटना कहिबक्सियोस् ॥ ३ ॥ वाल्मीकिले भयो—हे राजन्, ती ब्राहुनले यस किसिमले विलाप गर्दागर्दै बेसमयमै पानी दर्काउने बादल दशैदिशा गर्जाउँदै आयो, अर्थात् कालो बादलले गड्याङ र गुड्ड गर्द आकाश ढाक्यो ॥ ४ ॥ मानो पहाडलाई नै हल्लाउला कि जस्तो रुखे आँधीवाला बतास बह्यो । बेसरी चम्केको बडे-बडे बिजुलीका आवाज चट्याङ्ले दशै दिशा भर्दै ॥ ५ ॥ बाह्रत महीनाभरि नै बर्षो र पृथ्वी पानी-पानीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऽभवत् ॥ नासौ विज्ञातवान् किञ्चित्पुत्रशोकाग्नितापितः ॥ ६ ॥ न पपौ बुभुजे चैव पुत्र पुत्र इति ब्रुवन् ॥ एवं विलपतस्तस्य मासो यो विगतस्तदा ॥७॥ श्रीकृष्णवल्लभो मासः सोऽभवत्पुरुषोत्तमः ॥ अजानतोऽपि तस्यासीत्पुरुषोत्तमसेवनम् ॥ ८ ॥ तेनात्यन्तप्रसन्नः सन् प्रादुरासीद्धरिः स्वयम् ॥ नवीनजलदश्यामो वनमालाविभूषितः ॥ ९ ॥ प्रादुर्भूते जगन्नाथे विलीना घनराजयः ॥ ततो ददर्श विप्रोऽसौ श्रीकृष्णं पुरुषोत्तमम् ॥ १० ॥ सहसाङ्कगतं पुत्रदेहं भुवि निधाय च ॥ सपत्नीको नमश्चक्रे दण्डवच्छ्रीहरिं मुदा ॥ ११ ॥ बद्धाञ्जलिपुटो भूत्वा संस्थितः श्रीहरेः पुरः ॥ श्रीकृष्ण एव

भरियो । तैपनि पुत्रको शोकरूपी अग्निले डढेका ती ब्राहुनले, रुझेको पानीले, चुटिएको क्यै थाहा पाएनन् ॥६॥ खान-पिन नै छोडेर हाय छोरा, हाय छोरा ! यति मात्र भन्दै त्यस्तरी विलाप गर्ने भएका ती ब्राहनको त्यस बेला जो महीना बित्यो ॥ ७ ॥ त्यो श्रीकृष्णको अत्यन्तै प्यारो पुरुषोत्तम महीना परेको थियो । पुरुषोत्तम भनेर थाहै नपाएका पनि उनको महीनाभर नै नखाए-नपिएको र रुझेको हुनाले त्यत्तिकैले पुरुषोत्तमको सेवा भैहाल्यो ॥ ८ ॥ त्यसरी पत्तै नपाई हुन गएको पुरुषोत्तमको सेवाले अत्यन्त प्रसन्न हुँदै नयाँ मेघ जस्ता श्यामवर्ण भएका, वनमालाले शोभिएका हरि भगवान् स्वयम् सामने प्रकट हुनुभयो ॥९॥ जगत्का नाथ हरिभगवान् प्रकट भएपछि मेघसमूह हरायो । त्यसका बाद ती ब्राहुनले पुरुषोत्तम श्रीकृष्ण भगवान्लाई देखे ॥१०॥ तब हत्तपत्त काखमा रहेको लाश शरीरलाई भूईंमा राखेर पत्नीसहित भै श्रीहरिभगवान्लाई खुशी भएर साष्टांग दण्डवत् गर्दै ढोगे ॥ ११ ॥ 'श्रीकृष्ण नै मेरो शरण हुनुहोस्' यस्तो चिताउँदै हात जोडेर श्रीहरिको अगाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरणं ममास्त्विति विचिन्तयन् ॥ १२ ॥ भगवानपि तुष्टः सन् पुरुषोत्तमसेवनात् ॥ अवोचन्मधुरां वाणीं बृहत्पीयूषवर्षिणीम् ॥ १३ ॥ श्रीहरिरुवाच—भो भो सुदेव धन्योऽसि भाग्यवान् साम्प्रतं भवान् ॥ त्वद्भाग्यं वर्णितुं को वा समर्थो भुवनत्रये ॥ १४ ॥ शृणु वत्स प्रवक्ष्येऽहं यत्ते भावि तपोधन ॥ द्वादशाब्दसहस्रायुः पुत्रस्ते भविता द्विज ॥ १५ ॥ अतः परं न सन्देहस्तव पुत्रोद्भवे सुखम् ॥ मयाऽयं ते सुतो दत्तः प्रसन्नेन द्विजोत्तमम् ॥१६॥ तव पुत्रसुखं दृष्ट्वा देवगन्धर्वमानवाः॥ संस्पृहास्ते भविष्यन्ति प्रसादान्मे द्विजोत्तम ॥ १७ ॥ अत्र ते कथयिष्यामि इतिहासं पुरातनम् ॥

उभिए ॥१२॥ भगवान् पनि पुरुषोत्तमको सेवाले प्रसन्न हुनुभएका छँदो खूब अमृत वर्षण अर्थात् अति आनन्द लाग्ने मधुर वाणी बोल्नुभयो ॥ ३ ॥ श्रीहरिले भन्नुभयो—भो भो सुदेव ! तिमी धन्य छौ, यस बेला तिमी भाग्यमानी छौ । तिम्रो भाग्यको वर्णन गर्न तीनै भुवनमा को समर्थ होला ॥ १४ ॥ हे तपोधन, तपस्या नै धन हुने वत्स बाबू ! अब उप्रान्त जो तिम्रो हुनेवाला छ, त्यो म भन्छु, सुन—हे ब्राह्मण द्योता ! तिम्रो छोरा बाह्र हजार वर्ष आयु भएको हुनेछ ॥१५॥ अब उप्रान्त तिमीलाई पुत्रबाट हुने सुखमा कुनै सन्देह छैन । हे उत्तम ब्राह्मण ! प्रसन्न भएको मैले तिमीलाई यो छोरो दिएँ ॥ १६ ॥ हे द्विजोत्तम ! मेरो कृपाले भएको तिम्रो पुत्र-सुखलाई देखेर द्योता-गन्धर्व-मनुष्य सबै ती 'अहो ! यस्तै भए पो' भन्ने इच्छा गर्नेवाला हुनेछन् ॥ १७ ॥ यस विषयमा म तिमीलाई पहिले मार्कण्डेय मुनिले रघु राजालाई भनेको पुरानू इतिहास कहन्छु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्कण्डेयेन मुनिना पुरा प्रोक्तं रघुं नृपम् ॥ १८ ॥ पुरा मुनीश्वरः कश्चिद्धनुर्नामा महामनाः ।
पश्यन् पुत्राधिनिर्दग्धान् लोकान् दीनमना अभूत् ॥ १९ ॥ अमरं पुत्रमन्विच्छँस्तपस्तेते सुदारुणम् ॥
सहस्राब्दे गते काले देवास्तमब्रुवन्मुनिम् ॥ २० ॥ वरं वरय भद्रं तं यस्ते मनसि वाञ्छितः ॥
प्रसन्नाः स्मो वयं सर्वे तीव्रेण तपसा तव ॥ २१ ॥ श्रीनारायण उवाच—इति देववचः श्रुत्वा
सुतृष्टोऽमृतसन्निभम् ॥ वव्रे तपोधनः पुत्रममरं बुद्धिशालिनिम् ॥ २२ ॥ तमूचुर्निर्जराः सर्वे नैवं
भूतोस्ति भूतले ॥ पुनराह मुनिर्देवान्निमित्तायुर्भवत्विति ॥ २३ ॥ सुराः प्रोचुर्निमितं किं वद

॥ १८ ॥ उहिले कुनै समयमा उदार मन भएका धनु नामका कुनै मुनीश्वर-सन्तानबाट हुने मनको पीरले पिलिएका मनुष्य-हरूलाई देख्दा-खिन्न मनका भए ॥ १९ ॥ र मर्दै नमर्ने छोरो चाहँदै कठिन तपस्या गरे । त्यसरी तप गर्दागर्दै हजार वर्षको समय बितेपछि देवताहरूले ती मुनिलाई भने—॥२०॥ हे मुनि ! तिम्रो कठिन तपस्याले हामी सबै प्रसन्न छौं । तिम्रो मनमा जो इच्छा छ, त्यो कल्याणकारी वर माँग ॥ २१ ॥ श्रीनारायणले भन्नुभयो—यस किसिमको अमृततुल्य द्यौताहरूको वचन सुनेर तृप्त भएका तपस्वी धनु मुनिले अत्यन्त बुद्धिमान कहिले मर्दै नमर्ने छोरो माँगे ॥ २२ ॥ तब सबै देवताहरूले उनलाई पृथ्वीतलमा यस्तो पुत्र भएको छैन भने । अच्छा, त्यसो भए 'निमित्त आयुवाला होस् त' भनी मुनिले द्यौताहरूलाई फेरि भने ॥ २३ ॥ द्यौताहरूले 'के निमित्त ?' भन भने । तब ती मुनिले पनि भने—यो ठूलो पर्वत जबसम्म रहन्छ, तबसम्म बाँच्ने आयु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोऽप्यवदन्मुनिः ।। अमौ महान् गिरिर्यिवत्तावदायुर्विधीयताम् ।। २४ ।। एवमस्त्विति सम्पाद्य सेन्द्रा
देवा दिवं ययुः ।। धनुःशर्मा सुतं लेभे कालेनाल्पेन तादृशम् ।। २५ ।। स पुत्रो ववृधे तस्य तारापति·
 रिवाम्बरे ।। प्राप्ते तु षोडशे वर्षे पुत्रं प्राह मुनीश्वरः ।। २६ ।। हे वत्स! मुनयः सर्वे नावज्ञेयाः
 कदाचन ।। शिक्षितोऽपि तथा पुत्रः सोद्वेगानकरोन्मुनीन् ।।२७।। निमित्तायुर्बलोन्मत्तो ब्राह्मणानव·
मन्यते ।। कदाचिन्महिषो नाम मुनिः परमकोपनः ।। २८ ।। पूजयामास विधिना शाल-
ग्रामशीलां शुभाम् ।। तदानीं समागत्य तामादाय त्वरान्वितः ।। २९ ।। चिक्षेप निज-

गरिदिनुहोस् ।।२४।। 'लौ यस्तै होस्' यस्तो भनेर इन्द्रसहितका द्यौताहरू स्वर्ग गए । धनु शर्माले पनि थोरै समयपछि त्यस्तै छोरो प्राप्त गरे ।।२५।। तिनको त्यो छोरो आकाशमा शुक्लपक्षीय चन्द्रमा झैं खटाखट बढ्दै गयो । सोह वर्ष लागेपछि मुनीश्वर धनुले छोरालाई भने ।। २६ ।। हे बाबू ! यी सबै मुनिहरूलाई कहिल्यै पनि कुनै किसिमको पनि अपमान गर्नु हुँदैन नि ! त्यसरी सिकाएको पनि उस छोराले मुनिहरूलाई तङ गरेर चिढ्याउँथ्यो ।। २७ ।। निमित्तवाला आयुको बलले (घमंडले) उन्मत्त भएको उसले ब्राह्मणहरूलाई अपमान गर्दथ्यो । यस्तैमा कुनै बेला महिष नामका अति क्रोधी मुनिले ।। २८ ।। विधि
पूर्वक कल्याणकारी शालिग्राम शिलालाई पूजा गरे । त्यै पूजा गरिरहेकै बेलामा त्यो केटो आएर त्यस शालिग्रामलाई हतपत लिए ।। २९ ।। आफ्नू चकचकेपनले हाँस्तै पानी भरिएको इनारमा फ्याँकिदियो । तब क्रोधले चूर चूर भएका मानो दोस्रो काल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाञ्चल्यात् कूपे पूर्णजले हसन् ।। ततः क्रोधसमाविष्टः कालरुद्र इवापरः ।। ३० ।। शशाव धनुषः पुत्रमद्यैव म्रियतामयम् ।। न मृतं पुत्रमालक्ष्य दध्यौ मनसि कारणम् ।। ३१ ।। निमिच्चायुरयं देवैः कृतोऽयं धनुषः सुतः ।। इति चिन्तापरेणाशु निःश्वासः प्रकटीकृतः ।। ३२ ।। महिषाः कोटिशो जातास्तैर्गिरिः शकलीकृतः ।। तदानीं मृतिमापन्नो मुनिपुत्रोऽतिदुर्मद ।। ३३ ।। धनुः शर्माऽतिदुःखेन विललाप मुहुर्मुहुः ।। विलप्य बहुधा विप्रो गृह्य पुत्रकलेवरम् ।। ३४ ।। प्रविवेश चितावह्नि पुत्रदुःखातिपीडितः ।। एवं हठात् पुत्रा ये न सुखं यान्ति कुत्रचित्

रुद्रै जस्ता ।। ३० ।। ती मुनिले धनुको छोरोलाई 'यो मोरो आजै मरिजाओस्' भनी सरापे । तर धनुको छोरोलाई नमरेको देखेर मनमा के कारण हो भनेर सोचे ।। ३१ ।। ए! यो धनुशर्माको छोरोलाई त द्यौताहरूले निमिच्चायु पो गरेका रहेछन्, यस्तो चिन्ताले पिरिएका ती मुनिले तुरुन्तै लामो सास फेरे ।। ३२ ।। तब त्यो सासबाट करौडौं राँगाहरू उत्पन्न भए, अनि ती राँगाहरूले निमिच्च बनाइएको त्यो पर्वतलाई धूलोपीठो पारिदिए । त्यतिखेरै अति उन्मत्त भएको त्यो धनुमुनिको छोरो मरि पनि हाल्यो ।। ३२ ।। तब धनुशर्मा असाध्यै दुःखी भएर बारम्बार विलाप गर्न लागे त्यसरी अनेक प्रकारले विलाप गरेर ती धनु बाहुनले पुत्रको लाश शरीरलाई साथै लिएर ।। २४ ।। छोराको वियोगरूपी दुःखले असाध्यै पिरिएका उनी चिताको आगोमा प्रवेश गरे अर्थात् साथै जले । यस्ता प्रकारले हठले पुत्र प्राप्त गर्नै जो छन् ती कहीं पनि सुख पाउँदैनन् ।।३५।। हे तपस्वी!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।। ३५ ।। बैनतेयेन यो तत्तस्तनयोऽयं तपोधन ।। तेन ट पुत्रवान् लोके स्पृहणीयो भा.
भविष्यसि ।। ३६ ।। पुरुषोत्तममाहात्म्यात् प्रसन्नेन मयाऽनघ ।। सुचिरं स्थापितोऽयं हि
पु. मा. तनयः सुखदोऽस्तु ते ।। ३७ ।। गार्हस्थ्यमतुलं भुक्त्वा सह पुत्रेण सर्वदा ।। ततस्त्वं ब्रह्मणो भा.
१५३ लोकं गत्वा तत्र महत्सुखम् ।। ३८ ।। दिव्याब्दवर्षसाहस्रं भुक्त्वा गन्तासि भूतले ।। ततो राजा टी.
चक्रवर्ती भविष्यसि द्विजोत्तम ।। ३९ ।। दृढधन्वेति विख्यातः समृद्धबलवाहनः ।। संवत्स- अ.१८
राणामयतं राज्यं भोक्ष्यसि पार्थिवम् ।। ४० ।। अव्याहतबलैश्वर्यमखण्डलपदाधिकम् ।। गौतमोयं

जो यो छोरो गरुडले तिमीलाई दिएका छन्, त्यस पुत्रले तिमी संसारमा प्रशंसनीय छोरोवाला हुनेछौ ।। ३६ ।। हे अनघ ! पापरहित ब्राह्मण ! पुरुषोत्तम भरि तिमी भोकै प्यासै रुझेरै रहेको महिमाद्वारा प्रसन्न भएको मैले तिम्रो यो छोरोलाई धेरै वर्षसम्म बाँचिरहने गराइदिएँ, यो छोरो तिमीलाई सुख दिनेवाला होस् ।। ३७ ।। पुत्रका साथ सधैँभरि गृहस्थीको अतुल सुख भोगेर त्यसपछि तिमी ब्रह्मलोकमा गएर उहाँ पनि ठूलो सोख ।।३८।। द्यौताहरूको वर्षले हजार वर्षसम्म भोगेर फेरि पृथ्वी- १५३
तलमा जानेछौ । हे द्विजोत्तम ! तब उहाँ चक्रवर्ती राजा हुनेछौ ।। ३९ ।। र (दृढधन्वा) भन्ने यस नामले प्रसिद्ध तिमी बल र वाहनले ठव्व भएर दश हजार वर्षसम्म इन्द्रको पदभन्दा पनि अधिक शक्तिशाली, कसैले रोकटोक नगरिने बल र ऐश्वर्यले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्राङ्गार्धहारिणी महिषी तदा ॥ ४१ ॥ पतिसेवारता नित्यं नाम्ना च गुणसुन्दरी ॥ चत्वारस्ते
सुता भाव्या राजनीतिविशारदाः ॥ ४२ ॥ कन्यैका च महाभागा सुशीला सुवरानना ॥
भुक्त्वा भोगान् महाभाग ! सुरासुरसुदुर्लभान् ॥ ४३ ॥ कृतार्थोऽहं धरापीठे इत्यज्ञान-
विमोहितः ॥ अतिदुस्तरसंसारविषयाकृष्टमानसः ॥ ४४ ॥ यदा विस्मरसे विष्णुं
संसारार्णवतारकम् ॥ अयं ते तनयो विप्र शुको भूत्वा तदा वने ॥ ४५ ॥ वटवृक्षं समाश्रित्य त्वामेवं
बोधयिष्यति ॥ वैराग्योत्पादकं पद्यं पठन्नेव मुहुर्मुहुः ॥ ४६ ॥ श्रुत्वा वाक्यं शुकप्रोक्तं दुर्मना

युक्त भएको पृथ्वीको राज्य भोग्नेछौ त्यसवेला यी गौतमी तिम्रो अर्धाङ्गिनी पटरानी हुनेछिन् ॥४०-४१ । र नित्यै पतिसेवामा तल्लीन (गुणसुन्दरी) नामकी हुनेछिन् । राजनीतिमा अत्यन्त चतुर चारोटा छोरा तिम्रा हुनेछन् ॥ ४२ ॥ र भाग्यमानी सुशील, ठूला-ठूला आँखा गरेकी राम्री यौटी छोरी पनि हुनेछ । हे भाग्यमानी ब्राह्मण ! द्यौता-दानवहरूले पनि बड़ा कठिनले पाइने भोग गरेर ॥ ४३ ॥ पार पाइनसक्नु सांसारिक विषयले मन खिंचिएका तिमी पृथ्वीतलमा म कृतार्थ छु अर्थात् सबै कुराले टञ्च छु भन्ने यस्तो अज्ञानले मक्ख नभएर ॥४४ । संसाररूपी समुद्रबाट पार उतार्ने विष्णुलाई जब बिर्सनेछौ हे ब्राह्मण ! त्यस वेला तिम्रो यो छोरो सुगा भएर वनमा ॥ ४५ ॥ वरको रूपमा आश्रय लिएर तिमीलाई वैराग्य उत्पन्न गराउने श्लोक बार-बार पढ्दै बोध गराउनेछ ॥ ५६ ॥ सुगाले भनेको कुरो सुनेर मन खिन्न पार्दै तिमी धर आउनेछौ । अनि सांसारिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहमेष्यसि ॥ अथ चिन्तार्णवे मग्नं त्यक्त्वा विषयजं सुखम् ॥ ४७ ॥ बाल्मीकि त्वां समागत्य बोधयिष्यति भूसुर ॥ तद्वाक्यैश्छिन्नसन्देहस्त्यक्त्वा लिङ्गं हरेः परम् ॥ ४८ ॥ गमिष्यसि सपत्नीकः पुनरावृत्तिवर्जितम् ॥ वदत्येवं महाविष्णौ समुत्तस्थौ द्विजात्मजः ॥ ४९ ॥ दम्पती तौ सुतं दृष्ट्वा महानन्दो वभूवतुः ॥ सुराः सर्वेऽपि सन्तुष्टा वबृषु कुसुमाकरान् ॥ ५० ॥ ननाम शुकदेवोऽपि श्रीहरिं पितरौ च तौ ॥ गरुडोऽप्यतिसंहृष्टस्तं दृष्ट्वा ससुतं द्विजम् ॥ ५१ ॥ ब्राह्मणश्चकितो भत्वा ननाम श्रीहरिं तदा ॥ बद्धाञ्जलिपुटो विप्रः प्रोवाच जगदीश्वरम् ॥ हृदस्थं संशयं छेत्तुं हर्षगद्-

विषयवाट उत्पन्न सुखलाई त्यागेर चिन्तारूपी समुद्रमा डुबेका तिमीभाठौं ॥४७॥ बाल्मीकि आएर हे ब्राह्मण ! तिमीलाई मोक्ष गराउनेछन् । वाल्मीकिका वाक्यले संशय मेटिएका तिमी यो शरीर त्यागेर फेरि आइरहनु (अनमनु) नपर्ने हरिको परम पदमा पत्नीसहित जानेछौ । महाविष्णुले यस्तो भन्दाभन्दै ब्राह्मणको मृत छोरो जुरुक्क उठ्यो ॥ ४८-४९ ॥ ती पति-पत्नी छोरालाई देखेर अत्यन्त खुशी भए । सन्तुष्ट भएका सबै छोराहरूले पनि फूलका रास वर्षाए ॥ ५० ॥ शुकदेवले पनि श्रीहरिलाई र ती बाबु-आमालाई ढोग्यो । गरुड पनि छोरो सहितका ती ब्राह्मणलाई देखेर असाध्यै खुशी भए ॥ ५१ ॥ सब ब्राह्मले छक्क चकित भएर श्रीहरि भगवान्लाई ढोगे । अनि हात जोडेर उभिएका बाहुनले आफ्नू हृदयमा रहेको संशय मेटाउन हर्षले भरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गदया गिरा ॥ ५२ ॥ चत्वार्यब्दसहस्रमेबमनिशं तप्तं ततो दुष्करं ॥ तत्रागत्य वत्सस्त्वया निगदितं यन्मां हरे कर्कशम् ॥ हे वत्साद्य विलोकितं तव सुतो नैवास्ति नैवास्ति हि ॥ तद्वाक्यं व्यतिलङ्घ्य मे मृतसुतोत्थाने च हेतुं वद ॥ ५३ ॥

इतिबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनाराणनारदसंवादे सुदेवपुत्र जीवनं नामष्टादशोऽध्यायः ॥ १८ ॥

वाणीले जगदीशवहलाई भने ॥५२॥ चार हजार वर्षसम्म नै रात-दिन मैले कठिन तपस्या गरें, हे हरि ! त्यहाँ आएर हे बाबू ! आज मैले तिम्रो निधारमा राम्रोसँग हेरें, तिमीलाई छोरो छैन, पक्कै छँदैछैन भनेर तपाईंले मलाई जो कर्कश वचन भन्नु- भएको थियो, त्यस वचनलाई उल्लंघन गरेर अर्थात् हटाएर मेरो मरेको छोरोलाई ब्युराउनमा के कारण छ, त्यो पनि आज्ञा होस् ॥ ५२ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममास माहात्म्ये श्रीनारायण-नारदसंवादे सुदेवपुत्रजीवननामष्टादशोऽध्यायः ॥१८॥

—*०*—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ उनविंशतितमोऽध्यायः

सूत उवाच—इति ब्रुवाणं प्राचीनं मुनिमाह तपस्विनः ॥ प्रीणयन्निव सद्वाचा नारदो भा.
पु. मा. मुनिसत्तमः ॥ १ ॥ किमुवाचोत्तरं ब्रह्मन् सुदेवं तपसां निधिम् ॥ प्रसन्नो भगवान् विष्णुस्तन्मे ब्रूहि टी.
१५७ तपोनिधे ॥ २ ॥ श्रीनारायण उवाच—इत्यमावेदितो विष्णुः सुदेवेन महात्मना ॥ प्रत्याह प्रीणयन् अ.१९
वाचा भगवान् भक्तवत्सलः ॥ ३ ॥ हरिरुवाच—द्विजराजः ! कृतं यत्ते नैतदन्यः करिष्यति ॥ न
तद्वदेति भवान्नूनं येनाहं तुष्टिमाप्तवान् ॥ ४ ॥ अयं मम प्रियो मासः प्रणतः पुरुषोत्तमः ॥ तत्सेवा

सूतजीले भन्नुभयो—हे तपस्वी हो ! यस्तो भन्ने भएका प्राचीन मुनि नारायणलाई मुनिहरूमा श्रेष्ठ नारदजीले राम्रो
वाणी खुशीले पार्ने झैं गरी ॥ १ ॥ हे ब्रह्मन् ! तपस्याका खानि सुदेवलाई प्रसन्न भगवान् विष्णुले के उत्तर दिन्नुभयो !
१४ हे तपोनिधि ! त्यो मलाई कहनुहोस् ॥ २ ॥ श्रीनारायणले भन्नुभयो—महात्मा सुदेवले यसरी बिन्ती गरिएका भक्तका वत्सल १५७
भगवान् विष्णुले वचनले मुग्ध पार्दै जवाव दिनुभयो ॥ ३ ॥ हरिले भन्नुभयो—हे ब्राह्मण श्रेष्ठ ! तिमीले जो गऱ्यौ त्यो अरूले
गर्न सक्तैन । जुन कुराले म खुशी भएँ, त्यो तिमी निश्चय नै जान्दैनौ ॥ ४ ॥ मेरो प्यारो यो पुरुषोत्तम महीना भर्खरै गयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ते समाजानि शोकमग्नस्य सस्त्रियः ।। ५ ।। एकमत्युपवासं यः करोत्यस्मिंतपोनिधे ।। असावनन्तापापानि भस्मीकृत्य द्विजोत्तम ।। सुरयानं समारुह्य वैकुण्ठं याति मानवः ।। ६ ।। मासमात्रं निराहारो ह्यकाखजलदागमाद् ।। त्रिषु कालेषु ते स्नानं सञ्जातं प्रतिवासरम् ।। ७ ।। अभ्रस्नानं त्वया लब्धं मासमात्रं तपोधन ।। उपवासाश्च ते जातास्तावन्मात्रमखण्डिताः ।।८।। शोकसागरमग्नस्य पुरुषोत्तमसेवनम् ।। अजानतोऽपि सञ्जातं चेतनारहितस्यते ।।९।। त्वदीयसाधनस्यास्य प्रमाणं किं करिष्यति ।। एकतः सावधान्येव वेदोक्तानि च यानि वै ।।१०।। तानि सर्वाणि संगृह्य ह्येकतः पुरुषोत्तमः ।। तत्सेवा

स्त्रीसहित शोकमा डुबेका तिमीद्वारा त्यस पुरुषोत्तमको सेवा गरियो ।। ५ ।। हे तपोनिधि ! यस पुरुषोत्तम महीनामा जो जन यौटै पनि उपवास गर्छ, हे ब्राह्मण श्रेष्ठ ! उ मानिस असंख्य पापहरूलाई भस्म पारेर विमानमा चढी वैकुण्ट जान्छ ।। ६ ।। तिम्रो त एक महीनै नखाएर नै बित्यो बेसमयमै पानी बर्सिदिनाले रोजै तीनै काल नै तिम्रो स्नान पनि भयो ।। ७ ।। हे तपोधन ! महीनाभरि नै तिमीले अभ्रस्नान अर्थात् दर्कैको पानीमै न्वाहुन पायौ । त्यत्तिकै नै अर्थात् महीनाभरि नै एक दिन पनि खण्डित नभैकन उपवास पनि भए ।। ८ ।। शोकरूपी समुद्रमा डुब्नाले होश हराएका तिमीद्वारा थाहै नपाईकन नै पुरुषोत्तमको सेवा पनि गरियो ।।९।। तिम्रो यस साधनाको प्रमाण (यत्ति भन्ने निश्चय) कसले गर्न सक्ला ? अघि एकपल्ट ब्रह्माजीले तराजूको एकापट्टिको पलडामा वेदमा बताइएका जति-जति साधनहरू छन् ती सबैलाई र एकापट्टिको पलडामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तोलयामास सन्निधौ चतुराननः ॥ ११ ॥ लघून्यन्यानि जातानि गुरुश्च पुरुषोत्तमम् ॥ तस्मा-
द्भूमिस्थितैर्लोकैः पूज्यते पुरुषोत्तमः ॥ १२ ॥ पुरुषोत्तममासस्तु सर्वत्रास्ति तपोधन ॥ तथापि पृथिवी-
लोके पूजितः सफलो भवेत् ॥ १३ ॥ तस्मात् सर्वात्मना वत्स भवान् धन्योऽस्ति साम्प्रतम् ॥
यदस्मिंस्तप्तवानुग्रं तपः परमदारुणम् ॥ १४ ॥ मानुषं जन्म सम्प्राप्य मासे श्रीपुरुषोत्तमे ॥ स्नान-
दानादिरहिता दरिद्रा जन्मजन्मनि ॥ १५ ॥ तस्मात् सर्वात्मना सेव्यो मत्प्रियः पुरुषोत्तमः ॥ स मे
वल्लभतां याति धन्यो भाग्ययुतो नरः ॥१६॥ श्रीनारायण उवाच—एवमुक्त्वा हरिः शीघ्रं जगाम

पुरुषोत्तम जम्मा गरेर अर्थात् राखेर द्यौताहरूको सामुमा तौलेका थिए ॥१०–११॥ अरू सबै हलौं भए, पुरुषोत्तमचाहिं भारी भयो
त्यसैकारण, पृथ्वीतलमा रहेका मनुष्यहरूले पुरुषोत्तम पूजिन्छन् ॥ १२ ॥ हे तपस्वी ! पुरुषोत्तम महीना त सबै ठाउंमा हुन्छ,
तापनि पृथ्वीतलमा पूजियो भने सफल हुन्छ ॥ १३ ॥ त्यसकारण ! हे बाबू ! हरतरहले तिमी यतिखेर धन्य छौ, जो कि यस
पुरुषोत्तम महीनामा अत्यन्त कठिन उग्र तपस्या गर्‍यौ ॥ १४ ॥ मनुष्य जन्म पाएर श्रीपुरुषोत्तम महीनामा स्नान, दान
नगर्नेहरू जन्म-जन्ममा दरिद्री हुन्छन् ॥१५॥ त्यसकारण तनमनले मेरो प्रिय पुरुषोत्तमको सेवा गर्नुवर्छ । जो पुरुषोत्तमको सेवा
गर्छ त्यो मानिस मेरो प्रियपात्र हुन्छ र त्यो भाग्यमानी मानिस धन्य हो ॥१६॥ श्रीनारायणले भन्नुभयो—हे मुनि ! सुदेव-

टि.ज. ९२६१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगदीश्वरः ॥ वैनतेयं समारुह्य वैकुण्ठममलं मुने ॥१७॥ सपत्नीकः सुदेवस्तु मुमुदेऽहर्निशं भृशम् ॥ मृतोत्थित शुकं दृष्ट्वा पुरुषोतमसेवनात् ॥ १८ ॥ अजानतो ममैवासीत्पुरुषोत्तमसेवनम् ॥ तदेव सफलं जातं येन पुत्रो मृतोत्थितः ॥ १९ ॥ अहो एतादृशो मासो नैव दृष्टः कदाचन ॥ इत्येवं विस्मयाविष्टस्तं मासं समपूजयत् ॥ २० ॥ तेन पत्रेण मुमुदे सपत्नीको द्विजोतमः ॥ पितरं नन्दयामास शुकदेवोऽपि सत्कृतेः ॥ २१ ॥ स्तुवन् मासं च विष्णुं च पूजयामास सादरम् ॥ कर्ममार्गस्पृहां त्यक्त्वा भक्तिमार्गैकसंस्पृहः ॥ २२ ॥ सर्वदुःखापहं मासं वरिष्ठं पुरुषोतमम् ॥ जपहोमादि-

लाई यति भनेर जगदीश्वर हरि भगवान् तुरुन्तै गरुड़मा चढेर पवित्र वैकुण्ठ धाममा जानुभयो ॥ १७ ॥ पत्नी-सहित सुदेव ता पुरुषोत्तमको सेवाका प्रभावले बौरिएको शुकदेवलाई देखेर रात-दिन असाध्यै दङदास रहन्थे ॥ ८ ॥ थाहै नपाईकन मबाट पुरुषोत्तमको सेवा भएछ र त्यही नै सफल हुन गएछ, यसको प्रभावले मरेको छोरो पनि जाग्यो ॥ ९ ॥ अहो, यस किसिमको महीना त कहिल्यै पनि देखिएको थिएन । यस्ता प्रकारले आश्चर्यचकित भएका सुदेव त्यस पुरुषोत्तम महीनालाई पूजन थाले ॥ २० ॥ त्यस छोराले गर्दा पत्नीसहित ती श्रेष्ठ ब्राह्मण दङदास रहन्थे । शुकदेवले पनि आफ्ना असल कामहरूले बाबु-आमालाई आनन्द दियो ॥ २१ ॥ कर्ममार्गले हुनेवाला फलको इच्छा त्यागेर केवल भक्तिमार्ग मात्र चाहने सुदेवले पनि अधि-मासको प्रशंसा गर्दै श्रद्धापूर्वक विष्णुको पूजा गर्दथे ॥ २२ ॥ पुरुषोत्तम महीना सबै किसिमका कष्ट मेटाउने श्रेष्ठ हुनाले त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भिस्तस्मिन्नभजद्धरिं द्विया ॥ २३ ॥ भुक्त्वाऽथ विषयान् सर्वान् सहस्राब्दमहर्निशम् ॥ जगाम
परमं लोकं सपत्नीको द्विजोत्तमः ॥ २४ ॥ योगिनामपि दुष्प्राप्य याजकानां तु यत्कृतः ॥ यत्र गत्वा
 न शोचन्ति वसन्तो हरिसन्निधौ ॥ २५ ॥ तत्रत्यं सुखमासाद्य सपत्नीको भयं गतः ॥ स एव दृढ-
 धन्वा त्वं प्रथितः पृथिवीपतिः ॥ २६ ॥ पुरुषोत्तममासस्य सेवनात् सकलर्द्धिभाक् ॥ महिषीयं पुरा
राजन् गौतमी पतिदेवता ॥ २७ ॥ एतत् ते सर्वमाख्यातं पृष्टवानसि यन्मम ॥ शुकस्तु तव भूपाल
पूर्वजन्मनि यः सुतः ॥ २८ ॥ शुकदेव इति ख्यातो हरिणा योऽनुजीवितः ॥ द्वादशाब्दसहस्रायु-

महीनामा आफ्नी स्त्रीसहित भएर जप-होम आदि कर्महरूले हरि भगवान्को सेवा गर्दथे ॥ २३ ॥ यस्ता किसिमले हजार वर्षसम्म रातोदिन सबै किसिमका विषय सुख भोगेर आखिरमा पत्नीसहितै ती श्रेष्ठ ब्राह्मण भगवान्को उत्तम लोकमा गए ॥ २४ ॥ योगीहरूले त बडा मुश्किलले पाइने त्यो लोक विचरा यज्ञ-पूजा-पाठकै भरमा रहनेले कहाँ पाउन सक्छन् ? जुन लोकमा गएर हरिको नजीकमा बस्नेहरू कुनै किसिमको शोक गर्दैनन् ॥ ५ ॥ त्यस लोकको सुख प्राप्त गरेर पत्नी सहित पृथ्वीमा आयौ । उही सुदेव शर्मा तिमी दृढधन्वा भन्ने नामले प्रसिद्ध राजा भएका छौ ॥ २६ ॥ पुरुषोत्तम महीनाको सेवा
गर्नाले यो सकल ऐश्वर्य भोग्न पाएका छौ । हे राजन् ! यी पटरानी उस जन्ममा पतिभक्त गौतमी नामकी थिइन् ॥ २७ ॥ जो मलाई तिमीले सोधेका थियौ, मैले तिमीलाई या सब बताएँ । हे राजन् ! श्लोक सुनाउने यो सुगा त पूर्वजन्ममा तिम्रो जुन छोरो ॥ २८ ॥ शुकदेव भन्ने नाउँले प्रसिद्ध थियो, जसलाई हरिले बचाउनुभएको थियो र बाह्र हजार वर्षको आयु भोगेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुक्त्वा वैकुण्ठमेयिवान् ॥ २९ ॥ स एवारण्यसरसि वटवृक्षं समाश्रितः ॥ त्वामेवागतमालोक्य पितरं पूर्वजन्मनः ॥ ३० ॥ हितनामुपदेष्टार प्रत्यक्षं दैवतं मम ॥ संसार सागरे मग्नं विषयव्यालदूषिते ॥३१॥ अत्यन्तकृपयाऽऽविष्टश्चिन्तयामास कीरजः ॥ नबोधयामि चेद् भूपं ममापि बन्धनं भवेत् ॥३२॥ पुन्नामनरकाद्यस्तु त्रायते पितरं सुतः ॥ इति श्रुत्यर्थबोधोऽपि स्यादेवाद्यान्यथा मम ॥३३॥ तस्माद्उपकरिष्यामि पितरं पूर्वजन्मनः ॥ अवधार्य वचश्चेत्थं कीरजोऽजोगदन्नृप ॥ ३४ ॥ इत्येतत्कथितं सर्वं यद्यत्पृष्टं त्वयाऽनघ ॥ अतः परं गमिष्यामि सरयूं पापनाशिनीम् ॥ ३५ ॥ श्रीनारायण उवाच-

पु.मा. १६२ | भा. टी. अ.१९ | १६२

वैकुण्ठ गएको थियो ॥ २९ ॥ उही छोरो नै जंगलको तलाउको तटमा रहेको वरको रुखमा बसेर —हित कुराको उपदेश गर्ने, आफना प्रत्यक्ष श्रोता, यतिखेर विषयरूपी सर्पले दूषित भएको संसाररूप सागरमा डुबेको, पूर्वजन्मका बाबु तिमीलाई नै आएको देखेर ॥३०-३१॥ धेरै दया आएको सुगाले सोच्यो कि यदि यी राजालाई ज्ञानको बोध गराइनं भने म पनि बाँधिनेछु ॥३२॥ जुन छोराले (पुत्र) नाम गरेको नरकबाट बाबुलाई रक्षा गर्छ उही (पुत्र) कहिन्छ भनी वेदको अर्थ जानेको पनि ज्ञानको बोध गराइनँ भने मेरो त्यो जान्नु आज वेकार हुनेछ ॥ १३ ॥ त्यसकारण पूर्वजन्मका यी बाबुलाई उपकार गर्छु भन्ने यस्तो कुरो निश्चय गरेर हे राजन् ! त्यस सुगाले भनेको हो ॥ ३४ ॥ हे अनघ ! पापरहित राजा ! तपाईले जो जो सोध्नुभो, यस्तो किसिमले त्या सब यैले भनें । अब म पाप नाश गर्न सरयू नदीमा जान्छु ॥ ३५ ॥ श्रीनारायणले भन्नुभयो —यस्ता प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्येवं प्रथमजनुश्चारित्रमुक्त्वा भूपस्य प्रथितयशस्विनश्चिराय ।। गच्छन्तं मुनिमनुनीय राजराजः प्रावोचत्किमपि नमन्यगण्यपुण्यः ।। ३६ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने पुरुषोत्तममासमाहात्म्यकथनं नामैकोनविंशतितमोऽध्यायः ।। १९ ।।

धेरै बेरसम्म प्रसिद्ध यशस्वी दृढधन्वा राजाको पूर्वजन्मको बृतान्त बताएर जान लागेका मुनि वाल्मीकिलाई विनीत भएर असंख्य पुण्य भएका, राजाहरूका पनि राजा दृढधन्वाले क्यै भने ।। ३६ ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण नारद-संवादे वाल्मीकिनोक्तदृढधन्वोपाख्याने पुरुषोत्तम माहात्म्य कथनं नामैकोनविंशतितमोऽध्यायः ।। १९ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ विंशतितमोऽध्यायः

सूत उवाच—नारायणमुखाच्छ्रुत्वा प्राक्तनं दृढधन्वनः ॥ नतितृप्तमना विप्रा ! नारदः पृष्टवान्मुनिन् ॥ १ ॥ नारद उवाच ॥ किमुवाच महाराजो वाल्मीकि मुनिसत्तमम् ॥ तन्मे वद विनीताय तपोधन सुविस्तरम् ॥ २ ॥ श्रीनारायण उवाच ॥ शृणु नारद वक्ष्तेऽहं यदुक्तं दृढधन्वना ॥ अनुनीय महाप्राज्ञं वाल्मीकि मुनिसत्तमम् ॥ ३ ॥ दृढधन्वोवाच ॥ पुरुषोत्तममासोऽयं कथं कार्यो मुमुक्षिभिः ॥ कीदृशी कस्य पूजा च किं दानं को विधिर्मुने ॥ ४ ॥ एतत्सर्वं समाचक्ष्व

सूतजीले भन्नुभयो—हे ब्राह्मण हो ! दृढधन्वाको पूर्वजन्मको वृत्तान्त नारायणको मुखबाट सुनेर मन नअघाएका नारदले नारायण मुनिलाई फेरि सोधे ॥ १ ॥ नारदले भने–हे तपोधन मुनि ! मुनिहरूमा श्रेष्ट वालमीकिलाई महाराज दृढधन्वाले के भने ? त्यो कुरो विनीत मलाई विस्तारपूर्वक भन्नुहोस् ॥ २ ॥ नारायले भन्नुभयो—मुनिहरूमा श्रेष्ठ, अति बुद्धिमान् वाल्मीकिलाई विनयपूर्वक दृढधन्वा राजाले जो कुरो भने हे नारद, म त्यो भन्छु, सुन ॥ ३ ॥ दृढधन्वाले भने—हे मुनि ! मुक्ति चाहनेहरूले यो पुरुषोत्तम महीना कसरी उपास्नुपर्छ ? कसको कस्तो पूजा गर्नुपर्छ ? दान के गर्नुपर्छ र यसको विधि के हो ? ॥ ४ ॥ यो सब कुरो सबै लोकको कल्याणको लागि मलाई बताइबक्सियोस । तपाईं जस्ता सज्जनहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वलोकहिताय मे ॥ सर्वलोकहितार्थाय चरन्ति हि भवादृशाः ॥ ५ ॥ असौ मासः स्वयं साक्षाद्भगवान् पुरुषोत्तमः ॥ तस्मिन्कृते महत्पुण्यं त्वन्मुखात्संश्रुतं मया ॥ ६ ॥ पूर्वजन्मन्यहं भूत्वा सुदेवो ब्राह्मणोत्तमः ॥ विधिना कृतवान्मासं दृष्ट्वा पुत्रं मृतोत्थितम् ॥ ७ ॥ अजानतोऽपि मे ब्रह्मन्पुत्रशोकादचेतसः ॥ निराहारस्य सततं गतश्च पुरुषोत्तमः ॥ ८ ॥ तस्याप्येतत्फलं जातं शुकदेवो मृतोत्थितः ॥ अनुभूतमिमं मासं संसेवे हरिणोदितः ॥ ९ ॥ इह जन्मनि तत्सर्वं विस्मृतं मे तपोधन ॥ एतत्पूजाविधानं मे वद विस्तरतः पुनः ॥ १० ॥ वाल्मीकिरुवाच ॥ ब्राह्मे मुहूर्ते चोत्थाय

सबै लोकको कल्याणका लागि नै पृथ्वीमा विचरण गर्दछन् ॥ ५ ॥ यो पुरुषोत्तम महीना साक्षात् खुद भगवान् जस्तै हो, त्यसमा दान-धर्म गरेमा ठूलो पुण्य हुन्छ भन्ने कुरो तपाईंको मुखबाट मैले सुनिसकेको छु ॥ ६ ॥ पूर्वजन्ममा सुदेव नामको श्रेष्ठ ब्राह्मण हुँदा मैले मारिएका छोरोलाई देखेर विधिपूर्वक अधिमासलाई सेवेको थिएँ ॥ ७ ॥ हे ब्रह्मन् ! पुत्रशोकले बेहोश भएर पटक्कै खाँदै नखाई रहेको मैले थाहै नपाईकन पुरुषोत्तम महीना बितेछ ॥ ८ ॥ त्यस किसिमले हु गएको सेवाको पनि त्यस्तो फल मिल्यो, जो कि मरेको शुकदेव उठ्यो । पछि हरिद्वारा सबै कुरो संझाएको मैले प्रत्यक्ष अनुभव गरिएको यह महिनाको सेवा पनि गर्न गरें ॥ ९ ॥ हे तपस्या नै धन हुने मुनि ! यस जन्ममा मैले त्यो सबै कुरो बिर्सें । त्यसकारण यस पुरुषोत्तम महीनाको पूजाको विधान फेरि मलाई विस्तारपूर्वक बताइबक्सियोस् ॥ १० ॥ वाल्मीकिले भन्नुभयो —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परब्रह्म विचिन्तयेत् ॥ तो ब्रजेन्नैऋतशां बृहत्सोदकभोजनः ॥ ११ ॥ ग्रामाद्दूरतरं गच्छेत्पुरुषोत्तमसेवकः ॥ दिवासन्ध्यासु कर्णस्थब्रह्मसूत्र उदङ्मुखः ॥ १२ ॥ अन्तर्धाय तृणैर्भूमिं शिरः प्रावृत्य वाससा ॥ वक्त्रं नियम्य यत्नेन नोष्ठीवेन्नोच्छ्वसेदपि ॥ १३ ॥ कुर्यान्मूत्रपुरीषं च रात्रौ चेद्दक्षिणामुखः ॥ गृहीतशिश्नश्चोत्थाय गृहीतशुचिमृत्तिकः ॥ १४ ॥ गन्धलेपक्षयकरं कुर्याच्छौचमतन्द्रितः ॥ एका लिङ्गे गुदे पञ्च त्रिवामे दश चोभयोः ॥१५॥ द्विसप्तं पादयोश्चैव गार्हस्थ्यं शौचमुच्यते ॥ कृत्वा शौचं तु प्रक्षाल्य पादौ हस्तौ च मृज्जलैः ॥ १६ ॥ तीर्थे शौचं न कुर्वीत

पुरुषोत्तमको सेवक ब्राह्म मुहूर्तमा उठेर परब्रह्मको ध्यान गरोस्, अनि पानी भरिएको ठूलो भाँडो लिएर नैऋत्य दिशामा जाओस् गाउँदेखि निकै पर गएर, कानमा जनै राखेर, दिउँसो र साँझहरूमा भए उत्तरतिर फर्केर ॥ ११-१२ ॥ भूइँमा झासफुस बिछ्याएर, लुगाले टाउको बेरेर, एकदम मुख बन्द राखेर पटक्कै नथुकी, सास नतानीकन ॥ १३ ॥ दिसा पिसाब गरोस्, यदि राति दिसा पिसाब भनु पर्‍यो भने दक्षिणतिर फर्केर गरोस् । दिसा गरिसकेपछि गुप्ताङ्ग समातेर उठोस् र शुद्ध माटो लिएर ॥ १४ ॥ अल्छी नगरीकन लिपिएको गन्धलाई खतम गर्ने गरी त्यो माटोले शुद्ध गरोस् । गुप्ताङ्गमा एकपल्ट, गुदद्वारमा पाँचपल्ट, बाँया हातमा तीनपल्ट अनि दुवै हातमा दशपल्ट ॥ १५ ॥ दुवै गोडामा चौधपल्ट मट्याउनुलाई गृहस्थीहरूको शौच कहिन्छ । त्यस्ता किसिमले शौच गरिसकेर माटो र पानीले हात गोडा धुनू ॥ १६ ॥ तीर्थको जलमा शौच नगर्नू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुर्वीतोद्धृतवारिणा ॥ अरत्निद्वयसञ्चारि त्यक्त्वा कुर्यादनुद्धृते ॥१७॥ पश्चात्तच्छोधयेत्तीर्थमशुद्धमन्यथा हि तत् ॥ एवं शौचं प्रकुर्वीत पुरुषोत्तमसद्व्रती ॥ १८ ॥ ततः षोडश गण्डूषान्प्रकुर्याद् द्वादशैव वा ॥ मूत्रोत्सर्गे तु गण्डूषानष्टौ वा चतुरो गृही ॥ १९ ॥ उत्थाय नेत्रे प्रक्षाल्य दन्तकाष्ठं समाहरेत् ॥ इमं मन्त्रं समुच्चार्य दन्तधावनमाचरेत् ॥ २० ॥ आयुर्बलं यशो वर्चः प्रजाः पशुवसूनि च ॥ ब्रह्मप्रज्ञां च मेधां च त्वं नो देहि वनस्पते ॥ २१ ॥ अपामार्गं बादरं वा द्वादशांगुलमव्रणम् ॥ कनिष्ठांगुलिवत्स्थूलं पूर्वाग्रकृतकूर्चकम् ॥ २२ ॥ शुचिर्द्वादशगण्डूषैर्निषिद्धं भानुवासरे ॥

अर्थात् दिसा नसुमनु, पानी निकालेर बाहिर गर्नू । पानी नझिकीकन तीर्थको जलमा गर्नुपरे जलबाट दुइ कुरेत पाखामा ठाउँ छाडेर गर्नू ॥१७॥ र पछि त्यो ठाउँ पखालिदिनु, नत्र त्यो तीर्थ अपवित्र हुन्छ । पुरुषोत्तमको असल व्रत गर्नेले यसरी शौच गर्नू ॥ १८ ॥ त्यसका बाद सोह कुल्ला अथवा बाहैपल्टै कुल्ला गर्नू । पिसाब गरेपछिचाहि गृहस्थीले आठपल्ट या चारपल्ट कुल्ला गर्नू ॥ १९ ॥ र उठेर दुवै आँखा पखालेर अनि दतिवन लिनू । तब—'वनस्पते ! आयु बल कीर्ति तेज प्रजा पशु । धन ब्रह्मज्ञान बुद्धि हामीलाई तिमी दिए !' भन्ने यो मन्त्र पढेर दतिवन लाउनू ॥ २२-२१ ॥ दतिबन अपामार्ग या बयरको, बाह अमल लामू, नमकाएको, कीरा नलागेको, कान्छो औंलो जति मोटा, पहिलो (मोटोपट्टिको) टुप्पोमा कुँची बनाइएको हुनुपर्छ ॥ २२ ॥ आइतवार लाउन निषेध गरिएको छ तससकारण बाहपल्ट राम्ररी कुल्ला गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आचम्य प्रयतः सम्यक् प्रातः स्नानं समाचरेत् ॥ २३ ॥ स्नानादनन्तरं तावत् तर्पयेत् तीर्थदेवताः ॥
समुद्रगानदीस्नानमुत्तमं परिकीर्तितम् ॥ २४ ॥ वापीकूपतडागेषु मध्यमं कथितं बुधैः ॥ गृहे स्नानं
तु सामान्यं गृहस्थस्य प्रकीर्त्तितम् ॥२५॥ ततश्च वाससी शुद्धे शुक्ले ते परिधाय च ॥ उत्तरीयं
सदा धार्यं ब्राह्मणेन विजानता ॥ २६ ॥ उपविश्य शुचौ देशे प्राङ्मुखो वा उदङ्मुखः ॥ भूत्वा
बद्धशिखः कुर्यादन्तर्जानुभुजद्वयम् ॥ २७ ॥ सपवित्रेण हस्तेन कुर्यादाचमनक्रियाम् ॥ नोच्छिष्टं
तत्पवित्रं तु त्वत्वोच्छिष्टं तु वर्जयेत् ॥ २८ ॥ आचम्य तिलकं कुर्याद्गोपीचन्दनदमृत्स्नया ॥

राम्रोसँग भली-भली प्रातःस्नान गर्नु ॥२३॥ स्नान गरिसकेपछि तत्काल तीर्थ मुख सफा गर्नु । त्यसका बाद आचमन गरेर देवताहरूलाई तर्पण दिनु । भरसक समुद्रमै गएर मिल्ने नदीमा स्नान गर्नु उत्तम कहिएको छ ॥ २४ ॥ वापी-कुआ-पनेरा,-पोखरीमा न्वाहुनलाई विद्वान्हरूले मध्यम कहिएको छ र गृहस्थीहरूका लागि घरमै न्वाहुनुलाई सामान्य स्नान बताइएको छ ॥ २५ ॥ न्वाहिसकेपछि शुद्ध र सेतो दुइटा लुगा लाएर, जान्ने ब्राह्मणले उत्तरीय (रुमाल, दुपट्टा आदि ओढ्ने) सधैं लिइराख्नुपर्छ या ओढिराख्नुपर्छ ॥२६॥ पवित्र ठाउँमा पूर्वमुख वा उत्तरमुख भै बसेर, टुप्पी शिखा पारेर दुवै हातलाई घुँण्डा भित्र पार्नु ॥२७॥ अनि पवित्र हातमा लाएर सुरुप-सुरुप-सुरुप आचमन गर्नु । त्यसरी आचमन गर्दा पवित्र जूठो मानिँदैन खाना खाँदा जूठो भएको छ भने त्यागिदिनुपर्छ ॥ २८ ॥ आचमन गरिसकेपछि गोपीचन्दन नामको माटोले टीका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उर्ध्वंपुड्रमृजु सौम्यं दण्डाकारं प्रकल्पयेत् ॥ २९ ॥ ऊर्ध्वपुण्ड्रं त्रिपुण्ड्रं वा मध्ये छिद्रं प्रकल्पयेत ॥
निवसत्यूर्ध्वपुण्ड्रे तु श्रिया सह हरिः स्वयम् ॥ ३० ॥ त्रिपुण्ड्रे धूर्जटिः साक्षादुमया सह सर्वदा ॥
पु. मा. विना छिद्रं तु तत्पुण्ड्रं शुनः पादसमं विदुः ॥ ३१ ॥ श्वेतं ज्ञानवरं प्रोक्तं मम वश्यकरं भा.
१६९ नृणाम् ॥ पीतं सर्वर्द्धिदं प्रोक्तमन्यत्तु परिवर्जयेत् ॥ ३२ ॥ शङ्खचक्रादिकं धार्यं गोपीचन्दन- टी.
स्मृत्स्नया ॥ सर्वं पापक्षयकरं पूजाङ्गं परिकीर्तितम् ॥ ३३ ॥ शङ्खचक्रादिचिह्नानि दृश्यन्ते यस्य अ.२०
विग्रहे ॥ मर्त्यो मर्त्यो न विज्ञेयः स नित्यं भगवत्तनुः ॥ ३४ ॥ पार्तं सुकृतरूपं तु जायते तस्य

लाउनुपर्छ । त्यो टीका ऊर्ध्वपुण्ड्र ठाडो तल साँगुरिएको माथि फुकेको, सोझो, राम्रो, लौरोको आकारको अर्थात् मास्तिर मोटएको र तलतिर पातलिएको बनोस् ॥ २९ ॥ उर्ध्वपुण्ड्र जे लाए पनि बीचमा खाली ठाउँ छाड्नुपर्छ, ऊर्ध्व-पुण्ड्र चाहि लक्ष्मीका साथ स्वयम् हरि भगवान् बस्नुहुन्छ ॥ ३० ॥ त्रिपुण्ड्रमा चाहिं उमाका साथ सधैंभरि साक्षात् शिवजी नै बस्नुहुन्छ, बीचमा ठाउँ नछोडिएको त्यो पुण्ड्र ता कुकुरको खुट्टो समान ठान्नुपर्छ ॥ ३१ ॥ से तो टीकाले ज्ञान बढ्छ भनिएका छ, रातो टीकाले मनुष्यहरूलाई वश गर्छ भनिन्छ । पहेंलोले सारा ऐश्वर्य दिन्छ भनिएको छ, अरू रङको
२५ टीकचाहिं बिलकुलै त्यागिदिनू ॥ ३२ ॥ गोपीचन्दन नामको माटोले ऊर्ध्व शरीरमा शंख-चक्र-गदा पद्मका चिन्ह धारण १६९
गर्नू । यी सबै पाप नाश गर्ने र पूजाका अङ्ग हुन् भनिएको छ ॥ ३३ ॥ उसको शरीरमा शंख चक्र गदा पद्मको चिन्ह देखिन्छन्, त्यस्तो मानिसलाई मानिस नठान्नु, उ त निरन्तर भगवान्कै शरीर हो ॥ ३४ ॥ जो मनुष्य सधैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहिनः ।। शङ्खचक्रादिचिन्हानि यो धारयति नित्यशः ।। ३५ ।। नारायणायुधैर्नित्यं चिन्हितो यस्य विग्रह ।। पापकोटियुतस्यापि तस्य किं कुरुते यमः ।। ३६ ।। प्राणायामं ततः कृत्वा सन्ध्यावन्दनमारचरेत् ।। पूर्वसन्ध्यां सनक्षत्रामुपासीत यथाविधिः ।। ३७ ।। गायत्रीमभ्यसेत्तावद्यावदादित्यदर्शनम् ।। सावित्रैरनयोर्मन्त्रैरुपस्थायोत्कृताञ्जलिः ।। ३८ ।। आत्मपादौ तथा भूमौ सन्ध्याकालेऽभिवादयेत् ।। यस्य स्मृत्येति मन्त्रेण यदूनं परिपूरयेत् ।। ३९ ।। यत् तु सन्ध्यामुपासीत श्रद्धया विधिवद्द्विजः ।। न तस्य किञ्चिद्दुष्प्राप्यंकं त्रिषु लोकेषु विद्यते ।। ४० ।। दिवसस्यादिमे

शंख चक्र आदिको चिन्ह धारण गर्दछ, त्यो मान्छेको पाप पनि पुण्यरूपको हुन्छ ।। ३५ ।। जुन मान्छेको शरीर नारायणका हतियार शंख-चक्र गदा-पद्मले सधैं चिह्नित रहन्छ, करोडौं पाप गरेको भए पनि त्यसलाई यमराज क्यै नाप्न सक्तैनन् ।।३६।। त्यसपछि प्राणायाम गरेर सन्ध्या पूजा पाठ आदि गर्नू । बिहानको सन्ध्या (जप) तारा देखिउञ्जेल विधिपूर्वक जप्नू ।।३७। जबसम्म सूर्य देखिदैनन् तबसम्म गायत्री जपिरहनू र सूर्यसम्बन्धी पवित्र मन्त्रहरूले हात उठाएर सूर्यको उपस्थान गर्नु ।।३८।। त्यस्तै बेलुकाचाहिं आफ्ना दुवै पाउ भूइँमा सुताएर अर्थात् लमपसार परेर अभिवादन गर्नू (ढोग्नू) र 'यस्यस्मृता०'। तप यज्ञ क्रियादीमा जस्को नाम लिए गुने । कमी तुरुन्तै पूर्तिन्छ ढोग्छू ती अच्युतैकन ।। यो मन्त्रले जो कमी छ त्यसलाई पूरा गर्छ ।। ३९ ।। जुन ब्राह्मण श्रद्धाले विधिपूर्वक सन्ध्या (जप) गर्दछ, तीनै लोकमा उसले नपाइने क्यै छैन ।।४०। दिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागे कृत्यमेतदुदीरितम् ॥ एवं कृत्वा क्रियां नित्यां हरिपूजां समारभेत् ॥ ४१ ॥ उपलिप्ते शुचौ
देशे नियतो वाग्यतः शुचिः ॥ वृत्तं वा चतुरस्रं वा मण्डलं गोमयेन तु ॥४२॥ विधायाष्टदलं कुर्यात्-
 तण्डुलैर्व्रतसिद्धये ॥ सौवर्णं राजतं ताम्रं मृन्मयं सुदृढं नवम् ॥ ४३ ॥ अव्रणं कलशं शुद्धं स्थाप-
 येन्मण्डलोपरि ॥ तत्रोदकं समापूर्य शुद्धतीर्थाहृतं शिवम् ॥ ४४ ॥ कलशस्य मुखे विष्णुः कन्ठे रुद्रः
समाश्रितः ॥ मूले तत्र स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ॥ ४५ ॥ कुक्षौ तु सागरा सर्वे सप्तद्वीपा
वसुन्धरा ॥ ऋग्वेदोऽथ यजुर्वेदः सामवेदो ह्यथर्वणः ॥ ४६ ॥ अङ्गैश्च सहिताः सर्वे कलशं तु समा-

पहिलो भागमा गरिने कृत्य यो बताइयो । यस्तै प्रकारले नित्यक्रिया गरिसकेर अनि हरिको पूजा थाल्नू ॥४१॥ त्यसमा सब-
भन्दा पहिले गाईको गोबरले लिपेको शुद्ध ठाउँमा नचाहिंदो नबोलेर पवित्र भै पूजा नसकुन्केल नउठ्ने गरी पूर्व फर्केर बस्नू
र गाईकै गोबरले गोलो वा चौकुने वेदी ॥ ४२ ॥ बनाएर व्रतको सिद्धिका लागि वेदीमाथि पीठाले अष्टदल कमल बनाउनू र
सुनको या चाँदीको या तामाको अथवा माटैको भए पनि बलियो नयाँ ॥ ४३ ॥ चोचपटक नलागेको नरसाउने शुद्ध कलश
त्यस वेदीमाथि राख्नू (थाप्नू) र त्यस कलशमा शुद्ध तीर्थहरूबाट ल्याएको पवित्र जल भरिदिनू ॥४४॥ चन्दन अक्षता फूल
लिएर कलशको मुखमा छोडराखेर —'कलशका मुखमा विष्णु, घाँटीमा रुद्र बसतछन् । फेदीमा स्थित छन् ब्रह्मा, बीचमा मातृका
छन ॥ ४५ ॥ पेटमा सागर सब सातद्वीपे वसुन्धरा । ऋग्वेद यजुर्वेद र सामवेद यी ॥ ४६ ॥ आफाफ्ना अङ्गका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रितः ।। एवं संस्थाप्य कलशं तत्र तीर्थानि योजयेत् ।।४७।। गंगा गोदावरी चैव कावेरी च सरस्वती ।। आयान्तु मम शान्त्यर्थं दुरितक्षयकारकाः ।।४८।। ततः सम्पूज्य कलशमुपचारैः समन्तकैः ।। गन्धाक्षतैश्च नैवेद्यैः पुष्पैस्तत्कालसम्भवैः ।। ४९ ।। तस्योपरि न्यसेत्पात्रं ताम्रं पीताम्बरावृतम् ।। तस्योपरि न्यसेद्धैमं राधया सहितं हरिम् ।। ५० ।। राधया सहितः कार्यः सौवर्णः पुरुषोत्तमः ।। तस्य पूजा प्रकर्तव्या विधिना भक्तितत्परैः ।। ५१ ।। पुरुषोत्तममासस्य दैवतं पुरुषोत्तमः ।। तस्य पूजा प्रकर्तव्या सम्प्राप्ते पुरुषोत्तमे ।। ५२ ।। संसारसागरे मग्नमुत्तारयति यो ध्रुवम् ।। को न सेवेत तं लोके

साथ बस्नु कलशमा सब'—भनी अघि छोइराखेको चन्दन अक्षता फूल कलशभित्रै छोडिदिनू र यसरी कलशको आवाहन गरिसकेपछि त्यसै कलशमा फेरि तीर्थहरूलाई आवाहन गर्दा हातमा चन्दन अक्षता फूल लिएर हात जोडी—गंगा, गोदावरी त्यस्तै कावेरी र सरस्वती । पापनाशक हुन् मेरो शान्तिका लागि आउन' भनी कलशभित्रै हालिदिनू ।। ४८ ।। त्यसपछि मन्त्रपूर्वक चन्दन–अक्षता त्यस समयमा फुल्ने फूलहरू र नैवेद्य, धूप दीप आदि उपचारले कलशको पूजा गरेर ।।४९।। त्यस कलशमाथि पहेलो लुगाले ढाकेर तामाको भाँडो राख्नू र त्यसमाथि सुनले बनाइएको हरिको प्रतिमा राख्नू ।। ५० ।। सुनको पुरुषोत्तमको प्रतिमा राधासहितको बनाउनुपर्छ श्रद्धा-भक्तिले विधिपूर्वक त्यसै प्रतिमाको पूजा गर्नुपर्छ ।। ५१ ।। पुरुषोत्तम महीनाको अधिष्ठातृ देवता पुरुषोत्तम भगवान् नै हुनुहुन्छ । पुरुषोत्तम महीना लागेपछि तिनै पुरुषोत्तमको पूजा गर्नुपर्छ ।। ५२ ।। जुन भगवान् संसाररूपी सागरमा डुबेकालाई निश्चय नै त्यसबाट निकालिदिनुहुन्छ, त्यस्ता भगवान्लाई एक दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्त्यो मरणधर्मवान् ॥ ५३ ॥ पुनर्ग्रामाः पुनर्वित्तम् पुनः पुत्राः पुनर्गृहम् ॥ शुभाशुभं कर्म न
शरीरं पुनः पुनः ॥ ५४ ॥ तद्रक्षितं तु धर्मार्थं धर्मो ज्ञानार्थमेव हि ॥ ज्ञानेन सुलभो मोक्षस्तस्माद्धर्मं
पु.मा. समाचरेत् ॥ ५५ ॥ देहरूपस्य वृक्षस्य फलं धर्मः सनातनः ॥ धर्महीनस्तु यो देहो निष्फलो वन्ध्य- भा.
१७३ वृक्षवत् ॥५६॥ न माता च सहायार्थे न कलत्रसुतोदयः ॥ न पिता सोदरा वित्तं धर्मस्तिष्ठति केव- टी.
लम् ॥ ५७ ॥ जरा व्याघ्रीव भयदा व्याधयः शत्रवो यथा ॥ आयुर्याति प्रतिदिनं भग्नभाण्डात् पयो अ.२०
यथा ॥ ५८ ॥ तरङ्गतरला लक्ष्मीर्यौवनं कुसुमोपमम् ॥ विषयः स्वप्नविषया इव सर्वे निरर्थकाः

अवश्यै मर्नु पर्ने कुन मनुष्य संसारमा सेवा नगर्ला ॥५३॥ जीवनमा गाउँ घर, धन,छोरा छोरी, शुभ-अशुभ बारम्बार मिल्छन्,
तर शरीर बारम्बार मिल्दैन ॥२४॥यस्तो दुर्लभ शरीरको रक्षा धर्मका लागि हुनुपर्छ, धर्म ज्ञानका लागि गरिनुपर्छ ज्ञान
भएपछि मोक्ष सजिलै पाइन्छ, त्यसकारण धर्म गर्नु पर्छ ॥ ५५ ॥ देहरूपी फल सनातन धर्म हो, धर्महीन जो शरीर छ,
बाँझो रूख झैं निष्फल अर्थात् बेकारको छ ॥५६॥ प्रेतात्माका साथ सहायताका लागि न आमा रहन्छिन, न स्वास्नी, छोरा-
छोरी हुन्छन्, न बाबु रहन्छन्, न दाजु-भाइ रहन्छन्, न धन रहन्छ, केवल धर्म मात्रै रहन्छ ॥ ५७ ॥ बुढ्याइ बाघिनी झैं १७३
भय दिनेवाला हुन्छ, रोगहरू शत्रु जस्तै हुन्छन्, घाल परेको भाँडोबाट पानी चुहे झैं आयु रोजै चुहिरहन्छ ॥ १८ ॥ लक्ष्मी
[धन] पानीका तरङ्ग झैं चञ्चल छन्, जवानी खिलेको फूल तुल्य छ । सांसारिक विषभोग सपनामा भोगेका विषय झैं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।।५९।। चलं चित्तं चलं वित्तं चलं संसारजं सुखम् ।। एवं ज्ञात्वा विरक्तः सन् धर्माभ्यासपरो भवेत्
।।६०।। अर्धग्रस्तोऽहिनाभेको मक्षिकामत्तु मिच्छति ।। कालग्रस्तस्तथा जीवः परपीडाधनादृतः
पु.मा. ।।६१।। मृत्युग्रस्तायुषः पुंसः किं सुखं हर्षयत्यहो ।। अघातं नीयमानस्य वध्यस्येव निरर्थकम् ।।६२।। भा.
१७४ धर्मार्थं च यदा चित्तं सुलभं सदा ।। यदा वित्तं न च तदा चित्तं धर्मोन्मुखं भवेत् ।। ६३ ।। टी.
चित्तं वित्तं यदा स्यातां सत्पात्रं न तदा भवेत् ।। एतत्त्रितय सम्बन्धो यदा कालेतु सम्भवेत् अ.२०
।।६४।। अविचार्य तदा धर्मं यः करोति सबुद्धिमान् ।। वित्तप्राचुर्यसंसाध्यधर्माः सन्ति सहस्रशः ।।६५

सबै देकारका छन् ।। ५९ । धन चञ्चल छन्, चित्त चञ्चल छ, सांसारिक सुख झन् चञ्चल छ, यस्तो ठानेर विरक्त हुँदै धर्मको साधनमा तत्पर हुनुपर्छ ।। ६० ।। सर्पले आधा निलिसकेको पनि भ्यागुतो खान चाहन्छ, त्यसै कालरूप सर्पले निलिसक्न आँटेको पनि प्राणी अर्कालाई दुःख दिएर धन हत्याउन मरिमेट्छ ।।६१।। अहो आश्चर्य छ, मृत्युले, आयुआँ च्याङ-सकेको पुरुषलाई सुखको के हर्ष हुन्छ ? मार्ने ठाउँमा लान लागिएको मारिने पशुको झैं त्यो सुख बेकारको हो ।। ६२ ।। जब धर्म गर्न मन लाग्छ, त्यसवेला सजिलै धन मिल्दैन, जुन वेला धन हुन्छ, त्यसवेला धर्मपट्टि मनै जाँदैन अर्थात् धर्म गर्न मनै लाग्दैन ।।६२।। जुन वेला गर्नका लागि मन दुबै हुन्छन् त्यस वेला सत्पात्र [दान दिनका यागि योग्य व्यक्ति] हुँदैन यानी मिल्दैन । त्यस कारण चित्त-वित्त सत्पात्र यी तीनैको जुन समयमा सम्बन्ध [मेल] हुन्छ ।।६४।। त्यस वेला कुनै विचारै नगरीकन जो धर्म गर्छ, त्यही मनुष्य बुद्धिमान हो । संसारमा धेरै धन खरैधन खर्चेर सम्पन्न हुने धर्मतहजारौं छन् ।।६५।। १७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषोत्तमः स्वल्पवित्तसाध्यो धर्मो महान् भवेत् ॥ स्नानं दानं कथायां च विष्णुस्मरणेन च ॥ ६६॥
एतन्मात्रोऽपि सद्धर्मस्त्रायते महतो भयात् ॥ ६७ ॥ सङ्गैव तीर्थं स्मर एव धन्वी वित्तं तु विद्यैव
गुणास्तुरूपम् ॥ मासेषु सर्वेषु तथैव साक्षान्मासोत्तमोऽयं पुरुषोत्तमे हि ॥ ६८ ॥ यद्यप्ययं निन्द्य·
तमः पुराऽसीत् सर्वेषु कृत्येषु मखादिकेषु ॥ तथापि साक्षाद्भगवत्प्रसादात्तन्नामनाम्ना भुवि विश्रु·
तोऽभूत् ॥ ६९ ॥ तथा हस्तिपदे लीनं सर्वं प्राणिपदं भवेत् ॥ धर्माः कलास्तथा सर्वे विलीनाः पुरुषो-
त्तमे ॥ ७० ॥ तथाऽमरतरङ्गिण्यां न समाः सकलापगाः ॥ कल्पवृक्षेण न समा यथा सकलपादपाः
॥ ७१ ॥ चिन्तरत्नेन रत्नानि न समानि यथा भुवि ॥ कामधेन्वा तथा गावो न राजा पुरुषाः समाः

तर पुरुषोत्तम महीनामा थोरे धनले सम्पन्न भएको धर्म पनि ठूलो धर्म हुन्छ । यस महीनामा नुहाउनु,
दान दिनु कथामा विष्णुलाई सम्झिराख्नु ॥ ६६ ॥ यति मात्रै पनि गरिएको अपल धर्मले नारकीय ठूलो भयबाट रक्षा गर्दछ
॥ ६७ ॥ जस्ता प्रकारले गंगा नै तीर्थ, कामदेव धनुर्धारी विद्या नै धन, गुणहरू नै रूप हुन्, त्यस्तै नै सब महीनाहरूमा
उत्तम यो महीना साक्षात् पुरुषोत्तम भगवान् जस्तै हो ॥ ६८ ॥ यद्यपि पहिला यो यज्ञ आदि सबै कार्यहरूमा अति निन्द्य
थियो तथापि पछि साक्षात् भगवानको कृपाले भगवान नामले विश्वमा यो प्रख्यात भयो ॥ ६९ ॥ जस्तै हात्तीको पाइलामा
सबै प्राणीको पाइला हराउँछ त्यस्तै पुरुषोत्तममा सबै धर्म र कलाहरू विलाउँछन् ॥ ७० ॥ जस्तो सारा नदीहरू गंगाजी
समान हुँदैनन्, जस्तै सम्पूर्ण बृक्षहरू कल्पवृक्ष समान कुनै हुँदैनन् ॥ ७१ ॥ जस्तै चिन्तामणि समान अरू रत्न संसारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।। ७२ ।। न वेदैः सर्वशास्त्राणि पुण्यकालास्तथाखिलाः ।। पुरुषोत्तममासेन समो मासो न कर्हिचित
।।७३।। पुरुषोत्तममासस्य दैवतं पुरुषोत्तमः । तस्यात्सम्पूजयेद्भक्त्या श्रद्धया पुरुषोत्तमम्।।७४।।शास्त्रज्ञं
पु·मा· निपुणं शुद्धं वैष्णवं सत्यवादिनम् ।। प्रियाचार्यमथाहूय पूजां तेन प्रकल्पयेत्।। ७५ ।। संसारसागरमतीव भा·
१७६ गभीरवेगमन्तःस्थमोहमदनादितिमिङ्गिलौधम् ।। उल्लङ्घ्य गन्तुमभिवाञ्छति भारतेऽस्मिन् सम्पूयेत् टी·
सपुरुषोत्तममादिदेवम् ।। ७६ ।। अ.२०

इति श्रीबृहन्नारदीयपुराणे पुरूषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने
आह्निककथनं नाम विंशतितमोऽध्यायः ।। २० ।।

हुँदैनन्,जस्तै कामधेनु समान अरूगाई हुँदैनन् र राजा समान अरू पुरुष हुँदैनन् ।।७२।। जस्तो बेदहरू समान अरू अमल शास्त्र
छैनन्, त्यस्तै प्रकारले सार पुण्यकालहरूका लागि पुरुषोत्तम महीनाको समान अर्को महीना कहीं छैन ।।७३ ।। पुरुषोत्तम
महीनाका अधिष्ठातृ देवता पुरुषोत्तम भगवान् नै हुनुहुन्छ । त्यसकारण श्रद्धा-भक्तिपूर्वक पुरुषोत्तमलाई पूजा गर्नु पर्छ ।।७४।।
अनि शास्त्र जान्ने, विधिमा निपुण, शुद्ध, साँचो बोल्ने, वैष्णव, विप्रहरूका आचार्यलाई बोलाएर उसैद्वारापूजा गराउनू ।।७५ ।।
अन्तकरणमा रहेका 'काम, क्रोध, लोभ, मोह, मद मात्सर्य' रूप ठूला-ठूला माछाहरूको क्रिउर भएको अत्यन्तै गहिरो वेगवाला १७६·
संसाररूपी समुद्रलाई नाघेर पार पुग्न चाहन्छ उ यस भारतवर्षमा आदिदेव पुरुषोत्तम भग वानूको पूजा गरोस् ।।७६।।
इतिश्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्येश्रीनारायण-नारदसंवादेदृढधन्वोपाख्याने आह्निककथनं नाम विंशतितमोध्यायः ।।२०।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकविंशतितमोऽध्यायः

वाल्मीकिरुवाच—अनलोत्तारणं कृत्वा प्रतिमायास्ततः परम् ।। प्रागप्रतिष्ठां कुर्वीत ह्यान्यथा धातुरेव सा ॥१॥ प्रतिमायाः कपोलौ द्वौ स्पृष्ट्वा दक्षिणपाणिना ।। प्राणप्रतिष्ठां कुर्वीत तस्यां देवस्य वै हरेः ।। २ ।। अकृतायां प्रतिष्ठायां प्राणानां प्रतिमासु च ।। यथा पूर्वं तथा भाराः स्वर्णादीनां न देवताः ।। ३ ।। अन्येषामपि देवानां प्रतिमास्वपि पार्थिव ।। प्राणप्रतिष्ठा कर्तव्या तासु देवत्वसिद्धये ॥४॥ पुरुषोत्तमबीजेन तद्विष्णोरित्ययेन च ।। तथैव हृदयेऽङ्गुष्ठं दत्वा शश्वच्च मन्त्रवित् ॥५॥ एभि-

वाल्मीकिले भन्नुभयो—त्यसका बाद अनलोत्तारण क्रियाद्वारा प्रतिमाको प्राणप्रतिष्ठा गर्नू, नत्र त्यो प्रतिमा सामान्य धातु जस्तै रहन्छ ।। १ ।। प्रतिमामा दुवै गाला दाहिने हातले छोएर त्यस प्रतिमाका हरि भगवान्‌को प्राण प्रतिष्ठा गर्नू ॥२॥ प्रतिमाहरूमा प्राणप्रतिष्ठा नगरे हुँदि सुन आदि धातुहरूको भार जस्तो पहिले थियो त्यस्तै रहन्छ, त्यो देवता हुन सक्तैन ।। ३ ।। हे राजन् ! अरू द्यौताहरूको प्रतिमाहरूमा पनि ती प्रतिमाहरूमा देवत्वसिद्धिका लागि प्राणप्रतिष्ठा गर्नैपर्छ ।। ४ ।। चन्दन अक्षता फूल लिएर प्रतिमालाई पुरुषोत्तमको बीजमंत्र—'तद्विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः। दिवीव चक्षुराततम् । ' राखिछाडेर ।। ४ ।। यी तलका मन्त्रहरूले हृदयमा पनि प्राणप्रतिष्ठा गर्नू । यसमा प्राण भरियून्, यसमा प्राण चलछन् आँलो राखिछाडेर ।। ५ ।। यी तलका मन्त्रहरूले हृदयमा पनि प्राणप्रतिष्ठा गर्नू । यसमा प्राण भरियून्, यसमा प्राण चलछन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रैः प्रतिष्ठां तु हृदयेऽपि समाचरेत् ॥ अस्याम् प्राणाः प्रतिष्ठन्तु अस्यां प्राणाः क्षरन्तु च ॥ ६ ॥
अस्यां देवस्य संस्थायै स्वाहेति यजुरीरयन् ॥ मूलमन्त्रैरङ्गमन्त्रैर्वैदिकैरित्यनेन च ॥ ७ ॥ प्राण-
प्रतिष्ठां सर्वत्र प्रतिमासु समाचरेत् ॥ अथवा नाममात्रैश्च चतुर्थ्यन्तैः प्रयत्नतः ॥ ८ ॥ स्वाहान्यश्च
प्रकुर्वीत तत्तद्देवाननुस्मरन् ॥ एवं प्राणान् प्रतिष्ठाप्य ध्यायेच्छ्रीपुरुषोत्तमम् ॥ ९ ॥ श्रीवत्सवक्षसं
शान्तं नीलोत्पलदलच्छविम् ॥ त्रिभङ्गललितं ध्यायेत् सराधं पुरुषोत्तमम् ॥ १० ॥ देशकालौ समु-
ल्लिख्य नियतो वाग्यतः शुचिः ॥ षोडशैरुपचारैश्च पूजयेत् पुरुषोत्तमम् ॥ ११ ॥ आगच्छ देवदेवेश

पनि ॥ ६ ॥ यस प्रतिमामा देवत्व स्थापनाका लागि 'स्वाहा' या यजुर्वेदको मन्त्र पढ्दै –मूलमन्त्रहरूले, अङ्गमन्त्रहरूले या वैदिक मन्त्रहरूले पहिले जस्तै चन्दन अक्षता फूल लिएर छोई-छोडो-नमस्कार गर्दै ॥ ७ ॥ प्रतिमाहरूमा सबै ठाउँ प्राणप्रतिष्ठा गर्नुपर्छ । अथवा सावधान भएर राम्रोसँग उस-उस ठाउँका ती-ती देवताहरूलाई सम्झदै चतुर्थी विभक्ति अन्तमा हुने गरी तीनै तीनै नाम मन्त्रले आखिरमा 'स्वाहा' जस्तै 'अमुकाय स्वाहा' भन्दै प्राणप्रतिष्ठा गर्नू यस्ता प्रकारले प्राणप्रतिष्ठा गरिसकेपछि श्रीपुरुषोत्तम भगवानलाई ध्यान गर्नू ॥ ८-९॥ कस्ता पुरुषोत्तम भने छातीमा श्रीवत्सको चिन्ह भएका, शान्त स्वभावका नीलकमलका फूलका पातको जस्तो कान्ति भएका, रासको नाचमा तीन ठाउँ टेढिंदा अति राम्रो देखिने, राधा साथैमा रहेका पुरुषोत्तमलाई ध्यान गर्नू ॥ १० ॥ अनि देश-कालको उच्चारणपूर्वक संकल्प पढेर, पवित्र भएर, नचाहिंदो नबोल्ने गरो स्थिरसँग बसेर षोडशोपचार (सोह सामानले पुरुषोत्तमको पूजा गर्नू ॥ ११ ॥ चन्दन, अक्षता, फूल लिएर प्रतिमामा छोई-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण पुरुषोत्तम ।। राधया सहितश्चात्र गृहाण पूजनं मम ।। १२ ।। श्रीराधिकासहितपुरुषोत्तमाय नमः आवाहनं समर्पयामि ।। इत्यावाहनम् ।। नानारत्नसमायुक्तं कार्तस्वरविभूषितम् ।। आसनं देवदेवेश गृहाण पुरुषोत्तम ।। १३ ।। श्रीराधिकासहितपुरुषोत्तमाय नमः, आसनं समर्पयामि ।। गङ्गादिसर्वतीर्थेभ्यो मया प्रार्थनयाऽऽहृतम् ।। तोयमेतत्सुखस्पर्शं पाद्यार्थं प्रतिगृह्यताम् ।। १४ ।। इति पाद्यम् ।। नन्दगोपगृहे जातो गोपिकानन्दहेतवे ।। गृहाणार्घ्यं मयादत्तं राधया सहितो हरे ।। १५ ।। इत्यर्घ्यम् ।। गङ्गाजलं समानीतं सुवर्णकलशस्थितम् ।। आचम्यतां हृषीकेश पुराण पुरुषो-

आउनोस् देवदेवेश ! श्रीकृष्ण पुरुषोत्तम ! राधाले साथमै यहाँ मेरो पूजा स्वीकार्नुहोस् ।। १२ ।। श्रीराधाले सहित पुरुषोत्तमलाई नमस्कार, आवाहन चढाउँछु' भनी चन्दन त्यहीं छोडिदिनू । यो आवाहन भयो ।। त्यसै गरी आसनका लागि कुशका तीन टुक्रा चडाएर––नाना रत्नसहितको सुनले यो विभूषित । आसनै देवदेवेश लिनुहोस पुरुषोत्तम ।। १३ ।। श्रीराधाले सहित पुरुषोत्तमलाई नमस्कार, आसन चढाउँछु ।' अनि पाउमा जल चढाउँदै–गंगादि तीर्थदेखिन् यो मैले ल्याको खुशीसँग । जल यो छ सुखस्पर्श पाद्यार्थं लिनुहोस् प्रभो ।' ।। १४ ।। भन्नू । अनि अर्घ्य चढाउँदै–'गोपीको मस्तिका लागि नन्दको घर जन्मिने ! मैले देको अर्घ्य लिनोस् राधाको साथ मै हरे !' ।। १५ ।। भन्नू । अति आचमनका लागि जल चढाउँदै–'सुनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ttम ॥ १६ ॥ इत्याचमनम् ॥ कार्यं मे सिद्धिमायातु स्नापिते त्वयि धातरि ॥ शुद्धतो येनं थाऽऽगोतै आ.
राधिकासहितरे हो ॥ १७ ॥ इति स्नानम् ॥ पयो दधि घृतं गव्यं माक्षिकं शर्करा तथा ॥ गृहाणे टी.
पु.भा. मानि द्रव्याणि राधिकानन्ददायक ॥ १८ ॥ इति पञ्चामृतस्नानम् ॥ योगेश्वराय देवाय गोवर्धनधराय अ.२१
१८० च ॥ यज्ञानां पतये नाथ गोविन्दाय नमो नमः ॥ १९ ॥ गङ्गाजलसमं शीतं नदीतीरसमुद्भवम् ॥
स्नानं दानं मया कृष्ण गृह्यताम् नन्दनन्दन ॥ २० ॥ इति पुनः स्नानम् ॥ पीताम्बरयुगं देव सर्व-
कामार्थसिद्धये ॥ मया निवेदितं भक्त्या गृहाणसुरसत्तम ॥२१॥ इति वस्त्रम् ॥ आचमनम् ॥ दामोदर

कलशाँ भाको गंगाको जल यो निको । आच्मनोस् हे हृषीकेश ! पुराण पुरुषोत्तम !' ॥ १६ ॥ अनि स्नानका लागि जल
चढाउँ दै–तिमी धाता न्वाहिएमा मेरो काम त सिद्धि होस् । मैल्यै ल्याको त जलले हे राधाका साथका हरे ! ॥ १७ ॥ भन्नू
अनि पञ्चामृतले स्नान गराउँ दै–'गाईको मै दूध दही घ्यू या मह चिनो अनि । हे राधाका लहडिया ! लिनुहोस् सब वस्तु
यो ॥ १८ ॥ भन्नू । फेरि शुद्ध जलले न्वाहिदिदै—'हे योगेश्वर, हे देव, हे गोबर्धन धारने ! यज्ञका पति ! गोविन्द ! नाथ- १८०
लाई नमो नमः ॥१९॥ गंगाजल शरी ठण्डा नदीको तीर्थको जल । मैले दिएँ, स्नान गर्नोस् हे कृष्ण ! नन्दका प्रिय ! ॥२०।
भन्नू । अनि वस्त्र चढाउँ दै–'सारा कामार्थ सिद्धयार्थ हे देव पुरुषोत्तम ! मैले चढाको भक्तीले जोडा पीताम्बरै लिनोस्' ॥२१॥
भन्नू फेरि आचमनका लागि जल चढाउँ दै–'सुनको कलशाँ भाको गंगाको जल यो निको । आच्मनोस् हे हृषीकेश ! पुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्तेऽस्तु त्राहिमां भवसागरात् ॥ ब्रह्मसूत्रं सोत्तरीयं गृहाण पुरुषोत्तमः ॥२२॥ उपवीतम् ॥ आच
सुरश्रेष्ठ ! मनम्—श्रीखण्डं चन्दनम् दिव्यं गन्धाढ्यं सुमनोहरम् ॥ विलेपनं सुरश्रेष्ठ प्रीत्यर्थं प्रतिगृह्य ताम्
॥ २३ ॥ चन्दनम्—अक्षतास्तु ! कुङ्कुमाक्ताः सुशोभिताः ॥ मया निवेदिता भक्त्या गृहाण
पुरुषोत्तम ॥ २४ ॥ इत्यक्षतान् ॥ माल्यादीनि सुगन्धीनि मालत्यादीनि वै प्रभो ॥ मयाऽऽहृतानि
पूजार्थं पुष्पाणि प्रतिगृह्यताम् ॥२५॥ इति पुष्पाणि ॥ ततोऽङ्ग पूजा—नन्दात्मजो यशोदायास्तनयः
केशिसूदनः ॥ भूभारोत्तारकश्चैव ह्यनन्तो विष्णुरूपधृतक् ॥२६॥ प्रद्युम्नश्चानिरुद्धश्च नीलकण्ठः सक-

पुरुषोत्तम !' भन्नू । अनि जनै चढाउँदै—दामोदर ! नमस्ते छ भवाब्धीबाट रक्षणोस् । उपर्ना साथ छ जनै पुरुषोत्तम !
यो लिनोस्' ॥२२॥ भन्नू । फेरि आचमनका लागि जल चढाउँदै—'सुनको कलशाँ भाको गङ्गाको जल यो निका । आचम-
नोस् हे हृषीकेश ! पुराण पुरुषोत्तम ॥' भन्नू । अनि चन्दन चढाउँदै—'सुगन्धी मन हर्ने यो राम्रो श्रीखण्ड चन्दन । लिनु-
होस् हे सुरश्रेष्ठ ! प्रीत्यर्थं छ विलेपन' ॥ २३ ॥ भन्नू । अनि अक्षता चढाउँदै—अक्षता हे सुरश्रेष्ठ ! मुछ्या केशर राम्ररी । १८१
मैले चढाको भक्तीले लिनोस् हे पुरुषोत्तम !' ॥ २४ ॥ भन्नू । अनि फूल माला चढाउँदै—'प्रभो ! यो मालती आदी माला-
हरू सुगन्धि छन् । मैले पूजार्थ ल्याका हुन् लिनुहोस् फूल यी निका' ॥ २५ ॥ भन्नू । अनि पुरुषोत्तमका अङ्गहरूको पूजा
गर्नू—नन्दात्मज, यशोदातनय, केशिसूदन, भूभारोत्तारक, अनन्त, विष्णुरूपधृक्, ॥ २६ ॥ प्रद्युम्न, अनिरुद्ध, नीलकण्ठ सक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाम्त्रधृक् ॥ वाचस्पतिः केशवश्च सर्वात्मेति च नामतः ॥ २७ ॥ पादौ गुल्फौ तथा जानू जघने च कटी तथा ॥ मेढ्रं नाभिं च हृदयं कण्ठं बाहू मुखं तथा ॥ २८ ॥ नेत्रे शिरश्च सर्वाङ्गं विश्वरूपिं-

 समर्चयेत् ॥ पुष्पाण्यादाय क्रमशश्चतुर्थ्यन्तैर्जगत्पतिम् ॥२९॥ प्रत्यङ्गपूजां कृत्वा तु पुनश्च केशवा-

दिभिः ॥ चतुर्विंशतिमन्त्रैश्च चतुर्थ्यन्तैश्च नामभिः ॥३०॥ पुष्पमादाय प्रत्येकं पूजयेत् पुरुषोत्तमम् ॥ ३१ ॥ वनस्पतिरसो दिव्यो गन्धाढ्यो गन्ध उत्तमः ॥ आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम्

लाम्त्रधृक्, वाचस्पति, केशव, सर्वात्मा यी नामहरूले ॥ २७ ॥ क्रमैले दुइ पाउमा, दुइ गोलीगाँठामा, दुइ जाँघमा, कमरमा, गुप्ताङ्गमा, नाइटोमा, हृदयमा, कण्ठमा, दुवै बाहुमा, मुखमा र ॥ २८ ॥ दुवै आँखा, शिर अनि सर्वाङ्गमा विश्वरूपी भगवान्लाई पूजा गर्नू जस्तै चन्दन अक्षता फूल लिएर क्रमैले माथिका नाममा चतुर्थीको 'ङे' विभक्तिको रूप पारी जगत्पति-लाई 'नन्दात्मजाय नमः पादौ पूजयामि, भो नन्दात्मज ! पूजितोऽसि क्षमस्व' झैं सबैमा भन्दै पूजा गर्नू ॥ २९ ॥ यसरी प्रति अंगको पूजा गरिसकेर फेरि केशव आदि-केशव, माधव, दैत्यारि, पुण्डरीकाक्ष, गोविन्द, गरुडध्वज, पीताम्बर, अच्युत, शार्ङ्गी, विश्वक्सेन, जनार्दन, उपेन्द्र, इन्द्रावरज, चक्रपाणि, चतुर्भुज, पद्मनाभ, मधुरिपु, वासुदेव, त्रिविक्रम, देवकी-नन्दन, शौरि, श्रीपति, पुरुषोत्तम यी चौबीस मन्त्ररूप चतुर्थी विभक्ति (ङे) अन्तमा हुने नामहरूले ॥३०॥ प्रत्येकमा चन्दन अक्षता फूल लिएर पुरुषोत्तम भगवानलाई पूजा गर्नू ॥ ३१ ॥ अनि धूप हाल्दै—राम्रो वनस्पतिरस सुगन्धी गन्धउत्तम । सुँघने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥३२॥ इति धूपम् ॥ त्वं ज्योतिः सर्वदेवानां तेजसां तेज सउत्तमम् ॥ आत्यज्योतिः परं धाम दीपोऽयं प्रतिगृह्यताम् ॥ ३३ ॥ इति दीपम् ॥ नैवेद्यं गृह्यतां देव भक्ति मे ह्यचलां कुरु ॥ ईप्सितं मे वरं देहि परत्र च परां गतिम् ॥३४॥ इति नैवेद्यम् ॥ मध्ये पानीयम् ॥ उत्तरापोशनम् ॥ गङ्गाजलं समानीतं सुवर्णकलशे स्थितम् ॥ आचम्यतां हृषीकेश त्रैलोक्यव्याधिनाशन ॥३५॥ इत्याचमनम् ॥ इदं फलं मया देव स्थापितं पुरतस्तव ॥ तेन मे सुफलावाप्तिर्भवेज्जन्मनि जन्मनि ॥ ३६ ॥ इति श्रीफलम्-गन्धकर्पूरसंयुक्तं कस्तूर्यादिसुवासितम् ॥ करोद्वर्तनकं देव ! गृहाण परमेश्वर ॥३७॥ इतिकरो-

सब द्यौताले धूप यो लिनुहोस् प्रभो !' ॥३२॥ भन्नू अनि आरती गर्दै—'द्यौताका ज्योति तिमी हौ, तेजका तेज उत्तम । आफ्नै ज्योति परंधाम ! यो दीप लिनुहोस् प्रभो !' ॥ ३३ ॥ भन्नू । अनि नैवेद चढाउँदै—'नैवेद्य लिनुहोस देव ! भक्ति मेरो गर स्थिर । मेरो इच्छा वर दिनोस् गति श्रेष्ठ परत्रमा' ॥ ३४ ॥ भन्नू अनि पानी टक्र्याउँदै—'सुनको अंखराँमाको पवित्र जल यो निको । पिउनोस् हे जगन्नाथ ! पुराण पुरुषोत्तम !' भन्नू । अनि आचमनका लागि जल चढाउँदै—सुनको कलशाँमाको गंगाको जल यो निको । आचमनोस् हे हृषीकेश ! त्रैलोक्य व्याधिनाशने ! ॥ ३५ ॥ भन्नू । अनि बेल अर्पदै—'मैले यो फल हे देव ! राखें तिम्रो अगाडिमा ! त्यस्ले फल मिलोस् राम्रो मलाई हर-जन्ममा' ॥ ३६ ॥ भन्नू । अनि करोद्वर्तन चढाउँदै—'कपूर चन्दनयुत कस्तूरीले सुवासित । करोद्वर्तन हे देव ! लिनुहोस परमेश्वर !' ॥ ३७ ॥ भन्नू । अनि पान

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ह्यतंनम् ॥ पूगीफसमायुक्तं सकर्पूरं च मनोहर ॥ भक्त्वा दत्तं मया देव ताम्बूलं प्रतिगृह्यताम्
॥ ३८ ॥ इति ताम्बूल् ॥ हिरण्यगर्भगर्भस्थं हेमबीजं विभावसोः ॥ अनन्तपुण्यफलदमतः शान्ति
प्रयच्छ मे ॥ ३९ ॥ इति दक्षिणाम् ॥ शारदेन्दीवरश्यामं त्रिभङ्गललिताकृतम् ॥ नीराजयामि देवेश
राधाय सहितं हरिम् ॥ ४० ॥ इति नीराजनम् ॥ रक्ष रक्ष जगन्नाथ रक्ष त्रैलोक्यनायक ॥ भक्तानु-
ग्रहकर्त्ता त्वं प्रदक्षिणं गृहाण मे ॥ ४१ ॥ इति प्रदक्षिणाम् ॥ यज्ञेश्वराय देवाय तथा यज्ञोद्भवाय च ॥
यज्ञानां पतये नाथ गोविन्दाय नमो नमः ॥ ४२ ॥ इति मन्त्रपुष्पम् ॥ विश्वेश्वराय विश्वाय तथा

टक्र्याउँ दै--सुपारीफल हालेको कपूरे यो मनोहर । दिएको भक्तिले मैले पान यो लिनुहोस् प्रभो !' ॥ ३८ ॥ भन्नू । अनि दक्षिणा चढाउँदै--'हे अग्निका स्वर्णबीज ! ब्रह्माका गर्भमा स्थित ! अनन्तपुण्यफलद ! मलाई शान्ति द्यौ अतः ॥' भन्नू । अनि नीराजन घुमाउँ दै--'शारदेन्दीवरश्याम ! त्रिभङ्गललिताकृति ! देवेश ! राधासहित, नीराजन लिनोस् हरे !' ॥ ४० ॥ भन्नू । अनि प्रदक्षिणा गर्दै--'हे जगन्नाथ, त्रैलोक्यनेता, हे भक्तवत्सल, लेऊ प्रदक्षिणा मेरो तिमी रक्षा गरीरहू' ॥ ४१ ॥ भन्नू । अनि हातमा फूल लिएर--'हे यज्ञपति, हे नाथ, हे गोविन्द नमो नमः' ॥ ४२ । भनी चढाइदिनू । अनि नमस्कार गर्दै—हे विश्वेश्वर, हे विश्व, हे विश्वोद्भव हे विभो, हे विश्वपति, गोविन्द, तिमीलाई नमोनमः' ॥ 'हे यज्ञेश्वर, हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पु.मा. १८५

विश्वोद्भवाय च ।। विश्वस्य पतये तुभ्यं गोविन्दाय नमो नमः ।। ४३ ।। इति नमस्कारम् ।। मन्त्र-हीनेति मन्त्रेण क्षमाय पुरुषोत्तमम् ।। स्वाहान्तैर्नाममन्त्रैश्च तिलहोमो दिने दिने ।। ४४ ।। दीपः कार्यस्त्वखण्डश्च यावन्मासं च सर्पिषा ।। पुरुषोत्तमस्य प्रीत्यर्थं सर्वार्थफलसिद्धये ।। ४५ ।। यस्य स्मृत्येति मन्त्रेण नमस्कृत्य जनार्दनम् ।। यन्नूनं तत् तु सम्पूर्णं विधाय विचरेत् सुखम् ।।४६।। इत्थं श्रीपुरुषोत्तमं यवघनश्यामं सराधं मुदा सम्प्राप्ते पुरुषोत्तमेऽवनितले लब्ध्वा जनुर्मानवम् ।। भक्त्या

भा. टी. अ.२१

देव, हे यज्ञोद्भव, हे विभो, हे यक्षपति हे नाथ' हे गोविन्द नमो नमः' ।। ४३ ।। भनी चढाइदिनू ।। ४३ ।। अनि हात जोडेर—'मन्त्र क्रिया-भक्तिहीन जसरी होस् जनार्दन ! मैले जो पूजियौं देव ! मेरो त्यो परिपूर्ण होस् ।' भन्ने मन्त्रले पुरुषोत्तमसँग क्षमा माँगेर विष्णुसहस्रनाममा लेखिएका हजार नाम मन्त्रले ती नामलाई चतुर्थ्यन्त एकवचन पारी अन्तमा 'स्वाहा' भनेर दिनदिनै तिलको होम गर्नू ।।४४।। पुरुषोत्तम भगवानूलाई खुशी राख्न का लागि र सबै इच्छारूपी फलको सिद्धि-को लागि महीनाभरि नै घिउले अखण्ड बत्ती बालिराख्नू ।।४५।। तप-यज्ञ-क्रियादीमा जसको नाम लिए गुने । कमी तुरुन्तै पूर्तिन्छ ढोग्छू ती अच्युतैकन ।। कव्य हव्य अर्चनका कर्म गर्दा तभूलिए । विष्णुको स्मरणैले त्यो पूरा हुन्छ छ यो श्रुति ।। भन्ने यो मंत्रले जनार्दन भगवानूलाई नमस्कार गरी जो त्रुटि भएको छ त्यसलाई पूर्ण पारी सुखपूर्वक रहोस् ।। ४६ ।। पृथिवी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यः परिपूजयेत् प्रतिदिनं कृत्वा गुरु वैष्णवं भुक्त्वा ह्यत्र सुखं समस्तमतुलं पश्चात् स गच्छेत् परम् ॥ ४७ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने पुरुषोत्तममासपूजनविधिर्नामैकविंशोऽध्यायः ॥ २१ ॥

तलमा मनुष्यजन्म पाएर पुरुषोत्तम महीना लागेपछि वैष्णव ब्राह्मणलाई गुरू (आचार्य) बनाएर यस्ता प्रकारले नयाँ मेघझैं श्यामवर्ण भएका, राधालाई साथैमा लिएका पुरुषोत्तम भगवान्‌लाई खुशी भएर भक्तिपूर्वक जो मनुष्य पुरुषोत्तमभरि दिनहुँ पूजा गर्दछ त्यो मनुष्य यस संसारमा समस्त अतुल सुख भोगेर पछि निश्चयै भगवान्‌को परमपदमा जान्छ ॥ ४७ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण–नारद संवादे दृढधन्वोपाख्याने पुरुषोत्तम पूजनविधिर्नामैकविंशोऽध्याय ॥ २१ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्वाविंशोऽध्यायः

राजोवाच—पुरुषोत्तमस्य नियमान् व्रतिनां वद विस्तरात् ॥ किं भोज्यं किमभोज्यं वा वर्ज्यावर्ज्यं तपोधन ॥ १ ॥ श्री नारायण उवाच—स एवं भगवान् पृष्टो वाल्मीकिर्भूभृता मुनिः ॥ पुंसां निःश्रेयसार्थाय तमाह बहुमानयन् ॥ २ ॥ वाल्मीकिरुवाच—पुरुषोत्तममासे ये नियमाः परिकीर्तिताः ॥ तान् शृणुष्व मया राजन् कथ्यमानान् समासतः ॥ ३ ॥ हविष्यान्नं च भुञ्जीत प्रयतः पुरुषोत्तमे ॥ गोधूमा शालयः सर्वा सिता मुद्गा यवास्तिला ॥ ४ ॥ कलायकंगुनीवारा वास्तुकं हिमलोचिका ॥ आर्द्रकं कालशाकं च मूलं कन्दं च कर्कटीम् ॥ ५ ॥ रम्भा सैन्धव सामुद्रे लवणे

राजाले भने—हे तपोधन ! पुरुषोत्तमका व्रतीले के खाने ? के नखाने ? अथवा के छाड्ने ? के नछाड्ने ? यी सबै नियमहरू विस्तारपूर्वक बताउनोस् ॥ १ ॥ श्रीनारायणले भन्नुभयो—यस्ता प्रकारले राजा द्दढधन्वाले सोधिएका भगवान् ती वाल्मीकि मुनिले मनुष्यहरूको कल्याणको लागि अत्यन्त सम्मानपूर्वक राजालाई भने ॥ २ ॥ वाल्मीकिले भने—पुरुषोत्तम महीनामा जो नियमहरू गर्न बताइएका छन्, राजन् ! ती संक्षेपले भन्छु सुन ॥ ३ ॥ पुरुषोत्तम महीनामा नियममा रहेर हविष्यान्न मात्र खानू। गहुँ, सबै किसिमका चामल, मिश्री, मूँग, जौ तिल ॥४। केराउ, साबा, नीवार (जंगली धान), बथुरा, हिमलोचिका, अदुवा, कालशाक, मूला, सखरखण्ड, ककडी, केरा, सिधे या सामुद्रिक नून, दही, घिउ; नरेलेको खँटी दूध,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दधिमर्पणे ॥ पयोऽनुद्धृतसारं च पनसाम्रे हरीतिकी ॥ ६॥ पिप्पली जीरकं चैव नागरं चैव तन्त्रिणी ॥ क्रमुकं लवणो धात्री फलान्यगुडमैक्षवम् ॥ ७ ॥ अतैलपक्वं मुनयो हविष्य प्रवदन्ति च ॥ हविष्यभोजनं नृणामुपवाससमं विदुः ॥ ८ ॥ सर्वामिषाणि मांसं च क्षौद्रं सौवीरकं तथा । राजमाषादिकं चैव राजिका मोदकं तथा ॥ ९ ॥ द्विदलं तिलतैलं च तथान्नं शल्यदूषितम् ॥ भावदुष्टं क्रियादुष्टं शब्ददुष्टं च वर्जयेत् ॥१०॥ परान्नं च परद्रोहं परदारागमं तथा ॥ तीर्थं विना प्रयाणं च परदेशं परित्यजेत् ॥११॥ देववेदद्विजानां च गुरुगोव्रतिनां तथा ॥ स्त्रीराजमहतां निन्दां वर्जयेत् पुरुषोत्तमे ॥ १२ ॥ प्राण्यङ्गमामिषं चूर्णं फलं जम्बीरमामिषम् ॥ धान्ये मसूरिका प्रोक्ता अन्नं पर्यु षितं

कटहर, आँप, हर्रो ॥ ६ ॥ पीपल, जीरा, सुठो, तित्री, सुपारी, लवली, अमला, र ऊखुको छाडेर निषेध नगरिएका सबै फलहरू ॥७॥ र तेलमा नपकाएको वस्तुलाई मुनिहरू हविष्य भन्दछन्। हविष्य भोजन गर्नु मनुष्यहरूका लागि उपवास सरिकै हो भन्दछन् ॥ ८ ॥ समस्त आमिष पदार्थ, मासु, मह, बयर अनि भटमास, रायो र मात लाग्ने चीजहरू ॥९॥ दाल, तिलको तेल, फलामको संसर्ग भएको, वासी आदि कुनै मतलबले खराब भएको या काँचोकाँचिलो रहन गएको अथवा घिनलाग्दो आदि शब्दले दोष्याइएको वस्तु त्यागिदिनुपर्छ ॥ १० ॥ अर्काको अन्न खान, अरूसँग झगडा गर्न, अर्काकी स्त्री गमन गर्न, तीर्थ बाहेक परदेश जान त्यागिदिनुपर्छ ॥ ११ ॥ द्यौता, वेद, ब्राह्मण, गुरू, गाई, व्रती, (साधु-संन्यासी) अनि स्त्री, राजा र ठूला ठालुको निन्दा चर्चा गर्न पुरुषोत्तममा ठ्याम्मै छोडिदिनुपर्छ ॥ १२ ॥ प्राणीको अङ्ग (मासु) लाई आमिष भन्दछन्, सुकाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा ॥ १३ ॥ अजागोमहिषीदुग्धादन्यद्दुग्धादि चामिषम् ॥ द्विजक्रीता रसाः सर्वे लवणं भूमिजं तथा ॥ १४ ॥ ताम्रपात्रस्थितं गव्यं जलं चर्मणि संस्थितम् ॥ आत्मार्थं पाचितं चान्नमामिषं तत् बुधैः स्मृतम् ॥ १५ ॥ ब्रह्मचर्यमधःशय्यां पत्रावल्यां च भोजनम् ॥ चतुर्थकाले भुक्तिं च प्रकुर्यात् पुरुषोत्तमे ॥ १६ ॥ रजस्वलान्त्यजम्लेच्छपतितैर्व्रात्यकैः सह ॥ द्विजद्विड्वेदबाह्यैश्च न वदेत् पुरुषोत्तमे ॥ १७ ॥ एभिर्दृष्टं च काकैश्च सूतकान्नं च यद्भवेत् ॥ द्विपाचितं च दग्धान्नं नैवेद्यात् पुरुषोत्तमे ॥ १८ ॥ पलाण्डुं लशुनं मुस्तां क्षत्राक गृञ्जनं तथा ॥ नालिकं मूलकं शिग्रुं वर्जयेत् पुरु-

सडाएर गलाएर राखेका चीज आमिष कहिन्छ, फलहरूमा ज्यामीर आमिष कहिन्छ, अन्नमा यस्तो र पकाएर राखेको बासी अन्न आमिष कहिन्छ ॥१३॥ बाख्री-गाई र भैंसीको दूधहरू आमिष कहिन्छ, बाहुनले किनेका अर्थात् बाहुनका नून आदि सबै रस र साँभर या भोटे नून आमिष कहिन्छ ॥१४॥ तामाका भाँडामा राखेको दूध दही घिउ आदि गोरसपदार्थ, छालमा राखिएको पानी, आफ्ना लागि पकाएको अन्न ती सब पदार्थलाई जान्नेहरूले आमिष बताएका छन् ॥ १५ ॥ पुरुषोत्तम महीनामा ब्रह्मचर्यमा रहनु, भूइँमा सुत्नु, टपरीमा खानु, चौथो प्रहरमा मात्रै भोजन गर्नुपर्छ ॥ १६ ॥ पुरुषोत्तम महीनामा व्रतीले परसरेको, पानी नचलने, गाईका मासु खाने म्लेच्छ, धर्मछाडा पतित, संस्कार नगरिएको व्रात्यहरूको साथ र ब्राह्मणद्वेषी, वेद नमान्नेहरूसँग बोल्नुहुन्न ॥ १७ ॥ यिनीहरूले देखिएको, कागले देखिएको र सूतक-जूठो परेकाको जो अन्न हुन्छ अनि दुइपल्ट पकाइएको वा भुटेको उडेको अन्न पनि पुरुषोत्तममा व्रतीले खानु छैन ॥ १८ ॥ प्याज, लसुन, मोथे, च्याउ, गाजर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोत्तमे ॥१९ ॥ एतानि वर्जयेन्नित्यं व्रती सर्वव्रतेष्वपि ॥ कृच्छ्राद्यं चापि कुर्वीत स्वशक्त्या विष्णु-
तुष्टये ॥ २० ॥ कुष्माण्डं बृहती चैव तरुणी मूलकं तथा ॥ श्रीफलं च कलिङ्गं च फलं धात्रीफलं
 तथा ॥ २१ ॥ नारिकेलमलाबुं च पटोलम्बदरीफलम् ॥ चर्मवृन्ताजिकं बल्ली शाकं तु जलजं तथा
 ॥ २२ ॥ शाकान्येतानि वर्ज्याणि क्रमात् प्रतिपदादिषु ॥ धात्रीफलं रवौ तद्वद्वर्जयेत् सर्वदा गृही
॥ २३ ॥ यद्यद्यो वर्जयेत्किञ्चित्पुरुषोत्तमतुष्टये ॥ तत्पुनर्ब्राह्मणे दत्त्वा भक्षयेत्सर्वदेव हि ॥ २४ ॥ कुर्या-
देताँश्च नियमान् व्रती कार्तिकमाघयोः ॥ नियमेन बिना राजन् फलं नैवाप्नुयाद्व्रती ॥ २५ ॥
अनि नालिक्, मूला, सोहिजन यी चीज पनि पुरुषोत्तममा त्याग्नुपर्छ ॥ १९ ॥ अरू सबै व्रतहरूमा पनि व्रतीले सधैं यी चीज-
हरू त्याग्नुपर्छ । विष्णुलाई खुशीपार्नका लागि आफ्ना शक्ति-अनुसार कृच्छ्र आदि व्रत पनि गर्नु वेस छ ॥ २० ॥ कुभिण्डो,
ताप्रे, लटजीरा (अपामार्गको दाना), मूला अनि बेल, इन्द्रजौं, अमलाको फल ॥ २१ ॥ नरिवल, परवल, बयर, चर्म-
वृन्त, आजिक्, मुन्टा, पानीमा साग, ॥ २२ ॥ प्रतिपदादेखि क्रमैले यी—कुभिण्डोदेखि पानीसाग (सम्मका) तरकारी
त्याग्नुपर्छ । त्यस्तै किसिमले आइत्तवार अमला गृहस्थीले सधैं त्याग्नुपर्छ ॥ २३ ॥ पुरुषोत्तममा व्रतीले पुरुषोत्तमको प्रीतिका
लागि जसले जो कुछ त्यागेको छ, त्यो-त्यो चीज पुरुषोत्तम सकिएपछि पहिले ब्राह्मणलाई दिएर मात्रै अनि हमेशै खाए हुन्छ
॥२४॥ व्रती व्यक्तिले कात्तिक र माघमा पनि यी नियमहरूलाई गर्नुपर्छ, हे राजन् ! नियम पालन नगरे त व्रतीले फल अवश्यै
पाउँदैन ॥ २५ ॥ यदि ताकत भए पुरुषोत्तमभरि उपवास (खाँदै नखाई) व्रत गरे अति असल हुन्छ, त्यति नसके घिउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपोषणेन कर्त्तव्यः शक्तिश्चेत् पुरुषोत्तमः ॥ अथवा घृतपानं च पयःपानमयाचितम् ॥ २६ ॥ फला-
हारादि वा कार्यं यथाशक्त्या व्रतार्थिना ॥ व्रतभङ्गो यथा न स्यात् तथा कार्यं विचक्षणैः ॥ २७ ॥ भा.
पु मा. पुण्येऽन्हि प्रातरुत्थाय कृत्वा पौर्वान्हिकीः क्रियाः ॥ गृह्णीयान्नियमं भक्त्या श्रीकृष्णं च हृदि स्मरन् टी.
९१ ॥२८॥ उपवासस्य नक्तस्य चैकभुक्तस्य भूपते ॥ एकं च निश्चयं कृत्वा व्रतमेतत् समाचरेत् ॥२९॥ अ.२२
श्रीमद्भागवतं भक्त्या श्रोतव्यं पुरुषोत्तमे ॥ तत्पुण्यं वचसा वक्तुं विधाताऽपि न शक्नुयात् ॥ ३० ॥
शालिग्रामार्चनं कार्यं मासे श्रीपुरुषोत्तमे ॥ तुलसीदल लक्षेण तस्य पुण्यमनन्तकम् ॥ ३१ ॥ यथो-

मात्रै पिएर रहोस, त्यो नजुरे दूध पिएरै रहोस् अथवा नमाँगीकन जो पवित्र वस्तु मिल्छ त्यै खाएर रहोस् ॥ २६ ॥ यो
व्रत गर्नेले यथाशक्ति फलहार मात्रै गरे पनि हुन्छ । जे गर्दा व्रत भङ्ग हुँदैन विद्वान् पुरुषले त्यै गर्नुपर्छ ॥ २७ ॥
पुरुषोत्तमको पवित्र दिनमा बिहानै उठेर पूर्वाह्नमा गर्नुपर्ने सबै क्रियाहरू गरिसकेर श्रीकृष्ण भगवानलाई हृदयमा सम्झदै
भक्तिपूर्वक नियम गरोस् ॥ २८ ॥ हे राजन् ! पुरुषोत्तमभरि उपवास व्रत गर्नँ या नक्तव्रत गर्ने अथवा एकपल्ट खाने १९१
व्रत गर्नँ यी तीनमा एक निश्चय गरेर यी व्रत थाल्नू ॥ २९ ॥ पुरुषोत्तम महीना भरि श्रीमद्भागवत
भक्तिपूर्वक सुन्नुपर्छ । यदि त्यो सुन्यो भने त्यो पुण्य वाणीले बखान्न त ब्रह्मा पनि सक्नुहुन्न ॥ ३० ॥
पुरुषोत्तम महीनामा एक लाख तुलसीपत्रले शालिग्रामको पूजा गर्‍यो भने उसलाई अनन्त पुण्य मिल्छ ॥ ३१ ॥ पुरुषोत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्कव्रतिनं दृष्ट्वा मासे श्रीपुरुषोत्तमे ॥ यमदूताः पलायन्ते सिंहं दृष्ट्वा यथा गजाः ॥३२॥ एतन्मा-
सव्रतं राजन् श्रेष्ठं क्रतुशतादपि ॥ क्रतुं कृत्वाऽनुयात् स्वर्गं गोलोकं पुरुषोत्तमे ॥ ३३ ॥ पृथिव्यां
यानि तीर्थानि क्षेत्राणि सर्वदेवताः ॥ तद्देहे तानि तिष्ठन्ति यः कुर्यात् पुरुषोत्तमम् ॥ ३४ ॥ दुःस्वप्नं
चैव दारिद्र्यं दुष्कृतं त्रिविधं च यत् ॥ तत्सर्वं विलयं याति कृते श्रीपुरुषोत्तमे ॥ ३५ ॥ पुरुषोत्तम-
सेवायां निश्चलं हरिसेवकम् ॥ विघ्नाद्रक्षन्ति शक्राद्याः पुरुषोत्तमतुष्टये ॥ ३६ ॥ पुरुषोत्तमस्य व्रतिनो
यत्र यत्र वसन्ति च ॥ भूतप्रेतपिशाचाद्या न तिष्ठन्ति तदग्रतः ॥ ३७ ॥ एवं यो विधिना राजन्

महीनामा नियमपूर्वक व्रत गरेकालाई देखेर यमदूतहरू त—सिंहलाई देखेर हात्तीहरू भागे झैं—भाग्दछन् ॥ ३२ ॥ हे राजन् !
यो महीनाको व्रत सय यज्ञ भन्दा पनि श्रेष्ठ छ। यज्ञ गरेर व्रत स्वर्ग मिल्दछ, तर पुरुषोत्तममा व्रत गर्नाले तँ गो-लोक
नै प्राप्त हुन्छ ॥ ३३ ॥ जो जन पुरुषोत्तमको व्रत गर्दछ त्यसका शरीरमा पृथिवीमा जति तीर्थ छन्, जति पुण्य क्षेत्र छन् र
जति द्यौ-द्यौता छन् ती सबै—रहन्छन् ॥ ३४ ॥ पुरुषोत्तमको व्रत गर्नाले खराब सपना, दारिद्र्य र कायिक-वाचिक-मानसिक
यी तीन प्रकारका जो पाप छन् ती सब नाश हुन्छन् ॥ ३७ ॥ पुरुषोत्तमको सेवामा लागेर दृढ भई हरिको सेवा
गर्नेलाई पुरुषोत्तम भगवान्को प्रसन्नताका लागि इन्द्र आदि गरिएका द्यौताहरू विघ्नदेखि रक्षा गर्दछन् ॥ ३६ ॥
पुरुषोत्तम मासका व्रतीहरू जहाँ-जहाँ बस्तछन् भूत-प्रेत-पिशाच आदि उनका सामने रहँदैनन् अर्थात् उहाँ टिक्न सक्तैनन्
॥ ३७ ॥ हे राजन् ! यस्ता प्रकारले जो मनुष्य विधिपूर्वक श्रीपुरुषोत्तमको व्रतगर्छ, त्यस पुण्यको फल यथार्थ वर्णन गर्न ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुर्याच्छ्रीपुरुषोत्तमम् ॥ सहस्रवदनो नालं तत्फलं वक्तुमञ्जसा ॥ ३८ ॥ श्रीनारायण उवाच--पुरुषोत्तमं प्रियममुं परमादरेण कुर्यादनन्यमनसा पुरुषोत्तमो यः ॥ पुरुषोत्तमप्रियतमः पुरुषः स भूत्वा पुरुषोत्तमेन रमते रसिकेश्वरेण ॥ ३९ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने पुरुषोत्तमव्रतनियमकथनं नाम द्वाविंशतितमोऽध्यायः ॥ २२ ॥

हजार मुख हुने शेष नाग पनि समर्थ छैनन् ॥१८॥ श्री नारायणले भन्नुभयो---जुन उत्तम पुरुष एकाग्र मनले श्रद्धा-भक्तिपूर्वक भगवान्‌को प्रिय यस पुरुषोत्तम महीनाको व्रत गर्छ त्यो पुरुषोत्तम भगवान्‌को अत्यन्त प्रिय भएर रसिकेश्वर अर्थात् अति रीसिया पुरुषोत्तम भगवान्‌का साथ गो-लोकमा रमाएर रहन्छ ॥ ३९ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण-नारदसंवादे दृढधन्वोपाख्याने पुरुषोत्तमव्रतनियमकथनं नाम द्वाविंशोऽध्यायः ॥ २२ ॥

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ त्रयोविंशतितमोऽध्यायः

राजोवाच—किं फलं दीपदानस्य मासे श्रीपुरुषोत्तमे ॥ तन्मे वद मुनिश्रेष्ठ कृपया दीनवत्सल ॥ १ ॥ श्रीनारायण उवाच—इत्थं विज्ञापितः प्राह वाल्मीकिमुनिसत्तमः ॥ प्रवृद्धहर्षो राजानं विनीतं प्रहसन्निव ॥ २ ॥ वाल्मीकिरुवाच—शृणुष्व राजशार्दूल कथां पापप्रणाशिनीम् ॥ यां श्रुत्वा याति विलयं पाप पञ्चविधं महत् ॥ ३ ॥ सौभाग्यनगरे राजा चित्रबाहुरिती श्रुतः ॥ सत्यसन्धो महाप्राज्ञश्चासीच्छूरतरः परः ॥ ४ ॥ सहिष्णुः सर्वधर्मज्ञः शीलरूपदयान्वितः ॥ ब्रह्मण्यो भगवद्भक्तः कथाश्रवणतत्परः ॥ ५ ॥ स्वदारनिरतः शाश्वत् पशुपुत्रसमन्वितः ॥ चतुरङ्गबलोपेतः समृद्ध्या धन-

राजाले भन्ने—दुःखीहरूलाई दया गर्ने हे मुनि! पुरुषोत्तम महीनामा दीपदानको के फल छ ? हे मुनिश्रेष्ठ! अब मलाई त्यो बताइबक्सियोस् ॥ १ ॥ श्रीनारायणले भन्नुभयो–यस्ता प्रकारले सोधिनाले अत्यन्त प्रसन्न भएका मुनिहरूमा श्रेष्ठ वाल्मीकिले अति नम्र राजालाई मुस्कराउँदै भने ॥ २ ॥ वाल्मीकिले भने—हे पराक्रमी राजन्! जुन कथा सुनेर पाँच प्रकारका आततायीरूप ठूला पाप पनि नाश हुन्छन् सबै पाप नाश गर्ने त्यो कथा सुन्नुहोस् ॥ ३ ॥ एक समयमा सौभाग्य नामको नगरमा साँचो बोल्ने, अति बुद्धिमान्, असाध्यै शूरो, क्षमाशील, सारा धर्म जान्ने, शील, रूप र दयाले युक्त भएका, ब्राह्मणहरूलाई श्रद्धा गर्ने, भगवान्मा भक्ति गर्ने, भगवान्का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोपमः ६ ॥ तस्य भार्या चन्द्रकला चतुःषष्ठिकलान्वितः ॥ पतिव्रता महाभागा भगवद्भक्तिसंयुता ॥ ७ ॥ तया सह महीपालो बुभुजे मेदिनी युवा ॥ विना श्रीकृष्णदेवं स नैव जानाति दैवतम् ॥८॥ एकस्मिन्दिवसे राजा चित्रबाहुर्महीपतिः ॥ दृष्ट्वा समागतं दूरादगस्त्यं मुनिपुङ्गवम् ॥ ९ ॥ प्रणम्ये दण्डवद्भूमौ विधिना तमपूजयत् ॥ कल्पयित्वाऽसनं भक्त्या तस्थौ मुनिवराग्रतः ॥ १० ॥ विनयावनतो भूत्वा जगाद मुनिसत्तमम् ॥ राजोवाच ॥ अद्य मे सफलं जन्म ह्यद्य मे सफलं दिनम् ॥११॥ अद्य मे सफलं राज्यमद्य मे सफलं गृहम् ॥ यत्त्वं समागतो मेऽद्य गृहे श्रीकृष्णसेवकः ॥ १२ ॥

कथा सुन्नमा लागिरर्ने हमेशा आफ्नै स्त्रीमा रत रहने, पशुधन र सन्तानले सम्पन्न भएको, चतुरङ्गिणी सेनाले सजिएको, समृद्धि र ऐश्वर्यले कुवेर तुल्य चित्रबाहु भन्ने नाउँले प्रसिद्ध राजा थिए ॥ ४--६ ॥ उनकी पत्नी चौटट्ठी कला जान्ने, पतिव्रता, भाग्यशाली, भगवानको भक्ति गरिरहने चन्द्रकला नामकी थिइन् ॥ ७ ॥ युवा ती राजा तो पत्नीका साम पृथिवीको भोग गर्थे, उनी भगवान् श्रीकृष्णलाई छोडेर अरू कुनै द्यौता जान्दैनथे ॥ ८ ॥ कुनै दिन पृथ्वीका स्वामी राजा चित्रबाहुले टाढाबाट आएका मुनिश्रेष्ठ अगस्त्यलाई देखेर ॥९॥ भूईंमा लम्पसार परी दण्डवत् प्रणाम गरेर विधिपूर्वक उनको पूजा गरे । अनि भक्तिपूर्वक उनलाई आसन टक्र्याएर राजा पनि ती मुनिवरका सामु बसे ॥ १० ॥ र विनयले अति नम्र भएर ती मुनिश्रेष्ठलाई भने—राजाले भने--आज मेरो जन्म सफल भो आजै मेरो दिन सफल भयो ॥ ११ ॥ आज मेरो राज्य सफल भयो, आज मेरो घर सफल भयो, जो कि श्रीकृष्णचन्द्रका सेवक तपाईं आज मेरा घरमा पाल्नु भयो ॥१२॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तोऽहं पापसङ्घात्त्वयाहं निरीक्षितः ॥ तुभ्यं समर्पितं राज्यं गजाश्वरथसंयुतम् ॥ १३ ॥
वैष्णवोऽसि मुनिश्रेष्ठ नास्त्यदेयं मया तव ॥ मेरुतुल्यं भवेत् स्वल्पं वैष्णवाय समर्पितम् ॥ १५ ॥ भा०-
कदर्पिकाप्रमाणं तु व्यञ्जनं वान्नमुत्तमम् ॥ न यच्छति दिने यस्तु वैष्णवाय द्विजन्मने ॥ १६ ॥
 तद्दिनं विफलं तस्य कथितं वेदपारगैः ॥ विष्णुभक्ताश्च ये केचित् सर्वे पूज्या द्विजातयः ॥ १७ ॥
 तेषां सम्भावना कार्या वाङ्मनःकायकर्मभिः ॥ कथितं मम गर्गेण गौतमेन सुमन्तुना ॥१७॥ ताव-
त्प्रभा च ताराणां यावन्नोदयते रविः ॥ तावदन्ये द्विजन्मानो यावन्नायाति वैष्णवः ॥ १८ ॥ अग-

जो तपाईंले हेरिएँ अर्थात् तपाईंले मलाई जो दर्शन दिनुभो, त्यसले गर्दा म समस्त पापबाट मुक्त भएँ। हात्ती, घोडा,
रथले युक्त भएको यो राज्य तपाईं लाई चढाएँ ॥ १३ ॥ हे मुनिश्रेष्ठ! तपाईं वैष्णव हुनुहुन्छ, तपाईंलाई मैले नदिइने क्यै
छैन। वैष्णवलाई समर्पण गरेको थोरै पनि चीज मेरु पर्वत समान ठूलो हुन्छ ॥१४॥ अलिकति पनि असल तरकारी वा अन्न
जो वैष्णव बाहुनलाई जुन दिन दिँदैन ॥१४॥ वेदमा पारङ्गत भएका विद्वानहरू त्यसको त्यो दिन बेकार हो भनी कहिए-
को छ। कोही ब्राह्मणहरू विष्णुका भक्त छन् ती सब पूज्य छन् ॥ १६ ॥ तन-मन-वचन-कर्मले तिनीहरूको सत्कार गर्नैपर्छ।
भनी मलाई गर्ग गौतम र सुमन्तुले कहेका छन् ॥ १७ ॥ जबसम्म सूर्य उदय हुँदैन, तबसम्म नै ताराहरूको प्रकाश रहेझैं,
जबसम्म वैष्णव ब्राह्मण आइपुग्दैन, तबसम्म अरू बाहुन भनौंदाहरू पनि पूज्यै छन् ॥ १८ ॥ तब अगस्त्यले भन्नुभयो--

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्य उवाच—चित्रबाहो महाभाग धन्यस्त्वं साम्प्रतं नृप ।। इमा धन्या प्रजाः सर्वा यस्त्वं रक्षसि वैष्णवः ।। १९ ।। तस्मिन् राष्ट्रे न वस्तव्यं यस्य राजा न वैष्णवः ।। वरो वासो वने शून्ये न तु राष्ट्रे ह्यवैष्णवे ।। २० ।। चक्षुर्हीनो यथा देहः पतिहीना यथा प्रिया ।। निरक्षरो यथा विप्रस्तथा राष्ट्रमवैष्णवम् ।। २१ ।। दन्तहीनो यथा हस्ती पक्षहीनो यथा खगः ।। द्वादशी दशमीविद्धा तथा राष्ट्रमवैष्णवम् ।। २२ ।। दर्भहीना यथा सन्ध्या तिलहीनं च तर्पणम् ।। वृत्यर्थं देवसेवा च तथा राष्ट्रमवैष्णवम् ।। २३ ।। सकेशी विधवा यद्वद्व्रतं स्नानविवर्जितम् ।। शूद्रश्च ब्राह्मणीगामी यथा राष्ट्रम-

हे चित्रवाहु, ठूला भाग्यमानी राजा, यतिखेर तपाईं धन्य हुनुहुन्छ । तपाईं जस्ता वैष्णवले रक्षा गरिएका यी सारा प्रजाहरू पनि धन्य छन् ।। १९ ।। जुन देशको राजा वैष्णव हुँदैन त्यस देशमा बस्नु नै छैन । बरु निर्जन वनमा बस्नु बेस छ, तर वैष्णव नभएको राष्ट्रमा नबस्नू ।। २० ।। दुवै आँखा नभएको शरीर जस्तो हुन्छ, पति नभएकी स्त्री जस्ती हुन्छे, अक्षर पनि नचिनेको बाहुन जस्तो हुन्छ, वैष्णव नभएको राष्ट्र पनि त्यस्तै हो ।। २१ ।। दाहा नभएको मत्ता हात्ती जस्तो हुन्छ, एकादशी तिथि टुटेर दशमीविद्ध द्वादशी तिथी जस्तो हुन्छ, वैष्णव नभएको राष्ट्र त्यस्तै हो ।।२२।। जस्तो कुश विनाको संध्या (जप) हुन्छ, जस्तो बिना तिलको तर्पण हुन्छ, जस्तो जीविका चलाउन देवताको सेवा गरिन्छ, वैष्णव नभएको राष्ट्र पनि त्यस्तै हो ।। २३ ।। कपाल पालेकी विधवा जस्ती लाग्छे, न्वाहुँदै नन्वाहीकन व्रत बस्ने जस्तो हुन्छ, ब्राह्मणीलाई गमन गर्ने

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैष्णवम् ॥ २४ ॥ स राजा प्रोच्यते सद्भिर्यः श्रीकृष्णपदाश्रयः ॥ तद्राज्यं वर्धते नित्यं सुखी भवति तत्प्रजा ॥ २५ ॥ दृष्टि मे सफला राजन् यन्मया त्वं निरीक्षितः ॥ अद्य मे सफला वाणी उच्यते यत्वया सह ॥ २६ ॥ इदं राज्यं त्वया राजन् प्रकर्तव्यं ममाज्ञया ॥ प्रतिष्ठितो मया राज्ये गमिष्याम्यस्तु स्वस्ति ते ॥ २७ ॥ श्रीनारायण उवाच–इत्युक्त्वा गन्तुकामं ते अगस्त्यं मुनिपुङ्गवम् ॥ ननाम परया भक्त्वा महिषी सा पतिव्रता ॥ २८ ॥ अगस्त्य उवाच–अवैधव्यं सदा तेऽस्तु शुभे पतिरता भव ॥ तेऽस्तुदेवदृढा सदा भक्तिः श्रीगोपीजनवल्लभ ॥२९॥ इत्यमाशीर्ददानं तं भूयः प्राह

शूद्र-जस्तो लाग्छ, वैष्णव बिनाको राष्ट्र त्यस्तै हो ॥२४॥ जो श्रीकृष्णको चरणकमलको भक्त छ, सज्जनहरूले उसैलाई राजा भन्दछन्, उसको राष्ट्र सधैं बढिरहन्छ, उसका प्रजा पनि सधैं सुखी रहन्छन् ॥२५॥ हे राजन् ! आज मैले जो तपाईंलाई देखें त्यसले गर्दा मेरो आँखा सफल भए, जो तपाईंको साथ अच्युत भगवान्‌का विषयमा जो बोले त्यसले गर्दा आज मेरो वाणी सफल भयो ॥ २६ ॥ हे राजन् ! मेरो आज्ञाले यो राज्य तपाईंले नै गर्नू मैले राज्यमा तपाईं बसाइनुभयो, अब म जान्छु, तपाईंको कल्याण होस् ॥२७॥ श्रीनारायणले भन्नुभयो—यति भनेर जान चाहने मुनिश्रेष्ठ ती अगस्त्यलाई ती पतिव्रता पटरानीले ठूलो भक्तिले ढोगिन् ॥२८॥ अगस्त्यले भन्नुभयो—हे कल्याणवाली ! सधैं तिम्रो सौभाग्य रहिरहोस् । सधैं पतिको सेवामा लागिरहे ! सधैं तिम्रो दृढ भक्ति श्री गोपीजनका प्रिय श्रीकृष्णमा भइरहोस् ॥ २९ ॥ यस्तो आशीर्वाद दिने ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महीपतिः ॥ बद्धाञ्जलिपुटो भूत्वा विनयानतकन्धरः ॥ ३० ॥ चित्रबाहुरुवाच—विपुला मे कथं लक्ष्मीः कथं राज्यमकण्टकम् ॥ पतिव्रता कथं पत्नी किं कृतं सुकृतं मया ॥ ३१ ॥ एतन्मे ब्रूहि विप्रेन्द्र तवाहं शरणं गतः ॥ करामलकवत्सर्वं जानासि त्वं मुनीश्वर ॥३२॥ श्रीनारायण उवाच—इत्थमावेदितो राज्ञा ह्यगस्त्यो मुनिपुङ्गवः ॥ समाहितमना भूत्वा जगाद नृपसत्तमम् ॥ ३३ ॥ अगस्त्य उवाच–मया विलोकितं सर्वं प्राक्तनं चरितं तव ॥ तत्सर्वं कथयाम्यद्य सेतिहासं पुरातनम् ॥ ३३ ॥ चमत्कारपुरे रम्ये मणिग्रीवाभिधानभृत् ॥ त्वमभूत् शूद्रजातीयो जीवहिंसापरायणः ॥३५॥

ऋषिलाई—विनयले क्यै झुकेका राजाले हात जोडेर फेरि भने ॥ ३० ॥ चित्रबाहुले भने —कसरी मलाई यो अगाध ऐश्वर्य भयो ? कसरी यो अकन्टक राज्य भयो ? कसरी यस्ती पतिव्रता स्त्री मिलिन् ? मैले के त्यस्तो पुण्य गरेको थिएँ ॥ ३१ ॥ हे विप्रेन्द्र ! ब्राह्मण द्यौता ! म तपाईंको शरणमा रहेको छु, यो सब मलाई भन्नुहोस् । किनकि हे मुनीश्वर ! तपाईं हत्केलामा रहेको अमलालाई झैं सबै जान्नुहुन्छ ॥ ३२ ॥ श्रीनारायणले भन्नुभयो—यसरी राजाले सोधिएका मुनिश्रेष्ठ अगस्त्यले क्यै वेर ध्यानमग्न भएपछि ती श्रेष्ठ राजालाई भने ॥ ३३ ॥ अगस्त्य मुनिले भने—मैले तिम्रो पूर्वजन्मको सारा चरित्र देखिसकें, त्यो सब पहिलो चरित्र वेलिविस्तारपूर्वक म आज बताउँछु ॥ ३४ ॥ राम्रो चमत्कार नामको पुरमा जीवहिंसामा लवलीन शूद्र जातिको 'मणिग्रीव' भन्ने नामले प्रसिद्ध तिमी थियौ ॥ ३५ ॥ त्यस वेला तिमी नास्तिक, दुष्ट चरित्रवाला, अर्काको स्त्रास्नो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नास्तिको दुष्टचारित्रः परदारप्रवर्धकः ।। कृतघ्नो दुर्विनीतश्च शिष्टाचारविवर्जितः ।। ३६ ।। या चेयं
भवतो भार्या पूर्वजन्मनि सुन्दरी ।। कर्मणा मनसा वाचा पतिसेवापरायणा ।। ३७ ।। पतिव्रता महा-
पु.भा. भागा धर्मनिष्ठा मनस्विनी ।। भावं न कुरुते दुष्टं तवोपरि कदाचन ।। ३८ ।। ज्ञातिभिस्त्वं परित्यक्तो भा.
२०० बन्धुभिः पापकर्मकृत् ।। राज्ञा क्रुद्धेन ते सर्वं गृहीतम् धनमुत्तमम् ।। ३९ ।। तपोवशिष्टं यत्किञ्चि- टी.
द्गृहीतं ज्ञाति भिस्तदा ।। गते द्रव्ये धनाकाङ्क्षा तवाऽसीद्विपुला तदा ।। ४० ।। क्षीयमाणे धने अ.२३
साध्वी न त्वामत्यजदुन्मनाः ।। एवं तिरस्कृतः सर्वैर्गतवान्निर्जनं वनम् ।।४२।। हत्वा जोवाननेकाँश्च
त्व चकर्थात्मपोषणम् ।। एवं हि वर्तमानस्त्वं पत्न्या सह महीपते ।। ४२ ।। एकदा धनुरुद्यम्य मणि·

दूषित गर्ने, कृतघ्नी, उद्धत, शिष्टाचार पटक्कै नजान्ने थियौ ।। ३६ ।। तिम्री ई जो भार्या छन्, पूर्वजन्ममा यी सुन्दरी कर्म मन वचनले पतिसेवामा तल्लीन रहन्थिन् ।। ३७ ।। पतिव्रता, भाग्यमानी, धर्ममा श्रद्धालु, मनस्विनी यिनले कहिल्यै पनि तिम्रो उपर दुष्टभाव गरिनन् ।। ३८ ।। पापकर्म गर्ने तिमीलाई दाजु-भाइ र बन्धु-बान्धवहरूले त्यागिदिए । झोंक्किएका राजाले तिम्रो सबै उत्तम धन हरिलिए ।।३९।। त्यसपछि जो कुछ बचेखुचेको थियो त्यो पनि त्यसै बेला दाजु-भाइले द्रुटीमाटी पारे । तब
त्यसरी धन टकटकिएपछि तिमीलाई धन कमाउने ठूलो इच्छा भयो ।। ४० ।। धन सकिएपछि पनि असल स्वभावकी यिनले २००
खिन्न भएर तिमीलाई त्यागिनन् । यस्ता रीतले सबैले तिरस्कार गरिएपछि तिमी निर्जन वनमा गयौ ।। ४१ ।। हे राजन् ! उहाँ गएपछि अनेक जीवलाई मारेर तिमी आफू पोषिने काम गर्थ्यौ । आफ्नी पत्नीका साथ यसै किसिमले रहने तिमी ।।४२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रीवो वनं गतः ॥ बहुव्यालमृगाकीर्णं मृगमांसजिघृक्षयो ॥ ४३ ॥ तस्मिन्ननर्मानुषेऽरण्ये मध्येमार्गं
महामुनिः ॥ उग्रदेव इात ख्यातो दिङ्मूढो विह्वलोऽभवत् ॥ ४४ ॥ तृषा सम्पीडितोऽत्यर्थं मध्यन्दि- भा.
पु मा नगते रवौ ॥ तत्रैव पतितो राजन् मुमुर्षुरभवत्तदा ॥४५॥ तं दृष्ट्वा ते दया जाता दिग्भ्रष्टं दुःखितं टी.
२०१ द्विजम् ॥ उत्थाप्य तं द्विजन्मानं गृहीत्वा स्वाश्रमं गतः ॥ ४६ ॥ दम्पतिभ्यां कृता सेवा दुःखितस्य अ. २३
द्विजन्मनः ॥ उग्रदेवो महोयोगी मुहूर्तानन्तरं तदा ॥ ४७ ॥ अवाप्य चेतनां तत्र विस्मयं समजीग-
तम् ॥ तत्रस्थोऽहं कुतश्चात्र केनानीतो वनान्तरम् ॥ ३८ ॥ श्रीनारायण उवाच–मणिग्रीवोऽवदद्विप्रं

मणिग्रीव कुनै दिन धनुकाण्ड उठाएर (लिएर) मृगको मासु खाने इच्छाले घेरै सर्प र मृग छ्यापछ्याप्ती भएको वनमा गयो ॥ ४२॥ त्यस निर्जन वनको बीचमा बाटामा उग्रदेव नामका महामुनि दिशा भ्रम भएर आत्तिएका थिए ।४४॥ मध्य दिनमा सूर्य पुगेको वेला अर्थात् मध्याह्नमा तिर्खाले असाध्यै छटपटाएका ती मुनि हे राजन् ! त्यहीं नै ड्वाङ्ग पछारिए तब मर्लान् नै जस्ता भए ॥३५॥ दिशा भ्रम भएका दुखित ती ब्राह्मणलाई देखेर उसलाई दया आयो ॥ तब ती बाहनलाई उठाएर लिंदै २०१
आफू बस्ने ठाउँमा गयो ॥४६॥ दुबै पति-पत्नी भएर ती दुःखित बाहुनको सेवा गरे । तब महायोगी उग्रदेव दुइ घडीपछि ॥ ४७ ॥ उहीं होशमा आएर 'अरे म त उहाँ थिएँ, यहाँ कसरी आइपुगें, यस वनको बीचमा कसले ल्यायो ?' भन्ने सोच्तै आश्चर्य गर्दा भए अर्थात् छक्क परे ॥४८॥ श्रीनारायणले भन्न तप रात्रै होशमा आएका ती ब्राह्मणलाई मणिग्रीवले भन्यो-यो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रमणीयमिदं सरः ॥ अत्रास्ते शीतलं वारि पद्मिनीपुष्पवासितम् ॥ ४९ ॥ तत्र स्नात्वा जले शीते कृत्वा पौर्वाह्णिकीः क्रियाः ॥ कुरु ब्रह्मन् फलाहारं पिब वारि सुशीतलम् ॥ ५० ॥ सुखेन कुरु विश्रामं मया संरक्षितोऽधुना ॥ उत्तिष्ठ त्वं मुनिश्रेष्ठ प्रसादं कर्तुमर्हसि ॥ ५१ ॥ अगस्त्य उवाच-लब्धसंज्ञस्तदा विप्र उग्रदेवो गतश्रमः ॥ मणिग्रीववचः श्रुत्वा समुत्तस्थौ तृषातुरः ॥५२॥ मणिग्रीव भुजालम्बो जगाम सरसीतटम् ॥ उपविष्टश्चित्रबाहो तत्तटे वटशोभिते ॥ ५३ ॥ विश्रम्य तत्क्षणं विप्रो वटच्छायामधिश्रितः ॥ स्नात्वा नित्यविधिं कृत्वा वासुदेवमपूजयत् ॥५४॥ देवान् पितॄंश्च सन्तर्प्य पपौ नीर

राम्रो पोखरी हो, यसमा कमलिनीको फूलले सुगन्धित शीतल पानी छ ॥४९॥ त्यस शीतल पानीमा नुहाएर पहिलो प्रहरमा गर्नु पर्ने नित्यकर्म गरिसकेर हे ब्रह्मन् ! फलाहार गर्नुहोस् र अत्यन्त चिसो पानी पिउनुहोस् ॥ ५० ॥ यस बेला मैले रक्षा गरिनुभएको तपाईं आरामसँग विश्राम गर्नुहोस् । हे मुनिश्रेष्ठ ! तपाईं उठ्नुहोस्, कृपा गर्न योग्य हुनुहुन्छ अर्थात् दया गर्नुहोस् ॥ ५१ ॥ अगस्त्यले भन्नुभयो—तब होशमा आइसकेका थकाइ मेटिएका उग्रदेव ब्राह्मणले मणिग्रीवको वचन सुनेर प्यासले आकुल भएका छँदा जुरुक्क उठे ॥५२॥ अनि मणिग्रीवका बाहुको सहारा लिएर तलाउको किनारमा गए र चित्रबाहु ! वरको रूखले शोभिएको त्यस पोखरीको किनारमा बसे ॥५३॥ अनिपछि ती बाहुनले क्यै बेर वरको छायामा आराम आश्रयले बिसाएपछि नुहाएर नित्यको विधि गरिसकेर वासुदेवको पूजा गरे ॥ ५४ ॥ देवता र पितृहरूलाई तर्पण दिइसकेर ठण्डा जल पिए । अनि ती उग्रदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुशीतलम् ।। उग्रदेवस्ततः शीघ्रं वटमूलमुपाश्रितः ।। ५५ ।। मणिग्रीवः सपत्नीको ननाम मुनिसत्त-
मम् ।। विनयेनावदद्वाचमातिथ्यं कर्तुमुन्मनाः ।। ५६ ।। मणिग्रीव उवाच—अस्मात्सन्तारणायाद्य
मदाश्रममुपागतः ।। ब्रह्मंस्त्वद्दर्शनादेव पापं मे विलयं गतम् ।। ५७ ।। इत्युक्त्वा तं प्रियामाह
मणिग्रीवो मुदान्वितः ।। अयि सुन्दरि पक्वानि स्वादूनि यानि यानि च ।। ५८ ।। तानि चूतफलानि
त्वं शीघ्रमानय मा चिरम् ।। अन्यत्कन्दादि यत्किञ्चित् तदानय शुभानने ।।५९।। निजनाथवचः श्रुत्वा
फलान्यादाय सुन्दरी ।। कन्दादिकं च विप्राग्रे स्थापयामास हर्षतः ।। ६० ।। मणिग्रीवः पुनर्वाक्यमु

चाँडै नै वरको फेदमा आएर बसे ।। ५५ ।। अनि पत्नीसहितका मणिग्रीवले मुनिश्रेष्ठलाई ढोगे र अतिथि-सत्कार गर्न इच्छुक
उनले विनयपूर्वक बोली बोले ।।५६।। मणिग्रीवले भने—हामीलाई उद्धार गर्नका लागि नै आज मेरो वासस्थानमा पाल्नुभएको
हो । हे ब्रह्मन् ! तपाईंको दर्शन मिल्नाले नै मेरा पाप सखाप भए ।। ५७ ।। यति ती ब्राह्मणलाई भनेर खुशीले फुलेका मणि-
ग्रीवले आफ्नी पत्नीलाई भने—हे सुन्दरी ! जो-जो पाकेका स्वादिला ।।५८।। आँफका फल छन् ती ती तिमी चाँडै ल्याऊ, ढिल
नगर । हे शुभानने, अरू पनि जो कुछ कन्द मूल मिल्छ त्यो ल्याऊ ।। ५९ ।। आफ्ना स्वामीको वचन सुनेर ती सुन्दरीले
फलहरू र कन्द-मूल ल्याएर खुशी हुँदै ब्राह्मणका अगाडि टक्र्याइन् ।। ६० ।। अनि मणिग्रीवले मुनिश्रेष्ठलाई फेरि बिन्ती

दि. नं. १२६१३

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाच मुनिसत्तमम् ।। फलान्यङ्गीकुरु ब्रह्मन् कृतार्थीकुरु दम्पती ।। ६१ ।। उग्रदेव उवाच--त्वमहं नेव जानामि कस्त्वं भो कथयस्व मे ।। अज्ञातस्य न भोक्तव्यं ब्राह्मणेन विजानता ।। ६२ ।। मणिग्रीव उवाच–शूद्रोऽहं द्विजशार्दूल मणिग्रीवाभिधानतः।। स्वजनैर्जातिवर्गैश्च परित्यक्तः स्वबान्धवैः।।६४।। तना विप्रं सुखासीनं मणिग्रीवोऽवदद्वचः ।। लालयंस्तत्पदाम्भोजयुगं स्वाङ्कगतं मुहुः ।। ६५ ।। मणिग्रीव उवाच–क्व गन्तव्यं मुनिश्रेष्ठ कुतस्त्वं चेह कानने।। निर्जने निर्जले दुष्टे हिंस्रजन्तुसमाकुले।।६६।।उग्रदेव उवाच--ब्राह्मणोऽहं महाभागः प्रयागं गन्तुमुत्सहे ।। अधुनाऽज्ञातमार्गेण सम्प्राप्तो दारुणे वने

चढाए–हे ब्रह्मन् ! यी फलहरू स्वीकार गर्नुहोस् र हामी पति-पत्नीलाई कृतार्थ पार्नुहोस् ।। ६१ ।। उग्रदेवले भने–तिमीलाई म चिन्दै चिन्दिन, हे सज्जन ! तिमी को हौ ? मलाई परिचय देऊ । जान्ने ब्राह्मणले नचिनेका हातको खानु छैन ।।६३।। मणिग्रीवले भने--हे द्विजश्रेष्ठ ! आफ्ना नाता गोताले, आफ्ना जातिहरूले, आफ्ना बन्धुबान्धवले त्यागिएको म मणिग्रीव नामको शूद्र हुँ ।। ६२ ।। तब प्रसन्न मन भएका उग्रदेवले त्यस शूद्रको यस किसिमको वचन सुनेर फलाहार गरे र पानी पिए । ६४ ।। तब आरामसित बसेका ती ब्राह्मणलाई मणिग्रीवले उनका दुवै चरणकमल आफ्ना काखमा राखेर बारम्बार मिच्दै कुरो भन्यो---।। मणिग्रीवले भन्यो---हे मुनिश्रेष्ठ ! तपाईंलाई कहाँ जानु छ ? कोही नभएको, पानीसम्म नपाइने, हिंस्रक जन्तुहरूले छाइएको, डरलाग्दो यस जंगलमा तपाई कताबाट ? ।। ६६ ।। तब उग्रदेवले भने---हे भाग्यमानो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

।।६७।। तत्र श्रान्तस्तृषाक्रान्तो मुमूर्षुरभवं क्षणात् ।। जीवितं मे त्वया दत्तं ब्रूहि किं ते ददाम्यहम् ।।६८।।
अरण्यं केन दुःखेन दम्पतीभ्यां समाश्रितम् ।। तद्दुःखमपनेष्यामि मणिग्रीव वदस्व मे ।।६९।। अगस्त्य
उवाच–इत्युग्रदेववचनं ललितं निशम्य पत्न्याः समक्षमनुनीय मुनीश्वरं तम् ।। दारिद्र्यसागरतितीर्षु-
रसौ स्वकीयं वृत्तान्तमाह निजकर्मविपाकमुग्रम् ।। ७० ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने
त्रयोविंशोऽध्यायः ।। २३ ।।

म ब्राह्मण हुँ, प्रयाग जान साहमिएको हुँ, यतिखेर बाटो बिरिएर यस भयङ्कर बनमा आइपुगेको छु ।। ६७ ।। थाकेको र प्यासले व्याकुल भएको म त्यहाँ छिनभरमै मर्न आँटेको थिएँ, तिमीले मलाई जीवन नै दियौ अर्थात् बचाइदियौ, हे मणिग्रीव ! भन, तिमीलाई म के दिऊँ ? ।। ६८ ।। हे मणिग्रीव ! तिमी पति-पत्नीले कुन दुःखले जंगलको आश्रय लिएका हौ ? त्यो दुःख म हटाइदिन्छु, मलाई बताऊ ।। ६९ ।। अगस्त्यले भने—उग्रदेवको यस्तो राम्रो वचन सुनेर पत्नीको सामु नै दरिद्रतारूपी समुद्र तर्न चाहने उस मणिग्रीवले ती मुनीश्वरलाई विनयपूर्वक आफ्ना कर्मको फलरूप आफ्नू वृत्तान्त भन्यो ।। ७० ।।

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण–नारद-संवादे दृढधन्वोपाख्याने त्रयोविंशोऽध्यायः ।।२३।।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ चतुर्विंशोऽध्यायः

मणिग्रीव उवाच—चमत्कारपुरे रम्ये विद्वज्जनसमाकुले ।। मम वासोऽभवत्तत्र धर्मपत्न्या
 सहद्विजः ।। १ ।। धनाढ्यस्य पवित्रस्य परोपकृतशालिनः ।। कदाचिद्दैवयोगेन दुर्बुद्धिः समपद्यत
 ।। २ ।। निजधर्मपरित्यागः कृतो मद्दुष्टबुद्धिना ।। परस्त्रीसेवनं नित्यमपेयं पीयते स्म ह ।।३।। चौर्य-
हिंसापरश्चाहं परित्यक्तः स्वबन्धुभिः ।। वृहद्बलेन भूपेन मद्गृहं लुण्ठितं तदा ।। ४ ।। अवशिष्टं च
यत्किञ्चिद्गृहीतं बन्धुभिर्धनम् ।। एवं तिरस्कृतः सर्वैर्वनवासमचीकरम् ।। ५ ।। कृत्वा जीववधं नित्यं
जीवेन भार्यया सह ।। एतस्मिन्विपिने घोरे वसमानो दुरात्मनः ।। ६ ।। कुरुष्वानुग्रहं ब्रह्मन् पाप-

मणिग्रीवले भन्यो—हे विप्र ! विद्वान्हरूले भरिएको खूब राम्रो चमत्कारपुर नामको नगरमा धर्मपत्नीका साथ उहीं म रहन्थें ।। १ ।। धनी, पवित्र आचार-विचारमा रहने, अर्काको उपकारमा तत्पर मलाई दैवसंयोगले कुनै बेला दुर्बुद्धि आयो ।। २ ।। मेरो दुष्ट बुद्धिले गर्दा मैले आफ्नू धर्मको त्याग गरिदिएँ । अर्काकी स्त्रीको सेवन गरें, सधैं नपिउने चीज पिउने गर्दथें ।। ३ ।। चोरी र हिंसामा लागेको मलाई आफ्ना बन्धुहरूले त्यागिदिए । तब शक्तिशाली राजाले मेरो घर पनि
लुटिलिए ।। ४ ।। जो कुछ बचेको धन पनि बन्धुहरूले गुटमुट्याए । यसरी सबैले तिरस्कार गरिएकोले वनमा वास गरेको हुँ ।।५।। यस घोर जंगलमा बस्ने दुष्ट म यहाँ रोजै जीववध गरेर पत्नीका साथ बाँचेको छु ।। ६ ।। हे ब्रह्मन् ! पहिलेका पुण्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युक्तस्य साम्प्रतम् ।। प्राचीनपुण्यपुञ्जेन सम्प्राप्तो गहने भवान् ।। ७ ।। तवाहं शरणं यातः सप-
त्नीको महामुने ।। उपदेशप्रसादेन कृतार्थीकर्तुमर्हसि ।। ८ ।। येन मे तीव्रदारिद्र्यं विलयं याति
तत्क्षणात् ।। अतुलं वैभवं लब्ध्वा विचरामि तथासुखम् ।। ९ ।। उग्रदेव उवाच—कृतार्थोऽसि महा-
भाग यदातिथ्यं कृतं मम ।। अतस्ते भावि कल्याणं सपत्नीकस्य साम्प्रतम् ।। १० ।। विना व्रतैर्विना
तीर्थैं विना दानैरयत्नतः ।। दारिद्र्यं ते लयं याति तथा निर्धारितं मया ।। ११ ।। अतः परं तृती-
योऽस्ति मासः श्रीपुरुषोत्तमः ।। भवद्भ्यां तत्र विधिना दम्पतीभ्यां प्रयत्नतः ।। १२ ।। कर्तव्यं दीप

समूहले गर्दा यस बाक्लो वनमा तपाईं भेटिनु भयो । अब यतिखेर यस अपराधी-उपर कृपा गर्नुहोस् ।। ७ ।। हे महामुनि !
पत्नीसहित म तपाईंको शरणमा परेको छु । उपदेशरूप प्रसादले तपाईं मलाई कृतार्थ गर्नुहोस् ।। ८ ।। जुन उपदेशले मेरो यो
भयंकर दरिद्रता तुरुन्तै नाश भैजाओस् र असंख्य ऐश्वर्य पाएर मजासँग घुमफिर गरूँ अर्थात् रहूँ ।। ९ ।। तब उग्रदेवले भने—
हे भाग्यमानी ! जो मेरो अतिथिसत्कार गर्‍यौ, त्यसैले तिमी कृतार्थ भयौ । यसकारण अब यतिखेर म पत्नीसहित तिम्रो
कल्याण हुने कुरा भन्छु ।। १० ।। व्रतै विना, तीर्थैं विना, दानै विना, सजिलैसँग तिम्रो दरिद्रता हराइजाओस् त्यस्तो उपाय
मैले निश्चय गरिसकेको छु ।। ११ ।। अब आउने तेस्रो महीना श्रीपुरुषोत्तम नामको हो । त्यस महीनामा तिमी दुवै पति-पत्नीले
परिश्रमसाथ विधिपूर्वक ।। १२ ।। पुरुषोत्तम भगवान्लाई प्रसन्न पार्न दीपदान गर्नुपर्छ । त्यस दीपदानका प्रभावले तिम्रो यो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दानं च पुरुषोत्तमतुष्टये ॥ तेन ते तीव्रदारिद्र्यं समूलं नाशमेष्यति ॥ १३ ॥ तिलतैलेन कर्तव्यः
सर्पिषा वैभवे सति ॥ तयोर्मध्ये न किञ्चित् ते कानेन वसतोऽधुना ॥ १४ ॥ इंगुदीजेन तैलेन दीपः
पु. मा. कार्यस्त्वयानघ ॥ यावन्मासं सनियम मणिग्रीव स्त्रिया सह ॥ १५ ॥ अस्मिन्सरोवरे स्नात्वा सह मा.
२०८ पत्न्या निरन्तरम् ॥ एवमेव हि कर्तव्य मासमात्रं त्वया वने ॥ १६ ॥ अयमेवोपदेशस्तु सपत्नीकाय टी.
ते कृतः ॥ त्वदातिथ्यप्रसन्नेन मया निगमनिश्चितम् ॥ १७ ॥ अन्यथा दीपदानं हि रमावृद्धिकरं अ.२४
नृणाम् ॥ विधिना क्रियमाणं चेत्किं पुनः पुरुषोत्तमे ॥ १८ ॥ वेदोक्तानि च कर्माणि दानानि विवि-

उत्कट दरिद्रता जरैसमेत नाशिनेछ ॥ १३ ॥ यो दीपदान, सम्पत्ति छ भने घिउले, नभए तिलको तेलले गर्नुपर्छ। यस समय
जंगलमा बस्ने तिमीसँग ती दुइमध्ये क्यै छैन ॥ १४ ॥ त्यसकारण, हे शुद्ध दिलका मणिग्रीव ! स्त्रीका साथ नियमपूर्वक मही-
नाभरि नै तिमीले चिउरीबाट निस्केको तेलले दीयो बाल्नू ॥ १५ ॥ हमेशै अर्थात् रोजै पत्नीका साथै यस तलाउमा न्वाहेर
तिमीले त्यस वनमा महीनाभरि नै यस्तै नै गर्ने गर ॥१६॥ तिमी दुइको अतिथिसत्कारले प्रसन्न भएको मैले बेदले ठोकुवा गरेको २०८
यही नै उपदेश पत्नीसहितका तिमीलाई गरें ॥ १७ ॥ यसै पनि घिउ वा तिलको तेलले बत्ती बालिराखे मनुष्यहरूको लक्ष्मी
वृद्धि हुन्छ भने पुरुषोत्तममा विधिपूर्वक यो काम गरियोस् त फेरि के भन्नू छ ? ॥ १८ ॥ वेदमा बताइएका कर्महरू र नाना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धानि च ।। पुरुषोत्तमदीपस्य कलां नार्हन्ति षोडशीम् ।। १९ ।। तीर्थानि सकलान्येव शास्त्राणि सकलानि च ।। पुरुषोत्तमदीपस्य कलां नार्हन्ति षोडशीम् ।। २० ।। योगो ज्ञानं तथा साङ्ख्य तन्त्राणि सकलान्यपि ।। पुरुषोत्तमदीपस्य कलां नार्हन्ति षोडशीम् ।। २१ ।। कृच्छ्रचान्द्रायणादीनि व्रतानि निखिलानि च ।। पुरुषोत्तमदीपस्य कलां नार्हन्ति षोडशीम् ।। २२ ।। वेदाभ्यासो गयाश्राद्धं गोमतीतटसेवनम् ।। पुरुषोत्तमदीपस्य कलां नार्हन्ति षोडशीम् ।। २३ ।। उपराग सहस्राणि व्यतीपातशतानि च ।। पुरुषोत्तमदीपस्य कलां नार्हन्ति षोडशीम् ।। २४ ।। कुर्वादिक्षेत्रवर्याणि दण्डकादिवनानि

किसिमका दानहरू पनि जति छन ती सब पुरुषोत्तममा गरिएका दीपदानको सोहौं कलाका पनि योग्य हुन्नन् ।। १९ ।। सकल तीर्थ र समस्त शास्त्रहरू पनि पुरुषोत्तममा गरिएका दीपदानको सोहौं कलाको (अंशको) पनि योग्य हुन्नन् ।। २० ।। योग, ज्ञान अनि सांख्य र सारा तन्त्रहरू पनि पुरुषोत्तममा गरिएका दीपदानको सोहौं कलाका पनि योग्य हुन्नन् ।। २१ ।। कृच्छ्र-चान्द्रायण आदि समस्त व्रतहरू पनि पुरुषोत्तममा गरिएका दीपदानको सोहौं कलाका पनि योग्य हुँदैनन् । २२ ।। रोजैको वेदपाठ, गयामा गरिएको श्राद्ध, गोमतीका किनारको वास पनि पुरुषोत्तममा गरिएका दीपदानको सोहौं कलाको पनि योग्य हुन सक्तैनन् ।। २३ ।। हजारौं ग्रहणमा र सयकड़ों व्यतीपातमा गरिएका स्नान दान पुण्यकार्य पनि पुरुषोत्तममा गरिएका दीपदानको सोहौं कलाको पनि योग्य हुन सक्तैनन् ।। २४ ।। कुरु आदि गरिएका पवित्र क्षेत्रहरू र दण्डक आदि गरिएका पुण्य

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च ॥ पुरुषोत्तमदीपस्य कलां नार्हन्ति षोडशीम् ॥ २५ ॥ एतत्गुह्यतमं वत्स नाख्येयं यस्य कस्य
चित् ॥ धनधान्य पशु व्रातपुत्रपौत्रयशस्करम् ॥ २६ ॥ वन्ध्यावन्ध्यत्वशमनमवैधव्यकरं स्त्रियाः ॥
राज्यदं राज्यभ्रष्टस्य चिन्तितार्थकरं नृणाम् ॥ २७ ॥ कन्या विन्देत भर्तारं गुणिनं चिरजीविनम् ॥
कान्तार्थी लभते कान्तां सुशीला च पतिव्रताम् ॥ २८ ॥ विद्यार्थी लभते विद्यां सुसिद्धिं सिद्धिका-
मुकः ॥ कोशकामो लभेत् कोशं मोक्षार्थी मोक्षमाप्नुयात् ॥ २९ ॥ विना विधिं विना शास्त्रं यः
कुर्यात् पुरुषोत्तमे ॥ दीपं तु यत्रकुत्रापि कामितं सर्वमाप्नुयात् ॥ ३० ॥ किं पुनर्विधिना वत्स दीपं

वनहरू पनि पुरुषोत्तममा गरिएका दीपदानको सोह्रौं कलाको पनि योग्य छैनन् ॥ २५ ॥ हे बाबू ! धन, अन्नपात, पशुपतेर (धेरै पशु), छोरा, नाति, कीर्ति बढाउने, बाँझो स्त्रीको बाँझो रहने कारण मेटाउने, स्त्रीहरूलाई विधवा हुन नदिने, राज्य नाशिएकालाई राज्य दिलाउने, मनुष्यहरूलाई चिताएको फल पुऱ्याइदिने यो अत्यन्त गुप्त कुरो जसतसलाई बताउनु ठीक छैन ॥२६-२७॥ यो दीपदान कुमारीले गरे गुणी–दीर्घायु पति पाउँइछे। स्त्री चाहनेले गरे सुशील पतिव्रता सुन्दरी स्त्री पाउँछ ॥२८॥ विद्यार्थीले यो दीपदान गरे विद्या पाउँछ, सिद्धि चाहनेले गरे अचल सिद्धि प्राप्त गर्दछ, ढुकुटी चाहनेले यो दीपदान गरे ढुकुटो फेला पार्छ र मोक्षार्थीले गरे मोक्ष पाउँछ ॥ २९ ॥ विनै विधि विनै शास्त्र, जुनकुनै ठाउँमा पनि पुरुषोत्तममा जुन जनले दीयो बाल्छ, उसले चिताएको सबै कुरो पाउँछ भने ॥ ३० ॥ हे बाबू ! विधिपूर्वक लागिपरेर दीयो बाल्छ भने फेरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुर्यात् प्रयत्नतः ॥ तस्माद्दीपः प्रकर्तव्यो मासो श्रीपुरुषोत्तमे ॥ ३१ ॥ एतदुक्तं मया तेऽद्य तीव्र-
दारिद्र्यनाशनम् ॥ स्वस्ति तेऽस्तु गमिष्यामि सन्तुष्टः सेवया तव ॥ ३२ ॥ अगस्त्य उवाच—
इत्युक्त्वा विप्रवर्योऽसौ प्रयागं सञ्जगाम ह ॥ द्विभुजं मुरलीहस्तं मनसा श्रीहरिं स्मरन् ॥ ३३ ॥
अनुगत्वोग्रदेवं तं किम्मार्गं च निजाश्रमात् ॥ पुनरागत्य तुर्नत्वा दम्पती हृष्टमानसौ ॥ ३४ ॥ आसाद्य
स्वाश्रमं भक्त्या पुरुषोत्तममानसौ ॥ निन्यतुर्मासयुगलं द्विजभक्तिपरायणौ ॥ ३५ ॥ गते मासद्वये
श्रीमानागतः पुरुषोत्तमः ॥ तौ तस्मिंश्चक्रतुर्दीपं गुरुभक्तिपरायणौ ॥ ३६ ॥ इङ्गुदीजेन तैलेन वैभवार्थ-

त्यसको के कुरा गर्नु ! त्यसकारण पुरुषोत्तम महीनामा दीयो (बत्ती) बाल्नैपर्छ ॥३१॥ आज मैले तिमीलाई भयङ्कर दरिद्रता नाश गर्ने यो दीपदानमहिमा बताइदिएँ, तिम्रो कल्याण होस्, तिम्रो सेवाले सन्तुष्ट भएको म अब जान्छु ॥३२॥ तब अगस्त्यले भन्नुभयो—यति भनेर ती श्रेष्ठ ब्राह्मण मनले दुइ हात हुने, मुरली हातमा लिने श्रीहरिलाई सम्झँदै प्रयाग गए ॥३३॥ प्रसन्न मन भएका ती पति-पत्नी पनि आफ्नू आश्रमबाट कयौ बाटोसम्म पछि गएर अनि ती उग्रदेवलाई ढोगेर फेरि फर्के ॥ ३४ ॥ आफ्नू वासस्थानमा आएर ब्राह्मणको भक्तिमा तल्लीन भएका ती दुइले भक्तिपूर्वक पुरुषोत्तममा मन लगाएर दुइ महीना बिताएर ॥३५॥ दुइ महीना बितेपछि ऐश्वर्यशाली पुरुषोत्तम महीना आयो । गुरुको भक्तिमा लागिरहेका ती दुइले अलिकति पनि अल्छी नगरीकन ऐश्वर्य प्राप्तिका लागि चिउरीबाट निस्केको तेलले त्यस पुरुषोत्तम महीनामा बत्ती बाले । यसरी दाप-

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतन्द्रितौ ॥ एवं तयोः कृतवतोर्जगाम पुरुषोत्तमः ॥ ३७ ॥ उग्रदेवप्रसादेन विनिर्धूतमनोमलौ ॥ कालस्य दशमापन्नौ पुरन्दरपुरीं गतौ ॥ ३८ ॥ तत्रत्यं भोगमासाद्य पृथिव्यां भारताजिरे ॥ उग्रदेव-प्रसादेन वरं जनुरवापतुः ॥३९॥ वीरबाहुरसुतस्त्वं च चित्रबाहुरिति श्रुतः ॥ पूर्वस्मिन्यो मणिग्रीवो मृगहिंसापरायणः ॥ ४० ॥ इयं चन्द्रकला नाम्नी मनिषी याऽधुना तव ॥ सुन्दरीति समाख्याता पूर्वजन्मनि तेऽङ्गना ॥ ४१ ॥ पातिव्रत्येन धर्मेण तवाद्याङ्गार्धहारिणी ॥ पतिव्रता हि या नारी पति-पुण्यार्धभागिनी ॥ ४२ ॥ कृतेन दीपदानेन मासे श्रीपुरुषोत्तमे ॥ इंगुदीजेन तैलेन तव राज्यमकण्ट-

दान गरेर नै ती दुइको पुरुषोत्तम महीना बित्यो ॥ ३६-३७॥ उग्रदेवका कृपाले मनको मल बेसरी धोइएका अर्थात् पाप साफ भएका ती दुइ कालका वशमा परेका छँदा इन्द्रको पुरी अमरावतीमा गए ॥३८॥ र उहाँ हुने सुखभोग भोगेर उग्रदेवको कृपाले पृथिवीमा भारतवर्षमा ती दुवैले श्रेष्ठ जन्म पाए ॥३९॥ पूर्वजन्ममा मृगको हिंसामा लागिपरेको जो मणिग्रीव थियो उही तिमी अहिले वीरवाहुका छोरा चित्रबाहु भन्ने नामले प्रसिद्ध छौ ॥४०॥ ई चन्द्रकला नामकी पटरानी तिम्री जो अहिले छिन्, पूर्व-जन्ममा 'सुन्दरी' भन्ने नामले प्रसिद्ध तिम्री स्त्री थिइन् ॥ ४१ ॥ पतिव्रता धर्मले गर्दा आज तिम्रो अर्धाङ्गिनी पत्नी भएक छिन् । जो नारी पतिव्रता हुन्छे, पतिका पुण्यको आधा हिस्सेदार हुन्छे ॥ ४२ ॥ चिउरीबाटै निकालिएको तेलले नै भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कम् ॥ ४३ ॥ किं पुनः सर्पिषा दीपं तिलतैलेन वा पुनः ॥ यः करोति ह्यखण्डं वै मासे श्रीपुरुषोत्तमे ॥ ४४ ॥ पुरुषोत्तमदीपस्य फलमेतन्न संशयः ॥ किं पुनश्चोपवासाद्यैश्चरतः पुरुषोत्तमम् ॥४५॥ वाल्मीकिरुवाच–चित्रबाहुचरितं पुरातनं सन्निरूप्य कलशोद्भवोमुनिः ॥ सत्कृतिं समधिगम्य तत्कृतामक्षयाशिषमुदीर्य निर्ययौ ॥ ४६ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने दीपमाहात्म्यकथनं नाम चतुर्विंशोऽध्यायः ॥ २४ ॥

श्रीपुरुषोत्तम महीनामा गरिएको दीपदानको प्रभावले तिमीलाई यो अकण्टक राज्य मिल्यो ॥ ४३ ॥ भने फेरि घिउले अथवा तिलको तेलले पुरुषोत्तम महीनामा जो अखण्ड दीयो बाल्दछ उसको फेरि के कुरो ! ॥ ४४ ॥ निःसन्देह या पुरुषोत्तम महीनामा बालेका दीपको फल हो । दीयो बालनाले नै यस्तो फल मिल्यो भने उपवास आदि नियमहरूले पुरुषोत्तमको सेवा गर्नेको त फेरि कुरै के गर्नु ! ॥ ४५ ॥ वाल्मीकिले भने–यस प्रकार चित्रबाहु राजाको पूर्वजन्मको चरित्र निश्चयपूर्वक भनेर अगस्त्य मुनि ती राजाले गरेको सत्कार स्वीकारेर उनलाई अक्षय (अमोघ) आशीर्वाद दिएर गए ॥ ४६ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण-नारद-संवादे दृढधन्वोपाख्याने दीपदान माहात्म्यकथनं नाम चतुर्विंशोऽध्यायः ॥ २४ ॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चविंशोऽध्यायः

दृढधन्वोवाच—अथ सम्यग्वद ब्रह्मन्नुद्यापनविधिं मुने ॥ पुरुषोत्तममासीयव्रततिनां कृपया
 नृणाम् ॥ १ ॥ वाल्मीकिरुवाच—समासतः प्रवक्ष्यामि मासे श्रीपुरुषोत्तमे ॥ उद्यापनविधिं सम्यग्व्रत
 तत्सम्पूर्णहेतवे ॥ २ ॥ कृष्णपक्षे चतुर्दश्यां नवम्यां पुरुषोत्तमे ॥ अष्टम्यांवाथ कर्तव्यमुद्यापनमुदीरि-
तम् ॥ ३ ॥ यथालब्धोपहारेण मासे श्रीपुरुषोत्तमे ॥ पुण्येऽस्मिन्प्रातरुत्थाय कृत्वा पौर्वाह्णिकीः क्रियाः
॥ ४ ॥ समाहितमना भूत्वा त्रिंशद्विप्रान्निमन्त्रयेत् ॥ सपत्नीकान् सदाचारान् विष्णुभक्तिपरायणान्
॥ ५ ॥ यथाशक्त्याऽथवा सप्त पञ्च वित्तानुसारतः मध्याह्नसमये द्रोणमानेन तस्य भूपते ॥ ६ ॥

दृढधन्वा राजाले भने—हे ब्रह्मन् ! हे मुनि ! अब तपाईं पुरुषोत्तम महीनाको व्रत गर्ने मनुष्यहरूको लागि कृपा गरेर राम्रोसित उद्यापनविधि बताउनोस् ॥ १ ॥ वाल्मीकिले भने—पुरुषोत्तम महीनामा गरिएको व्रतको पूर्णताका लागि अब म उसको उद्यापनविधि पनि संक्षेपमा राम्रोसित बताउँछु ॥ २ ॥ पुरुषोत्तमका कृष्णपक्षको चतुर्दशी, नवमी अथवा अष्टमीमा उद्यापन गर्नुपर्छ भनिएको छ ॥ ३ ॥ यस पुरुषोत्तम महीनामा बिहानै उठेर पूर्वाह्णमा गर्नुपर्ने नित्यक्रियाहरू गरिसकेर जो मिलेको उपहार (सुपारी, पान, फल आदि) ले ॥ ४ ॥ शान्त चित्तको भएर सदाचारी, विष्णुको भक्तिमा लागिरहने, पत्नी-सहितका तीस जना बाहुनलाई निमन्त्रणा गर्नू ॥ ५ ॥ अथवा आफ्नो सावगास-अनुसार सात जना या पाँच जना जस्तो सकिन्छ निम्ता गर्नू । अनि हे राजन् ! मध्याह्नको वेलामा द्रोणभरि अर्थात् चार पाथी या सोह सेर ॥ ६ ॥ अथवा त्यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदर्धेन तदर्धेन निशशक्त्यानुसारतः ।। पञ्चधान्येन कुर्वीत सर्वतोभद्रमुत्तमम् ।। ७ ।। चत्वारः कलशाः स्थाप्या हैमा वा राजताः शुभाः ।। ताम्रा वा मृण्मयाः शुद्धा अव्रणा मण्डलोपरि ।।८।। चतुर्दिक्षु चतुर्व्यूह प्रीतये श्रीफलान्विताः ।। सद्वस्त्रवेष्टिता नागवल्लीदलसमन्विताः ।। ९ ।। वासुदेवं हलधरं प्रद्युम्नं देवमुत्तमम् ।। अनिरुद्धं चतुर्ष्वेव स्थापयेत्कलशेषु च ।। १० ।। पुरुषोत्तमव्रतारम्भे स्थापितं पुरुषोत्तमम् ।। सराधं देवदेवेशं कलशेन समन्वितम् ।। ११ ।। ततो आनीय तन्मध्ये मण्डलोपरि विन्यसेत् ।। आचार्यं वैष्णवं कृत्वा वेदवेदाङ्गपारगम् ।। १२ ।। विप्राश्चत्वार एवात्र वरणीया

आधा या आफ्नू गच्छे अनुसार उसको पनि आधा पंचधान्यले उत्तम सर्वतोभद्र बनाउनू ।। ७ ।। सुनका अथवा चाँदीका या तामाका वा माटाका नै भए पनि राम्रा शुद्ध नचुहुने चारोटा कलश त्यस सर्वतोभद्र मण्डपमाथि, चार दिशामा चारैतिर चतुर्व्यूहको प्रीतिका लागि वेल र पानको पात हालेर, राम्रो लुगाले बेरेर-थाप्नू ।। ८–९ ।। अनि ती चारै कलशहरूमा वासुदेव, हलधर, प्रद्युम्न र उत्तम द्यौता अनिरुद्धको स्थापना गर्नू ।।१०।। त्यसपछि पुरुषोत्तमको व्रत शुरू गरेको वेलामा थापेको द्यौताका द्यौता तिनका पनि मालिक राधासहितका पुरुषोत्तम भगवान्‌लाई कलशै सहित ल्याएर सर्वतोभद्र मण्डलमाथि तीनै चार कलशको बीचमा—वेद र वेदांगमा पारंगत भएको वैष्णव बाहुनलाई आचार्य बनाएर—थाप्नू ।।११-१२।। र यति खेर चतुर्व्यूहको जप गराउन चाहनेले चारोटा मात्रै ब्राह्मण वरण गर्नू, त्यस वरणमा औंठी आसन पंचपात्र आदिसहित दुइ-दुइ वस्त्र

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगर्थिना ॥ द्वे द्वे वस्त्रे च दातव्ये हस्तमुद्रादिसंयुते ॥१३॥ आचार्यं समलङ्कृत्य वस्त्रभूषादि-
भिर्मुदा ॥ ततो देहविशुद्ध्यर्थं प्रायश्चित्तं समाचरेत् ॥ १४ ॥ ततः पूर्वोक्तविधिना पूजा कार्या सह आ.
पु.मा. स्त्रियाः ॥ चतुर्व्यूहजपः कार्यो वृतैर्विप्रैश्चतुर्विधैः ॥१५॥ चतुर्दिक्षु प्रकर्तव्या दीपाश्चत्वार उद्धृताः ॥ टी.
२१६ अर्घ्यदानं ततः कार्यं नारिकेलादिभिः क्रमात् ॥ १६ ॥ पञ्चरत्नसमायुक्तैर्जानुभ्यां सक्तभूतलः ॥ अ.२५
स्वपाणिपुटमध्यस्थैर्यथालब्धैः फलैः शुभैः ॥ १७ ॥ श्रद्धाभक्तिसमायुक्तः सपत्नीको मुदान्वितः ॥
अर्घ्यं दद्यात् प्रहृष्टेन मनसा श्रीहरिं स्मरन् ॥ १८ ॥ अर्घ्यमन्त्र–देवदेव नमस्तुभ्यं पुराण पुरुषो-

दिनू ॥१३॥ आचार्यलाई चाहिं वस्त्र र गहनागुरियाहरूले खुशीसाथ सिगारेर अनि देहशुद्धिका लागि प्रायश्चित्त गोदान गर्नू
॥ १४ ॥ त्यसका बाद पहिले बताएको विधिले स्त्रीसहित भएर पुरुषोत्तमको पूजा गर्नू । पूजा गर्दा वरिएका चारै थरीका
ब्राह्मणले चतुर्व्यूहको जप गर्नू ॥ १५ ॥ कर्ताले मण्डलका चारै दिशामा चहकिला चारोटा बत्ती बाल्नू र त्यसपछि पाएसम्म-
नरिवल, नपाए अरू फलहरूले भए पनि क्रमैले चारोटैलाई अर्घ्य दिनुपर्छ ॥ १६ ॥ अर्घ्य दिंदा दुवै घुँडाले भुईंमा टेकिएर २१६
बसी अर्घौंतोमा पंचरत्न र चन्दन अक्षता फूल अनि जो मिलेका राम्रा फल जल पंचामृत हाली त्यो अर्घौंतो अँजुलीको बीचमा
औंलाको टुप्पोपट्टि मुख पारेर राखी पत्नीसहित भै हर्षपूर्वक श्रद्धा भक्तिसाथ प्रसन्न चित्ताले श्रीहरिलाई सम्झँदै मन्त्रपूर्वक अर्घ्य
दिनुपर्छ ॥ १७-१८ ॥ अर्घ्य दिने मन्त्र—'नमस्ते छ देवदेव पुराण पुरुषोत्तम ! मैले दिएको त्यो अर्घ्य राधाका साथ भै हरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्तमम् ॥ गृहाणार्घ्यं मयादत्तं राधया सहितो हरे ॥ १९ ॥ वन्दे नवघश्यामं द्विभुजं मुरलीधरम् ॥
पीताम्बरधरं देवं सराधं पुरुषोत्तमम् ॥ २० ॥ एवं भक्त्वा हरिं नत्वा सराधं पुरुषोत्तमम् ॥ चतुर्थ्यन्तै-
 र्नाममन्त्रैस्तिलहोमं च कारयेत् ॥ २१ ॥ ततस्तद्दन्तने मन्त्रैः कार्यं तर्पणमार्जने ॥ नीराजयेत्तथो
 देवं सराधं पुरुषोत्तम् ॥ २२ ॥ नीराजनमन्त्रः ॥ नीराजयामि देवेशमिन्दीवरदलच्छविम् ॥ राधि-
कारमणं प्रेम्णा कोटिकन्दर्पसुन्दरम् ॥ २३ ॥ अथ ध्यानम्—अन्तर्ज्योतिरनन्तरत्नरचिते सिंहासने
संस्थितं वंशीनादविमोहितव्रजवधूवृन्दावने सुन्दरम् ॥ ध्यायेद्राधिकया सकौस्तुभमणिप्रद्योतितोर-
स्थलं राजद्रत्नकिरिटकुण्डलधरं प्रत्यग्रपीताम्बरम् ॥ २४ ॥ ततः पुष्पाञ्जलिं दत्त्वा राधिका सहिते

॥ १९ ॥ मेघवर्णे, दुई हाते, सराधे ! मुरलीधरे ! पीताम्बरे ! तिमीलाई ढोग्छु हे पुरुषोत्तम !' ॥२०॥ यसरी भक्तिपूर्वक राधा-
सहितका पुरुषोत्तम हरिलाई ढोगेर चतुर्थीको 'ङे' विभक्ति अन्त्य पारी विष्णुका हजार नामरूपी मन्त्रले तिलको होम गर्नू
॥ २१ ॥ तब तिलहोम गरिसकेरछि तिनै मन्त्रले तर्पण र मार्जन पनि गर्नू । त्यसपछि राधा सहितका पुरुषोत्तम भगवान्लाई
 नीराजन गर्नू ॥ २२ ॥ नीराजन गर्ने मन्त्र—'इन्दीवरदलश्याम ! कोटिकन्दर्पसुन्दर ! राधेश ! प्रेमले गर्छु नीराजन प्रभू हन
॥ २३ ॥ अनि ध्यान गर्नू —'चम्कीला बहु रत्नले रचितको सिंहासनमा संस्थित, वंशीनादविमोहितव्रजवधूवृन्दावनमा सुन्दर ।
राधा कौस्तुभले छ छाति उजिलो पीताम्बरै धारने, गर्छु ध्यान किरीट कुण्डल लगाएकाकनै चम्कने' ॥ २४ ॥ त्यसपछि राधिका

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरौ ॥ नमस्कारं प्रकुर्वीत साष्टाङ्गं गृहिणीयुतः ॥ २५ ॥ नमस्कारमन्त्रः--नौमि नवघनश्यामं पीत-
वाससमच्युतम् ॥ श्रीवत्सभासितोरस्कं राधिकासहितं हरिम् ॥ २६ ॥ पूर्णपात्रं ततो दद्याद्ब्राह्मणे
पु. मा. २१८ सहिरण्यकम् ॥ आचार्याय ततो दद्याद्दक्षिणां विपुलां मुदा ॥ २७ ॥ आचार्यं तोषयेद्भक्त्या वस्त्रैरा- भा.
भरणैरपि ॥ सपत्नीकं ततो दद्यादृत्विग्भ्यो दक्षिणां पराम् ॥ २८ ॥ धेनुरेका प्रदातव्या सुशीला च टी.
पयस्विनी ॥ सचैला च सवत्सा च घण्टाभरणभूषिता ॥ २९ ॥ ताम्रपृष्ठी हेमशृङ्गी सरौप्यखुर- अ.२५
भूषिता ॥ घृतपात्रं ततो दद्यात्तिलपात्रं तथैव च ॥३०॥ उमामहेश्वरं दद्याद्दम्पत्योः परिधायकम् ॥

सहितका हरिलाई पुष्पाञ्जलि समर्पण गरेर पत्नीसहित भै साष्टाङ्ग दण्डवत् नमस्कार गर्नू ॥ २५ ॥ नमस्कार गर्ने मन्त्र–'घन-
श्यामे पीतवस्त्रे श्रीवत्से छाति-शोभिने । राधासाथै अच्युत ती हरिलाई म ढोग्दछु' । २६॥ त्यसका बाद ब्राह्मणलाई सुनसहितको
पूर्णपात्र दिनू र आचार्यलाई प्रसन्नतापूर्वक प्रशस्त दक्षिणा टक्र्याउनू ॥ २७ ॥ वस्त्र र गहनाहरूले आचार्य दम्पतीलाई भक्ति-
पूर्वक सन्तुष्ट पार्नू र अनि ऋत्विक्हरूलाई राम्रोसित दक्षिणा दिनू ॥ २८ ॥ यसपछि सिधी, बाछो-बाछीवाली, दयालु लुगा
ओढाइएकी, घण्ट र गहनाहरूले सिंगारिएकी, तामाको पिठ्यूँ बनाइएकी, सुनको सीङ हालिएकी, चाँदीको खुरले सजिएकी
यौटी गाई पनि दान गर्नुपर्छ र अनिपछि घृतपात्र र त्यस्तै तिलपात्र पनि दान दिनुपर्छ ॥ २९-३० ॥ पार्वती र महादेवलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पदमष्टविधं दद्यादुपानद्युगलं तथा ॥ ३१ ॥ श्रीमद्भागवतं दद्याद्वैष्णवाय द्विजन्मने ॥ शक्तिश्चेन्न विलम्बेत चलमायुर्विचारयन् ॥३२॥ श्रीमद्भागवतं साक्षाद्भगवद्रूपमद्भुतम् ॥ यो दद्याद्वैष्णवायैव पण्डिताय द्विजन्मनि ॥३३॥ स कोटिकुलमुद्धृत्य ह्यप्सरोगणसेवितः ॥ विमानमधिरुह्यैति गोलोकं योगिदुर्लभम् ॥ ३४ ॥ कन्यादानसहस्राणि वाजपेयशतानि च ॥ सधान्यक्षेत्रदानानि तुलादानानि यानि च ॥ ३५ ॥ महादानानि यान्यष्टौ छन्दोदानानि यानि च ॥ श्रीभागवतदानस्य कलां नार्हन्ति षोडशीम् ॥ ३६ ॥ तस्माद्यत्नेन तद्देयं वैष्णवाय द्विजन्मने ॥ सम्भूष्य वस्त्रभूषाभिर्हैमसिंहासन-

प्रसन्न पार्नका लागि ब्राह्मण-दम्पतीलाई पोशाक दान गर्नू र आठ प्रकारको पददान गरेर एक जोडा जुत्ता तनि दानगर्नू ॥३१॥ आफूलाई बेठेगानाको ठानेर यदि शक्ति छ भने विलम्ब नगरीकन वैष्णव ब्राह्मणलाई श्रीमद्भागवत दान गर्नू ॥३२॥ श्रीमद्भागवत साक्षात् भगवान्‌को अद्भुत रूप हो । वैष्णवै पण्डित ब्राह्मणलाई जो जन भागवत दान दिन्छ ॥ ३३ ॥ त्यो जन आफ्ना कठोर कुलको उद्धार गरेर अप्सराका समूहले सेविंदै विमानमा चढेर योगीहरूले पनि बडो मुश्किलले पाइने 'गो-लोक' मा जान्छ ॥ ३४ ॥ हजारौं कन्यादान, सयकडौं वाजपेय यज्ञ, धाली सहित भूमिदानहरू र जो तुलादानहरू छन् ती र ॥३५॥ जो आठोटा महादान छन् अनि जो वेदका दानहरू छन् यी सब दानहरू श्रीभागवतका दानको सोह्रौं अंश हुन पनि योग्य हुन्नन् ॥३६॥ त्यसकारण सकेसम्म कोशिश गरेर वस्त्र र अलंकारहरूले सिंगारी सुनको सिंहासनमा राखी वैष्णव ब्राह्मणलाई

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थितम् ॥ ३७ ॥ कांस्यानि सम्पुटान्येव त्रिंशद्देयानि सर्वथा ॥ त्रिंशत्त्रिंशदपूपैश्च मध्ये सम्पूरि
तानि च ॥ ३८ ॥ प्रत्यपूपं तु यावन्ति छिद्राणि पृथिवीपते ॥ तावद्वर्षसहस्राणि वैकुण्ठे वसते नरः
पु.मा. ॥ ३९ ॥ ततः प्रयाति गोलोकं निर्गुणं योगिदुर्लभम् ॥ यद्गत्वा न निवर्तन्ते ज्योतिर्धाम सनातनः भा.
२२० ॥ ४० ॥ सार्धप्रस्थद्वयं कांस्यसम्पुटं परिकीर्तितम् ॥ निर्धनेन यथाशक्त्या कार्याणि व्रतपूर्तये ॥४१॥ टी.
अथवाऽपूपसामग्रीमपक्वां सफलां परम् ॥ तत्राधाय प्रदेयानि पुरुषोत्तमप्रीतये ॥ ४२ ॥ निमन्त्रि- अ.२५
तास्तां विप्राणां सस्त्रीकाणां नराधिप ॥ सङ्कल्पं च प्रकुर्वीत पुरुषोत्तमसन्निधौ ॥ ४३ ॥ प्रार्थना—

भागवत दान दिनुपर्छ ॥ ३७ ॥ तीस-तीस ओटा मालपुआहरूले बीचमा टम्म भरिएका काँसका तीस ओटा थालहरू पुरुषोत्तम मासमा एकदम दान दिनैपर्छ ॥ ३८ ॥ हे राजन् ! प्रत्येक मालपुआमा जति छिद्र हुन्छन्, त्यति हजार वर्षसम्म त्यो मनुष्य वैकुण्ठमा बास गर्छ ॥३९॥ त्यसपछि त्यो योगीहरूले पनि बडा मुश्किलले फेला पारिने निर्गुणरूप गोलोकमा पुग्दछ । जुन सनातन ज्योतिर्धाम लोकमा पुगेपछि प्राणि यो जन्म-मरणरूप संसारमा फर्कदैनन् ॥ ४० ॥ काँसको थाल अढाई सेर तौलको हुनुपर्छ भनिएको छ । नसक्ने गरीबले शक्ति अनुसारको थालमा व्रतको पूर्तिका लागि दान गरे पनि हुन्छ ॥ ४१ ॥ अथवा मालपूवा तयार पारेर दान गर्न नसके पुरुषोत्तम भगवानका प्रीतिको लागि फलसहितका राम्रा मालपूवा पकाउने कच्चा सामान २२० काँसको थालमा राखेर दिए पनि हुन्छ ॥ ४२ ॥ हे राजन् ! स्त्रीसहित निमन्त्रणा गरिएका ब्राह्मणहरूलाई मालपूआ दानदिंदा पुरुषोत्तमको नगीचै संकल्प पढेर दिनुपर्छ ॥ ४३ ॥ र हात जोडेर प्रार्थना गर्नू—'श्रीकृष्ण जगदाधार जगदानन्ददायक ! मेरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण जगदाधार जगदानन्ददायकः ।। ऐहिकामुष्मिकान्कामान् निखिलान् पूरयाशु मे ।। ४४ ।।
इति सम्प्रार्थ्य गोविन्दं भोजयेद्ब्राह्मणान्मुदा ।। सपत्नीकान् सदाचारान् संस्मरन् पुरुषोत्तमम्
।। ४५ ।। सम्पूज्य विधिवद्भक्त्या भोजयेद् घृतपायसैः ।। विप्ररूपं हरिं स्मृत्वा स्त्रीरूपां राधिकां स्मरन्
।।४६।। भोजनस्य तु सङ्कल्पमाचरेद्विधिना व्रती ।। द्राक्षाभिः कदलीमिश्च चूतैश्च विविधैरपि ।।४७।।
घृतपाचितपक्वान्नै शुभैश्च माषकैर्वटैः ।। शर्कराघृतपक्वैश्च फाणितैः खण्डमण्डकैः ।।४८।। ऊर्वारु-
कर्कटीशाकैरार्द्रकैश्च सुनिम्बुकैः ।। अन्यैश्च विविधैः शाकैराम्रैः पक्वैः पृथक् पृथक् ।। ४९ ।। चतुर्धा

इच्छा पुगुन् चाँडै यो लोक-परलोकका' ।। ४४ ।। गोविन्दलाई यति प्रार्थना गरेर प्रसन्तापूर्वक पुरुषोत्तमलाई सम्झंदै असल आचार भएका दम्पती ब्राह्मणहरूलाई भोजन गराउनु ।। ४५ ।। भोजन गराउँदा ब्राह्मणको रूपमा हरिलाई ठानेर, ब्राह्मणीको रूपमा राधिकालाई गुनेर विधिपूर्वक भक्तिभावले पूजा गरी घिउ र खीरले भोजन गराउनु ।। ४६ ।। भोजन गराउनुभन्दा पहिले व्रतमा रहनेले विधिपूर्वक भोजनको संकल्प पनि गर्नुपर्छ । अनि दाख, केरा, किसिम-किसिमका आँप, ।। ४७ ।। घिउमा सुटेर पकाएका खाना, मासका रहरलाग्दा फुरौला, चीनी र घिउद्वारा पकाएका फेनी घेवर, ।।४८ । काँक्रो, ककड़ी, धनियाँको साग, अदुवाका टुक्रा कागतीको रस मिलाएर नून तेल हाली चबिलो पारिएको अचारका टुक्रा र अरू पनि किसिम किसिमका तर-कारी, जात-जातका पाकेका आँप ।।४९ । यस प्रकार छवै रस मिलेका चार किसिमका (सुपुसुपु खाने, चपाएर खाने, चुसेर र

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोजनैरेवं षड्रसैः सह सङ्गतैः ॥ वांसितान् गोरसाँस्तत्र परिवेष्य मृदु ब्रुवन् ॥ ५० ॥ इदं स्वादु मुदा भोज्य भवदर्थं प्रकल्पितम् ॥ याच्यतां रोचते ब्रह्मन् यन्मया पाचितं प्रभो ॥ ५१ ॥ धन्योऽस्म्यनुगृहीतोऽस्मि जातं मे जन्म सार्थकम् ॥ भोजयित्वा मुदा विप्रान् देयास्ताम्बूलदक्षिणाः ॥ ५२ ॥ एलालवङ्गकर्पूरनागवल्लीदलानि च ॥ कस्तूरी मृगमांसा च चूर्णं च खादिरं शुभम् ॥५३॥ एभ्यश्च मीलितैर्देयं ताम्बूलं भगवत्प्रियम् ॥ तस्मादेवं विधायैव देयं ताम्बूलमादरात् ॥ ५४ ॥ ताम्बूलं यो द्विजाग्र्याय एवं कृत्वा प्रयच्छति ॥ सुभगश्च भवेदत्र परत्रामृतभुग्भवेत् ॥ ५५ ॥ परितोष्य सप-

चाटेर खाने) खानाहरूले र केशर कस्तूरी आदिले मगमग पारिएको दूध पनि खाने ठाउँमा घेरा लाएर आफू त्यहीं उभी मीठो बोली बोल्दै ॥ ५० ॥ तपाईंकै लागि तयार पारिएको यो बडो मीठो छ, प्रसन्न भएर खानुहोस् । हे ब्रह्मन् ! हे प्रभु ! मैले पकाएका चीजमा तपाईंलाई जो ज्यादै मनपर्छ त्यो माग्नुहोला ॥ ५१ ॥ तपाईंहरूले प्रसन्नतापूर्वक भोजन गरिदिनाले म धन्य छु, तपाईंहरू द्वारा ठूलो दया गरिएको छ, आज मेरो जन्म सार्थक भयो भन्दै हर्षपूर्वक बाहुनहरूलाई खुवाइ प्याइ सकेर पान र दक्षिणा टक्र्याउनुपर्छ ॥ ५२ ॥ सुकुमेल, ल्वाङ, कपूर नागवल्लीको बीयाँ, कस्तूरी, जाइपत्री, राम्रो खयर र चूना ॥५३॥ यी सबै चीज मिलाएर बनाएको पान भगवान्को अतिप्रियका लागि दिइन्छ । त्यसकारण यसै किसिमले लगाएर नै ब्राह्मणलाई सम्मानसाथ पान टक्र्याउनुपर्छ ॥५४॥ यस्ता प्रकारले तयार पारेर जो मानिस श्रेष्ठ ब्राह्मणलाई पान टक्र्याउँछ ऊ यस लोकमा भाग्यमानीले भोग्ने सुख भोग भोगेर परलोकमा पनि अमृत भोग गर्न पाउनेछ ॥ ५५ ॥ निमन्त्रणा गरि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्नीकान् हस्ते दद्यात् च मोदकान् ॥ पत्नीभ्यो वैणवोर्दद्यादलङ्कृत्य विधानतः ॥ ५६ ॥ आसीमान्तमनुव्रज्य ब्राह्मणाँस्तान् विसर्जयेत् ॥ मन्त्रहीनेति मन्त्रेण क्षमाय पुरुषोत्तमम् ॥ ५७ ॥ यस्य स्मृत्येति मन्त्रेण नमस्कृत्य जनार्दनम् ॥ यदूनं तत्तु सम्पूर्णं विधाय विचरेत् सुखम् ॥ ५८ ॥ अन्नं विभज्य भूतेभ्यो यथाभागमकृतमयन् ॥ भुञ्जीत स्वजनैः सार्धं यिथ्यावादविवर्जितः ॥ ५९ ॥ दर्शस्य दिवसे प्राप्ते कुर्याज्जागरणं निशि ॥ राधिका सहितं हेमं पूज्यते पुरुषोत्तमम् ॥६०॥ पूजान्ते च नमस्कृत्य सपत्नीको मुदान्वितः ॥ व्रती विसर्जयेदेवं सराधं पुरुषोत्तमम ॥ ६१ ॥ आचार्याय ततो दद्यादुपहारं

एका ब्राह्मणदम्पतीलाई सब प्रकारले खुशी पारेर ब्राह्मणका हातमा लड्डूहरू दिनू र ब्राह्मणीहरूलाई विधिपूर्वक सिंगारेर वंशलोचन दिनू । ५६ ॥ र क्यै हदपम्म पछि गएर (पुऱ्याएर) ती निमन्त्रित ब्राह्मणहरूलाई बिदा गर्नू, अनि मन्त्रहीनं० 'मन्त्रहीनै क्रियाहीनै भक्तिहीनै जनार्दन ! मैले जो पूजियौं देव ! मेरो त्यो परिपूर्ण होस ।' भन्ने मन्त्रले पुरुषोत्तम भगवान्सँग क्षमा माँगेर ॥ ५७ ॥ यस्य स्मृत्या०—'तप यज्ञ क्रियादीमा जस्को नाम लिए गुने । कमी तुरुन्तै पूर्तिन्छ ढोग्छू ती अच्युतैकन ।' यस मन्त्रले जनार्दनलाई नमस्कार गरेर अझै जो कमी छ त्यो अच्युत भगवान्को कृपाले परिपूर्ण होस् भनी सबै काम पूरा गरेर सुखपूर्वक रहनू ॥ ५८ ॥ तब भूतहरू (प्राणीहरू) लाई भाग अनुसार अन्न भाग लाएर अर्थात् बलि पन्साएर खाने कुरालाई नाकनिक नगरी खाउन्जेल झूठो र फजूल बात नबोली आफ्ना परिवारका साथ खाना खानू ॥ ५९ ॥ अनि औंसी आएपछि त्यस दिन राती जागरण गर्नू र सुनको प्रतिमामा राधासहितका पुरुषोत्तमलाई पूजा गर्नू ॥ ६० ॥ पूजा गरिसकेपछि व्रतालु पति पत्नी दुवै भै राधासहितका पुरुषोत्तम भगवान्लाई, प्रसन्नतापूर्वक नमस्कार गरेर विसर्जन गर्नं । ६१॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समूर्तिकम् ॥ अन्नदानं यथायोग्यं दद्यादिच्छानुसारतः ॥६२॥ येन केनाप्युपायेन व्रतमेतत् समाचरेत् कुर्याच्च परया भक्त्या दानं वित्तानुसारतः ॥६३॥ नारी वाथ नरो वापि व्रतमेतत् समाचरेत् ॥ दुःखदारिद्र्यदौर्भाग्यं नाप्नुयाज्जन्मजन्मनि ॥६४॥ ये कुर्वन्ति जना लोके नानापूर्णमनोरथा ॥ विमानान्याधिरुह्यैव यान्ति वैकुण्ठमुत्तमम् ॥६५॥ श्रीनारायण उवाच—इत्थं यो विधिमवलम्ब्य चर्करोति श्रीकृष्णप्रियतममासमादरेण । गोलोकं व्रजति विधूय पापराशिं चात्रत्यं सुखमनुभूय पूर्वपुम्भिः ॥ ६६ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे दृढधन्वोपाख्याने व्रतोद्यापनविधिकथनं नाम पञ्चविंशोऽध्यायः ॥ २५ ॥

त्यसपछि आचार्यलाई मूर्तिसहित पूजामा चढेका सामानहरू दिनु र आफ्नू इच्छानुसार योग्य तरीकाले अन्नदान गरिदिनू ॥ ६२ ॥ जुनकुनै उपायले पनि यो व्रत पूरा गरेर अत्यन्त भक्तिले वैभव-अनुसार दान गर्नू ॥ ६३ ॥ स्त्री होस् अथवा पुरुष होस् यो व्रत अवश्य गरोस् त पछि हुने जन्ममा अर्थात् हरेक जन्ममा दुःखी, दरिद्री र अभागी हुनुपर्दैन ॥६४॥ जो मनुष्यहरू पुरुषोत्तमको व्रत गर्दछन् ती यस पृथ्वीतलमा अनेक किसिमका मनोरथले पूर्ण भएर मरेपछि पनि विमानमा चढेर नै उत्तम वैकुण्ठलोकमा जान्छन् ॥ ६५ ॥ श्रीनारायणले भन्नुभयो—यस्ता प्रकारले जो नारी वा पुरुष श्रीकृष्णको अत्यन्तै प्यारो पुरुषोत्तम महीनाको व्रत भक्तिभावले विधिपूर्वक गर्दछ त्यो यस लोकको सुखभोग भोगेर समस्त पाप-समूहबाट छुटेर आखिरमा आफ्ना पूर्वपुरुष (पुर्खा) हरूका साथ गोलोक जान्छ ॥ ६६ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये दृढधन्वोपाख्याने व्रतोद्यापनविधिकथनं नाम पञ्चविंशोऽध्यायः ॥ २५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षड्विंशोऽध्यायः

अथोद्यापनान्तरं व्रतनियममोक्षणमुच्यते ।। वाल्मीकिरुवाच—अशेषपापनाशार्थं प्रीतये गरुड़ध्वजे ।। गृहीतनियमत्यागश्चोच्यते विधिपूर्वकः ।। १ ।। नक्तभोजी नरो राजन् ब्राह्मणान् भोजयेदथ ।। अयाचिते व्रते चैव स्वर्णदानं समाचरेत् ।। २ ।। अमावास्यासनो यस्तु प्रदद्यात् गां सदक्षिणाम् ।। धात्रीस्नानं नरो यस्तु दधि वा क्षीरमेव च ।। ३ ।। फलानां नियमे राजन् फलदानं समाचरेत् ।। तैलस्नाने घृतं देयं घृतस्थाने पयस्तथा ।। ४ ।। धान्यानां नियमे राजन् गोधूमान् शालि-

उद्यापनको विधि बताइसकेर अब व्रतका नियम छोड्ने विधि बताइन्छ । वाल्मीकिले भन्नुभयो—समस्त पाप सखाप पार्नका लागि गरुडध्वज भगवान्लाई प्रसन्न पार्नका निमित्त लिएका व्रत सकिएपछि छोडाइ अर्थात् व्रत फुकाइ विधिपूर्वक बताइन्छ ।। १ ।। हे राजन् ! रातिमात्रै खाने नियम गरेका मानिसले व्रतको अन्त्यमा ब्राह्मणहरूलाई भोजन गराउनू, अनि नमाँगीकन जो मिल्छ त्यै खाएर रहने व्रतसमाप्तिमा सुनदान गर्नू ।। २ ।। एकैचोटि औंसीमै खाने नियम भएको जो छ उसले दक्षिणासहित गाई दान गर्नू । जो मनुष्य अमलाले न्वाहेर रहने व्रत गर्छ उसले दही वा दूध दान गरोस् ।। ३ ।। हे राजन् ! फल मात्रै खाएर बस्ने व्रत भए फलदान गरोस् ! तेल नखाने नियम गरेको भए घिउ दान गर्नू, घिउ छाडेको व्रत भए दूध दान गर्नु ।। ४ ।। हे राजन् ! अन्न नखाने भए गहूँ या शालिधानका चामल दान गर्नू । हे राजन् ! भूईंमा

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तण्डुलान् ॥ भूमौ च शयने राजन् सतूलीं सपरिच्छदाम् ॥५॥ सुखदो चात्मनो न्यस्य ह्यन्तर्यामि-
प्रियो जनः ॥ पत्रभोजी नरो यस्तु भोजनं घृतशर्कराम् ॥ ६ ॥ मौने घण्टां तिलाँश्चैव सहिरण्यान्
 प्रदापयेत् ॥ दम्पत्योर्भोजनं चैव सस्नेहं च सुभोजनम् ॥ लवणस्य परित्यागे दातव्यं विविधा
 रसाः ॥ दीपदाने नरो दद्यात् पात्रयुक्तं च दीपकम् ॥ ९ ॥ ह्यधिमासे नरो भक्त्या स वैकुण्ठे वसेत्
सदा ॥ दीपं च सघृतं ताम्रं काञ्चनीवर्तिसंयुतम् ॥ १० ॥ फलमात्रं प्रदेश स्याद्व्रतसम्पूर्णहेतवे ॥
एकान्तरोपवासे च कुम्भानष्टौ प्रदापयेत् ॥ ११ ॥ सवस्त्रान् काञ्चनोपेतान् मृण्मयानथ काञ्च-

सुत्ने नियम पालेको भए आफूलाई आनन्द लाग्ने डस्ना तकिया तथा झूलसहित रूओ भएको शय्यामा राखेर दान देओस्
त त्यो जन भगवान्‌को प्रिय हुन्छ। पातमा खाने नियमी जो मनुष्य छ उ ब्राह्मणलाई घिउ चीनी खुवाओस् ॥ ६ ॥
मौन रहने नियम लिएको भए आखिरमा सुन सहित घण्ट र तिल दान गरोस् र ब्राह्मण दम्पतिलाई घिउले चपाचप भएको
वढिया खाना भोजन गरोस् ॥ ७ । हे राजन् ! नङ केश पाल्ने बुद्धिमान व्रती ऐना दान गरोस्। जूता त्याग गरेको भए जोडा
जूता दान दिनू । ८ ॥ नून त्यागेको भए किसिम-किसिमका रस दान दिनुपर्छ, दीप दान गर्ने व्रत लिएको मानिसले दीयो
सहित बत्ती दान गर्नु ॥ ९ ॥ सुनको सलेदोले सहितको घिउ भरिएको तामाको दीयो जो मनुष्य अधिक मासमा भक्तिपर्वक
दान गर्दछ त्यो मनुष्य सधैं वैकुण्ठमा बस्न पाउँछ ॥ १० ॥ अथवा विधिपूर्वकको दीयो दान गर्न नसके व्रतको सम्पूर्णताका
लागि फलमात्रै दान गरे पनि हुन्छ। एकदिन बिराएर उपवास बस्ने व्रतीले आठोटा घैला दान गर्नुपर्छ ॥ ११ ॥ ती घैला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नान् ।। मासान्ते मोदकाँस्त्रिंशच्छत्रोपानहसंयुतान् ।। १२ ।। अनड्वाँश्च प्रदातव्यो धौरेयस्तु धुरि- क्षमः ।। सर्वेषामप्यलाभे च यथोक्तकरणं विना ।। १३ ।। द्विजवाक्यं स्मृतं राजन् सम्पूर्णव्रतसिद्धि- दम् ।। एकान्नेन नरो यस्तु मलमासं निषेवते ।। १४ ।। चतुर्भुजो नरो भूत्वा स याति परमां गतिम् ।। एकान्नान्नापरं किञ्चित्पवित्रमिह विद्यते ।। १५ ।। एकन्नान्मुनयः सिद्धाः पर निर्वाणमागताः ।। अधि मासे नरो नक्तं यो भुंक्ते स नराधिप ।। १६ ।। सर्वान्कामानवाप्नोति नरो नैवात्र संशयः ।। पूर्वाह्णे भुञ्जते देवा मध्याह्ने मुनयस्तथा ।। १७ ।। अपराह्णे पितृगणाः स्वात्मार्थस्तु चतुर्थकः ।। सर्ववेला-

वस्त्रले बेरिएका, सुनको प्रतिमा हालिएका माटाका या सुनैका हुनुपर्छ । महीनाको अन्त्यमा छाता र जुत्ता सहित ती सोटा लड्डू ।। १२ ।। र ओसार्न सक्ने बोकैया गोरू पनि दान देओस् । यी सबै चीज नमिले या भन मुताबिक दिन नसके ।।१३।। हे राजन् ! ब्राह्मणको बचन पूरा व्रतको सिद्धि दिने कहिएको छ, अर्थात् ब्राह्मणले खुशीसाथ 'सारा व्रत पूरा होस्' भनिदिए पूरा भैहाल्छ । जो मानिस एकछाक मात्र खाएर मलमासको व्रत गर्दछ ।। १४ ।। त्यो मनुष्य चतुर्भुज भएर परम गतिमा प्राप्त हुन्छ । एकछाक खानुजस्तो पवित्रता यस लोकमा अर्को केही छैन ।। १५ ।। एकछाक खानाले मुनिहरू सिद्ध भएर परम श्रेष्ठ मोक्ष गतिमा प्राप्त भए । हे राजन् ! जो मनुष्य अधिमासमा राती मात्र खान्छ त्यो ।। १६ ।। मानिस सारा उसका मनोरथहरू प्राप्त गर्दछ, यसमा क्यै सन्देह छैन । द्योताहरु दिनको पहिलो भागमा भोजन गर्दछन् र त्यस्तै मध्याह्नमा मुनिहरु ।। १७ ।। दिनको तेस्रो प्रहरमा पितृहरु खान्छन् त्यसकारण आफ्ना लागि दिनको चौथो पहर कहिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मतिक्रम्य यस्तु भुंक्ते नराधिप ॥ १८ ॥ ब्रह्महत्यादिपापानि नाशं यान्ति जनाधिप ॥ नक्तभोजो महीपाल सर्वपुण्याधिको भवेत् ॥ १९ ॥ दिने दिनेश्वमेधस्य फलं प्राप्नोति मानवः ॥ तस्मिन्विवर्जयेन्माषमधिमासे हरिप्रिये ॥ २० ॥ सर्वास्मान्मुच्यते पापाद्विष्णुलोंकं स गच्छति ॥ तिलयन्त्राणि पापात्मा कुरुतेब्राह्मणोऽपि सन् ॥ २१ ॥ तिलानां संख्यया राजन् स वै तिष्ठति रौरवे ॥ चाण्डालयोनिमाप्नोति कुष्ठरोगेण पीड्यते ॥ २२ ॥ शुक्ले कृष्णे नरो भक्त्यैकादशीं समुपोषयेत् ॥ आरुह्य गरुडं याति नरो भूत्वा चतुर्भुजः ॥ २३ ॥ स देवैः पूज्यमानोऽपि ह्यप्सरोगणसेवितः ॥ दशमीं

हे नराधिप राजन् ! जो मनुष्य द्यौता, मुनि र पितृहरुले खाने बेला नाघिसकेपछि भोजन गर्छ ॥ १८ ॥ हे नरेश ! उसका ब्रह्महत्यादि समस्त पापहरू नाश हुन्छन् । हे पृथ्वीपालक ! राति मात्रै खाने मानिस सबै पुण्यभन्दा ज्यादा पुण्य गर्ने हुन्छ।।१९ र त्यो मानिसले पुरुषोत्तमका प्रत्येक दिनमा अश्वमेध यज्ञको फल पाउँछ । हरि भगवान्‌को प्रिय त्यस अधिमासमा मास, भटमास त्याग गर्नू ॥२०॥ यस पुण्यले त्यो सबै पापबाट छुट्‌तछ र पछि विष्णुको लोकमा जान्छ । ब्राह्मण भएर पनि जो पापी कोलमा तिल पेल्छ ॥ २१ ॥ हे राजन् ! त्यो ब्राह्मण जति तिलका दाना पेलिएका छन् त्यति वर्ष रौरवमा रहन्छ, अनि पछि चाण्डालकुलमा जन्मन्छ र कोढ़ नामको रोगले सताइन्छ ॥ २२ ॥ जो मनुष्य शुक्ल र कृष्णपक्षमा भक्तिपूर्वक एकादशीको व्रत बस्छ, त्यो मनुष्य चतुर्भुज भएर द्यौताहरूले पूजिंदै, अप्सराहरूले सेविंदै गरुडमा चढेर वैकुण्ठ जान्छ । एकादशीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वादशीं चैव एकमुक्तं च कारयेत् ॥२४॥ प्रीतये देवदेवयस्य नरः स्वर्गमवाप्नुयात् ॥ भक्त्या च सर्वदा राजन् दर्भकूर्चं न वर्जयेत् ॥ २५ ॥ दर्भेण मार्जयेद्यस्तु पुरीषं मूत्रमेव च ॥ श्लेष्माणं रुधिरं वापि विष्ठायां जायते कृमिः ॥ २६ ॥ पवित्राः परमा दर्भा दर्भहीना वृथा क्रियाः ॥ दर्भमूले वसेद् ब्रह्मा मध्ये देवो जनार्दनः ॥ २७ ॥ दर्भाग्रे तु उमानाथस्तस्माद्दर्भेण मार्जयेत् ॥ न दर्भानुद्धरेच्छूद्रो न पिबेत्कपिलापयः ॥२८॥ मध्यपत्रे न भुञ्जीत ब्रह्मपत्रस्य भूपते ॥ नाचरेत् ॥ प्रणवं मन्त्रं पुरोडाशं न

बस्नेले पहिलो दिन दशमीमा र दोस्रो दिन द्वादशीमा एकैछाक हविष्य खानुपर्छ ॥ २३-२४ ॥ जो मनुष्य धौताका पनि धौता श्रीकृष्णको प्रीतिको लागि एकादशीको व्रत गर्छ, त्यसले अवश्यै स्वर्ग पाउँछ। हे राजन्! व्रतीले सधैं भक्तिपूर्वक कुशको मुठो त्याग्नुहुन्न, लिइराख्नुपर्छ ॥ २५ ॥ जो मानिस कुशले दिसा, पिसाब, खकार या रगत बढार्छ, त्यो मानिस गुहुमा

कीरा भएर जन्मन्छ ॥२६॥ कुश अति पवित्र मानिएका छन्, विनाकुश गरिएका क्रियाकर्महरू बेकार हुन्छन्। किनकि कुशको फेदमा ब्रह्मा बस्छन्, बीचमा भगवान् जनार्दन र ॥ २७ ॥ कुशको टुप्पामा उमाका पति महादेव रहनुहुन्छ, त्यसकारण कुशले मार्जन गर्नुपर्छ। शूद्रले कुश उखेल्नु हुन्न र कैलो गाईको दूध पिउनुहुन्न ॥ २८ ॥ हे राजन्! ब्रह्मपत्र (पलाश) का

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्षयेत् ॥ २९ ॥ नासनं नोपवीतं च नाचरेद्वैदिकीं क्रियाम् ॥ विविंध्याचरणं कुर्वन् पितृभिः सह मज्जति ॥ ३० ॥ पतन्ति नरके घोरे यावदिन्द्राश्चतुर्दश ॥ पश्चाच्च कौक्कटीं योनिं सुकरीं वानरीं च वा ॥ ३१ ॥ एतस्मात्कारणाच्छूद्रः प्रणवं वर्जयेत्सदा ॥ नमस्कारेण विप्राणां शूद्रो नश्यति भूमिप ॥ ३२ ॥ एतत्कृत्वा महाराजपरिपूर्णं व्रतं चरेत ॥ अदत्वा दक्षिणां वापि नरकं यान्ति वै नरा ॥ ३३ ॥ व्रतवैकल्यमासाद्य ह्यन्धः कुष्ठो प्रजायते ॥ धारामराणां वचनेर्नरोत्तमा दिवौकसां वैं पदमाप्नुवन्ति ॥ नोल्लङ्घयेद्भूष वचांसि तेषां श्रेयोऽभिकामी मनुजः स विद्वान् ॥ ३४ ॥ इदं

पातको पात्रमा उसले खानुहुन्न । प्रणव मन्त्र 'ॐ' को उच्चारण गर्नु हुन्न, पुरोडास (यज्ञमा बचेको अन्न) खानुहुन्न ॥ २९॥ शूद्रले कुशको आसनमा बस्नुहुन्न जनै लाउनु, हुन्न, वैदिक क्रिया गर्नुहुन्न । यदि यी विधिलाई नमानेर मनमाना आचरण गर्छ भने आफ्ना पितृहरूका साथ नरकमा डुब्दछ ॥ ३० ॥ र त्यो चौधै इन्द्र रहुन्जेलसम्म त्यो घोर नरकमा डुबिरहन्छ, अनिपछि कुखुरो, सुँगुर या बाँदरको जन्म पाउँछ ॥ ३१ ॥ यसै कारण शुद्रले सधैं प्रणव त्याग्नुगर्छ । हे राजन् ! शूद्र भएर बाहुनलाई नमस्कार न गर्नाले त्यो नाशिन्छ ॥३२॥ हे महाराज ! यी सब क्रिया वा नियमको पालन गर्नाले व्रत पनि परिपूर्ण भएको मानिन्छ । ब्राह्मणहरूलाई दक्षिणा नदिनाले पनि मनुष्यहरू नरकमा जाकिन्छन् । व्रतको विधिमा यताउति भयो भने त्यो व्रती अन्धो वा कोढी हुनेछ ॥ ३३ ॥ उत्तम मनुष्यहरूको ब्राह्मणहरूको वचन मान्नाले द्यौताहरूको पद पाउँछन् । हेराजन् त्यसकारण, कल्याण चाहने उस विद्वान् मनुष्यले ती ब्राह्मणहरूको वचन उल्लंघन गर्नु हुन्न ॥ ३४ ॥ मैले जुन यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मया धर्मरहस्यमुक्तम् श्रेयस्करं पापविमर्दनं च ॥ फलप्रदं माधवतुष्टिहेतोः पठेच्च नित्यं मनसोऽभिरामम् ॥ ३५ ॥ यः शृणोति नरो राजन् पठते वापि सर्वदा ॥ स याति परमं लोकं यत्र योगीश्वरो हरिः ॥ ३६ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे गृहीतनियमत्यागो नाम षड्विंशोऽध्यायः ॥ २६ ॥

कल्याणकारी, पाप निखानँ, मनवाञ्छित फल दिने, सुन्दा मनमा आनन्द लाग्ने धर्मको रहस्य बताएँ, माधव भगवानलाई खुशी पार्नका लागि यो सधैं पढ्ने गर्नु ॥ ३५ ॥ हे राजन् ! जो मानिस यो स्तोत्र सधैं पढ्छ अथवा सुन्छ, त्यो मानिस जहाँ योगीश्वर हरि रहनुहुन्छ त्यस श्रेष्ठ लोकमा जान्छ ॥ ३६ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे गृहीत नियमत्यागविधिनाम षड्विंशोऽध्यायः ॥२६॥

—:०:—

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्तविंशोऽध्यायः

श्रीनारायणउवाच–इत्युक्त्वा विरतं राजा मुनीश्वरमनीनमत् ॥ अपूजयत्ततो भक्त्या सपत्नीको मुदान्वितः ॥ १ ॥ उररीकृत्य तत्पूजामाशीर्वादमुदीरयत् ॥ स्वस्ति तेऽस्तु गमिष्यामि सरयूं पापनाशिनीम् ॥ २ ॥ आवयोर्वदतो रेव सायङ्कालोऽधुनाऽभवत् ॥ इत्युक्त्वाऽशु जगामैव वाल्मीकिं मुनिसत्तमः ॥ ३ ॥ आसीमान्तमनुव्रज्य राजाऽप्यागतवान् गृहम् ॥ आगत्य स्वप्रियामाह सुन्दरीं गुणसुन्दरीम् ॥ ४ ॥ दृढधन्वोवाच–अयि सुन्दरि संसारे ह्यसारे किं सुखं नृणाम् ॥ रागद्वेषादिषट्शत्रौ गन्धर्वनगरोपमे ॥ ५ ॥ कृमिविड्भस्मसंज्ञान्ते देहे मे किं प्रयोजनम् ? ॥ वातपित्तकफोद्रेक-

श्रीनारायणले भन्नुभयो—यति भनेर चुपो लागेका मुनीश्वर वाल्मीकिलाई राजाले ढोगे र अनि हर्षपूर्वक पतिपत्नीले श्रद्धाभक्तिसाथ पूजा गरे ॥१॥ राजाका पूजालाई स्वीकार गरेर आशीर्वाद दिए, अनि तपाईंको कल्याण होस् अब म पाप नाश गर्ने सरयू नदीमा जान्छु ॥२॥ यस्ता किसिमले हामी दुइले बात गर्दागर्दै यतिखेर साँझ परिसक्यो । यति भनी तुरुन्तै ती मुनिश्रेष्ठ वाल्मीकि गैपनिहाले ॥३॥ राजा दृढधन्वा पनि क्यै हदसम्म मुनिको पछि पछि गएर आफना घर आए । आएपछि आफ्नी प्रिया सुन्दरी गुण सुन्दरीलाई भने ॥ ४ ॥ दृढधन्वाले भने—हे सुन्दरी ! राग, लोभ, मोह मद मात्सर्य यी छः शत्रु भएको, गन्धर्वको नगर जस्तो यस असार संसारमा मनुष्यलाई के सुख छ र ॥ ५ ॥ वात, पित्त, कफ भरिएको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मलमूत्रसृगाकुले ॥ ६ ॥ अध्रुवेण शरीरेण ध्रुवमर्जयितुं वने ॥ गमिष्यामि वरारोहे संस्मरन् पुरुषोत्तमम् ॥ ७ ॥ तदाकर्ण्य प्रिया प्राह साध्वी सा गुणसुन्दरी ॥ विनयावनता भूत्वा बद्धाञ्जलिपुटा शुचा ॥ ८ ॥ गुणसुन्दर्युवाच ॥ अहमप्यागमिष्यामि त्वयैव सह भूपते ॥ पतिव्रतानां स्त्रीणां तु पतिरेव ही दैवतम् ॥९॥ पत्यौ गते तु या नारी गृहे तिष्ठति सौनुवे ॥ स्नुषाधीना तु सा नारी शुनीव परवेश्मनि ॥ १० ॥ मितं पिता ददात्येव मितं भ्राता मितं सुतः ॥ अमितस्य प्रदातारं भर्तारं काऽनु न व्रजेत् ॥ ११ ॥ प्रियावाक्यमुरीकृत्य सुत राज्येऽभिषिच्य च ॥ सह पत्न्या ययौ शीघ्रमरण्यं मुनि-

मल-मूत्र रगतले मुछिएको, आखिरमा कीरा, विष्ठा या भस्म बनिने यस शरीरसित मेरो के प्रयोजन ? ॥ ६ ॥ हे गुणवती ! अब म यस अनित्य शरीरले नित्य वस्तु प्राप्त गर्नका लागि भगवान् पुरुषोत्तमलाई संझदै वन जान्छु ॥ ७ ॥ त्यो सुनेर पतिव्रता ती गुणसुन्दरी स्त्रीले विनयले अति नम्र भएर हात जोडी पीरिदै भनिन् ॥ ८ ॥ गुणसुन्दरीले भनिन्—हे राजन् ! पतिव्रता स्त्रीहरूका लागि त पति नै देवता हुन्छन्, त्यसकारण म पनि तपाईंकै साथमा आउनेछु ॥ ९ ॥ पति गएपछि त जो नारी छोराका घरमा बुहारीका अधीन भै बस्तछे त्यो नारी ता अर्काको घरमा बस्ने भतुवी कुकुर्नी जस्तै हो ॥१०॥ बाबु छोरालाई अड्कलेर नै दिनुहुन्छ, दाजु-भाई पनि अड्कलेरै दिन्छन् र छोरो पनि अड्कलेर दिन्छ, तर नअड्कलीकन भएभरको दिने लोग्नेको पछि को जाँदैन ॥११॥ आफ्नी प्रियाको यस्तो वचन ठीक ठानेर अर्थात् मानेर छोरालाई राज्यमा अभिषेक गरेर पत्नीलाई साथैमा

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवितम् ॥ १२ ॥ हिमाचलसमीपे च गङ्गामासाद्य दम्पती ॥ त्रिकाल चक्रतुः स्नानं सम्प्राप्ते पुरुषोत्तमे ॥१३॥ पुरुषोत्तमं समासाद्य विधिना तत्र नारद ॥ तपस्तेपे सपत्नीकः संस्मरन् पुरुषोत्तमम् ॥१४॥ ऊर्ध्वबाहुर्निरालम्बः पादांगुष्ठेन संस्थितः ॥ नभोदृष्टिर्निराहारश्च श्रीकृष्ण तमजाजपत् ॥१५॥ एवं व्रतविधौ तस्य तस्थुपश्च तपोनिध ॥ सेवाविधौ प्रपन्नाऽसीन्महिषी सा पतिव्रता ॥ १६ ॥ एवं कृतवतस्तस्य सम्पूर्णे पुरुषोत्तमे ॥ विमानमागमत्तत्र किङ्किणीजालमण्डितम् ॥ १७ ॥ पुण्यशीलसुशीलाभ्यां सेवितं सहमागतम् ॥ तद्दृष्ट्वा विस्मयाविष्टः सपत्नीको महीपतिः ॥ १८ ॥ अनोनमद्धि-

लिई मुनिहरूले निवास गरिने जंगलमा चाँडै नै गए ॥ १२ ॥ र हिमालयको नगीचै गङ्गामा पुगेर दुवै पति-पत्नीले पुरुषोत्तम महीना लागेपछि तीनै काल स्नान गर्न थाले ॥१३॥ हे नारद ! पुरुशोत्तम आएपछि त्यसरी त्यहाँ विधिपूर्वक न्वाहेर दुवै पति-पत्नीले पुरुषोत्तम भगवान्‌लाई संझदै तपस्या गर्न लागे ॥१४॥ तब ती राजा दृढधन्वाले माास्तिर हात उठाएर, कतै केही नसमाएर केवल गोडाका बूढीऔंलाका भरमा उभिएर, आकाशतिरै हेरिरहेर, खाना-पीना सब छाडेर त्यो 'श्रीकृष्ण' भन्ने नाममन्त्र जप्दथे ॥ १५ ॥ हे तपस्याका खानी नारद ! यसरी व्रतको नियममा रहेका ती राजाको सेवा-कार्यमा उनकी पतिव्रता ती पटरानी तल्लीन थिइन् ॥ १६ ॥ यसरी तिनले व्रत गर्दागर्दै पुरुषोत्ताम महीना सकिएपछि त्यस ठाउँमा छुन्द्रुङ्ङ् घण्टीका जालले शोभिएको विमान आइपुग्यो ॥ १७ ॥ पुण्यशील र सुशीलद्वारा संचालित सहसा आइपुगेको त्यस विमानलाई देखेर पत्नीसहित आश्चर्य चकित भएका राजाले ॥१८॥ विमानमा रहेका ती पुण्यशील र सुशीललाई ढोगे । ढोगिएका ती पुण्यशील

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानस्थौ पुण्यशीलसुशीलकौ ॥ नतः तौ तं सपत्नीकं विमानं निन्यतुर्नृपम् ॥ १९ ॥ विमानमधि-
रुह्याथ सपत्नीको नराधिपः ॥ गोलोकं गतवान् शीघ्रं दिव्यं धृत्वा वपुर्नवम् ॥२०॥ एवं दृष्ट्वा तपो
 राजा मासे श्रीपुरुषोत्तमे ॥ निर्भयं लोकमासाद्य मुमोद हरिसन्निधौ ॥ २१ ॥ पतिव्रता च तत्पत्नी
 सापि तल्लोकमाययौ ॥ पुरुषोत्तमे तपस्यन्तं संसेव्य निजवल्लभम् ॥ २२ ॥ श्रीनारायण उवाच—
वर्णयामि किमद्याहं यदेकरसना मम ॥ पुरुषोत्तमसमं किञ्चिन्नास्ति नारद भूतले ॥ २३ ॥ सहस्रा-
जन्मतप्तेन तपसा तन्न लभ्यते ॥ यत्फलं लभ्यते पुम्भिः पुरुषोत्तमसेवनात् ॥ २४ ॥ व्याजतोऽपि

र सुशीलले पनि पत्नीसहितका ती राजालाई विमानमा लगे ॥१९॥ अनि विमानमा चढेरछि पत्नीसहितै ती राजा नयाँ दिव्य
शरीर धारेर तुरुन्तै गोलोक गए ॥ २० ॥ पुरुषोत्तम महीनामा गरिएका तपको यस्तो फल देखेर ती राजा त्यस विमानद्वारा
क्षयरहित लोकमा पुगेर हरि भगवान्का नजीकै हर्षपूर्वक रहे ॥ २१ ॥ उनकी पतिव्रता ती पत्नी—पुरुषोत्तममा तपस्या गर्ने
आफ्ना पतिलाई सेवा गरेकाले, उसै गो-लोकमा साथै आइन् ॥ २२ ॥ श्रीनारायणले भने—मेरो यौटै जिब्रो भइदिएकाले आज
म धेरै के वर्णन गरूँ? हे नारद ! पृथ्वीतलमा पुरुषोत्तम बराबर अरू कये छँदैछैन ॥ २३ ॥ हजार जन्मसम्म तपेका तपस्याले
त्यो फल पाइन्न, जो फल पुरुषोत्तम महीनाको सेवा द्वारा पुरुषहरूले पाइन्छ ॥ २४ ॥ कहले, स्वभावले या संयो-

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

कृतेनाऽस्मिन्मासे श्रीपुरुषोत्तमे ॥ उपवासेन दानेन स्नानेन च जपादिना ॥२५॥ अजानतोऽपि दुष्टस्य नेकपापराशिलयं व्रजेत् ॥ यथा शाखामृगस्याशु त्रिरात्रस्नानमात्रतः ॥ २६ ॥ अजानतोपि दुष्टस्य प्राक्तनानां कुकर्मणाम् ॥ सञ्चयो विलयं यातो मासे श्रीपुरुषोत्तमे ॥ २७ ॥ सोऽपि दिव्यं वपुर्धृत्वा विमानमधिरुह्य च ॥ अगमद्दिव्यगोलोकं जरामृत्युविवर्जितम् ॥ २८ ॥ अतः श्रेष्ठतमो मासः सर्वेभ्यः पुरुषोत्तमः ॥ दुष्टं शाखामृगं योऽसौ व्याजेनापि हरिं नयेत् ॥ २९ ॥ अहो मूढा न सेवन्ते मासं श्रीपुरुषोत्तमम् ॥ ते धन्याः कृतकृत्यास्ते तेषां च सफलो भवः ॥ ३० ॥ पुरुषोत्तममासं ये

गले पनि यस पुरुषोत्तम महीनामा गरिएका उपवास दान स्नान जप आदि सुकर्मले ॥२५॥ कोटिन् जन्मदेखि गरिएका अनेक पापसमूह पनि नाश हुन्छन् । जसरी तीनै रात मात्र न्वाहुनाले नै कुनै बाँदरको तुरुन्तै पाप सखाप भएको थियो ॥ २६ ॥ श्रीपुरुषोत्तम महीनमा थाहै नपाईकन तीन रात न्वाहुने त्यस बाँदरको पूर्वजन्मका कुकर्म (पाप हरूको राशि) नाश भयो ॥ २७ ॥ र त्यो दुष्ट बाँदर पनि दिव्य शरीर धारेर विमानमा चढेर बुढ्याइँ र मृत्युने रहित भएको दिव्य गो-लोकमा गयो ॥ २८ ॥ यसकारण, सबै महीनामा पुरुषोत्तम महीना अति श्रेष्ठ छ । जो कि यो पुरुषोत्तम महीना संयोगले न्वाहिएको स्नान द्वारा पनि दुष्ट बाँदरलाई हरिभाठौं पुऱ्याउन सक्छ ॥ २९ ॥ बडो आश्चर्य छ, यस्तो सब सुनेर पनि मूर्ख स्वाँठेहरू श्रीपुरुषोत्तम महीनाको सेवा गर्दैनन् ! तीनै मानिस धन्य हुन् र तिनै गर्नुपर्ने काम गरेका कृतकृत्य हुन् तीनैको जन्म सफल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवन्ते विधिपूर्वकम् ।। स्नानदान जपैर्होमैरुपोषणपुरः सरः ।। ३१ ।। नारद उवाच–सर्वार्थसाधनं वेदे
मानुषं जनुरुच्यते ।। अयं शाखामृगोऽप्यद्धा मुक्तो यद्वयाजसेवनात् ।। ३२ ।। तद्वदस्व कथामेतां
 सर्वलोकहिताय मे ।। कुत्रासौ कृतवान् स्नानं त्रिरात्रं तपसां निधे ।। ३३ ।। कोऽसौ कपिः किमा-
 हारः कुत्र जातः क्व चावसत् ।। व्याजेन तस्य किं पुण्यं जातं श्रीपुरुषोत्तमे ।। ३४ ।। तत्सर्वं विस्तरे-
णैव मह्यं शुश्रूषवे वद ।। तृप्तिर्नजायते त्वत्तः शृण्वतो मे कथामृतम् ।। ३५ ।। श्रीनारायण
उवाच–कश्चित्करलदेशीयो द्विजः परमलोलुपः ।। नित्यं धनचये दक्षः सरघेव धनप्रियः ।।३६।। लोके

हो ।।३०।। जो मानिस स्नान, दान, जप, होम उपवासका साथ विधिपूर्वक पुरुषोत्तमको सेवा गर्छन् ।।३१।। नारदले भने—
वेदमा समस्त मतलब सिद्ध गर्नसक्ने मनुष्य जन्म नै बताइएको छ, फेरि कसरी जो कि संयोगैले गरिको पुरुषोत्तमको
सेवाले यो बाँदर मुक्त भयो ? ।। ३२ ।। त्यसकारण, हे तपस्याका खानि प्रभु ! त्यस बाँदरले तीन रात स्नान कहाँ गर्‍यो !
सबै लोकको कल्याणको लागि मलाई यो कथा कहिबक्सियोस् ।।३३।। यो बाँदर को हो ? के खान्थ्यो ? कहाँ जन्मेको हो ?
कहाँ बस्तथ्यो ? श्रीपुरुषोत्तम महीनामा संयोगैले नै त्यसको पुण्य हुन गयो ? ।। ३४ ।। त्यो सब कुरो बिस्तारपूर्वक नै सुन्न
चाहने मलाई बताइबक्सियोस्, किनकि तपाईंबाट अमृतरूपी कथा सुनिरहेर पनि मलाई पूर्ण सन्तोष भइरहेको छैन ।।३५।।
श्रीनारायणले भन्नुभयो—अघि कुनै समयमा केरल देशमा अत्यन्तै लोभी, धनको चुइयाँ, मौरीले मह बटुले झैं सधैं धन
जम्मा गर्नमा चतुर कुनै ब्राह्मण थियो ।। ३६ ।। धन मात्रै बटुल्ने तर खर्च नगर्ने त्यसै चुइयाँ कर्मले गर्दा नै संसारभर

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDE

कदर्य इत्याख्यं गतस्तेनैव कर्मणा ।। चित्रशर्मा पुरा नाम तस्यासीत्पितृकल्पितम् ।। ३७ ।। सदन्नं
च सुवस्त्रं च न भुक्तं तेन कुत्रचित् ।। न स्वाहा न स्वधा वापि कृता तेनैकबुद्धिना ।। ३८ ।।
यशोऽर्थं न कृतं किञ्चित्पोष्यवर्गो न पोषितः ।। सर्वं भूमिगतं चक्रे धनमन्यायसञ्चितम् ।। ३९ ।।
न माघे तिलदानं च कृतं तेन कदाचन ।। कार्तिके दीपदानं च ब्राह्मणानां च भोजनम् ।। ४० ।।
वैशाखे धान्यदानं च व्यतीपाते च काञ्चनम् ।। वैधृतौ राजतं दानं सर्वदानान्यमूनि च ।। ४१ ।। रवि
संक्रमणे काले न दत्तानि कदाचन ।। चन्द्रसूर्योपरागे च न तप्तं न हुतं क्वचित् ।। ४२ ।। अत्रोव-

‘कंजूस’ भन्ने यस्तो नाम उसको हुन गएको थियो । पहिले बाबुले राखेको उसको नाम चित्रशर्मा थियो ।। ३७ ।।
त्यस कंजूसले राम्रो खाना र राम्रो नानाको कहिल्यै भोग गरेन । त्यस कुबुद्धिले न कहिल्यै स्वाहा गर्‍यो, न कहिल्यै
स्वधा नै गर्‍यो अर्थात् न हवन नै गर्‍यो, न कहिल्यै श्राद्ध गर्‍यो ।। ३८ । कीर्तिकै लागि पनि कहिल्यै क्यैत गरेन, न
आश्रितहरूलाई नै राम्रोसित खान दिन्थ्यो । अन्यायले जम्मा गरेको सारा धन गाडेर राख्थ्यो ।। ३९ ।। न त त्यसले
कहिल्यै माघमा तिलदान नैं गर्‍यो । न त कार्त्तिकमा दीपदान नै गर्‍यो, न ब्राह्मणहरूलाई भोजन नै गरायो
।। ४० ।। न त वैशाखमा धान्यदान गर्‍यो, न व्यतीपातमा सुनदान नै गर्‍यो । न त वैधृति योगमा चाँदी दान नै
गर्‍यो । न त यी सबै दानहरू ।। ४१ ।। कुनै सूर्यसंक्रान्तिको वेलामा कहिल्यै दियो । न चन्द्रसूर्य-ग्रहणमा कहिल्यै जप्यो न
होम्यो ।। ४२ ।। जहाँ पनि आँसु डबडबाएर लुम्रे वचन बोल्थ्यो, झरी-बतास घामले कष्ट पाएर कालो शरीरको पातलो थियो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ददद्दीनवाचं सर्वत्राश्रुपरिप्लुतः ॥ वर्षवातातपक्लिष्टः कृशः श्यामकलेवरः ॥ ४३ ॥ चचार धनलोभेन मूढधीर्भूतले सदा ॥ कोऽपि यच्छतु यत्किञ्चित्पामराय मुहुर्वदन् ॥ ४४ ॥ स गोदोहनमात्रं हि कुत्रापि स्नातुमक्षमः ॥ लोकधिक्कारसंदग्धो बभ्रामोद्विग्नमानसः ॥ ४५ ॥ तन्मित्रं वाटिकानाथः कश्चिदासीद्वनेचरः ॥ स तं निवेदयामास स्वदुःखं संरुदन्मुहुः ॥ ४६ ॥ तिरस्कुर्वन्ति मां नित्यं पुरभेदनवासिनः ॥ अतस्तत्र मया स्थातुं न शक्यं पुटभेदने ॥ ४७ ॥ इत्येवं वदतस्तस्य कदर्यस्य द्विजन्मनः ॥ अतिदीनतरां वाचमाकर्ण्य कृपयाऽऽप्लुतः ॥ ४८ ॥ मालाकारः प्रसन्नं तं दीनं मत्वा-

॥४३॥ त्यो मूर्ख बुद्धि भएको ब्राह्मण धनका लोभले सधैं पृथ्वीतलमा घरि-घरि-'यस पामर (अशक्त) लाई कोही पनि दाता जो कुछ्छ हुन सक्छ दिनुहोस्' भन्दै घुमिहिंड्थ्यो ॥ ४४ ॥ त्यो लोभी बाहुन कहीं पनि गाई दुहुन लाग्ने समय जति पनि टिक्न सक्तैनथ्यो । मानिसका धिक्कारले पीरिएको त्यो उदास मनले भट्क्रिरहन्थ्यो ॥ ४५ ॥ बगैंचाको रेखदेख गर्ने कुनै भिल्ल त्यसको मित्र थियो । कुनै दिन त्यस बाहुनले घरि-घरि रूँदै आफ्नू दुःख त्यस मित्रलाई निवेदन गऱ्यो । ४६॥ शहर वासीहरू सधैं मलाई धिक्कार्दछन् । यसकारण म त्यस शहरमा रहन नसक्ने भएँ ।। ४७ ।। यस किसिमले यस्तो भन्ने त्यस कंजूस ब्राह्मणको अत्यन्तै दुःखी कुरो सुनेर दयाले पग्लिएको ॥४८॥ भिल्ल मालीले शरणमा परेको उसलाई दुःखी ठानेर दया

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पु.मा. २४० | भा. टी. अ.२७

ऽकरोद्दयाम् ॥ हे कदर्य त्वमत्रैव वाटिकायां वसाऽधुना ॥ ४९ ॥ मालाकारवचः श्रुत्वा कदर्यः सर्वनागरैः ॥ तिरस्कृतः स तद्वाटीमध्युवास मुदा युतः ॥ ५० ॥ नित्यं तन्निकटस्थायी तदाज्ञापरिपालकः ॥ तेन वाटीपतिस्तस्मिन्विश्वासमकरोद्दृढम् ॥ ५१ ॥ अतिविश्वस्तचित्तेन तस्मिन् स वाटिकापतिः ॥ तमेवात्रीकरद्विप्र स्वस्वल्पं वाटिकापतिम् ॥ ५२ ॥ ततः सर्वात्मभावेन ममायमिति निश्चयात् ॥ विहाय वाटिकाचिन्तां सिषेवे राजमन्दिरम् ॥ ५३ ॥ राजद्वारे सदा कार्यं तस्यान्यन्तमवीभवत् ॥ पराधीनतया चासौ वाटिकां न जगामहे ॥ ५४ ॥ तत्फलानि कदर्यस्तु जघास निभृतं

गऱ्यो । हे कंजूस ! अब तिमी यहीं बगैंचामा नै बस्ने गर भन्यो ॥ ४९ ॥ मालीको बचन सुनेर—सबै नगरवासीहरूले धिक्कारिएको त्यो कंजूस खुशी भएर त्यसै बगैंचामा बस्न थाल्यो ॥ ५० ॥ त्यो बाहुन सधैं त्यस मालीको नजीक रहन्थ्यो र उसको आज्ञाको पालन गर्थ्यो । त्यसै कारणले बगैंचाको रक्षक मालीले त्यस बाहुनमा दृढ विश्वास गऱ्यो ॥५१॥ उस बाहुनमा अत्यन्त विश्वासी मन भएको उस मालीले ती बाहुनलाई नै आफ्नू मुनिको माली बनायो ॥५२॥ त्यसपछि ढुक्क मनले यो मेरै हो भन्ने निश्चय ठानी बगैंचाको फिक्री छाडी राजदर्बारको सेवा गर्न थाल्यो ॥ ५३ ॥ राजाकहाँ जसको सधैं नै धेरै नै काम भइरहन्थ्यो । त्यसै पराधीनताले फुर्सतै नपाएर त्यो माली बगैंचामा नै जाँदैनथ्यो॥५४॥ अत्यन्तै दुब्लो त्यो कंजूस

२४०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुदा ॥ व्यक्रीणतावशिष्टानि लोभेनातीव दुर्बलः ॥५५॥ अगृह्णद्द्रविणं तज्जं सर्वं स्वयमशङ्कितः ॥
यदाऽपृच्छद्वनाधीशस्तदग्रेऽत्रीवदन्मृषा ॥ ५६ ॥ भ्रामं भ्रामं च नगरं याचं याचं च भक्षकम् ॥ घासं-
घासं दिवारात्रौ परिचर्यामि ते वनम् ॥ ५७ ॥ यथाप्यस्य फलान्याशन्नाशन् गच्छन्ति पक्षिणः ॥
पश्याश्नन्तो मया केचिन्नाशितः खचरा भृशम् ॥ ५८॥ तेषां मांसानि पक्षाणि पतितानीह सर्वतः ॥
तद्दृष्ट्वाऽतीव विश्वस्य जगाम वाटिकापतिः ॥ ५९ ॥ एवं प्रवर्तमानस्यजग्मुर्वर्षाणि
दुर्मतेः ॥ सप्ताशीतिः कदर्यस्य जराजर्जरितस्ततः ॥ ६० ॥ ममार मूढधीस्तत्र नैवाप वन्हिदारुणी ॥

चाहिं मजासँग निश्चिन्त भएर त्यस बगैचाका फलहरू घिच्थ्यो र बचेका फलहरू लोभले गर्दा बेच्थ्यो पनि ॥ ५५ ॥ फल बेचेर पाएको सबै धन नीडर भएर आफै लिने गर्थ्यो । जब कहिल्यै मालीले सोधिलिन्थ्यो त उसको साम्नु झुटै कुरो भनी-दिन्थ्यो ॥ ५६ ॥ नगरमा घुमी-घुमीकन, खानेकुरो माँगी-माँगीकन, त्यै खाई-खाई रात-दिन तिम्रा बगैचाको सेवा रखवारी गर्छु ॥ ५७ ॥ तैपनि यस बगैचाका फलहरूलाई पक्षीहरू खाई-खाईकन जान्छन् फल खाने केही पक्षीहरूलाई मैले एकदमै नाश पारिदिएको छु । तो पक्षीका मासु र प्वाँखहरू यहाँ चारैतिर झरेका छन्, हेर्नुहोस्! भन्थ्यो । त्यो देखेर अत्यन्तै विश्वास गरेर माला जान्थ्यो ॥ ५८-५९ ॥ यस्तै प्रकारले रहने भएको त्यस दुष्ट कंजूसको सतासी वर्ष गए अर्थात् सतासी वर्षको भयो र तब बुढ्याइँले मकाई जरजर ॥ ६० ॥ त्यो मूर्खबुद्धिको बाहुन उहीं मर्‍यो र आगो दाउरा क्यै पनि

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाभुक्तं क्षीयते पापमिति वेदविदोऽवदन् ॥ ६१ ॥ तस्माद्धाहा प्रकुर्वाणो मुद्गराघातपीडितः ॥
अजीगमन्महामार्गं कृच्छ्रेणातिविभीषणम् ॥ ६२ ॥ स्मरन् पूर्वकृतं कर्म प्रलपन् बुद्बुदाक्षरम् ॥
अहो मे पश्यताज्ञानं कदर्यस्य च दुर्मतेः ॥ ६३ ॥ आसाद्य मानुषं देहं दुर्लभं त्रिदशैरति ॥
खण्डेऽस्मिन् भारते पुण्ये कृष्णसारमृगान्विते ॥ ६४ ॥ किं कृतं धनलोभेन व्यर्थं नीतं मनुर्मया ॥
तद्धनं तु पराधीनं चिरकालार्जितं मया ॥ ६५ ॥ किं करोमि पराधीनः कालपाशावृतोऽधुना ॥ मानुषं
जनुरासाद्य न किञ्चित् कृतवान् शुभम् ॥ ६६ ॥ न दत्तं न हुतं वन्हौ न तप्तं हिमगह्वरे ॥ न

पाएन । नभोगीकन पाप खिइँदैन भनी वेद जान्नेहरू भन्दछन् ॥ ६१ ॥ त्यसकारण यमराजका दूतद्वारा मुद्गलका ठटाइले पीडित त्यो हाय ! हाय ! गर्दै अत्यन्त भयङ्कर यममार्गमा बडा दुःखले निरन्तर हिंडाइन्थ्यो ॥ ६२ ॥ पहिले गरेका काम सम्झेर भुतभुताउँदै 'अहो ! दुष्टबुद्धिवाला कंजूस मेरो अज्ञान त हेर ॥ ६३ ॥ कृष्णसार मृग हुने पवित्र यस भारत खण्डमा द्यौताहरूले पनि मुशिकलले पाइने मनुष्य देह पाएर ॥ ६४ ॥ पनि धनका लोभले मैले कस्तो नकाम गरें, व्यर्थै जन्म गमाएँ । मैले धेरै समयमा जम्मा गरेका त्यो धन त अर्कैको अधीनमा भयो ॥ ६५ ॥ यतिखेर यमराजका पाशले टन्काइएको पराधीन म के गर्न सक्छु र ! मनुष्य जन्म पाएर पनि क्यै कल्याणकारी काम गरिनँ ॥ ६६ ॥ न दान दिएँ, न अग्निमा हवन गरें,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाङ्गं सेवितं तोयं माघे मकरगे रवौ ॥ ६७ ॥ उपवासत्रयं चान्ते न कृतं पुरुषोत्तमे ॥ न कृतं कार्तिके प्रातःस्नानं सतारकागणम् ॥ ६८ ॥ न पुष्टश्च मया देहो मानुषः पुरुषार्थदः ॥ अहो मे सञ्चितं द्रव्यं स्थितं भूमौ निरर्थकम् ॥ ६९ ॥ जीवो जीवनपर्यन्तं क्लेशितो दुष्टबुद्धिना ॥ कदाचिज्जाठरो वह्निर्नान्नैर्निर्वापितो मया ॥ ७० ॥ नापि सद्वसनाछन्नः स्वदेहः पर्वणे क्वचित् ॥ न ज्ञातयो बान्धवाश्च स्वजनाः स्वसृजा अपि ॥७१॥ जामात च सुता वापि पिता माताऽनुजास्तथा ॥ पतिव्रतापि गृहिणी ब्राह्मणा नैव तोषिताः ॥ ७२ ॥ मिष्टान्नैरेकवारं च तर्पिता न मया क्वचित् ॥

न हिमालयको गुफामा बसी तपस्या गरें । न त मकर राशिमा सूर्य सरेको वेला माघ महीनामा गङ्गाका जलको नै सेवन गरे ॥ ६७ ॥ न त पुरुषोत्तम महीनामा आखिरमा तीन उपवास नै गरें । न त कार्तिकमा ताराहरू देखिदै प्रातः स्नान गरें ॥ ६८ ॥ न त मैले पुरुषार्थ दिने आफ्नू मनुष्य शरीर नै पोसें, अहो! दुःखको कुरो छ, मैले जम्मा गरेको धन त बेकार भुइँमा गाडिएर रहेको छ ॥ ६९ ॥ दुष्ट बुद्धिले गर्दा जीवनभर जीवलाई दुःख दिएँ, कहिल्यै पनि जठराग्निलाई मैले अन्नद्वारा निभाइनँ अर्थात् पेटभर खाइनँ ॥ ७० ॥ न त कहिल्यै पर्व-चाडहरूमा पनि आफ्नू शरीरमा राम्रा लुगा लाएँ! न जातिका जन न बन्धु-बान्धव, न इष्ट-मित्र, न भांजा-भांजी ॥ ७१ ॥ न जवाईं,

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

एवं विलपमानं तं निन्युः कीनाशसन्निधम् ॥७३॥ तं दृष्ट्वा चित्रगुप्तस्तु विलोक्य तच्छुभाशुभम् ॥
अवोचत् स्वामिनं धर्मं कदर्योऽयं द्विजाधमः ॥ ७४ ॥ न किञ्चित् सुकृतं त्वस्य धनलुब्धस्य दुर्मतेः ॥
असावचीकरत् पापं पुष्कलं वाटिकास्थितः ॥ ७५ ॥ अचूचुरत् फलान्यद्धा विश्वस्तो वाटिकापतेः ॥
ततो जघास तान्नेव परिपक्वानि यानि च ॥ ७६ ॥ अकोणादवशिष्टानि धनलोभेन दुर्मतिः ॥ फल-
चौर्यकृतं पापं परं विश्वासवातजम् ॥ ७७ ॥ एतत्पापद्वयं चास्मिन्नत्युग्रं वर्तते प्रभो ॥ अन्यान्यपि

न छोरी, न बाबु, न आमा, न भाइहरू, अनि न त पतिव्रता स्त्री, न त ब्राह्मणहरूलाई नै तृप्त पारें ॥ ७२ ॥ न त यिनीलाई मिठाईहरूले एकैपल्ट पनि कहिल्यै मैले तृप्त पारें । यस्ता प्रकारले विलाप गरिरहेको उसलाई यमदूत-हरूले यमराजको नजीकमा पुऱ्याए ('कृतान्ते पुंसि कीनाशः') ॥ ७३ ॥ त्यसलाई देख्नेबित्तिकै चित्रगुप्तले उसका शुभ-अशुभ हेरेर आफ्ना स्वामी धर्मराजलाई भने—यो कंजूस अधम बाहुन हो ॥ ७४ ॥ धनको लोभी यस मूर्खको कुनै पनि पुण्य कार्य छैन । बगैचामा रहेर यसले धेरै पाप गरिरह्यो ॥ ७५ ॥ बगैचाका मालीको विश्वासपात्र बनेर फलहरू खूब चोरिरह्यो, त्यसपछि जो पाकेका थिए तिनलाई चाहिं घिच्यो ॥ ७६ ॥ र खाई नसकेर बचेका चाहिं धनका लोभले यस मूर्खले बेचिदियो । फल चोरी गरेको पाप र अर्को विश्वासघातबाट उब्जेको पाप ॥ ७७ ॥ हे प्रभु ! यी दुइटा अति उग्रपाप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

च पापानि सन्त्यस्मिन् विविधानि च ॥ ७८ ॥ नारद उवाच–इत्थं निशम्य विधिनन्दनचित्रगुप्त वाक्यं क्रुधा प्रबलयाऽऽप्लुत धर्मराजः ॥ आहैष यातु कपिजन्मसहस्रकृत्वो विश्वासघातकृतिजं फलमस्य पश्चात् ॥ ७९ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे कदर्योपाख्याने सप्तविंशोऽध्यायः ॥ २७ ॥

यसमा छन् र अरू पनि किसिम-किसिमका पाप यसमा छन् ॥ ७८ ॥ नारदले भने—ब्रह्माका पुत्र चित्रगुप्तको यस्तो कुरो सुनेर भयङ्कर क्रोधले व्याकुल भएका धर्मराजले—'यो हजार पल्टसम्म बाँदरको जन्ममा जाओस् अर्थात् एक हजार पल्टसम्म बाँदरको जन्म पाओस् र बिश्वासघात गरेर भएको पापको फलचाहिं यसलाई पछि गरिनेछ'—भने ॥ ९ ॥

इजि श्रीवृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायण नारदसंवादे कदर्योपाख्याने सप्तविंशोऽध्यायः ॥ २७॥

—:०:—

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथाष्टविंशोऽध्यायः

श्रीनारायण उवाच—तन्निशम्य भटानाह चित्रगुप्तश्चिरे भृशम् ॥ पूर्वं लोभाभिभूतोऽयं पश्चाच्चौर्यमचीकरत् ॥१॥ अतः प्रेतत्वमासाद्य पश्चाद्भवतु वानरः ॥ ततश्चाहं प्रदास्यामि वह्नौ नरव यातनाम् ॥ २ ॥ अयमेव क्रमः श्रेयान् धर्मराजगृहे भटाः ॥ इत्येवं चित्रगुप्तेन समाविष्टा विभीषणाः ॥ ३ ॥ तथा चक्रुर्भटाः शीघ्रं ताडयन्तश्च तं द्विजम् ॥ प्रेतत्वं प्रापितः पूर्वं कानने विफले घनेः ॥ ४ ॥ निर्जले बहुकालं च प्रेतयोनिमिमावाप्य सः ॥ क्षुत्तृड्भ्यां व्याकुलोऽत्यन्तं बभ्राम गहने

श्रीनारायणले भन्नुभयो—धर्मराजको त्यो आज्ञा सुनेर चित्रगुप्तले आफ्ना भटहरूलाई भने—पहिले धेरै समयसम्म यो लोभले अत्यन्तै ग्रस्त थियो, पछि मात्रैय सले चोरी गरेको हो ॥ १ ॥ यसकारण पहिले यो प्रेत भएर रहोस् र पछि बाँदर होला । त्यसका बाद म यसलाई ठूला-ठूला नरक-यातना दिनेछु ॥ २ ॥ हे भट हो ! यही नै क्रम बेस छ । धर्मराजको घरमा यस्ता किसिमले चित्रगुप्तले अराइएका ती डरलाग्दा ॥ ३ ॥ भटहरूले त्यस्तै गरे र तुरुन्तै त्यस बाहुनलाई ठटाउँदै पहिले फल-फूल क्यै नभएको घना जङ्गलमा प्रेत पारे ॥ ४ ॥ जल पनि नभएको त्यस वनमा प्रेत योनि पापर धेरै समयसम्म त्यो भोग-प्यासले अत्यन्तै व्याकुल भएर त्यस निविड बनमा भट्क्यो ॥ ५ ॥ प्रेत योनिमा हुने दुःख अनुभव गरिसकेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वने ।। ५ ।। प्रेतयोनितं दुःखमनुभूय ततः परम् ।। फलक्षौर्यसमुद्भूतां कपियोनिमजीगमत् ।। ६ ।। दिव्येकालञ्जरेशैले जम्बुखण्डमनोहरे ।। सुशीतल जलच्छाये फलपुष्पसमन्विते ।। ७ ।। तत्रासोद्देव-राजेन निर्मितं कुण्डमुत्तमम् ।। सरोवरसमं पुण्यं सत्सेव्यं पापनाशनम् ।। ८ ।। मृगतीर्थमिति ख्यातं सुराणामपि दुर्लभम् ।। यस्मित् कृत्येन श्राद्धेन पितरो यान्ति सद्गतिम् । ९ ।। तत्र दैत्यभयाद्देवा मृगा भूत्वा निरन्तरम् ।। अभिमस्तुर्निरातङ्का मृगतीर्थमतो विदुः ।। १० ।। तत्रायं प्रथमं जन्म कापेयं लब्धवान् द्विजः ।। फलचौर्यकृतात् पापादासाद्य मानुषीं तनुषीं तनुम् ।।११।। नारद उवाच-त्रैलो-

त्यसका बाद फल चोरेकोले प्राप्त भएको पाप भोग्न, ठण्ढा जल र छायावाला, फल-फूलले भरिएको जामुनाको रूखहरूको भागले रहरलाग्दो अति राम्रो कालञ्जर नामको पर्वतमा बाँदरको जन्म पायो ।। ६-७ ।। त्यस पर्वतमा इन्द्रले बनाएको, ताल-समानको पवित्र, सज्जनहरूले सेवा गरिने, समस्त पाप नाश गर्ने, द्यौताहरूका लागि पनि दुर्लभ, 'मृगतीर्थ' भन्ने नामले प्रसिद्ध कुण्डमा गरिएका श्राद्धले पितृहरू सद्गति प्राप्त गर्दछन् त्यस्तो उत्तम कुण्ड थियो ।। ८–९ ।। दैत्यका भयले भागेका देवताहरू मृग भएर त्यस कुण्डमा आतङ्क रहित हुँदै हरहमेशा न्वाहुँदथे,यसैले त्यस कुण्डलाई 'मृगतीर्थ' भन्छन् ।। १० ।। मनुष्य शरीर पाएर फल चोरी गरेको पापले उस बाहुनले त्यहीं पहिलो बाँदरको जन्म पायो ।।११।। नारदले भने—

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्यपावने रम्ये मृगतीर्थं कथं कपिः ॥ आवासमकरोद्दुष्टः पापकोटिसमन्वितः ॥ १२ ॥ छिन्धि मे
शंसयं नाथ तपोधन ! मनोगतम् ॥ भवांदृशां न गोप्यं हि स्वशिष्येषु कदाचन ॥ १३ ॥ सूत
 उवाच—एवं सन्नोदितो विप्रो नारदेन तपोनिधिः ॥ उवाच परमप्रीतः सत्कुर्वन्नारदं मुनिम् ॥ १४ ॥
श्रीनारायण उवाच—कश्चिद्वैश्यो महानासीन्नाम्ना वै चित्रकुण्डलः ॥ तत्पत्नी तारका नाम्नी
पतिव्रतपरायणा ॥ १५ ॥ तावुभौचक्रतुर्भक्त्या पुण्यं श्रीपुरुषोत्तमम् ॥ तयोः कृतवतोर्मासो गतः
श्रीपुरुषोत्तमः ॥ १६ ॥ चरमेऽहनि सम्प्राप्ते उद्यापनमथाकरोत् ॥ सपत्नीको मुदा युक्तः श्रद्धया

तीनै लोकलाई पवित्र पार्ने रमणीय मृगतीर्थमा कोटिन् पापले युक्त भएको दुष्ट बाँदर कसरी रहने गर्दथ्यो (कसरी रहन्थ्यो ?) ॥ १२ ॥ हे तपस्या नै धन हुने स्वामी ! मेरो मनमा उब्जेको यो संशयलाई छिनालिदिनुहोस् । किनकि आफ्ना शिष्यहरूमा कहिल्यै पनि तपाईं जस्ता गुरुहरू गोप्य कुरो राख्तैनन् ॥ १२ ॥ सूतजीले भन्नुभयो—हे ब्राह्मण हो ! यस किसिमले नारदले असाध्य प्रेरणा गरिएका तपस्याका खानी नारायणले अत्यन्त प्रसन्न भएर नारद मुनिलाई सत्कार गर्दै भने ॥२४॥ श्रीनारा-
यणले भने—चित्रकुण्डल नाम गरेको कुनै ठूलो वैश्य थियो । पतिव्रता धर्ममा तल्लीन रहने तारका नामकी उनकी पत्नी थिइन् ॥ १५ ॥ ती दुवैले भक्तिपूर्वक पुरुषोत्तमको पुण्य व्रत गरे । ती दुवैले व्रत गर्दागर्दै श्रीपुरुषोत्तम महीना बित्यो ॥ १६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्रकुण्डलः ॥१७॥ द्विजानाकारयामास वेदवेदाङ्गपारगान् ॥ उद्यापनविधिं कर्तुं सपत्नीकान् गुणा-
न्वितान् ॥ १८ ॥ कदर्योऽप्यगमत्तत्र धनलोभेन नारद ॥ उद्यापनविधौ पूर्णे सञ्जाते चित्रकुण्डलः
॥ १९ ॥ अत्युग्रदानैस्तान् विप्रान् सपत्नीकानतोषयन् ॥ तुष्टेषु तेषु सर्वेषु भूयसी दक्षिणामदात्
॥ २० ॥ तद्दत्तभूयसीतुष्टा अन्ये विप्रा गृहान् ययुः ॥ अतिलुब्धः कदर्यस्तु रुदंस्तस्थौ तदग्रतः
॥ २१ ॥ विनयावनतो भूत्वा सगद्गदमुवाच ह ॥ चित्रकुण्डल वश्येश भगवद्भक्तिभासुरः ॥ २२ ॥
पुरुषोत्तमव्रतं सम्यक् भवता विधिना कृतम् ॥ न यथा च कृतं केन कुत्रापि पृथिवीतले ॥ २३ ॥

अनि आखिरी दिन आएपछि पत्नीसहितको अति प्रसन्न चित्रकुण्डलले श्रद्धापूर्वक उद्यापन गऱ्यो ॥१७॥ उद्यापन विधि गर्नका लागि वेद-वेदांगमा, पारंग गुणले भरिएका, पत्नीसहितका ब्राह्मणलाई बोलायो ॥ १८ ॥ हे नारद ! त्यो कंजूस बाहुन पनि धनका लोभले त्यहाँ गएको थियो । उद्यापन विधि पूर्ण भएपछि चित्रकुण्डलले ॥१९॥ अति उग्र दानहरूले पत्नीसहितका ती ब्राह्मणहरूलाई सन्तुष्ट पाऱ्यो र ती सबै सन्तुष्ट भएपछि अनि भूयसी दक्षिणा दियो ॥ उसले दिएका भूयसीले सन्तुष्ट भएका अरू सबै बाहुनहरू घर गए । अत्यन्त लोभी कंजूसचाहिं रूँदै उसको साम्मु उभियो ॥ २०-२१ ॥ र विनयले नम्र भएर भकभकिँदै बोल्यो पनि—हे वैश्यहरूमा श्रेष्ठ, भगवान्‌को भक्तिले सूर्य झैं तेजिला चित्रकुण्डल ! ॥ २२ ॥ तपाईंले विधिपूर्वक राम्रोसँग पुरुषोत्तमको व्रत गर्नुभयो । यस पृथ्वीतलमा कहीं पनि कसैले पनि त्यस्तो विजिले व्रत गरेको छैन ॥ २३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवानद्य कृतार्थोऽसि भाग्यवानसि सर्वथा ॥ यत्त्वया परया भक्त्या सेवितः पुरुषोत्तमः ॥ २४ ।
धन्यस्त्व च पिता धन्या माता च पतिदेवता ॥ याभ्यामुत्पादितः पुत्रस्त्वादृशो हरिवल्लभः ॥ २५ ॥
धन्याद्धन्यतरश्चायं मासः श्रीपुरुषोत्तमः ॥ यत्सेवनादवाप्नोति ह्यहिकामुष्मिकं फलम् ॥२६॥ दृष्ट्वा
हि तापकी पूजा चकितोऽहं विशांपते ॥ अहो त्वया महत्कर्म कृतमेतन्नसंशयः ॥ २७ ॥ अन्येभ्यो
ब्राह्मणेयश्च धनं दत्तं बृहन्मुदा ॥ न ददामि कथं मह्यं भाग्यहीनाय भूरिद ॥ २८ ॥ इति विज्ञा-
पितस्तेन तस्मै धनमदादसौ ॥ तद्गृहीत्वाऽकरोद्विप्रो धनं भूमिगतं मुदा ॥ २९ तत्रानेन महा-

तपाईंले परम भक्तिले जो पुरुषोत्तम मासको सेवा गरियो त्यसले आज तपाईं कृतार्थ हुनुहुन्छ र एकदम भगवान् हुनुहुन्छ तपाईंका पिता धन्य हुनुहुन्छ, पतिलाई नै देवता ठान्ने माता पनि धन्य हुनुहुन्छ। जसले तपाईं जस्तो हरिभक्त छोरो पाउनु भयो ॥ २४-२५ ॥ अझ धन्यभन्दा पनि धन्य त यो पुरुषोत्तम महीना छ, जसको सेवा गर्नाले यो लोक र परलोक दुवैमा फल पाइन्छ ॥ २६ ॥ हे वैश्यहरूका स्वामी ! तपाईंले गरेको पूजा देखेर म चकित भएको छु। अहो ! यो त तपाईंले ठूलो कर्म गर्नुभयो, यसमा केही संशय छैन ॥ २७ ॥ अरू ब्राह्मणहरूलाई पनि हर्षपूर्वक धेरै धन दिनुभयो। हे प्रशस्तदाता ! अभागी मलाई मात्रै के कारणले दिनुहुन्न ? ॥ २८ । त्यस कंजूसले यसरी विन्ति चढाइएको उस वैश्यले त्यसलाई धन दियो। वैश्यले दिएको त्यो धन लिएर त्यस कंजूस बाहुनले हर्षपूर्वक त्यो धन भूमिमा गाडिदियो ॥ २९ ॥ त्यहाँ त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा दृष्टा श्रीपौरुषोत्तमी ।। पुरुषोत्तममासश्च धनलोभेन संस्तुतः ।। ३० ।। पूजादर्शनमाहात्म्यात्
 पुरुषोत्तमसंस्तवात् ।। धनलोभकृताद्वापि मृगतीर्थमुपागताः ।। ३१ ।। सूत उवाच–दर्शनात् स्तवना-
 द्वापि धनलोभकृतादपि ।। दुष्टशाखामृगस्यापि जातं सत्तीर्थसेवनम् ।।३२।। किं पुनः श्रद्धया कर्तुं
दर्शनस्तवने द्विजः ।। पुरुषोत्तमदेवस्य सपत्नीकस्य सादरम् ।। ३३ ।। नारद उवाच–सुशीतलजले
ब्रह्मन् स्निग्धच्छाये मनोहरे ।। सद्वृक्षमण्डितेरण्ये तत्स्थितेः कारणं वद ।। ३४ ।। श्रीनारायण
उवाच–शृणु नारद वक्ष्यामि तुभ्यं शुश्रूषवेऽनघ ।। अत्रास्ति कारणं किञ्चिच्छ्रवणात्पापनाशनम्

कंजूस बाहुनले पुरुषोत्तममा गरिने ठूलो पूजा देख्यो र धनका लोभले पुरुषोत्तम महीनाको पनि स्तुति गर्‍यो ।। ३० ।।
धनकै लोभले गरिएको भए पनि पूजाका दर्शनको महिमाले पुरुषोत्तमको प्रशंसा गराइले उ मृगतीर्थमा पुगेको हो ।। ३१ ।।
सूतले भने—धनकै लोभले गरिएको भए पनि पुरुषोत्तमका पूजाको दर्शनले अथवा स्तुति या प्रशंसाले दुष्ट बाँदरलाई पनि
पुण्य तीर्थको सेवा मिल्यो भने ।।३२।। हे ब्राह्मण हो ! आदरसाथ श्रद्धाले पुरुषोत्तम भगवान्को दर्शन स्तुति गर्ने पति-पत्नीको
त फेरि के भन्नु छ र ! ।। ३३ ।। नारदले भने— हे ब्राह्मन् ! ठण्डा जल, टम्म मिलेको बाक्लो छाया, असल रूखहरूले शोभि-
एको मनोहर जङ्गलमा उसले रहन पाउने कारण पनि बताइबक्सियोस् ।। ३४ ।। श्रीनारायणले भन्नुभयो—हे निर्मल चित्त
भएका नारद ! यसमा क्यै कारण छ । सुन्न इच्छा भएका तिमीलाई म त्यो सुन्दै पनि पाप नाशिने कारण बताउँछु, सुन ! ।३५।
जुन बेला सारा संपत्ति र पुण्यको फल दिने, दशरथका पुत्र रामले विशाल समुद्रमा पुल बाँधेर दुष्ट रावणलाई मारेका थिए

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ३६ ॥ विभीषणादृते तेन राक्षसा नावशेषिताः ॥ ततो वह्निप्रविष्टासा जानकी स्वीकृताधुना
॥३७॥ चतुर्मुखमहेशानपुरन्दरः पुरः सरैः ॥ दशवक्त्रवधप्रीतैर्हे राम त्वं वरं वृणु ॥३८॥ इत्युक्तेऽवोच-
द्रामो भक्तानामभयङ्करः ॥ सुराः शृणुत मद्वाक्यं यदि देयो वरोऽधुना ॥ ३९ ॥ अत्र ये वानराः
शूरा रक्षोभिर्निहतश्च तैः ॥ सञ्जीवयत तानाशु सुधावृष्ट्या ममाऽऽज्ञया ॥ ४० ॥ तथेत्युक्त्वा
सुधावृष्ट्या वानरान् समजीवयन् ॥ चतुर्मुखमहेशानपुरन्दरपुरः सराः ॥४१॥ ततः सञ्जीविताः सर्वे
वानरा जयशालिनः ॥ अडुढौकन् रामभद्रं चिरं सुप्तोत्थिता इव ॥ ४२ ॥ अथ पुष्पकमारुह्य वान-

॥३६॥ त्यस वेला उनले विभीषणलाई छाडेर कुनै राक्षस बाँकी राखेनन् । त्यसपछि आगोमा पसेर जाँचिएकी ती जानकीलाई
अनिमात्र सकारे ॥ ३७ ॥ रावणका वधले खुशी भएका ब्रह्मा-विष्णु-इन्द्र अग्रसर हुने देवताहरूले हे राम ! तपाईं वर माँग्नूहोस्
भने ॥ ३८ ॥ देवताहरूले यति भनेपछि भक्तहरूलाई अभय गर्ने रामले भन्नुभयो—हे देवता हो ! यदि अहिले वर दिने हो
भने मेरो कुरो सुन्नुहोस्—॥ ३९ ॥ यस लडाईमा ती राक्षसहरूद्वारा जो शूरा बाँदरहरू मारिए, तिनीहरूलाई मेरो आज्ञाले चाँडै
नै अमृत वर्षाएर बचाउनुहोस् ॥ ४० ॥ 'ठीक छ, त्यसै गर्छौं' भनेर ब्रह्मा-विष्णु-इन्द्र आदि द्यौताहरूले अमृत वर्षाएर बाँदरहरू-
लाई बचाइदिए ॥ ४१ ॥ त्यसका बाद लडाका सबै वानरहरू जीवित गराइए र धेरै बेर सुतेर उठेका झैं देखिने ती वानरहरू
भलादमी रामका वरिपरि टक्र्याकटुक्रुक बसे ॥ ४२ ॥ अनि पुष्पकमा चढेर पत्नीसहित प्रसन्न मुखकमल भएका रामचन्द्रले २२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रान् सर्वतः स्थितान् ।। अजोगमत् सपत्नीक प्रसन्नमुखपङ्कजः ।। ४३ ।। श्रीराम उवाच–हे सुग्रीव-
हनूमन्तौ हे तारात्मजजाम्बवान् ।। मित्रकार्यं कृतं सर्वं भवद्भिः सव वानरैः ।।४४।। आज्ञापयन्तु
तान् सर्वान् भवन्तो वानरानितः ।। भवद्याज्ञापिताः सर्वे यथेष्टं यान्तु ते यतः ।। ४५ ।। यत्र यत्र वने
एते मामका दीर्घजीविनः ।। वसन्ति वानरास्तत्र वृक्षाः पुष्पफलान्विताः ।। ४६ ।। नद्यो मृष्टजला
वाथ शीतलं सुभगं सरः ।। न केऽपि धर्षयिष्यन्ति सर्वे यान्तु ममाज्ञया ।। ४७ ।। अतो रामप्रभावेण
याता वानरजातयः ।। तत्र नद्यो मृष्टजला सरश्च सुभगं वने ।। ४८ ।। लसत्फला महावृक्षाः पुष्प

आफ्ना वरिपरि रहेका बाँदरहरूलाई भन्नुभयो–हे सुग्रीव ! हे हनुमान् ! हे अङ्गद ! हे जाम्बवान् ! बादरहरूका साथै तपाईं-हरूले मित्रको सारा काम गर्नु भयो ।। ४४ ।। अब तपाईहरू तो सबै बाँदरहरुलाई आज्ञा (बिदा) दिनुहोस्, किनकि तपाईहरूले आज्ञा (बिदा) दिएका ती सबै बाँदहरू यहाँबाट जता-जता मन लाग्छ जाऊन् ।। ४५ ।। मेरा यी दीर्घजीवी बाँदरहरू वनमा जहाँ-जहाँ बस्छन् त्यहाँ-त्यहाँका वृक्षहरू फूल-फलले लटरसम्म भैरहनेछन् ।।४६।। अनि नदीहरू स्वादिला जलका र तलाउ ठण्डा पुण्यदायी हुनेछन् ती-ती वन नदी तलाउहरूमा कसैले पनि यिनीहरूलाई मनाही वा विघ्न गर्नेछैनन्, मेरा आज्ञाले सबै जाउन् ।। ४७ ।। यसै कारण, रामचन्द्रका प्रभावले जहाँ बानरजाति रहन्छ, त्यस वनका नदीहरू मीठा जलवाला र तलाउ पुण्य-दायी हुन्छन् ।। ४८ ।। ठूला-ठूला वृक्षहरू फूल र पालुवाले युक्त भै रहरलाग्दा फलवाला हुनेछन् । परन्तु पूर्वजन्मको कर्मफल

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

पल्लवसंयुताः ॥ परन्तु सुखदुःखानि प्राक्तनादृष्टजानि च ॥ ४९ ॥ यत्र यत्र वसेज्जन्तुस्तत्र तत्रोप-
यान्ति हि ॥ नाभुक्तं क्षीयते कर्म इति वेदानुशासनम् ॥ ५० ॥ श्रीनारायण उवाच—अथासौ वानर-
 स्तत्र ववृधे पर्वतोपमः ॥ बृहत्क्षुत्तृट्समायुक्तो लोलुपी व्यचरद्वने ॥५१॥ जन्मतस्तस्य वक्त्रेऽभूत्
पोडा पित्तसमुद्भवा ॥ ययाऽसृक् च्यवते वक्त्रव्रणतश्च दिवानिशम् ॥ ५२ ॥ अत्यन्त-वेदनाविष्टो
नात्तुं शक्तस्तु किञ्चन ॥ स च वानरचापल्याद्द्रुमेभ्यः सत्फलानि च ॥ ५३ ॥ लुनोय वदनाभ्यासे
नीत्वात्त्याज्य भूरिशः ॥ नैकत्र पीडया स्थातुं शक्तोऽसौ वानरः क्वचित् ॥ ५४ ॥ वृक्षाद्वृक्षान्तरं

रूपी भाग्यले हुने सुख र दुःखहरूचाहिँ ॥ ४९ ॥ जहाँ प्राणी बास गर्छ, त्यहीं-त्यहीं भाग्य साथै जान्छ। नभोगीकन कर्म नाश हुँदैन भन्ने कुरो वेदको शिक्षा हो ॥ ५० ॥ श्रीनारायणले भन्नुभयो—अनि यो लोभी वानर पनि त्यसै वनमा पर्वत समान बढ्यो र ठूलो भोक-प्यासले व्याकुल भएर वन वनमा घुम्दथ्यो ॥ ५१ ॥ जन्मैदेखि त्यसको मुखमा पित्तबाट उब्जेको पीडा थियो। जुन पीडाले गर्दा मुखको खटिराबाट रातदिन रगत चुहिरहन्थ्यो ॥ ५२ ॥ अत्यन्त दुखाइको पीडाले गर्दा केही पनि खान सक्तैनथ्यो। तैपनि त्यो वानरीय चञ्चलपनाले गर्दा रूखहरूबाट धेरै राम्रा-राम्रा फलहरू टिपेर मुखको नजीकै लगेर फ्याँकिदिन्थ्यो। पीडाले गर्दा कहिल्यै पनि एक ठाउँमा बस्न नसक्ने उस बाँदरले मृत्युलाई नै सुख दिने ठान्थ्यो। यस्तैमा योटा रूखबाट अर्को रूखमा उफ्रेर जाँदा कुनै बेला भूइँमा पच्छारियो र अत्यन्तै दुःखित भएर विलाप गर्न थाल्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गच्छन् मेने मृत्युं सुखावहम् ॥ कदाचिदपतद्भूमौ विललापातिदुःखितः ॥५५॥ अरुदद्भग्नगात्रो
च नीरभ्रष्ठो तथा झषः ॥ असौ क्षुतृट्समाविष्ठः श्लथद्देहो गलन्मुखः ॥५६॥ पेतुर्दन्तास्तथा सर्वे
 व्रणरोगेण पीडिताः ॥ पूर्वजन्मकृतात् पापादेवं दुखमजीगमत् ॥ ५७ ॥ एवं प्रवर्त्तमानस्य निराहारस्य
 नित्यशः दैवयोगात् समागच्छन्मासः श्रीपुरुषोत्तमः ॥ ५८ ॥ तस्मिन्नपि तथैवास्ते शीतवातादि-
पीडितः ॥ कदाचिद्बहुले पक्षे विचरन् गहने वने ॥ ५९ ॥ तृषितः कुण्डनिकटे नाशक्नोत्पानुमा-
मृतम् ॥ क्षुधाविष्ठोऽपि चापल्यात्तत्रोच्चैर्वृक्षमारुहत् ॥ ६० ॥ वृक्षाद्वृक्षान्तरं गच्छन्मध्ये कुण्डम-

॥ ५५ ॥ मुख फतक्क कुहेको, जीउ थिलथिलीएको, अगप्रत्यङ्ग भाँचिएको, भोकप्यासले प्याकप्याकिएको त्यो बाँदर पानीबाट पाखामा फ्यांकिएको माछो झैं तड्पिएर रुन थाल्यो ॥ ५६ ॥ अनि त्यस्तै खटिराका रोगले दुखेका सबै दाँतहरू पनि झरे। पूर्वजन्ममा गरेका पापले यस्तो दुःख पाउनुपर्‍यो ॥ ५७ ॥ यस्ता प्रकारले सधैं भरि भोकभोकै रहँदा रहँदै दैवसंयोगले श्रीपुरुषोत्तम महीना आयो ॥ ५८ ॥ त्यस पुरुषोत्तम महीनामा पनि त्यसै गरी पहाडी जाडो-बतास आदिले दुःख पाएर नै रहन्थ्यो।
यस्तै कुनै दिन पुरुषोत्तमको कृष्णपक्षमा घना जङ्गलमा लरखराउँदै हिंड्ने ॥ ५९ ॥ प्यासो उसले कुण्डको नगीचै पुगेर पनि डीलमुनिको पानी पिउन सकेन। भोकले छटपटाएको पनि उ बाँदरले चकचक्याइँले गर्दा त्यहाँ अग्लो रूखमा चढ्यो ॥६०॥

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पल्लवसंयुताः ॥ परन्तु सुखदुःखानि प्राक्तनादृष्टजानि च ॥ ४९ ॥ यत्र यत्र वसेज्जन्तुस्त्रत तत्रोप-
यान्ति हि ॥ नाभुक्तं क्षीयते कर्म इति वेदानुशासनम् ॥ ५० ॥ श्रीनारायण उवाच–अथासौ वानर-
 स्तत्र ववृधे पर्वतोपमः ॥ बृहत्क्षुत्तृट्समायुक्तो लोलुपी व्यचरद्वने ॥५१॥ जन्मतस्तस्य वक्त्रेऽभूत्
पीडा पित्तसमुद्भवा ॥ यथाऽसृक् च्यवते वक्त्रव्रणतश्च दिवानिशम् ॥ ५२ ॥ अत्यन्त-वेदनाविष्टो
नात्तुं शक्तस्तु किञ्चन ॥ स च वानरयापल्याद्द्रुमेभ्यः सत्फलानि च ॥ ५३ ॥ लुनीय वदनाभ्याशे
नीत्वातुत्याज्य भूरिशः ॥ नैकत्र पीडया स्थातुं शक्तोऽसौ वानरः क्वचित् ॥ ५४ ॥ वृक्षाद्वृक्षान्तरं

रूपी भाग्यले हुने सुख र दुःखहरूचाहिं ॥ ४९ ॥ जहां प्राणी बास गर्छ, त्यहीं-त्यहीं भाग्य साथै जान्छ । नभोगीकन
कर्म नाश हुँदैन भन्ने कुरो वेदको शिक्षा हो ॥ ५० ॥ श्रीनारायणले भन्नुभयो—अनि यो लोभी वानर पनि त्यसै वनमा पर्वत
समान बढ्यो र ठूलो भोक-प्यासले व्याकुल भएर वन वनमा घुम्दथ्यो ॥ ५१ ॥ जन्मैदेखि त्यसको मुखमा पित्तबाट उब्जेको
पीडा थियो । जुन पीडाले गर्दा मुखको खटिराबाट रातदिन रगत चुहिरहन्थ्यो ॥ ५२ ॥ अत्यन्त दुखाइको पीडाले गर्दा क्यै
पनि खान सक्तैनथ्यो । तैपनि त्यो बानरीय चञ्चलपनाले गर्दा रूखहरूबाट धेरै राम्रा-राम्रा फलहरू टिपेर मुखको नजीकै
लगेर फ्याँकिदिथ्यो । पीडाले गर्दा कहिल्यै पनि एक ठाउँमा बस्न नसक्ने उस बांदरले मृत्युलाई नै सुख दिने ठान्थ्यो ।
यस्तैमा यौटा रूखबाट अर्को रूखमा उफ्रेर जाँदा कुनै बेला भूइँमा पच्छारियो र अत्यन्तै दुःखित भएर विलाप गर्न थाल्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गच्छन् मेने मृत्यु सुखावहम् ।। कदाचिद्पतद्भूमौ विललापातिदुःखितः ।।५५।। अरुदद्भग्नगात्रो च नीरभ्रष्ठो तथा झषः ।। असौ क्षुत्तृट्समाविष्ठः श्लथद्देहो गलन्मुखः ।।५६।। पेतुर्दन्तास्तथा सर्वे व्रणरोगेण पीडिताः ।। पूर्वजन्मकृतात् पापादेवं दुखमजीगमत् ।। ५७ ।। एवं प्रवर्त्तमानस्य निराहारस्य नित्यशः दैवयोगात् समागच्छन्मासः श्रीपुरुषोत्तमः ।। ५८ ।। तस्मिन्नपि तथैवास्ते शीतवातादि-पीडितः ।। कदाचिद्बहुले पक्षे विचरन् गहने वने ।। ५९ ।। तृषितः कुण्डनिकटे नाशक्नोत्पातुमा-मृतम् ।। क्षुधाविष्ठोऽपि चापल्यात्तत्रोच्चैर्वृक्षमारुहत् ।। ६० ।। वृक्षाद्वृक्षान्तरं गच्छन्मध्ये कुण्डम-

।। ५५ ।। मुख फतक्क कुहेको, जीउ थिलथिलीएको, अंगप्रत्यङ्ग भाँचिएको, भोकप्यासले प्याकप्याकिएको त्यो बाँदर पानीबाट पाखामा फ्यांकिएको माछो झैं तड्पिएर रुन थाल्यो ।। ५६ ।। अनि त्यस्तै खटिराका रोगले दुखेका सबै दाँतहरू पनि झरे । पूर्वजन्ममा गरेका पापले यस्तो दुःख पाउनुपर्‍यो ।। ५७ ।। यस्ता प्रकारले सधैं भरि भोकभोकै रहँदा रहँदै दैवसंयोगले श्रीपुरु-षोत्तम महीना आयो ।। ५८ ।। त्यस पुरुषोत्तम महीनामा पनि त्यसै गरी पहाडी जाडो-बतास आदिले दुःख पाएर नै रहन्थ्यो । यस्तै कुनै दिन पुरुषोत्तमको कृष्णपक्षमा घना जङ्गलमा लरखराउँदै हिंड्ने ।। ५९ ।। प्यासो उसले कुण्डको नगीचै पुगेर पनि डीलमुनिको पानी पिउन सकेन । भोकले छटपटाएको पनि उ बाँदरले चकचक्याइँले गर्दा त्यहाँ अग्लो रूखमा चढ्यो ।।६०।।

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

पीपतत् ॥ स चिराय निराहारः श्लथदिन्द्रियजर्जरः ॥ ६१ ॥ निर्मलः शिथिलप्राणः कुण्डाप्रान्तमुपा·
श्रितः ॥ एवं दिनानि चत्वारि दशमींदिनतः कपेः ॥ ६२ ॥ गतानि लुण्ठतः कुण्डे मासे श्रीपुरुषो
त्तमे ॥ पञ्चमे दिवसे प्राप्ते मध्यंदिनगते रवौ ॥ ६३ ॥ व्यसुः पपात तत्तीर्थे तोयक्लिन्नवपुः कपिः ॥
स तं देहं समुत्सृज्य विनिर्धूतमलाशयः ॥ ६४ ॥ सद्यो दिव्यवपुः प्राप दिव्याभरणभूषितः ॥ इन्दी-
वरदलश्याम कोटिकन्दर्पसुन्दरम् ॥ ६५ ॥ स्फुरद्रत्नकिरीटं च सुचारुझषकुण्डलम् ॥ लसत्पीतपटं
पुण्यं रुद्रत्नकटिमेखलम् ॥ ६६ ॥ लसत्केयूरवलयं मुद्रिकाहारशोभितम् ॥ नीलकुंचितसुस्निग्धचि·

त्यस रुखबाट अर्को रुखमा जाँदा कुण्डको बीचैमा मऱ्यो। धेरै दिनदेखि भोकै रहेको, थिलथिलिएका इन्द्रियहरुले गर्दा
झिङटी भैसकेको, कमजोर स्याँ-स्याँ गर्नें त्यो बाँदर कसै गरी कुण्डको किनारामा आएर बिसायो। पुरुषोत्तम महीनामा दश-
मीका दिनदेखि त्यस कुण्डमा लडिबुडी गर्दै त्यस बाँदरका चार दिन यसै गरी बिते। पाँचवाँ दिन लागेपछि सूर्य बीच आकाश-
मा पुगेको वेला ॥ ६१-६३ ॥ पानीले सारा जीउ निथ्रुक्क भएको त्यो बाँदर त्यसै तीर्थमा प्राण-रहित भएर लड्यौ अर्थात्
मऱ्यो र त्यसै तीन रातका आकस्मिक स्नानका प्रभावले समस्त पापराशिबाट फुत्केको उसले त्यस शरीरलाई त्यागेर ॥६४॥
तुरुन्तै राम्रा गहनाहरुले सिंगाएको, अर्को नीलकमलका फूलको पात झैं श्याम वर्ण भएको, कडोरौं कामदेवभन्दा सुन्दर,
चम्किरहेका रत्न जडेको किरीट लाएको, र असाध्यै राम्रो माछाका आकारको कुण्डल पैह्रेको, चम्किने पहेंलो पवित्र वस्त्र पहिरे-
को कमरमा राम्रा रत्नवाला करधनी लाएको, जगमगाइरहेको बाजू र वाला पहिरेको, औंठी र हारले शोभिएको नीला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरावृतसम्मुखम् ॥ ६७ ॥ तदानीमागमच्छीघ्रं विमानं वैष्णवाश्रितम् ॥ भेरीमृदङ्ग पटहवेणुवीणा-
बृहत्स्वनम् ॥६८॥ नृत्यद्देवाङ्गनं दिव्यं गायद्गन्धर्वकिन्नरम् ॥ तन्निरीक्ष्य महाभागो दिव्यदेहधरः
 कपिः ॥ ६९ ॥ विस्मयं परमं यातो महापापस्य मे कुतः ॥ एतत्पुण्यतमस्यैव योग्यं वैमानिकं सुखम्
 ॥ ७० ॥ अथ काचित्तदुपरि दधार छत्रमिन्दुभम् ॥ चक्रतुश्चामरे तस्य केचिदप्सरसौ मुदा ॥७१॥
काचित्ताम्बूलहस्ता च ननृतुश्चाप्सराः परः ॥ काचिद्भृङ्गारकं हैमं स्वर्धुनीवारिसम्भृतम् ॥७२॥ हस्ते
कृत्वा पुरस्तस्थौ गीतवाद्यादितत्परा ॥ एवं वैभवमालोक्य चित्रन्यस्त इवाभवत् ॥ ७३ ॥ किमेतत्

घुगुरिएका एकदम चिल्ला केशले मुखमण्डल ढाकिएको दिव्य अर्को शरीर पायो ॥ ६५-६७ ॥ त्यसै वखत दमाहा-मादल-डिवडिवे-बाँसुरी-वीणाका बडो स्वर भएको, अप्सरा नाचिरहेको, गन्धर्व र क्निन्नरका गानाले गुँजिएको, वैष्णवहरू विराजिएको दिव्य विमान तुरुन्तै आइपुग्यो । अब देह धारेको, ठूलो भाग्यमानी भएको त्यस बाँदरले त्यो विमान देखेर ॥ ६८-६९ ॥ अत्यन्त पुण्यत्माका लागि नै योग्य यो विमान-सम्बन्धी सुख ठूलो अपराधी मेरा लागि कसरी आइलाग्यो भनी ठानी साह्रै नै छक्क भयो ॥ ७० ॥ यत्तिकैमा कुनै अप्सराले उसका उपर चन्द्रमाको कान्ति जस्तो सेतो छाता ओढाएर उभिइ रही । अनि कुनै दुइटी अप्सराले त्यसका अगल बगलमा दुइटा चामर हर्षपूर्वक हम्कन थाले ॥ ७१ ॥ कुनै अप्सरा पानी
हातमा लिएर टक्र्याइरहेकी थिई अरु कति अप्सरा उसका सामु नाचिरहेका थिए । कुनै अप्सरा गङ्गाजीको पानीले भरिएको सुनको झारी ॥ ७२ ॥ हातमा लिएर अगाडि खडी रहेकी थिई, कुनै गाना-बजानामा तल्लीन थिए । यस्तो ऐश्वर्य देखेर त्यो बिचरा बानर चित्र (पट) बनाएर राखिएको झैं वाल्ल भयो ॥ ७३ ॥ यो के उल्का हो ! दुष्ट पापी मेरो कुन पुण्यले यो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केन पुण्येन ममापुण्यस्य दुर्मतेः ॥ नास्ति मे सुकृतं किञ्चिद्येन यामि हरेः पदम् ॥ ७४ ॥ श्रीनारायण उवाच–इत्थं तर्कयतो वृहत्सुखनिधिं दिव्यं विमानं पुरो दृष्ट्वा विस्मितचेतसो हरिभटौ ज्ञात्वास्य हार्दं परम् ॥ बद्ध्वाग्रे करसम्पुटं सविनयं नत्वा तदीयं पदं वाक्यं सुन्दरमूचतुः कविजनुस्त्यक्त्वा परः संस्थितम् ॥ ७५ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे कदर्योपाख्याने कपिजन्मनि विमानागमनं नामाष्टविंशोऽध्यायः ॥ २८ ॥

आइलाग्यो ! मेरो कुनै पनि पुण्य छैन, जुन पुण्यले म हरिको पदमा (धाममा) पुगूँ ! ॥ ७४ ॥ श्रीनारायणले भन्नुभयो— यस्तो तर्क गर्दागर्दै ठूलो सुखको खानि भएको दिव्य बिमान अगाडि देखेर छक्क परेको उसको हृदयको भित्री भाव जानेर हरिका दुइटा अनुचरले उसका सामने बिनयपूर्वक दुवै हातको अँजुली बाँधेर (अँजुली जोडेर), उसका पयरमा ढोगेर, बाँदरको जन्म त्यागेर दिव्य शरीर धारी अगाडी हरेको उसलाई सुन्दर कुरो भने ॥ ७५ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममाहात्म्ये श्रीनारायणनारदसंवादे कदर्योपाख्याने कपिजन्मनि विमानागमन नामाष्टविंशोऽध्यायाः ॥ २८ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकोनत्रिंशोऽध्यायः

पुण्यशीलसुशीलावूचतुः ॥ विभो प्रयाहि गोलोकं कथमत्र विलम्बसे ॥ पुरुषोत्तमसान्निध्यं त्वया लब्धं विशेषतः ॥ १ ॥ कदर्य उवाच—बहूनि मम कर्माणि सन्ति भोग्यान्यनेकशः ॥ केन मे निष्कृतिर्जाता यतो गोलोकमाप्नुयाम् ॥ २ ॥ यावन्तो वर्षधाराश्च तृणादि भूरजःकणाः ॥ यावन्त्यस्तारका व्योम्नि तावत्पापानि सन्ति मे ॥ ३ ॥ कथमेतन्मया प्राप्तं वपुर्दिव्यं मनोहरम् ॥ एतत्कारणमत्युग्रं मह्यं ब्रूते हरेः प्रियौ ॥ ४ ॥ श्रीनारायण उवाच—इति वाचमुपाकर्ण्य हरेर्दूता-

पुण्यशील र सुशीलले भने—हे प्रभु! गो-लोक पधार्नुहोस्, किन यहाँ ढिलो गर्नुहुन्छ? तपाईंले पुरुषोत्तम भगवान्‌को समीपता विशेषरूपले पाउनुभएको छ ॥ १ ॥ कंजूसले भन्यो—अनेक प्रकारले भोग्नु पर्ने मेरा धेरै कर्म छन् । मेरा ती कर्म कारणले बेकार भए अर्थात् भोग्नै नपर्ने भए? जसले गर्दा मैले गो-लोक पाएँ? ॥ २ ॥ पानी वर्षदाका धारा जति छन्, धरतीमा झार जति छन्, पृथ्वीमा धूलाका कण जति छन्, आकाशमा तारा जति छन् मेरा पाप त्यति नै छन् ॥३॥ भने कसरी मैले यो दिव्य मनोहर शरीर पाएँ? हरिका हे प्रिय दूत हो! यो अति उग्रकारण मलाई आज्ञा होस् ॥४॥ श्रीनारायण-

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वथोचतुः ॥ हरिदूतावूचतुः ॥ अहो देव कथं नैवं विज्ञानं साधनं महत् ॥ ५ ॥ प्रभो न ज्ञायते
कस्मान्मासः सर्वोत्तमोत्तमः ॥ विष्णुप्रियो महापुण्यो नाम्ना वै पुरुषोत्तमः ॥ ६ ॥ तस्मिंस्त्वया
तपश्चीर्णमशक्यं यत्सुरैरपि ॥ अविज्ञातं महाराज कपिदेहेन कानने ॥ ७ ॥ मुखरोगादनाहारव्रतं
जातमजानतः ॥ त्वया च कपिचाञ्चल्यात् फलान्युत्कृत्य वृन्ततः ॥ ८ ॥ क्षिप्तानि पृथिवीपीठे
तृप्तास्तैरितरैऽर्जनाः ॥ पानीयमपि नो पीतमन्तर्दुःखेन भूरिशः ॥ ९ ॥ सञ्जातं ते तपस्तीव्रमज्ञानात्
पुरुषोत्तमे ॥ परोपकारः सञ्जातः फलपातेन तेऽनघ ॥ १० ॥ शीतवातातपेषु रौद्राः सोढा विरञ्चता

ले भन्नुभयो—यस्तो कुरो सुनेर अनि हरिका दूतहरूले भने–हरिका दूतहरूले भने—ओहो ! हे प्रभु । यस्तो ठूलो साधन
कसरी जान्नुभएन ? ॥५॥ सबै उत्तम, महीनाभन्दा पनि उत्तम विष्णु भगवानको प्रिय, अत्यन्तै पुण्य दिने, पुरुषोत्तम नामको
महीना हे प्रभु ! तपाईंलें कसरी जानिएन ? ॥ ६ ॥ हे महाराज ! जङ्गलमा बाँदर शरीरले नजानीकन नै तपाईले त्यस
पुरुषोत्तम महीनामा द्यौताहरूले पनि गर्न नसकिने जो तपस्या गर्नुभयो ॥ ७ ॥ मुखको रोगले गर्दा थाहै नपाईकन जो उपवास
व्रत भयो, बाँदरी चञ्चलताले गर्दा तपाईंले भेट्नाबाट फल चुँडेर ॥ ८ ॥ भूइमा जो फाल्नुभयो र ती फलले अरू जन जो
तृप्त भए, भित्र ज्यादै दुखेकाले पानी पनि जो पिउनुभएन ॥ ९ ॥ त्यसैले थाहै नपाईकन पुरुषोत्तम महीनामा जो तीव्र तप
तपाईंको भयो, हे निष्पाप ! फल झर्नाले तपाई द्वारा जो परोपकार हुन गयो ॥ १० ॥ बनमा घुम्ने भएका तपाई द्वारा जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वने ।। महातीर्थे वरे रम्ये पञ्चाहःप्लवनं कृतम् ।। ११ ।। तस्मात् ते स्नानजं पुण्यं मासे श्रीपुरुषोत्तमे ।।
एवं रुग्णस्य ते जातमज्ञानात्तप उत्तमम् ।। १२ ।। तदेतत्सफलं जातमनुभूतं त्वयाऽधुना ।। व्याजतोऽपि
कृतेनैव सफलं स्याद्यथा तव ।। १३ ।। किं पुनः श्रद्धयैतस्मिन् मासे श्रीपुरुषोत्तमे ।। विधिना
कुर्वतः कर्मज्ञात्वा माहात्म्यमुत्तमम् ।। १४ ।। यस्त्वया साधितः स्वार्थस्तादृक्क्वतु च कः क्षमः ।।
यस्मिन्नेकोपवासेन मुच्यते पापराशिभिः ।। १५ ।। नैतत् तुल्यं भवेत्किञ्चि पुरुषोत्तमप्रीतिदम् ।। ते धन्याः
कृतकृत्यास्ते तद्व्रतं ये प्रकुर्वते ।। १६ ।। दुर्लभं मानुषं जन्म भूखण्डे भारताजिरे ।। तादृशं

भयङ्कर जाडो, बतास र घाम सहिए, सुन्दर श्रेष्ठ महातीर्थमा पाँच दिन जो पानीमा लडिबुडी गरियो ।। ११ ।। पुरुषोत्तम
महीनामा त्यसै लडीबुडीले गर्दा स्नानबाट हुने पुण्य जो तपाईलाई भयो, यस्ता प्रकारले रोगी तपाईद्वारा नजानीकन नै
जो उत्तम तप हुन गयो ।। १२ ।। तिनै सब सफल भएकोले तपाईंले यतिखेर यो सुखको अनुभव गर्न पाउनुभएको हो ।
नजानीकन नै गरिंदा पनि तपाईको तप यस्ता किसमले सफल भयो ।। १३ ।। यस पुरुषोत्तम महीनामा उत्तम माहा-
त्म्यलाई भलीभाँति जानेर श्रद्धाले विधि-विधानसाथ कर्म गर्नेको त फेरि के भन्नु छ र ।। १४ ।। जुन पुरुषोत्तम महीनामा यौटै
उपवासले पनि मनुष्य पापका थुप्रबाट छुट्छ भने, तपाईले त महीनैभरि भोकै रहेर जो स्वार्थ सिद्ध गर्नु भयो, त्यस्तो गर्न
को सक्छ ? ।। १५ ।। पुरुषोत्तम भगवान्लाई प्रीति दिने यो महीना जस्तो अरू कुनै हुन्न । तिनै प्राणी धन्य हुन् र तिनै
जीव कृतकृत्य हुन् जो पुरुषोत्तमको व्रत गर्दछन् ।। १६ ।। भारतवर्षको भू-भागमा मनुष्य जन्म पाउनु दुर्लभ । त्यस्तो दुर्लभ

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनुरासाद्य सेवन्ते पुरुषोत्तमम् ॥ १७ ॥ ते सदा सुभगाः पुण्यास्तेषां च सफलो भवः ॥ येषां सर्वोत्तमो मासः स्नानद नजपैर्गतः ॥ १८ ॥ दानानि पितृकार्याणि तपांसि विविधानि च ॥ तानि कोटि गुणान्येव सम्प्राप्ते पुरुषोत्तमे ॥ १९ ॥ धिक् तं च नास्तिकं पापं शठं धर्मध्वजं खलम् ॥ पुरुषोत्तममासाद्य स्नानदान विवर्जितः ॥ २० ॥ श्रीनारायण उवाच–पुण्यशीलसुशीलाभ्यामदृष्टं वर्णितं निजम् ॥ तच्छ्रुत्वा चकितो हृष्टः पुलकाङ्कितविग्रहः ॥ २१ ॥ तीर्थदेवान् नमस्कृत्य कालञ्जरगिरिं ततः ॥ ननाम काननाधीशान् सर्वगुल्मलतातरून् ॥ २२ ॥ ततः प्रदक्षिणीकृत्य विमानं विनयान्वितः ॥

जन्म पाएर जो पुरुषोत्तमको सेवा गर्दछन् ॥ १७ ॥ ती सधैं भाग्यमानी र पुण्यात्मा हुन्छन्, जुन मानिसहरूको सबैमा उत्तम पुरुषोत्तम महीना स्नान-दान-जपले बित्तछ तिनीहरूकै जन्म सफल हो ॥ १८ ॥ पुरुषोत्तम महीना लागेपछि गरिएका नाना प्रकारका दान-श्राद्ध र तप जति छन् ती सब करोड़ गुण फल दिने हुन्छन् ॥१९॥ पुरुषोत्तम महीना लागेपछि जो जन स्नान दान गर्दैन, त्यस नास्तिक, पापी शठ, ढोंगी, दुष्टलाई धिक्कार छ ॥ २० ॥ श्रीनारायणले भन्नुभयो–पुण्यशील र सुशीलले वर्णन गरिएको त्यो आफ्नू भाग्य सुनी साह्रै खुशी सारा शरीर रोमाञ्चले जुरुङ्ग भएको चकित हुँदै ॥ २१ ॥ तीर्थका द्यौताहरूलाई अनि कालञ्जर पर्वतलाई र जङ्गलका देवी द्यौताहरूलाई तथा समस्त पोथरा-लहरा-रूखहरुलाई पनि नमस्कार गरेर ॥ २२ ॥ त्यसका बाद विनयले झुकेर विमानलाई प्रदक्षिणा गरेर मेघ जस्तो श्याम वर्ण भएको, चम्किलो पीताम्बर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आरुरोह घनश्यामो लसत्पीताम्बरावृतः ॥ २३ ॥ पश्यत्सु सर्वदेवेषु गन्धर्वाद्यैरभिष्टुतः ॥ वाद्यमानेषु वाद्येषु किन्नराद्यैर्मुहुर्मुहुः ॥ २४ ॥ पुष्पवृष्टिमुचो देवा मन्दं मन्दं मुदान्विताः ॥ सादरं पूजयञ्चक्रुः पुरन्दरपुरःसराः ॥ २५ ॥ ततो जगाम गोलोकं सानन्दं योगिदुर्लभम् ॥ गोपगोपीगवां सेव्यं रासमण्डलमण्डितम् ॥ २६ ॥ यत्र गत्वा न सोचन्ति जरामृत्युविवर्जिते ॥ तत्रासौ चित्रशर्मा च पुरुषोत्तमसेवनात् ॥ २७ ॥ व्याजेनापि मुमोदोच्चैर्विहाय वानरं वपुः ॥ द्विभुजं मुरलीहस्तं दृष्ट्वा श्रीपुरुषोत्तमम् ॥ २८ ॥ श्रीनारायण उवाच—इमदाश्चर्यमालोक्य देवाः सर्वे

पहिरिरहेको, गन्धर्वहरुले स्तुति गरिएको उ किन्नर आदि देवयोनिहरूले अविच्छिन्न बाजा बजाइरहेको बेलामा सबै द्यौताहरूले हेर्दाहेर्दै विमानमा चढ्यो ॥२३-२४॥ अनि इन्द्र अग्रसर भएका हर्षले फ्लेका द्यौताहरूले सिमसिम पानी पार्दै आदरसाथ उस लाई पूजा गरे ॥ २५ ॥ त्यसका बाद गोप-गोपी र गाईले सेविएको, रासमंडलले शोभिएको, योगीहरूले पनि मुश्किलले फेला पारिने गो-लोकमा आनन्दपूर्वक गयो, बुढ्याइ र मृत्युले त्यागिएको जुन ठाउँमा गएपछि प्राणी कुनै किसिमको शोक गर्दैन, त्यस्तो ठाउँमा—पर्चै नपाईकन गरिएको पनि पुरुषोत्तमको सेवाले त्यो चित्रशर्मा बाँदरको शरीर त्यागेर पुगी—दुइ हात हुने, मुरली हातमा लिने श्रीपुरुषोत्तमलाई देखेर असाध्यै खुशी भयो ॥ २७-२८ ॥ श्रीनारायणले भन्नुभयो—यो आश्चर्य

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुविस्मताः ।। स्वं स्वं स्थानं ययुः सर्वे शंसन्तः पुरुषोत्तमम् ।। २९ ।। नारद उवाच–दिवसस्यादिमे भागे नत्वाऽह्निकमुदीरितम् ।। तद्दिवारपरभागीयं कथं कार्यं तपोधन ।। ३० ।। गृहस्थस्योपकाराय वद मे वदतां वर ।। सदा सर्वोपकाराय चरन्ति हि भवादृशाः ।। ३१ ।। श्रीनारायण उवाच–प्रातःकालोदितं कर्म समाप्य विधिवत्ततः ।। कृत्वा माध्याह्निकीं सन्ध्यां तिलतर्पणमाचरेत् ।। ३२ ।। देवा मनुष्याः पशवो वयांसि सिद्धाश्च यक्षोरगदैत्यसङ्घाः ।। प्रेताः पिशाचा उरगा समास्ता ये चान्नमिच्छन्ति मयाऽत्र दत्तम् ।। ३३ ।। ततः पञ्चमहायज्ञान् कुर्यात् भूतबलिं ततः ।। काकस्य च

देखेर सबै देवताहरू छक्क परे र सबै नै पुरुषोत्तमलाई प्रशंसा गर्दै आफ्ना-आफ्ना ठाउँमा गए ।। २९ ।। नारदले भने–हे तपस्याका धनी मुनि ! तपाइले दिनको पहिलो भागमा गर्ने दैनिक कर्म अज्ञात भयो, पुरुषोत्तममा दिनको दोस्रो भागमा गर्नपर्ने कार्य कसरी गर्ने ? ।। ३० ।। हे बोल्नेहरूमा श्रेष्ठ मुनि ! गृहस्थीहरूको उपकारका लागि मलाई कहिदिनुहोस् । किनकि तपाई जस्ता सज्जनहरू सबैको उपकारका लागि नै सधैं भ्रमण गर्दछन् ।। ३१ ।। श्रीनारायणले भन्नुभयो—प्रातःकालमा गर्न बताइएका कर्म विधिपूर्वक सकेर तब मध्याह्नमा गर्नुपर्ने सन्ध्या गरेर द्यौता, मान्छे, पशु, काग, सिद्ध, यक्ष, किन्नर, दैत्यसमूह, प्रेत, पिशाच, समस्त सर्पहरू जो अन्न चाहन्छन् सबैलाई यहाँ मैले दिएको छु भनी तिलले तर्पण गरूँ ।। ३२-३३ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनश्चैव बलिं दत्त्वैवमुच्चरन् ॥३४॥ इत्युक्त्वा सर्वभूतेभ्यो बलिं तद्यात् पुनः पृथक् ॥ ततो आचम्य
विधिवच्छ्रद्धया प्रीतमानसः ॥ ३५ ॥ द्वारावलोकनं कुर्यादतिथिग्रहणाय च ॥ गोदोहकालं भाग्यात्तु
पु.मा. प्राप्तश्चेदतिथिर्यदि ॥ ३६ ॥ आदौ सत्कृत्य वचसा देववत् पूजयेत् सुधीः ॥ तोषयेत् परया भक्त्या भा.
२६५ यथाशक्त्यन्नपानतः ॥ ३७ ॥ भिक्षां च भिक्षवे दद्याद्विधिवद्ब्रह्मचारिणे ॥ आकल्पितान्नादुद्धृत्य टी.
सर्वव्यञ्जनसंयुतात् ॥ ३८ ॥ यतिश्च ब्रह्मचारी च पक्वान्नस्वामिनावुभौ ॥ तयोरन्नमदत्त्वैव मुक्त्वा अ.२९
चान्द्रायणं चरेत् ॥ ३९ ॥ यतिहस्ते जलं दद्यात् भैक्षं दद्यात् पुनर्जलम् ॥ तद् भैक्षं मेरुणा तुल्य

त्यसका बाद पञ्चमहायज्ञ र अनि भूतबलि गर्नू । तब काग र कुकुरलाई पनि बलि दिएर यस्तो भन्दै—(द्यौता र मान्छे पशु
फेरि काग ती सिद्ध यक्षोरग दैत्यसंघ । पिशाच औ प्रेत समस्त सर्प, जो अन्न चाहोस् छ यहाँ दिएको) ॥ ३५ ॥ यति भनेर
सबै प्राणीलाई फेरि अलग्गै बलि दिनू । तब विधिपूर्वक आचमन गरी प्रसन्न मनले श्रद्धापूर्वक ॥३५॥ पाहुना पाउनका लागि
गाई दुहिसक्ने वेला जति ढोकाबाट बाटो हेर्ने गर्नू, यदि भाग्यले पाहुना पाइयो भने ॥ ३६ ॥ पहिले वचनले सत्कार गरेर
विद्वान् जनले पाहुनालाई द्यौता झैं पूजा गर्नू र अत्यन्त भक्तिपूर्वक आफ्नू गच्छे अनुसार खान-पानले सन्तुष्ट तुल्याउनू
२३ ॥ ३७ ॥ तयार पारेका खानाबाट सबै व्यञ्जन (तरकारी-अचार आदि) सहित निकालेर विधिपूर्वक ब्रह्मचारीलाई र भिक्षुलाई २६५
भिक्षा दिनू ॥ ३८ ॥ सन्यासी र ब्रह्मचारी दुवै पकाएका अन्नका मालिक हुन् । ती दुइलाई तयार भएको अन्न नदिई खायो
भने चान्द्रायण व्रत गर्नुपर्छ ॥३९॥ पहिले संन्यासीका हातमा जल दिनू र भिक्षा दिनू, फेरि जल दिनू त त्यो भिक्षा मेरुप्रमान

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तज्जलं सागरोपमम् ॥ ४० ॥ सत्कृत्य भिक्षवे भिक्षां यः प्रयच्छति मानवः ॥ गोप्रदानसमं पुण्यमित्याह भगवान् यतः ॥ ४१ ॥ ततश्च भोजनं कुर्यात् प्राङ्मुखो मौनमास्थितः ॥ प्रशस्ते शुद्ध पात्रे च भुञ्जीतान्नमकुत्सयन् ॥ ४२ ॥ नैकवासाः समाश्नीयात् स्वामने निजभाजते ॥ स्वयमासनमारुह्य स्वस्थचितः प्रसन्नधीः ॥ ४३ ॥ एक एव तु यो भुंजे स्वकोये कांस्यभाजने ॥ चत्वारि तस्य वर्धन्ते आयुः प्रज्ञा यशो बलम् ॥ ४४ ॥ सत्यंत्वर्त्तेति मन्त्रेण जलमादाय पाणिना ॥ परिषिच्य हि भोक्तव्यं सघृतं व्यञ्जनान्वितम् ॥ ४५ ॥ भोजनात् किञ्चिदन्नाग्रयमादायैवं समुच्यरेत् ॥

मानिन्छ र त्यो जलचाहिं समुद्रसरिको ठानिएको छ ॥ ४० ॥ जो मनुष्य सत्कार गरेर भिक्षुकलाई भिक्षा दिन्छ, उसलाई गाईदान गरे बराबरको पुण्य हुन्छ भनी भगवान् यमराजले भन्नुभएको छ ॥ ४१ ॥ त्यसका बाद पूर्व फर्केर, मौन रहेर, खाइने अन्नलाई नाकनिक नगरीकन फराकिलो शुद्ध सफा भाँडामा भोजन गर्नू ॥ ४२ ॥ खाँदा अरू महीनामा बस्ने गरेको पिरामा नबस्नू र खाने गरेको भाँडामा नखानू तथा यौटा मात्रै लुगा लाएर पनि नखानू। आफैंले पिरा बिच्छ्याई त्यसमाथि बसेर स्वस्थचित्तले खुशी भएर ॥ ४३ ॥ काँसको आफ्नै भाँडामा जो एक्लै खान्छ, त्यसको आयु, बुद्धि, यश, बल यी चार चीज बढ्छन् ॥ ४४ ॥ दिउँसो खाँदा 'सत्यं त्वर्त्तेन परिसिञ्चामि' राती खाँदा 'ऋतेन वा सत्येन परिषिञ्चामि' यस मन्त्रले हातमा जल लिएर तिहुन तरकारी र घिउ सहितको खानालाई घेरी सेचन गरी अनि औसानी हालेर मात्रै खानुपर्छ ॥ ४५ ॥ जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो भूपतये पूर्वं भुवनंपतये मम ॥ ४६ ॥ भूतानां पतये पश्चाद्धर्माय च ततो बलिम् ॥ दत्त्वा च
चित्रगुप्ताय भूतेभ्य इदमुच्चरेत् ॥ ४७ ॥ यत्र क्वचन संस्थानां क्षुत्तृषोपहतात्मनाम् ॥ भूतानां
 तृप्तयेऽक्षय्यमिदमस्तु यथासुखम् ॥ ४८ ॥ प्राणायापानसंज्ञाय व्यानाय च ततः परम् ॥ उदानाय
 ततो ब्रूयात् समानाय ततः परम् ॥ ४९ ॥ प्रणवं पूर्वमुच्चार्य स्वाहान्ते च घृतप्लुतम् ॥ पञ्चकृत्वो
ग्रसेदन्नं जिह्वया न तु दंशयेत् ॥ ५० ॥ ततश्च तन्मना भूत्वा भुञ्जीतमधुरं पुरः ॥ लवणाम्लौ तथा
मध्ये कटुतिक्तौ ततः परम् ॥ ५१ ॥ प्राग्द्रवं पुरुषोऽश्नीयान्मध्ये तु कठिनाशनम् ॥ अन्ते पुनर्द्रवाशी

पानी घुमाइसकेपछि भोजनबाट अगाडिको केही अन्न लिएर पहिले 'भूपतपे नमः' भुवनपतये नमः' ॥ ४६ ॥ 'भूतानां पतये नमः' त्यसपछि 'धर्मराजाय नमः' यस्तो भन्दै पाँचोटा बलि दिएर अर्थात् औसानी हालेर अनि भूत-प्रेतलाई-'जहाँ कहीं रहेका हुन् तड्पेका भोक-प्यासले, भूतका तृप्तिमा यो होस् अक्षय्य सुखपूर्वक' यस्तो भन्दै बलि (औसानी) दिनू ॥ ४७-४८ ॥ र मन्त्रपूर्वक बलिहरूमा जल चढाई रहेको जल सुर्ती, अनि घिउ मुछेको अन्न जिब्राले नछोईकन चतुर्थी एकवचनान्त प्राण, अपान, व्यान उदान र समान शब्दको पहिले प्रणव 'ॐ' र अन्तमा 'स्वाहा' अर्थात् 'ॐ' प्राणाय स्वाहा, ॐ अपानाय
स्वाहा, ॐ व्यानाय स्वाहा, ॐ उदानाय स्वाहा, ॐ समानाय स्वाहा' क्रमैले भन्दै पटकैपिच्छै एक-एक गाँस गरी पाँचपल्ट
गाँस हाल्नु ॥ ४९-५० ॥ र त्यसपछि चिसो बायाँ औंलाले आँखा पुछी तन्मन (एकचित्त) भएर पहिले मीठो चीज त्यसका बाद बीचमा नुनिलो र अमिलो अनिपछि पीरो र तीतो खानू ॥ ५१ ॥ जो पुरुष पहिले मीठो खाना बीचमा साह्रो खाना र

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तु बलारोग्ये न मुञ्चति ॥ ५२ ॥ अष्टौ ग्रासा मुनेर्भक्ष्याः षोडशारण्यवासिनः ॥ द्वात्रिंशच्च गृह-
स्थस्य त्वमितं ब्रह्मचारिणः ॥ ५३ ॥ नाद्याच्छास्त्रविरुद्धं तु भक्ष्यभोज्यादिकं द्विजः ॥ अभोज्यं
प्राहुराहारं शुष्कं पर्युषितं तथा ॥ ५४ ॥ सप्तं सशेषमश्नीयात् घृतपायसवर्जितम् ॥ अग्रांगुलिषु
तच्छेषं निधाय भोजनोत्तरम् ॥ ५५ ॥ जलपूर्णाञ्जलिं कृत्वा पीत्वा चैव तदर्धकम् ॥ अग्रांगुलिस्थितं
शेषं भूमौ दत्त्वाऽञ्जलेजलम् ॥ ५६ ॥ शेषं निषिञ्चेत्तत्रैव पठन् मन्त्रमिमं बुधः ॥ अन्यथा पाप-
भाग्विप्रः प्रायश्चित्तेन शुद्ध्यति ॥५७॥ रौरवेऽपुण्यनिलये पद्मार्बुदनिवासिनाम् ॥ अर्थिनामुदकं दत्त-

आखिरमा फेरि पन्यालो खाना खान्छ उसले बल र आरोग्यलाई कहिल्यै छाड्दैन, अर्थात् निरोगी रहन्छ ॥ ५२ ॥ मुनिहरूले आठ गांस मात्रै खानुपर्छ जंगलमा बस्ने वानप्रस्थीहरूले सोह गांस खानुपर्छ र गृहस्थीहरूले बत्तीस गांस खानुपर्छ, ब्रह्मचारी-हरूले प्रमाण रहित अघाउन्जेल जति खाए पनि हुन्छ ॥ ५३ ॥ कुनै पनि बाहुन, क्षत्री, वैश्यले शास्त्रले निषेध गरिएको खाइने पिइने चीजहरू नखाऊन् । सुकेको र बासी खाने चीजलाई नखानू भन्दछन् ॥ ५४ ॥ घिउ र खीर बाहेक सबै खानेकुरो बांकी नराखी चाटीचुटी खानू र खाइसकेपछि अघि बांकी राखेको वस्तु औंलाका टुप्पामा लिएर ॥ ५५ ॥ त्यसै हातको अँजुली भरि जल लिएर त्यसको आधा पिउनू अँजुलीको जल औंलाको टुप्पातिरबाट भूइँमा पोखेर ॥ ५६ ॥ त्यसबाट पनि बांकी रहेकोचाहिं बुद्धिमान् पुरुषले--'पापखानी रौरवमा पद्म अर्बुददेखिका, बसेका प्यासिका यो जल अक्षय्य भै पुगोस्' भन्ने यो मन्त्र पढ्दै त्यहीं नै छर्किदेओस् । यस्तो नगरे त्यो बाहुन, क्षत्री या वैश्य पापी हुन्छ र प्रायश्चित्तले मात्रै शुद्ध हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मक्ष्यय्यमुपतिष्ठतु ॥ ५८ ॥ निषिच्यानेन मन्त्रेण कुर्याद्दन्तविशोधनम् ॥ आचम्य पात्रमुत्सार्य किञ्चि-
दार्द्रेण पाणिना ॥ ५९ ॥ ततः तरं समुत्थाय बहिः स्थित्वा समाहितः ॥ शोधयेन्मुखहस्तौ च मुदा
शुद्धजलेन च ॥ ६० ॥ कृत्वा षोडशगण्डूषान् शुद्धो भूत्वा सुखासनः ॥ इमौ मन्त्रौ पठन्नेव पाणि
नोदरमालभेत् ॥ ६१ ॥ अगस्त्यं कुम्भकर्णं च शनिं च बडवानलम् ॥ आहारपरिपाकाय स्मरेद्भीमं
च पञ्चमम् ॥ ६२ ॥ आतापी मारिते येन वातापी च निपातितः ॥ समुद्रः शोषितो येन स मेऽगस्त्यः
प्रसीदतु ॥ ६३ ॥ ततः श्रीकृष्णदेवस्य कुर्वीत स्मरणं मुदा ॥ भूयोऽप्याचम्य कर्तव्यं तत-

॥ ५७-५८ ॥ यस मन्त्रले चिसो हात छर्केपछि दाँतको शुद्धि गर्नू अर्थात् दाँतमा अड्केका वस्तु निकाल्नू र 'ॐ अमृतापिधान-
मसि स्वाहा' भनी पानी घुमाएर अचाई चिसै हातले खाएका भाँडा क्यै पन्साएर ॥ ५९ ॥ त्यसपछि उठेर बाहिर गै सावधानी
सँग रहेर माटो र सफा पानीले हातमुख धुनू ॥६०॥ सोहरल्ट कुल्ला गरेर शुद्ध भएर आरामसँग बसेपछि-'अगस्त औ कुम्भ-
कर्ण, शनि औ वडवानल। खाको पचाउना लागि भीमलाई त सम्झनू । आतापी मारियो जसले वातापी त्यो निभाइयो।
सोस्यो समुद्र जसले ती अगस्त्य खुशी हउन् ॥' यी दुइ मन्त्र पढ्दै हातले पेट सुम्सुम्याउन् ॥ ६१-६३ ॥ अनि हर्षपूर्वक

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्ताम्बूलभक्षणम् ॥ ६४ ॥ भुक्त्वोपविष्टः श्रीकृष्णं परं ब्रह्म विचारयेत् ॥ सच्छास्त्रादिविनोदेन
पु. मा. सन्मार्गव्यविरोधिना ॥ ६५ ॥ ततश्चाध्यात्मविद्यायाः कुर्वीत श्रवणं सुधीः ॥ सर्वथा वृत्तिहीनोऽपि
२७० मुहूर्तं स्वस्थमानसः ॥ ६६ ॥ श्रुत्वा धर्मं विजानाति श्रुत्वा पापं परित्यजेत् ॥ श्रुत्वा निवर्तते भा.
मोहः श्रुत्वा ज्ञानामृतं लभेत् ॥ ६७ ॥ नीचोऽपि श्रवणेनाशु श्रेष्ठत्वं प्रतिपद्यते ॥ श्रेष्ठोऽपि नीचतां टी.
याति रहितः श्रवणेन च ॥ ६८ ॥ व्यवहारं ततः कुर्याद्बहिर्गत्वा यथासुखम् ॥ श्रीकृष्णं मनसा अ.२९
ध्यायेत् सर्वार्थसिद्धिदायकम् ॥ ६९ ॥ सूर्येऽस्तशिखरं प्राप्ते तीर्थं गत्वाऽथवा गृहम् ॥ सायंसन्ध्यामु

श्रीकृष्ण भगवान्को स्मरण गर्नू र फेरि पनि एकपल्ट पानी अचाएर त्यसपछि पान खाने गर्नुपर्छ ॥६४॥ खाइसकेर बसेपछि सत् मार्गको विरोध नगर्ने असल शास्त्रको विनोद (प्रसंग) ले परब्रह्म श्रीकृष्णलाई ध्यान गर्नू या उहाँका चर्चाका कुराकानी गर्नू ॥ ६५ ॥ त्यसका बाद बुद्धिमान जनले अध्यात्मविद्याको विषय सुन्नू, एकदम कमाई नभएकोले काममा हिंडिहाल्नुपरे पनि स्थिर मनले दुइ घडी जति अध्यात्मको वर्णन सुन्नू ॥६६॥ किनकि सुनेर नै धर्म जानिन्छ, सुनेर नै पाप गर्न छोडिन्छ। सुनेर नै अज्ञान हट्तछ र सुनेर नै ज्ञानरूपी अमृत मिल्दछ ॥ ६७ ॥ नीच जन पनि धर्मको कुरो सुन्नाले तुरुन्तै श्रेष्ठत्वमा
प्राप्त हुन्छ अर्थात् श्रेष्ठ हुन्छ र श्रेष्ठ जन पनि धर्मको चर्चा नसुन्नाले नीचतामा प्राप्त हुन्छ यानी नीच हुन्छ ॥ ६८ ॥ यति २७७
गरिसकेपछि बाहिरफेर गएर आनन्दसँग व्यवहार (जीविकोपार्जनका कार्य) गर्नू। काम गर्दा पनि सम्पूर्ण इच्छा सिद्धि गरिदिने श्रीकृष्ण भगवान्लाई मनले सम्झिराख्नू ॥ ६९ ॥ सूर्य अस्ताचलमा पुगेपछि साँझमा तीर्थमा गएर अथवा घरैमा भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पासीत, धौतांघ्रिः सपवित्रकः ॥७०॥ यः प्रमादान्न कुर्वीत सायंसन्ध्या द्विजाश्रमः ॥ स गोवधमवाप्नोति मृते रौरवमाप्नुयात् ॥ ७१ ॥ कदाचित् काललोपेऽपि सङ्कटे वा पथि स्थितः ॥ आनिशीथात् प्रकुर्वीत सायंसन्ध्या द्विजोत्तमः ॥७२॥ यस्त्रिसन्ध्यामुपासीत ब्राह्मणः श्रद्धयान्वितः ॥ तत्तेजो वर्धतेऽत्यन्तं घृतेनैव हुताशनः ॥ ७३ ॥ सादित्यां पश्चिमां सन्ध्यामर्धास्तमितभास्करम् ॥ प्राणानायम्य सम्प्रोक्ष्य मन्त्रेणाब्देवतेन तु ॥ ७४ ॥ सायम् 'अग्निश्चमे' त्युक्त्वा प्रातः 'सूर्यें' त्यपः पिबेत् ॥ प्रत्यङ्मुखोपविष्टस्तु वाग्यतः सुसमाहितः ॥ ७५ ॥ प्रणवव्याहृतियुतां गायत्रीं तु जपेत्ततः ॥ अक्ष-

हात गोडा धोएर चोखो लुगा फेरि पवित्र हातमा लिएर बेलुकीको सन्ध्या उपासना अर्थात् जप गर्नू ॥७०॥ जुन अधम बाहुन अल्छीले बेलुकीको सन्ध्या गर्दैन त्यो बाहुन गाई मारेको पाप पाउँछ अर्थात् उसलाई गाई मारेको पाप लाग्छ र मरेपछि पनि रौरवको दुःख पाउँछ ॥७१॥ संकट परेको बेलामा वा बाटोमा रहँदा क्यै गरो बेला टरे पनि आधा रातभन्दा पहिल्यै उत्तम बाहुनले बेलुकीको सन्ध्या गर्नु पर्छ ॥७२॥ जुन ब्राह्मण श्रद्धापूर्वक प्रातः, मध्याह्न र बेलुकीको तीन सन्ध्या उपास्छ त्यसको तेज घिउले आगो दन्केझैं अत्यन्तै बढ्दछ ॥७३॥ आधा सूर्य अस्ताएपछि आधा सूर्य देखिंदै बेलुकीको सन्ध्या प्राणायाम गरेर 'आपोहिष्ठा' भन्ने मन्त्रले मार्जन गरेर ॥७४॥ बेलुकी 'अग्निश्चम' भन्ने मन्त्र पढेर, बिहान 'सूर्यश्चमे०' भन्ने मन्त्र पढेर आचमन गर्नू र सावधानसँग चुपचाप पश्चिमतिर मुख गरेर बसी ॥७५। अनि रुद्राक्षको माला लिएर राम्रै संग तारा नउदाई २७१

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रं समादाय सम्यगातारकोदयात् ॥ ७६ ॥ वारुणीभिस्तदादित्यमुपस्थाय प्रदक्षिणाम् ॥ कुर्वन्
दिशो नमस्कुर्याद्दिगीशाञ्च पृथक् पृथक् ॥७७॥ उपास्य पश्चिमां सन्ध्यां हुत्वाऽग्निमश्नीयाच्चतः ॥
 भृत्यैः परिवृतो भूत्वा नातितृप्तोऽथ संविशेत् ॥ ७८ ॥ सायंप्रातर्वैश्वदेवः कर्तव्यो बलिकर्म च ॥
अनश्नताऽपि सततमन्यथा किल्बिषी भवेत् ॥ ७९ ॥ कृतपाकादिशौचस्तु भुक्त्वा सायं ततो गृही ॥
गच्छेच्छय्यां ततो मृद्वीमुपधानसमन्विताम् ॥ ८० ॥ स्वगृहे प्राक्छिराः शेते श्वासुरे दक्षिणाशिराः ॥
प्रवासे पश्चिमशिरा न कदाचिदुदक्शिराः ॥ ८१ ॥ रात्रिसूक्तं जपेत् स्मृत्वा देवाँश्च सुखशायिनः ॥

सकुंजेलसम्म प्रणव 'ॐ' र व्याहृति 'भूर्भुवः स्वः सहितको गायत्री जप्नू ॥ ७६ ॥ तत्र वारुणी मन्त्रहरूले सूर्यको उपस्थान गरेर अडेगै प्रदक्षिणा गर्दै दिशाका पतिहरूलाई अलग-अलग नमस्कार गर्नू ॥ ७७ ॥ यसरी बेलुकीको संध्या गरिसकेपछि अग्निमा आहुति दिएर अनि नोकर-चाकर परिवारहरूलाई वरिपरि बसाएर गलगिद्द नहुने गरी खाना खानू र त्यसपछि यथास्थान वस्नू ॥ ७८ ॥ नखाए पनि बिहान बेंलुकाको वैश्वदेव र बलिकर्म हमेशै गर्नेपर्छ, यदि नगरे पानी होइन्छ ॥७९॥ बेलुकाको खाना खाइसकेपछि अनि चूल्हो-जूठोबाट चोखिएर हरेक गृहस्थी त्यसपछि तकियाले युक्त भएको कोमल बिछ्यौनामा सुत्न जाओस् ॥ ८० ॥ आफ्नू घरमा पूर्व सिरान गरेर सुत्नू, ससुरालीमा दक्षिण शिर गरेर सुत्नू र परदेशमा चाहिं पश्चिम तिर शिर गरी सुत्नू, कहिल्यै पनि उत्तरतिर सिरान गरी नसुत्नू ॥८१॥ खराब सपना नदेखिने गरी आनन्दसँग सुत्न चाहने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्कृत्याव्ययं विष्णुं समाधिस्थः स्वपेन्निशि ॥ ८२ ॥ अगस्त्यो माधवश्चैव मुचुकुन्दो महाबलः ॥
कपिलो मुनिरास्तीकः पञ्चैते सुखशायिनः ॥ ८३ ॥ माङ्गल्यं पूर्णकुम्भं च शिरःस्थाने निधाय च ॥
वैदिकैर्गारुडैर्मन्त्रैः रक्षां कृत्वा स्वपेत्ततः ॥८४॥ ऋतुकालाभिगामी स्यात् स्वदारनिरतः सदा ॥ पर्व
वर्जं व्रजेदेनां तद्व्रती रतिकाम्यया ॥ ८५ ॥ प्रदोषपश्चिमौ यामौ वेदाभ्यासेन यो नयेत् ॥ यामद्वयं
शयानस्तु ब्रह्मभूयाय कल्पते ॥ ८६ ॥ एतत्सर्वमशेषेण कृत्यजातं दिने दिने ॥ कर्तव्य गृहिभिः
सम्यग्गृहस्थाश्रमलक्षणम् ॥ ८७ ॥ अहिंसा सत्यवचनं सर्वभूतानुकम्पनम् ॥ शमो दानं यथाशक्ति

व्यक्ति सुखशायी देवताहरूलाई सम्झेर रात्रिसूक्त जप्नू र अविनाशी विष्णुलाई नमस्कार गरेर राति बेखबर भै मस्तसित सुत्नू ॥ ८२ ॥ अगस्त्य औ माधव र मुचुकुन्द महाबली, मुनि आस्तीक, कपिल यी पाँच सुखशायि हुन् ॥ ८३ ॥ मंगलका लागि पानीले भरिएको घडा सिराननेर राखेर वैदिक र गारुण मन्त्रहरूले रक्षा गरेर अनि सुत्नू ॥ ८४ ॥ सधैँ आफ्नी स्त्रीमा नै प्रेम गर्ने भएर ऋतुकालमा मात्रै संभोग गर्ने हुनू । त्यै कुरो व्रतीले रतिको इच्छाले पर्व (औंसी पूर्णे) छाडेर मात्रै स्त्रीभाठौं जानू ॥ ८५ ॥ प्रदोषपछिका दुइ याम [पहर] जो वेद पढेर बिताउँछ र बाँकी दुइ याम [पहर] मात्रै सुत्ने व्यक्ति ब्रह्मभूत [ब्रह्मिष्ठ] भनिन्छ ॥ ८६ ॥ यो सब गर्नुपर्ने कामहरू बाँकी नराखीकन दिन-दिनै गृहस्थीहरूले राम्ररी गर्नुपर्छ यो सब गृहस्थाश्रमको लक्षण हो ॥ ८७ ॥ हिंसा नगर्नु, साँचो बोल्नु सबै प्राणीमा दया गर्नु, शान्त रहनु, यथाशक्ति दान

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गार्हस्थ्यो धर्म उच्यते ॥ ८८ ॥ परदारेश्वसंसर्गो धर्मपत्नीपरिरक्षणम् ॥ अदत्तदानविरमो मधुमांस-विवर्जनम् ॥८९॥ एष पञ्चविधो धर्मो बहुशाखः सुखोदयः ॥ देहिभिर्देहपरमैः कर्तव्यो देहसम्भवः ॥ ९० ॥ श्रीनारायण उवाच–अशेषवेदोहितसच्चरित्रमेतद्गृहस्थाश्रमलक्षणं हि ॥ उक्तं समासेन च लक्षणेन तुभ्यं मुने लोकहिताय सम्यक् ॥ ९१ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे आह्निककथनं नाम एकोनत्रिंशोऽध्यायः ॥ २९ ॥

नै धर्म कहिन्छ ॥८८॥ यो सब गृहस्थीले गर्नु र अर्काकी स्त्रीहरूमा लसपस नगर्नु, आफ्नी धर्मपत्नीको रक्षा गर्नु, दान नदिएको वस्तु नलिनु, रक्सी र मासु त्याग्नु ॥ ८९ ॥ धेरै शाखासन्तान बढाउने, सुखको उदय गराउने यो पाँच प्रकारको धर्म देह नै सबकुछ हुने देही [प्राणी] हरूले देह [शरीर] ले हुन सकेसम्म गर्नुपर्छ ॥ ९० ॥ श्रीनारायणले भन्नुभयो—समस्त वेदले बताएको सच्चरित्र यो गृहस्थाश्रमको लक्षण हो। हे मुनि ! लोकको कल्याणका लागि संक्षेपले लक्षणसहित तिमीलाई मैले राम्रोसित भने ॥ ९१ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे आह्निककथनं नाम एकोनत्रिंशोऽध्यायः ॥ २९ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ त्रिंशोऽध्यायः

नारद उवाच–स्तुता पतिव्रता नारी त्वया पूर्वं तपोनिधे ॥ तल्लक्षणानि सर्वाणि समासेन वदस्व मे ॥ १ ॥ सूत उवाच–नोदितो नारदेनेत्थं पुरातनमुनिः स्वयम् ॥ पतिव्रतायाः सर्वाणि लक्षणान्याह भूसुराः ॥ २ ॥ श्रीनारायण उवाच–शृणु नारद वक्ष्यामि सतीनां व्रतमुत्तमम् ॥ कुरूपो वा कुवृत्तो वा सुस्वभावोऽथ वा पतिः ॥ ३ ॥ रोगान्वितः पिशाचो वा क्रोधनो वाऽथ मद्यपः ॥ वृद्धो वाऽप्यविदग्धो वा मूकोऽन्धो वधिरोऽपि वा ॥ ४ ॥ रौद्रो वाऽथ दरिद्रो वा कदर्यः कुत्सितोऽपि वा ॥ कातरः कितवो वाऽपि ललनालम्पटोऽपि वा ॥ ५ ॥ सततं देववत् पूज्यः साध्वी

नारदले भने—हे तपस्याका खानी मुनि ! तपाईंले पहिले पतिव्रता नारीको प्रशंसा गर्नुभएको थियो । अब तपाईं त्यस पतिव्रताका सम्पूर्ण लक्षणहरू संक्षेपले मलाई बताउनोस् ॥ १ ॥ सूतजीले भने—हे पृथ्वीका देवता ब्राह्मण हो ! नारदले यसरी प्रेरणा गरिएका प्राचीन मुनि खास नारायणले पतिव्रताका सबै लक्षणहरू कहनुभयो ॥ २ ॥ श्रीनारायणले भन्नुभयो—हे नारद ! सती पतिव्रताहरूको उत्तम नियम बताउँछु सुन—आफ्नू पति कुरूपहोस्, या खराब काम गर्नेहोस्, अथवा बेस स्वभावको होस्, ॥ ३ ॥ रोगीहोस्, चाहे पिशाच या क्रोधी अथवा रक्स्याहा, या बूढो अथवा मूर्ख स्याँठे, या लाटो, अन्धो, बहिरो ॥ ४ ॥ डरलाग्दो अथवा दरिद्री या कंजूस वा निन्दित या डरपोक अथवा ठग चाहे स्वास्नीमा लम्पटैहोस् ॥ ५ ॥ पतिव्रता स्त्रीले उसलाई हमेशा वचन, शरीर र कामले द्यौतैलाई झैं पुज्नुपर्छ । पतिव्रता स्त्रीले कुनै हालतमा

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाक्कायकर्मभिः ॥ न जातु विषमं भर्तुः स्त्रिया कार्यं कथञ्चन ॥ ६ ॥ बालया वा युवत्या वा वृद्धया वापि योषिता ॥ न स्वातन्त्र्येण कर्तव्य किञ्चित् कार्यं गृहेष्वपि ॥ ७ ॥ अहङ्कारं विहायाऽथ कामक्रोधौ च सर्वथा ॥ मनसो रञ्जनं पत्युः कार्यं नान्यस्य कुत्रचित् ॥ ८ ॥ सकामं वीक्षिताऽप्यन्यैः प्रियवाक्य प्रलोभिता ॥ स्पृष्टा वा जनसम्मर्दे न विकारमुपैति या ॥ ९ ॥ यावन्तो रोमकूपाः स्युः स्त्रीणां गात्रेषु निर्मिताः ॥ तावद्वर्षसहस्राणि नाकं ताः पर्युपासते ॥ १० ॥ पुरुषं सेवते नान्यं मनोवाक्कायकर्मभिः ॥ लोभिताऽपि परेणार्थैः सा सती लोकभूषणा ॥ ११ ॥ दौत्येनतो प्रार्थि वाऽपि

पनि कहिल्यै पनि लोग्नेको विपरीत हुने कठोर काम गर्नुहुँदैन ॥ ६ ॥ बालख होस् या तरुनी होस् अथवा बूढो नै भए पनि स्त्रीले घरमा पनि स्वतन्त्र भएर मनमानी कुनै काम गर्नु छैन ॥ ७॥ घमण्ड र काम क्रोधलाई त्यागेर सधैँ पतिको मनोरंजन हुने (मनलाई खुशी पार्ने) काम गर्नू, अरूको मनोरंजनका लागि कहीं कुनै काम नगर्नू ॥ ८ ॥ जो स्त्री अरूले कामुक भावले हेरिंदा, मीठा-मीठा कुराले लोभ्याइँदा, मानिसको हूलमा छुइँदा पनि विकारमा प्राप्त हुन्न अर्थात् खराब चाहना गर्दिन ॥ ९ ॥ त्यस्ता स्त्रीहरू स्त्रीका शरीरमा जति रोमकूप (रौं उम्रेका डोब) रचिएका छन् त्यति हजार वर्षसम्म स्वर्गमा रहन पाउँछन् ॥ १० ॥ जुन स्त्री अर्काले धनद्वारा लोभ्याइँदा पनि तन (शरीर), मन, वचन, कर्मले अरु पुरुषलाई सेवा गर्दिन अर्थात् अरूसँग फस्तिन, त्यो सती स्त्री संसारी स्त्रीको गहना हो ॥ ११ ॥ कुट्टिनीले फक्याइँदा पनि अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बलेन विधृताऽपि वा ।। वस्त्राद्यैर्वासिता वाऽपि नैवान्यं भजते सती ।। १२ ।। वीक्षिता वीक्षते नान्यै-
र्हासिता न हसत्यपि ।। भाषिता भाषते नैव सा साध्वी साधुलक्षणा ।। १३ ।। रूपयौवनसम्पन्ना
 गीते नृत्येऽतिकोविदा ।। स्वानुरूपं न दृष्ट्वा न याति विकृतिं सती ।। १४ ।। सुरूपं तरुणं रम्यं
 कामिनीनां च वल्लभम् ।। या नेच्छति परं कान्तं विज्ञेया सा महासती ।। १५ ।। देवो मनुष्यो
गन्धर्वो सतीनां नापरः प्रियः ।। अप्रियं नैव कर्त्तव्य पत्युः पत्या कदाचन ।। १६ ।। भुक्ते
भुक्ते यथा पत्यौ दुःखिते दुःखिता च या ।। मुदिते मुदिताऽत्यर्थं प्रोषिते मलिनाम्बरा ।। १७ ।।

जबर्जस्ती समातिंदा पनि या लुगाफाटा गरगहनाले झरभुट्ट पारिंदा पनि सती स्त्री अफूलाई भन्दैमज्दिन ।। १२ ।। जो स्त्री
अरूले हेरिदा हेर्दिन, अरूले हँसाउँदा हाँस्तिन, अरूले बोलाइँदा बोल्दिन त्यो असल स्वभाव भएकी पतिव्रता नारी
हो । १३ । रूप र जवानीले सम्पन्न, गीतमा नाचनमा अत्यन्त निपुण जो आफै जस्तो राम्रो, जवान, गाउन, नाच्न जान्ने
पुरुषलाई देख्ता पनि विकारमा प्राप्त हुन्न अर्थात् 'यससित सहवास गर्न पाए' यो भन्ने चाहना गर्दिन त्यो सती स्त्री
 हो ।।१४।। अत्यन्तै राम्रो, जवान, रहरलाग्दो, कामिनीहरूको मन लल्चाउने पनि अर्को पुरुषलाई जो स्त्री चाहन्न त्यो पत्नीले
महासती कहिन्छे ।। १५ ।। सतीहरूका लागि देवता, मनुष्य, गन्धर्व कोही होस् अर्को पुरुष प्रिय हुन्छ । यसकारण पत्नीले
पतिको कहिल्यै पनि अप्रिय कुरो गर्नु हुँदैन ।। १६ ।। जस्तै जो स्त्री पतिले खाएपछि मात्रै खान्छे, पति दुःखित हुँदा दुःखी
हुन्छे, पति खुशी हुँदा अत्यन्त खुशी हुन्छे, पति परदेश गएको बेला मैला लुगा लाएर निन्याउरी भएर रहन्छे ।। १७ ।। जो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुप्ते पत्यौ च या शेते पूर्वमेव प्रबुद्ध्यति ।। प्रविशेच्चैव या वह्नौ याते भर्त्तरि पञ्चताम् ।। १८ ।।
नान्यं काम्ययते चित्ते सा विज्ञेया पतिव्रता ।। भक्ति श्वसुरयोः कुर्यात् पत्युश्चापि विशेषतः ।। १९ ।। भा
पु. मा. धर्मकार्येऽनुकूलत्वमर्थकार्येऽपि सञ्चये ।। गृहोपस्करशंस्कारे सक्ता या प्रतिवासरम् ।। २० ।। क्षेत्रा- टी.
२७८ द्वनाद्वा ग्रामाद्वा भर्तारं गृहमागतम् ।। प्रत्युत्थायाभिनन्देत आसनेनोदकेन च ।। २१ ।। प्रसन्न- अ ३०
वदना नित्यं काले भोजनदायिनी ।। भुक्तवन्तं तु भर्तारं न वदेदप्रियं क्वचित् ।। २२ ।।
आसने भोजने दाने सम्माने प्रियभाषणे । दक्षया सर्वदा भाव्यं भार्यया गृहमुख्यया ।। २३ ।।

स्त्री पति सुतेपछि मात्रै सुत्छे र पतिभन्दा पहिल्यै ब्यूँझन्छे, जो पति मरेपछि उसको चिताको आगोमा पस्छे ।। १८ ।। जो स्त्री मनले पनि अरूलाई चाहँदैचाहन्न त्यही स्त्रीलाई पतिव्रता जान्नू। सती स्त्रीहरूले सासू-ससुरामा भक्ति र विशेष गरेर पतिको सेवाभक्ति गर्नैपर्छ । १९ ।। धर्मकार्यमा र धनसञ्चय गर्ने काममा अनुकूल रहने अर्थात् पतिको कार्यमा साथ दिने र दिनहूँ घरको सरसफाइमा लागिरहने जो स्त्री छ उ पतिव्रता कहिन्छे ।। २० ।। खेतबाट अथवा वनबाट या गाउँबाट घरमा आएका पतिलाई तुरुन्तै जुरुक्क उठेर आसनले र जलले स्वागत गर्नु पर्छ ।। २१ ।। सधैं प्रसन्न मुखले रहनुपर्छ, ठीक समयमा पतिलाई खान दिनुपर्छ र खानलागेको पतिलाई कहिल्यै अप्रिय कुरो 'यस्तो छैन, जस्तो छैन' भन्नु हुन्न ।। २२ ।। यस प्रकार घरकी मुख्य स्त्रीले सधैंभरि बसाउन, खुवाउन, दिन, सम्मान गर्न प्रिय बोलनमा ठाठो हुनुपर्छ ।।२३। घरको खर्च चलाउनका २७८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहव्ययनिमित्तं च यद्द्रव्यं प्रभुणाऽर्पितम् ।। निर्वृत्य गृहकार्यं सा किञ्चिद्बुद्ध्याऽवशेषयेत् ।।२४।। त्यागार्थमर्पिते द्रव्ये लोभात् किञ्चित् न धारयेत् ।। भर्तुराज्ञां विना नैव स्वबन्धुभ्यो दिशेद्धनम् ।। २५ ।। अन्यालापमसन्तोषं परव्यापारसंकथाः ।। अतिहासातिरोषं च क्रोधं च परिवर्जयेत् ।। २६ । यच्च भर्ता न पिबति यच्च भर्ता न खादति ।। यच्च भर्ता न चाश्नाति सर्वं तद्वर्जयेत् सती ।। २७ ।। तैलाभ्यङ्गं तथा स्नानं शरीरोद्वर्तनक्रियाम् ।। मार्जनं चैव दन्तानां कुर्यात् पतिमुदे सती ।। २८ ।। त्रेताप्रभृति नारीणां मासिमास्यार्त्तवं मुने ।। तदा दिनत्रयं त्यक्त्वा शुद्धा स्याद्गृहकर्मणि

लागि जो रुपियाँ पैसा पतिले या घरको मालिकले दिएको छ बुद्धिपूर्वक घरको कार्य सकेर ऊ क्यै रुपियाँ बाँकी राख्ने गरोस् अर्थात् बचाउने गरोस् ।।२४।। दानका लागि दिएको धनबाट चाहिं लोभले रञ्च पनि बचाएर नराखोस् । पतिको आज्ञा बिना आफ्ना बन्धुबान्धव इष्टमित्रलाई धन दिंदै नदेओस् ।। २५ ।। अर्काको कुरा गर्न, असन्तोष गर्न, अर्काका कामधन्धको चर्चा गर्न, खित्का छोडेर हाँस्न, ज्यादा रिसाउन र क्रोध गर्न पतिव्रताले छोडदिनुपर्छ ।। २६ ।। जो पेय चीज पति पिउँदैन, जो खाद्य चीज पति खाँदैन र जो भोज्य वस्तु पति भोजन गर्दैन ती सबै वस्तु सती स्त्रीले त्यागिदिनुपर्छ ।। २७ ।। जीउमा तेल दल्नु, न्हाहुनु, शरीरमा बुकुवा आदि लाउने कामगर्नु, दाँत माँझ्नु इत्यादि काम सतीले पतिको खुशीका लागि मात्रै गरोस् ।। २८ ।। हे मुनि ! पहिलो बाह वर्षे युग वितेर दोस्रो त्रेता युग लागेपछि प्रजननकाल भरि नारीहरूको महीना-महीनामा तीन दिन रगत बग्ने हुन्छ । त्यस बेला ती तीन दिन छाडेर घरको काम धन्धाका लागि नारी शुद्ध मानिन्छे ।। २९ ।। रगत बगेको

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

||२९|| प्रथमेऽहनिचण्डाली द्वितीये ब्रह्मघातिनी ।। तृतीये रजकी प्रोक्ता चतुर्थेऽहनि शुद्ध्यति
||३०|| स्नानं शौचं तथा गानं रोदनं हसनं तथा ।। यानमभ्यञ्जनं नारी द्यूतचैवानुलेपनम्
।। ३१ ।। दिवा स्वापं विशेषेण तथा वै दन्तधावनम् ।। मैथुनं मानसं वापि वाचकं देवतार्चनम्
।। ३२ ।। वर्जयेच्च नमस्कारं देवतानां रजस्वला ।। रजस्वलायाः संस्पर्शं सम्भाषां च तया सह ।।३३।।
त्रिरात्रं स्वमुखं नैव दर्शयेच्च रजस्वला ।। स्ववाक्यं श्रावयेनैव यावत्स्नाता न शुद्धितः ।। ३४ ।।
स्नात्वाऽन्यं पुरुषं नारी न पश्येच्च रजस्वला ।। स ईक्षेत् भास्करं देवं ब्रह्मकूर्चं ततः पिबेत् ।। ३५ ।।

पहिलो दिनमा चाण्डाली, दोस्रो दिनमा ब्रह्मघातिनी अनि तेस्रो दिनमा रजकी (धोबिनी) समान कहिन्छे र चौथो दिनमा शुद्ध हुन्छे ।। ३० ।। रजस्वला नारीले त्यस कालमा न्वाहुनु, गाउनु, रुनु, हाँस्नु, सवारी गाडीमा चढ्नु, गाजल लाउनु, जूवा तास खेल्नु, चन्दन आदि शृङ्गारका वस्तु पोत्नु, विशेष गरेर दिउँसो सुत्नु त्यस्तै दाँत माज्नु, मनले या कुराले पनि मैथुन गर्नु, द्यौ-द्यौताको पूजा गर्नु र देवताहरूलाई दर्शन नमस्कार गर्नु तथा अर्की रजस्वाला भएकीलाई छुनु अनि उसका साथ बातचीत गर्नु वर्जित छ अर्थात् यति काम त्यागोस् ।। ३१-३२ ।। रजस्वला स्त्रीले तीन रात नबितुन्जेलसम्म आफ्नू मुख परपुरुषलाई नदेखोस् र उसको कुरो पनि सुन्न नपाओस् ।।३४।। रजस्वला नारीले चौथा दिन न्वाहेर अरू पुरुषलाई नहेरोस्, सबभन्दा पहिले भगवान् सूर्यलाई हेरोस् र त्यसपछि ब्रह्मकूर्च (पञ्चगव्य) पिओस् ।। ३५ ।। आत्मशुद्धिका मागि पञ्चगव्य या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केवलं पञ्चगव्यं च क्षीरं वाऽऽत्मविशुद्धये ।। तथोपदेश नियता वर्तयेत वराङ्गना ।। ३६ ।। गर्भिणी चेद्भवेन्नारी तदा नियम तत्परा ।। अलङ्कृता सुप्रयता भर्तुः प्रियहिते रता ।। ३७ ।। तिष्ठेत् प्रसन्न वदना स्वधर्मनिरता शुचिः ।। कृतरक्षा सुभूषा च वास्तुपूजनतत्परा ।। ३८ ।। कुस्त्रोभिर्नाभिभाषेत शूर्पवातं च वर्जयेत् ।। मृतवत्सादिसंसर्गं परपाकं च सुन्दरी ।। ३६ ।। न वीभत्सं किञ्चिदीक्षेन्न रौद्रं शृणुयात् कथाम् ।। गुरु वात्युष्णमाहारमजीर्णं न समाचरेत् ।। ४० ।। अनेन विधिना साध्वी शोभनं पुत्रमाप्नुयात् ।। अन्यथा गर्भपतनं स्तम्भनं वा प्रपद्यते ।। ४१ ।। हीनां निजगुणैरन्यां सपत्नी नैव

केवल दूध मात्रै भए पनि पिए हुन्छ । श्रेष्ठ स्त्री बताएबमोजिमको नियमले रहोस् ।।३६।। यदि नारी गर्भिणी भए तब नियम पालनमा तत्पर रहोस्, ठाँटिएर रहोस्, सबैको प्रिय हुने होस्, पतिको प्रिय र हित हुने काममा रमाइरहोस् ।। ३७ ।। प्रसन्न मुख लाएर, आफ्नू धर्ममा लागिपरे, सफा सुग्घर भएर, गहना गुरिया पैहेर, बास्तुप्रजामा तत्पर रहे सुरक्षापूर्वक रहोस् ।।३८।। गर्भवती सुन्दरीले खराबलतका स्त्रीसँग बोल्ने नगरोस्, नांग्लोले हम्किएको हावा, बालख मरेका स्त्रीहरूको संसर्ग, अर्काका घरको खाना त्यागि देओस् ।। ३९ ।। कुनै डरलाग्दो चीज नहेरोस्, भयङ्कर कथा नसुनोस् गरिष्ट अनि ज्यादै तातो खाना नखाओस् र अजीर्ण नहुने गरी मात्रै खाओस् ।। ४० ।। यस्ता किसिमले रहे सुशील नारीले राम्रो छोरो पाउँछे नत्र गर्भपतन (तुहाइ) अथवा गर्भै नरहने हुन जान्छ ।।४१।। ईर्ष्या र द्वेषले उब्जेको डाह रहिरहेको भए पनि आफ्नू गुणले हीन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्हयेत् ।। ईर्ष्यारागसमुद्भूते विद्यमानेऽपि मत्सरे ।। ४२ ।। अप्रियं नैव कर्तव्यं सपत्नीभिः परस्प-
रम् ।। न गायेदन्यनामानि न कुर्यादन्यवर्णनम् ।। ४३ ।। न वसेद्दूरतः पत्युः स्थेयं वल्लभसन्निधौ ।। भा.
पु.मा. निर्दिष्टे च महोभागे वल्लभाभिमुखा वसेत् ।। ४४ ।। नावलोक्या दिशः स्वैरं नावलोक्य परोजनः ।। टी.
२८२ बिलासैरवलोक्यं स्यात् पत्युराननपङ्कजम् ।। ४५ ।। कथ्यमाना कथा भर्त्रा श्रोतव्या सादरं स्त्रिया ।। अ.३०
पत्युः सम्भाषणस्याग्रे नान्यत सम्भाषयेत् स्वयम् ।। ४६ ।। आहूता सत्वरं गच्छेदतिस्थानं रतो-
त्सुका ।। पत्यौ गायति सोत्साहं श्रोतव्यं हृष्टचेतसा ।। ४७ ।। गायन्तं च पतिं दृष्ट्वा भवेदानन्दनि-

भएकी डाहीले अर्की सौतालाई गाली गर्दै नगर्नू ।। ४२ ।। सौताहरूले परस्परामा नजाती काम कहिल्यै नगर्नू । अर्काको नाम नगाउनू अर्काको बखान पनि नगर्नू ।। ४३ ।। पतिको टाढा नबस्नू, पतिकै नजीचमा रहनु, पतिले तोकेको ठाउँ भूइँमा पति-तिरै मुख फर्काएर बस्नू ।। ४४ ।। छाडा भएर बाहिर फेर दिशाहरूमा पलयाक पुलुक हेरि नरहनू र अर्को पुरुषलाई पनि नहेर्नू केवल पतिको मुखरूपी कमललाई नै हावभाव कटाक्षले विलासपूर्वक हेर्नें ।। ४५ ।। पतिले भन्न लागिएको कथा स्त्रीले आदरपूर्वक सुन्नू । पतिको भाषणको सामु अर्थात् पतिले बोलिरहेका बेलामा आफूले अरू कुरो नभन्नू या अरूसँग कुरा नगर्नु ।। ४६ ।। रतिमा उत्सुक स्त्री पतिले बोलाउनेबित्तिकै तुरुन्तै रतिस्थानमा जाओस् । पतिले मस्तसित गाएको बेलामा प्रसन्न चित्तले, सुन्ने गर्नू ।। ४७ ।। गाउन लागेको पतिलाई देखेर आनन्दले मस्त हुनू । सहि नसक्नू मनले आकुल व्याकुल २८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृंता भर्तुः समीपे न स्थेयं सोद्वेगं व्यग्रचित्तया ॥ ४८ ॥ कलहो न विधातव्यः कलियोगे प्रिये स्त्रिया ॥ भर्त्सिता निन्दिताऽत्यर्थं ताडिताऽपि पतिव्रता ॥ ४९ ॥ व्यथिताऽपि भयं त्यक्त्वा कण्ठे गृहीत वल्लभम् ॥ उच्चैर्न रोदनं कुर्यान्नैवाक्रोशेच्च तं प्रति ॥ ५० ॥ पलायनं न कर्त्तव्यं निजगेहाद्बहिः स्त्रिया ॥ उत्सवादिषु बन्धूनां सदनं यदि गच्छति ॥ ५१ ॥ लब्ध्वाऽनुज्ञां तदा पत्युर्गच्छेदध्यक्षरक्षिता ॥ न वसेत् सुचिरं तत्र प्रत्यागच्छेद्गृहं सती ॥ ५२ ॥ प्रस्थानाभिमुखे पत्यौ नामन्मङ्गलभाषिणी ॥ न वार्योऽसौ निषेधोक्त्या न कार्यं रोदनं तदा ॥ ५३ ॥ अकृत्वोद्वर्त्तनं नित्यं पत्यौ

भएर पतिको नगोचै नरहनू ॥ ४८ ॥ बाइनलायकको भए पनि स्त्रीले कलह मच्चाउनु हुँदैन । गाली गरे पनि निन्दा गरे पनि वेसरी पिटे पनि पतिव्रता स्त्रीले ॥ ४९ ॥ जतिसुकै दुःखित हुनुपरे पनि डर नमानीकन पतिलाई अङ्गालो हाल्नू । डाँको छोडेर नरुनू पतिप्रति वाक्त्राण नहान्नू ॥ ५० ॥ स्त्रीले आफ्नू घरबाट भाग्ने काम नगर्नू । उत्सवहरूमा वन्धुहरूको घरमा यदि जानु छ भने ॥५१॥ तब पतिको अनुमति पाएपछि मात्र गार्जियनद्वारा रक्षित भएर मात्रै जानू । सती स्त्रीले धेरै वेरसम्म त्यहाँ नबस्नू र घर फर्किहाल्नु ॥ ५२ ॥ पति परदेश जाने प्रस्थानका लागि तयार भएको बेलामा असत् अर्थात् अमङ्गल बोल्ने नहुनू । निषेध गर्ने कुराले अर्थात् 'नजाओस् वेकार गैरहनुभएको छ' भनेर पतिलाई नरोक्नु र त्यस बेला रुने काम पनि नगर्नू ॥ ५३ ॥ पति परदेश गएको बेलामा स्त्रीले बुकुवा नलाईकन सधैं रहनु र जीवनको रक्षाका लागि मात्रै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशान्तरे गते ॥ वधूर्जीवनरक्षार्थं कर्म कुर्यादनिन्दितम् ॥ ५४ ॥ श्वश्रू श्वशुरयोः पार्श्वे निद्रा कार्या न चान्यतः ॥ प्रत्यहं पतिवार्ता च तयाऽन्वेष्या प्रयत्नतः ॥ ५५ ॥ दूताः प्रस्थापनीयाश्च पत्युः क्षेमोपलब्धये ॥ देवतानां प्रसिद्धानां कर्त्तव्यमुपयाचनम् ॥ ५६ ॥ एवमादि विधातव्यं सत्या प्रोषितकान्तया ॥ अप्रक्षालनमङ्गानां मलिनाम्बरधारणम् ॥ ५७ ॥ तिलकाञ्जनहीनत्वं गन्धमालविसर्जनम् ॥ नखरोम्णामसंस्कारो दशनानाममार्जनम् ॥ ५८ ॥ उच्चैर्हासः परैर्नर्म परचेष्टाविचिन्तनम् ॥ स्वेच्छापर्यटनं चैव परपुंसाङ्गमर्दनम् ॥ ५९ ॥ अटनं चैकवस्त्रेण निर्लज्जत्वं यथागतिः ॥ इत्यादि

कसैले निन्दा नगरिने कर्म गरेर रहनू ॥ ५४ ॥ सासू-ससुराकै नजीकमा सुत्ने गर्नू, अन्त नसुत्नू। सती स्त्रीले यत्नपूर्वक दिनहु पतिको समाचार पत्ता लाइरहनु ॥ ५५ ॥ पतिको कल्याण समाचार पाउनका लागि खबर ल्याउने मान्छे पठाउने गर्नू र प्रसिद्ध देवताहरूका लागि मनौती भाकल गर्नू ॥ ५६ ॥ पति परदेश गएकी सती स्त्रीले यस प्रकार यी कुरा गर्नू— अङ्गप्रत्यङ्गहरू बेसरी नधुनू, मैला लुगा लाएर बस्नू ॥ ५७ ॥ टीका र गाजल नलाउनू, बास्ना आउने पदार्थ र माला आदि त्यागिदिनू। नङ र रौंहरू संस्कार नगर्नु, दाँतमा मंजन नलाउनू ॥ ५८ ॥ खित्का छाडेर हाँस्ने, अरूका साथ ठट्टा मस्करी गर्ने, अर्काको चियोचर्चामा मन दिने, छाडा भएर डुल्ने, पर पुरुषको आँग मल्ने ॥ ५९ ॥ उत्ताउली भएर जता मन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोषाः कथिता योषितां नित्यदुःखदा ॥ ६० ॥ निर्वृत्य गृहकार्याणि हरिद्रालेपनैस्तनुम् ॥ प्रक्षाल्य शुचितोयेन कुर्यान्मण्डनमुज्ज्वलम् ॥ ६१ ॥ समीपं प्रेमयै गच्छेद्धिकसन्मुखपङ्कजा ॥ अनेन नारी-

 वृत्तेन मनोवाग्देशसंयुता ॥ ६२ ॥ आहृता गृहकार्याणि त्यक्त्वा गच्छेच्च सत्वरम् ॥ किमर्थं व्यहृता

स्वामिन् स प्रसादो विधीयताम् ॥ ६३ ॥ मा चिरं तिष्ठतां द्वारि न द्वारमुपसेवयेत् ॥ स्वामिना

दापितं किञ्चित्कस्मैचिन्न ददात्यपि ॥ ६४ ॥ सेवयेद्भर्तुरुच्छिष्टमिष्टमन्नफलादिकम् ॥ महाप्रसाद इत्युक्त्वा मोदमाना निरन्तरम् ॥ ६५ ॥ सुखसुप्तं सुखासीनं रममाणं यदृच्छया ॥ आतुरेष्वपि

लाग्यो उतै यौटै लुगा लाएर घुम्ने इत्यादि अवगुण स्त्रीहरूका लागि सधैं दुःख दिने कहिएका छन् ॥ ६० ॥ अघिपछि घरका कामहरू निप्टयाएपछि शरीरमा बेसार दलेर सफा पानीले पखाली चहकिलो शृङ्गार गर्नू ॥६१। यस्ता नारीका कार्यले सम्पन्न स्त्री तन-मन-वचनले सहित चहकिलो मुखकमलकी भएर पतिका पास जाओस् ॥ ६२ ॥ काम गर्दागर्दै पतिले बोलाए भने घरका काम च्वाट्ट छोडेर झट्टै पतिभाठों जानू र हे स्वामी ! के कामले बोलाई बक्सियो ? त्यो कृपा होस् भन्नू ॥ ६३ ॥ कहिल्यै पनि ढोकामा धेरै बेर नरहनू, अथवा सँघारमा रहँदै नरहनू । स्वामीले दिएको कुनै चीज कसैलाई नदेओस् पनि ॥६४॥ लोग्नेको पूरा मिठाई अन्न फल आदिलाई महाप्रसाद हो भनेर अर्थात् महाप्रसाद ठानेर सधैं खुसी मनले खानू ॥ ६५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्येषु पतिं नोत्थापयेत् क्वचित् ॥ ६६ ॥ नैकाकिनी क्वचिद्गच्छेन्न नग्ना स्नानमाचरेत् ॥
भर्तुर्विद्वेषिणीं नारीं साध्वी नो भावयेत् क्वचित् ॥ ६७ ॥ नोलूखले न मुसले न वार्धिन्यां दृषद्यपि ॥
न यन्त्रकेऽपि देहल्यां सती चापविशेत्क्वचित् ॥ ६८ ॥ तीर्थस्नानार्थिनी नारी पतिपादोदकं पिबेत् ॥
शङ्करादपि विष्णोर्वा पतिरेवाधिकः स्त्रियाः ॥ ६९ ॥ व्रतोपवासनियमं पतिमुल्लङ्घ्य
याऽऽचरे ॥ आयुष्यं हरते भर्तुर्मृता नरकमृच्छति ॥ ७० ॥ उक्ता प्रत्युत्तरं दद्यान्नारी क्रोधेन
तत्परा ॥ सरमा जायते ग्रामे शृगालो निर्जनेवने ॥ ७१ ॥ स्त्रीणां हि परमश्चैको नियमः

मस्तसँग सुतेको आनन्दसित बसेको, इच्छा अनुसार रमाइरहेको पतिलाई काम पित्नै लागेमा पनि कहिल्यै नउठाउनू ॥ ६६ ॥
एकलै कहीं नजानू, नाङ्गै नन्वाहुनू, पतिसित रगडा-झगडा गर्ने नारीलाई पनि कहिल्यै पतिव्रता भनिन्न ॥ ६७ ॥ पतिव्रता
कहिल्यै पनि ओखलमा नबसोस्, मुसलमा नबसोस्, कुचोमा अनि जाँतोमा पनि नबसोस् र कुनै कोल आदि यन्त्रमा तथा
सँगारमा पनि नबसोस् ॥ ६८ ॥ तीर्थमा स्नान गर्न चाहने नारीले पतिको चरणोदक पिउनू, स्त्रीहरूका लागि शंकरभन्दा
अथवा विष्णुभन्दा पनि पति नै अधिक श्रेष्ठ मानिन्छन् ॥ ६९ ॥ जो स्त्री पतिका वचनलाई नाघेर व्रत उपवास आदि नियम
गर्दछे, त्यो स्त्री पतिको आयु हर्छे र मरेपछि पनि नरकमा जान्छे ॥ ७० ॥ क्यै भन्यो भने क्रोधले जंगिएर जो नारी पतिलाई
प्रतिकूल उत्तर दिन्छे त्यो अर्को जन्ममा गाउँमा कुकुर्नी हुन्छे र अनि निर्जन बनमा श्यालिनी हुन्छे ॥ ७१ ॥ स्त्रीहरूका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समुदाहृतः ॥ अभ्यर्च्य भर्तृश्चरणौ भोक्तव्यं च सदा स्त्रिया ॥ ७२ ॥ या भर्तारं परित्यज्य
निष्टमश्नाति केवलम् ॥ उलूकी जायते क्रूरा वृक्षोकोटरशायिनी ॥ ७३ ॥ या भर्तारं समुत्सृज्य
 रहश्चरति केवलम् ॥ ग्रामे वा शूकरी भूमाद्वल्गुली वाश्वविड्भुजा ॥ ७४ ॥ या हुँकृत्याप्रियं ब्रूते सा
 मूका जायते खलु ॥ या सपत्नीं सदेर्ष्येत दुर्भगा साऽन्यजन्मनि ॥ ७५ ॥ दृष्टिं विलुप्य भर्तुर्या
कश्चिदन्यं समीक्षते ॥ काणा वा विमुखी पापि कुरूपा चैव जायते ॥ ७६ ॥ बाह्यादागतमालोक्य
त्वरिता च जलासनैः ॥ ताम्बूलैर्व्यजनैश्चैव पाद संवाहनादिभिः ॥ ७७ ॥ अतिप्रियतरैर्वाक्यैर्भर्त्ता

यौटा अति श्रेष्ठ नियम बताइको छ । स्त्रीले सधैं पतिको चरणको पूजा गरेर मात्रै खानुपर्छ ॥ ७२ ॥ जो नारी पतिलाई छोडेर केवल आफू मात्रै मीठो खान्छे त्यो अर्को जन्ममा रूखको टोड्कोमा सुत्ने क्रूर लाटोकोसेरी हुन्छे ॥ ७३ ॥ नारी पतिलाई छोडेर एकान्तमा केवल आफू मात्र घुम्छे त्यो अर्को जन्ममा गाउँमा सुँगुर्नी हुनेछ, अथवा आफ्नै विष्ठा खाने गोपोरी हुन्छे ॥ ७४ ॥ जो नारी 'हुँ' गरेर अप्रिय कुरो भन्दछे, त्यो निश्चय नै लाटी भएर जन्मन्छे, जो नारी सौतालाई सधैं डाह गर्छे, त्यो अर्को जन्ममा अवश्यै विधवा हुनेछ ॥ ७५ ॥ जो नारी पतिको आँखा छलेर अरू कसैलाई हेर्दछे, त्यो अर्को जन्ममा
कानी, अथवा मुख बाँगिएकी या कुरूप हुनेछ ॥७६॥ पतिलाई बाहिरबाट आएको देख्नेबित्तिकै हत्तपत्त जल आसन-पान-पंखा गोडा धुनु, मिच्नु आदि कर्मले र ॥ ७७ ॥ अत्यन्तै प्रिय बचनहरूले जो नारी पतिको सेवा गर्दछे, त्यस नारीलाई विद्वानहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या च सुसेवते ।। पतिव्रताशिरोरत्नं सा नारी कथिता बुधैः ।। ७८ भर्त्ता देवो गुरुर्भर्ता धर्मतीर्थव्रतानि च ।। तस्मात्सर्वं परित्यज्य पतिमेकं समर्चयेत् ।। ७९ ।। जीवहीनो तथा देहः क्षणादशुचितां व्रजेत् ।। भर्तृहीना तथा योषित् सुस्नाताऽप्यशुचिः सदा ।। ८० ।। अमङ्गलेभ्यः सर्वेभ्यो विधवा ह्यत्यमङ्गला ।। विधवादर्शनात्सिद्धिर्जातु क्वापि न जायते ।।८१।। विहाय मातरं चैकामाशीर्वादप्रदायिनीम् ।। अन्याशिषमपि प्राज्ञा त्यजेदाशीर्विषोपमम् ।। ८२ ।। कन्यां विवाहसमये वाचयेयु रति द्विजाः ।। भर्तु सहचरीस्यां हि जीवतोऽजीवतोऽपि वा ।। ८३ ।। तस्माद्भर्ताऽनुयातव्यो देहवच्छाय

पतिव्रताका शिरको भूषण भनेका छन् ।। ७८ ।। नारीकालागि पति नै देवता हुन्, पति नै गुरू हुन् र धर्म-तीर्थ-व्रत पनि पति नै हुन् । त्यसकारण सबै त्यागेर केवल पतिलाई नै पूजोस् ।। ७९ ।। जस्तै जीवले हीन भएको शरीर एकैछिनमा अपवित्र हुन्छ, त्यस्तै पतिले हीन नारी न्वाहेधुवाए पनि सधैं अपवित्र रहन्छे ।। ८० ।। समस्त अमङ्गल वस्तुभन्दा पनि विधवा अति अमङ्गल हुन्छे । विधवालाई देखनाले अथवा विधवाले हेरे कहिल्यै पनि कहीं पनि शुभकार्यको सिद्धि हुँदैन अर्थात् त्यो कार्य फलिफापको हुँदै हुन्न ।। ८१ ।। आशीर्वाद दिने आमा यौटी छाडेर अरू विधवाहरूको आशिष पनि सर्पको विष समान ठानी बुद्धिमती स्त्रीले त्यागिदेओस् ।। ८२ ।। विवाहको वेलामा बाहुनहरूले कन्यालाई 'बाँचेका या मरेका पनि पतिको निश्चय नै म साथी हूँ' भन्ने पढाएका हुन्छन् ।। ८३ ।। त्यसकारण; आफ्नू छायाले शरीरलाई झैं स्त्रीले पतिको पछि-पछि लागिरहनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वया ।। एवं सत्या सदा स्थेयं भक्त्या पत्यनुकूलया ।। ८४ ।। व्यालग्राही यथा व्यालं विलादुद्धरते
बलात् ।। एवमुत्क्रम्य दूतेभ्यः पतिं स्वर्गं नयेत्सती ।। ८५ ।। यमदूताः पलायन्ते सतीमालोक्य
 दूरतः ।। अपि दुष्कृतकर्माणमुत्सृज्य पतितं पतिम् ।। ८६ ।। यावत्स्वलोमसंख्याऽस्ति तावत्कोट्ययु-
 तानि च ।। भर्त्रा स्वर्गसुखं भुङ्क्ते रममाणा पतिव्रता ।। ८७ ।। शीलभङ्गेन दुर्वृत्ताः पातयन्ति
कुलद्वयम् ।। पितुः कुलं तथा पत्युरिहामुत्र च दुःखिताः ।। ८८ ।। अनुयाति न भर्तारं यदि दैवात्क-
थञ्चन ।। तत्रापि शील संरक्ष्यं शीलभङ्गात्पतत्यधः ।। ८९ ।। तद्वैगुण्यात्पिता स्वर्गात्पतिः पतति

सर्प समात्नेवाला जसरी सर्पलाई जबर्जस्ती प्वालबाट बाहिर निकाल्छ, त्यसै गरो सती स्त्रीले यमराजका दूतहरूबाट खोसेर पतिलाई स्वर्ग लान्छे ।। ८५ ।। यमराजका दूतहरू टाढैबाट सतोलाई देख्नेबित्तिकै पाप कर्म गर्ने पतित पनि सतीको पतिलाई च्याङ्ला छाडेर भाग्दछन् ।। ८६ ।। आफ्नू शरीरमा जति रौंको संख्या छ त्यति दस हजार करोड वर्ष (खर्ववर्ष) सम्म पतिव्रता स्त्री पतिका साथ रमण गर्दै स्वर्गको सुख भोग्दछे ।। ८७ ।। आफ्नू शील भङ्ग गरेर खराब चरित्र गर्ने स्त्रीहरू बाबुको कुल र
 पतिको कुल दुवै कुललाई नरकमा लैजान्छन् र यस लोकमा अनि परलोकमा पनि दुःखित हुन्छन् ।। ८८ ।। यदि दैवसंयोगले क्यै
गरी सती भएर पतिको पछि जान पाइएन, तापनि शीलको राम्ररी रक्षा गर्नु, किनकि शील भङ्ग गऱ्यो भने तल (नरकमा) झरिन्छ ।। ८९ ।। त्यस स्त्रीको दोषले गर्दा उसका पिता र पति स्वर्गबाट झर्छन् र नरकमा ठुसिन्छन्, यसमा क्यै शंका छैन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नान्यथा ॥ विधवाकबरीबन्धो भर्तुर्बन्धाय जायते ॥ ९० ॥ शिरसो वपनं कार्यं तस्माद्विधवया सदा ॥ एकाहारः सदा कार्यो न द्वितीयः कदाचन ॥ ९१ ॥ पर्यङ्कशायिनी नारी विधवा पातयेत् पतिम् ॥ तस्माद् भूशयनं कार्यं पतिसौख्यसमीहया ॥९२॥ नैवाङ्गोद्वर्तनं कार्यं न ताम्बूलस्य भक्षणम् ॥ गन्धद्रव्यस्य सम्भोगो नैव कार्यस्तथा क्वचित् ॥ ९३ ॥ तर्पणं प्रत्यहं कार्यं भर्तुः कुशतिलोदकैः ॥ तत्पितुस्तत्पितुश्चापि नामगोत्रादिपूर्वकम् ॥ ९४ ॥ श्वेतवस्त्रं सदा धार्यं नान्यथा रौरवं व्रजेत् ॥ इत्येवं नियमैर्युक्ता विधवापि पतिव्रता ॥ ९५ ॥ श्रीनारायण उवाच—नैतादृशं दैवतमस्ति

विधवाले चुल्ठो बाट्नु मृत पतिको बन्धनकालि हुन्छ ॥ ९० ॥ त्यसकारण विधवाले सधैं टाउको खौराउने गर्नू । सधैं एकै छाक खाने गर्नू उसैदिन दोस्रो छाक कहिल्यै नखानू ॥९१॥ खाट या पलंगमा सुत्ने विधवा नारीले मृतपतिलाई तल झार्छे । त्यसकारण, पतिलाई सुख होस् भन्ने इच्छाले भूईंमा नै सुत्ने गर्नू ॥ ९२ ॥ विधवाले कहीं कहिल्यै पनि न शरीरमा बुकुवा लाउने काम गर्नु हुन्छ, न पान खानुहुन्छ, आफ्नू शरीरमा सुगन्धित वस्तुको प्रयोग त एकदमै गर्नु हुन्न ॥ ९३ ॥ पतिका लागि अनि पतिका पिता [ससुरा] र उनका पनि पिता [बूढा ससुरा] का लागि उनको नाम गोत्र आदि उच्चारणपूर्वक, कुश तिल, जलले रोजै तर्पण दिनु ॥ ९४ ॥ विधवाले सधैं सेतो लुगा नै लाउनुपर्छ, नत्र रौरव नरकमा जान्छे । यी यस्ता नियमहरूले युक्त विधवा पनि पतिव्रता नै हो ॥ ९५ ॥ श्रीनारायणले भन्नुभयो—अधिष्ठातृ देवतासहितका सबै लोकहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किञ्चित्सर्वेषु लोकेषु सदैवतेषु ॥ यदा पतिं तुष्यति सर्वकामाँल्लभ्यात् प्रकामं कुपितश्च हन्यात
॥ ९६ ॥ तस्मादपत्यं विविधाय भोगः शय्यासनान्यद्भुतः भोजनानि ॥ वस्त्राणि माल्यानि तथैव
गन्धाः स्वर्गे च लोके विविधा च कीर्तिः ॥ ९७ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे पतिव्रताधर्मनिरूपणं नाम त्रिंशोऽध्यायः ॥ ३० ॥

यस्तो (पतिजस्तो) देवता नारीका लागि छैन । जब पतिदेवता हुन्छन्, तब नारी समस्त मनोरथ प्राप्त गर्दछे। यदि पतिदेवता एक्कदम रिसाए भने सबै मनोरथ नाशिन्छन् ॥ ९६ ॥ उस पतिबाट सन्तान, नाना प्रकारका भोग, शय्या, आसन र आश्चर्यलाग्दा भोजनहरू, वस्त्रहरू, माला हारहरू त्यस्तै सुगन्धित वस्तुहरू अनि स्वर्ग लोकमा पनि रकम-रमकका यश मिल्छन् ॥ ९७ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे पतिव्रताधर्मनिरूपणं नाम त्रिंशोऽध्यायः ॥ ३० ॥

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ एकत्रिंशोऽध्यायः

सूत उवाच–इत्थं पतिव्रताधर्ममाकर्ण्य नारदो मुनिः ॥ यत्किञ्चित्प्रष्टुना विप्रा ! मुनिमाह
 पुरातनम् ॥ १ ॥ नारद उवाच–सर्वदानाधिकं कांस्यसम्पुटं परिकीर्तितम् ॥ एतत्कारणमव्यक्तं वद
मे बदरीपते ॥ २ ॥ श्रीनारायण उवाच–एकदैतद्व्रतं ब्रह्मन्नचीकरदुमा पुरा ॥ तदापृच्छमहादेवं
किं देयं दानमुत्तमम् ॥ ३ ॥ येन सम्पूर्णतां याति व्रतं मे पौरुषोत्तमम् ॥ तन्मे वद दयासिन्धो
सर्वेषां हितहेतवे ॥ ४ ॥ तच्छ्रुत्वा मनसि ध्यात्वा ध्यायन् श्रीपुरुषोत्तमम् ॥ उमामजीगदच्छम्भुः सर्वलोकहितैषिणीम् ॥ ५ ॥ श्रीमहादेव उवाच–न शक्यं किञ्चिदेवास्ति दानं श्रीपुरु-

सूतजीले भन्नुभयो–हे ब्राह्मण हो ! पतिव्रताको यस किसिमको धर्म सुनेपछि फेरि क्यै सोध्ने मन भएका नारद मुनिले पुरातन मुनि नारायणलाई भने ॥ १ ॥ नारदले भने–हे बदरीपति नारायण ! सबै दान भन्दा अधिक फल दिने दान कासको सम्पुट दान भन्नुभयो । कहीं नखुलेको यो कारण मलाई खुलासा गरी भनिदिनुहोस् ॥ २ ॥ श्रीनारायणले भन्नुभयो––हे ब्रह्मन् ! एक समयमा उहिले उमाले पुरुषोत्तमको व्रत गरेकी थिइन् । त्यस बेला उनले महादेवसित अब कुन उत्तम दान दिऊँ ? ॥३॥ जुन दानले पुरुषोत्तममा गरिएको मेरो व्रत परिपूर्ण होस् ! हे दयाका खानि प्रभु ! सबैको कल्याणका लागि त्यो कुरो मलाई बताइबक्सियोस् ॥ ४ ॥ पार्वतीको त्यो कुरो सुनेर मनमा क्यै घोरिएर श्रीपुरुषोत्तम भगवानलाई ध्यान गर्दै महादेवले सबै लोकको हित चाहने उमालाई भन्नुभयो ॥ ५ ॥ श्रीमहादेवले भन्नुभयो––हे अपर्णे ! हे पार्वती पुरुषोत्तममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोत्तमे ॥ व्रतपूर्णविधिं कर्तुंयपर्णे छन्दसि क्वचित् ॥ ६ ॥ यद्यद्दानं गिरिसुते ह्युत्तमं परिकीर्तितम् ॥ श्रीकृष्णमनसोमासि तत्सर्वं गौणतां गतम् ॥ ७ ॥ तस्मादेतादृशं दान नैवास्ति क्वापि सुन्दरि ॥ येन ते व्रत-सम्पूर्तिर्भवेच्छ्रीपुषोत्तमे ॥ ८ ॥ पुरुषोत्तममासेऽस्मिन् व्रतसंपूर्णहेतवे ॥ ब्रह्माण्डं सम्पुटाकारं तदर्हं देयमङ्गने ॥९॥ न शक्यं तत्तु केनापि दातुं क्वापि वरानने ॥ तस्मादेतत्प्रतिनिधिं कृत्वा कांस्यस्थ सम्पुटम् ॥ १० ॥ तन्मध्ये पूरयित्वा तु पूपांस्त्रिंशन्मितान्मुदा ॥ सप्ततन्तुभिरावृत्य सम्पूज्य विधिवत्प्रिये ॥ ११ ॥ देयं विप्राय विदुषे व्रतसम्पूर्तिहेतवे ॥ एवं त्रिंशन्मितान्येव देयानि सति वैभवे

गरिएको व्रतको विधि पूर्ण गर्नका लागि वेदमा कहीं कुनै पनि गर्न सकिने योग्य दान कहिएको छैन ॥ ६ ॥ हे गिरिसुते पार्वती ! जो-जो दान उत्तम बताइएका छन्, ती सबै दान श्रीकृष्णका मनको महीना (प्रिय महीना) मा गौण [अप्रधान] हुन्छन् ॥ ७ ॥ त्यसकारण हे सुन्दरी ! जुन दानले पुरुषोत्तममा गरिएको तिम्रो व्रत पूर्ण होस् यस्तो दान कहीं पनि बताइएको छँदैछैन ॥ ८ ॥ हे अङ्गने, हे प्यारी ! यस पुरुषोत्तम महीनामा गरिएको व्रत पूर्ण गर्नको लागि सम्पुटका आकारको ब्रह्माण्ड दान छ, त्यही दान यसमा दिन योग्य छ ॥ ९ ॥ हे वरानने ! पार्वती ! त्यो दान त कहीं पनि कसैले पनि गर्न नसकिने छ । त्यसकारण, यसका प्रतिनिधि अर्थात् यसको बदलामा काँसको सम्पुट बनाएर ॥१०॥ त्यसको बीचमा प्रसन्नतापूर्वक तीसओटा मालपुआ भरेर सातोटा डोरा लपेटेर अनि उसलाई विधिपूर्वक पूजा गरेर हे प्रिये ॥ ११ ॥ व्रतपूर्तिका लागि

Sanskrit Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

।। १२ ।। इत्याकर्ण्य वचे रम्यं धूर्जटेरुपकारकम् ।। अत्रीभ्रद्दुमा हृष्टा सर्वलोकहितैषिणो ।। १३ ।।
त्रिंशत्कांस्यानि विद्वद्भ्यः सम्पुटानि व्यतीर्य सा ।। पूर्णं व्रतविधिं कृत्वा मुमोदातीव नारद ।।१४ ।।
सूत उवाच–इत्याकर्ण्य मुनिविप्रा नारायणवचोऽमृतम् ।। पुनराहातितृप्तोऽसौ नामं नामं पुनः
पुनः ।। १५ ।। नारद उवाच–सर्वेभ्यः साधनेभ्योऽयं मासः श्रीपुषोत्तमः ।। वरीयान्निश्चितो वेऽद्य
श्रुत्वा माहात्म्यमुत्तमम् ।। १६ ।। श्रुत्वापि जायते भक्त्या महापापक्षयो नृणाम् ।। किं पुनः श्रद्धया
कर्तुर्विधिना चेतिः मे मतिः ।। १७ ।। अतः परं न किञ्चिन्मे श्रोतव्यमवशिष्यते ।। पीयूषात्यन्तस-

विद्वान् ब्राह्मणलाई दिनू वैभव भए अर्थात् पुगिसरिएआए यसै किसिमले तीसओटा नै सम्पुट दान दिनू ।।१२।। महादेवको उपकार गर्ने र सुन्दर यस्तो वचन सुनेर सबै लोकको हित चाहनेवाली उमा प्रसन्न भइन् ।। १३ ।। हे नारद ! अनि तीसोटा काँसका सम्पुट विद्वान्हरूलाई विधिपूर्वक वितरण गरेर पुरुषोत्तमको व्रतविधि पूर्ण गरी पार्वती अत्यन्तै खुशी भइन् ।। १४ ।। सूतजीले भन्नुभयो—हे ब्राह्मण हो ! नारायणको अमृत तुल्य यस्तो वचन सुनेर अति तृप्त भएका ती नारद मुनिले नारायणलाई बारम्बार ढोग्दै फेरि पनि भने ।। १५ ।। नारदले भने—सबै साधनहरूभन्दा यो पुरुषोत्तम महीना अति श्रेष्ठ रहेछ भन्ने कुरो आज यसको उत्तम महात्म्य सुनेर मैले निश्चय गरें ।। १६ ।। भक्तिपूर्वक माहात्म्य सुन्नाले पनि मनुष्यहरूको अपराध नाश हुन्छ भने श्रद्धाले विधिपूर्वक व्रत गर्नेको त फेरि के भन्नु छ र भन्ने यस्तो मेरो बुद्धि [विचार] छ ।।१७।। अब अगाडि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्तृप्तो नान्यत्तोयं समीहते ॥ १८ ॥ सूत उवाच–इत्युक्त्वा विरतो विप्रो नारदो मुनिसत्तमः ॥ अनानमत्पादपद्मं पुरातनमुनेः परम् ॥१९॥ भारते जनुरासाद्य पुरुषोत्तममुत्तमम् ॥ न सेवन्ते न शृण्वन्ति गृहासक्ता नाराधमाः ॥ २० ॥ गतागतं भजन्तेऽत्र दुर्भगा जन्मजन्मनि ॥ पुत्रमित्रकलत्राप्तवियोगाद्दुःखभागिनः ॥२१॥ अस्मिन्मासे द्विजाश्रेष्ठा नासच्छास्त्राण्युदाहरेत् ॥ न स्वपेत् परशय्यायां नालपेद्वितथं क्वचित् ॥ २२ ॥ परापवादान्न ब्रूयान्तं कथञ्चित्कदाचन ॥ परान्नं च न भुञ्जीत न कुर्वीत परक्रियाम् ॥ २३ ॥ वित्तशाठ्यमकुर्वाणो दानं दद्याद्द्विजातये ॥ विद्यमाने धने

मैले सुन्नुपर्ने क्यै बाँकी रहन्न, किनकि अमृतले अत्यन्त तृप्त भएको मानिस अरू पानीको चाहना गर्दैन तब सूतजीले ॥१८॥ भन्नुभयो–मुनिहरूमा श्रेष्ठ नारद यति भनेर चुपो लागे, अनि पुरातनमुनि नारायणको श्रेष्ठ चरणकमलमा नमे ॥१९॥ भारतमा जन्म पाएर पनि घर द्वारमा आसक्त भएका जो अधम मनुष्यहरू उत्तम पुरुषोत्तमलाई सेवा गर्दैनन् या उसको महात्म्य सुन्दैनन्, ॥ २० ॥ ती अभागीहरू यस संसारमा जाने आउने काम अर्थात् जन्मने गर्ने क्रिया भोगिरहन्छन् र जन्म-जन्ममा पुत्र, मित्र, स्त्री, बन्धु बान्धवका बियोगबाट हुने दुःख पाइरहन्छन् ॥ २१ ॥ हे श्रेष्ठ ब्राह्मण हो ! यस पुरुषोत्तम महीनामा असत् शास्त्र (नास्तिक शास्त्रहरू) कहीं नभन्नू। अर्काको बिछ्यौनामा नसुत्नू र कहिल्यै पनि झूटो नभन्नू ॥२२॥ कहिल्यै कुनै हालतमा पनि अर्काको निन्दा हुने कुरो बोल्दै नबोल्नू। अर्काको अन्न नखानू र अर्काको काम पनि नगर्नू ॥ २३ ॥ कंजूस्याइँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शाठ्यं कुर्वाणो गौरवं व्रजेत् ॥ २४ ॥ दिने दिने द्विजेन्द्राय दत्त्वा भोजनमुत्तमम् ॥ दिवसस्याष्टमे
भागे व्रती भोजनमाचरेत् ॥ २५ ॥ धन्यास्ते पुरुषा लोके ये नित्यं पुरुषोत्तम् ॥ अर्चयन्ति विधा-
नेन भक्त्या प्रेमपुरःसरम् ॥ २६ ॥ इन्द्रद्युम्नः शतद्युम्नो यौवनाश्वो भगीरथः ॥ पुरुषोत्तममाराध्य
ययुर्भववदन्तिकम् ॥ २७ ॥ तस्मात्सर्वप्रयत्नेन संसेव्यः पुरुषोत्तमः ॥ सर्वसाधनता श्रेष्ठः सर्वार्थफल-
दायकः ॥२८॥ गोवर्धनधरं वन्दे गोपालं गोपरूपिणम् ॥ गोकुलोत्सवमीशानं गोविन्दंगोपिकाप्रियम्
॥२९॥ कौण्डिण्येन पुरा प्रोक्तमिमं मन्त्रं पुनः पुनः ॥ जपत्मासं नयेद्भक्त्या पुरुषोममाप्नुमात् ॥३०॥

नगरीकन बाहुन जातिलाई दान दिनू । धन छँदाछँदै पनि कंजूस्याइँ गर्ने मानिस रौरव नरकमा जान्छ ॥२४॥ पुरुषोत्तमको
व्रत गर्नेले दिनदिनै श्रेष्ठ ब्राह्मणलाई उत्तम भोजन दिएर मात्रै दिनको अन्तिम आठौं भागमा भोजन गर्ने ॥ २५ ॥
पुरुषोत्तम भगवान्‌लाई प्रेमपूर्वक भक्तिले विधिसहित जो सधैं पूजा गर्दछन् ती पुरुष संसारमा धन्य हुन् ॥ २६ ॥ इन्द्रद्युम्न,
शतद्युम्न, यौवनाश्व, भगीरथ राजा आदि पुरुषोत्तमकै आराधना गरेर भगवान्‌का पास पुगे ॥२७॥ त्यसकारण, सबै साधन-
हरूभन्दा श्रेष्ठ साधन भएको, सबै चिताएको फल दिने पुरुषोत्तमलाई सबै तरहले मिहिनेतसाथ पुज्नुपर्छ ॥ २८ ॥ 'गोवर्धन
लिने गोपीप्रिय गोविन्द ईश्वर, गोकुलोत्सव गोपाल ढोग्छु गोपाकृतीकन' ॥ २९ ॥ उहिले कौडिन्य ऋषिले वार-वार अर्थात्
हमेशा जपिएको यो मन्त्र भक्तिपूर्वक जप्तै जो पुरुषोत्तम महीना बिताउँछ उसले पुरुषोत्तम भगवान्‌लाई फेला पार्छ ॥ ३० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यायेन्नवघनश्यामं द्विभुजं मुरलीधरम् ॥ लसत्पीतपटं रम्यं सराधं पुरुषोत्तमम् ॥ ३१ ॥ ध्यायन्
ध्यायन् नयेन्मासं पूजयन्पुरुषोत्तमम् ॥ एवं यः कुरुते भक्त्या स्वाभीष्टं सर्वमाप्नुयात् ॥ ३२ ॥
गुह्याद्गुह्यतरं चैतन्नवाच्यं यस्य कस्यचित् ॥ ममाऽपि कथितं नैव कस्याऽप्यग्रे तपोधनाः ॥३३॥
श्रोतव्यमेतत्सततं पुराणमभीष्टदं पावनमादरेण ॥ श्लोकैकमात्रश्रवणेन पुंसामघानि सर्वाणि
निहन्ति विप्राः ॥ ३४ ॥ गङ्गादिसर्वतीर्थेषु मज्जतो यत्फलं भवेत् ॥ तत्फलं शृण्वतस्तस्य महात्म्यं
मुनिसत्तमाः ॥ ३५ ॥ इमां प्रदक्षिणीकुर्वन् यत्पुण्यं लभते नरः ॥ तत्पुण्यं शृण्वतस्तस्य

नयाँ मेघ जस्तो श्याम वर्ण भएका, दुइ हात हुने, मुरली लिने, चम्किलो पहेंलो वस्त्र पहिरने, राधासहितका सुन्दर पुरुषोत्तमलाई ध्यान गर्नू ॥ ३१ ॥ यस्ता पुरुषोत्तमलाई हमेशा ध्यान गरिरहेर नै पुरुषोत्तम भगवान्‌को पूजा गर्दै पुरुषोत्तम महीना बिताउनू। भक्तिपूर्वक जो यस्तो गर्दछ उ आफूले चाहेको सबै थोक पाउँछ ॥ ३२ ॥ गुह्यभन्दा पनि अतिगुह्य अर्थात् अत्यन्तै गुप्त यो कुरो जसतसलाई बताउनु ठीक छैन । हे तपोधन हो ! मैले पनि कसैको अगाडि आजसम्म भनेको थिएन ॥ ३३ ॥ हे ब्राह्मण हो । आफूले चाहेको फल दिने, अति पवित्र यो पुराण हमेशा श्रद्धापूर्वक सुन्ने पुरुषका समस्त पापहरू नाश हुन्छन् ॥३४॥ हे मुनि श्रेष्ठ हो ! गङ्गा आदि सारा तीर्थहरूमा न्वाहुनाले जो फल मिल्दछ त्यो फल सुन्ने गर्नू । एकै श्लोक मात्र सुन्नाले पनि यो फल पुरुषोत्तमको माहात्म्य सुन्नाले नै उसलाई मिल्दछ ॥ ३५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माहात्म्यं पौरुषोत्तमम् ॥ ३६ ॥ ब्राह्मणे ब्रह्मचर्यस्वी क्षत्रियो वसुधाधिपः ॥ वैश्यो धनपतिर्भूयाच्छूद्रः सत्तमतां लभेत् ॥ ३७ ॥ येन्ये किरातहूणाद्याः पशुचर्यापरायणाः ॥ ते सर्वे मुक्तिमातान्ति श्रुत्वा माहात्म्यमुत्तमम् ॥ ३८ ॥ पुरुषोत्तममाहात्म्यं लेखयित्वा द्विजन्मने ॥ सम्भूष्य वस्त्र भूषाभिर्विधिना यः प्रयच्छति ॥ ३९ ॥ कुलत्रय समुद्धृत्य गोलोकं याति दुर्लभम् ॥ यत्रास्ते गोपिकावृन्दैर्वेष्टितः पुरुषोत्तमः ॥ ४० ॥ लिखित्वा धारयेद्यस्तु गृहे माहात्म्यमुत्तमम् ॥ तद्गृहे सर्वतीर्थानि विलसन्ति निरन्तम् ॥ ४१ ॥ मासोत्तमस्य महिमानमनन्तपुण्यं

पृथिवीलाई प्रदक्षिणा गर्ने मनुष्यले जो पुण्य पाउँछ, त्यो पुण्य पुरुषोत्तमको माहात्म्य सुन्नेले पनि पाउँछ ॥३५॥ पुरुषोत्तमको माहात्म्य सुन्नाले ब्राह्मण ब्रह्मतेजले युक्त हुन्छ, क्षत्रिय पृथिवीको मालिक हुन्छ, वैश्य धनवान् हुन्छ र शूद्र अत्यन्त सज्जन हुन्छ ॥ ३७॥ पशुचर्यामा तल्लीन अर्थात् पशुको जस्तो व्यवहार गर्ने जो अरू किरात हूण आदि छन् ती सबै पनि पुरुषोत्तमको उत्तम माहात्म्य सुनेर मुक्ति पाउँछन् ॥ ३८॥ पुरुषोत्तमको माहात्म्य लेखाएर वस्त्र आभूषण भेटीवाटीहरूले सिंगारी विधिपूर्वक ब्राह्मणलाई जो दिन्छ ॥ ३९ ॥ त्यो मानिस आफ्नै कुललाई उद्धार गरेर। जहाँ गोपीका झुण्डले घेरिएर पुरुषोत्तम रहनु हुन्छ त्यस्तो बडा कठिनले पाइने गो-लोकमा जान्छ ॥ ४० ॥ जो मानिस यो उत्तम माहात्म्य लेखेर घरमा राख्तछ, उसका त्यस घरमा सारा तीर्थहरू हमेशै डटेर रहन्छन् ॥ ४१ ॥ महानाहरूमा अति उत्तम पुरुषोत्तमको अनन्त पुण्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा सुविस्मितधियो मुनयश्च सर्वे ।। ऊचुश्च सूततनयं विनयेन विष्वक्सेनाङ्घ्रिसेवनविधौ निपुणा नितान्तम् ।। ४२ ।। ऋषय ऊचुः ।। सूत सूत महाभाग धन्योऽसि त्वं महामते ।। त्वन्मुखामृतपानेन कृतार्थाः स्म वयं भृशम् ।। ४३ ।। चिरञ्जीव सदा सूत पौराणिकशिरोमणे ।। अस्य ते शाश्वतीः कीर्तिर्जगत्पावनपावनी ।। ४४ ।। तुभ्यं प्रदत्तं निमिषालयस्थैर्ब्रह्मासनं पूज्यतमं मुनीशैः ।। त्वदीयवक्त्राम्बुजनिर्गतश्रीमुकुन्दवार्तामृतपानलोलैः ।। ४५ ।। विष्टरश्रवस एव पवित्रता

दिने महिमा सुनेर आश्चर्यचकित भएका, भगवान्का चरणको सेवा गर्ने विधिमा असाध्यै निपुण सबै मुनिहरूले विनयपूर्वक सूतपुत्रलाई भने ।। ४१ ।। ऋषिहरूले भने–हे बुद्धिमान् सूतजी ! हे भाग्यशाली सूतजी ! तपाईं धन्य हुनहुन्छ । तपाईंका मुखबाट निस्केको कथारूपी अमृतको पियाइले हामी अत्यन्तै कृतार्थ भयौं ।। ४३ ।। हे पौराणिकहरूका शिरोमणि सूतजी ! तपाईं धेरै काल बाँचिरहनोस् । जगत्लाई पवित्र पार्नेलाई पनि पवित्र पार्ने तपाईंको कीर्ति सधैं रहिरहने होस् ।। ४४ ।। तपाईंका मुख कमलबाट निस्केको श्रीमुकुन्द भगवान्का कथारूपी अमृतको पियाइमा लोभिएका (लोलश्चलसतृष्णयो इत्यमरः) नैमिषारण्यमा रहने श्रेष्ठ मुनिहरूले अत्यन्त पूज्य ब्रह्मासन तपाईंलाई दिइयो, अर्थात् अतिपूज्य ब्रह्मासन हामीले तपाईंलाई दियौं ।।४५।। त्यसकारण हे सूतजी ! जबसम्म भगवान्को पवित्र कीर्ति पृथिवीतलमा फैलिरहन्छ तबसम्म तपाईं यहीं श्रेष्ठमुनिहरूको समाजमा रहेर भगवान्को सुन्दर कथा भनिरहनुहोस् ।। ४६ ।। ब्राह्मणहरूको यस्तो आशीर्वाद वचन

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यावदेव वितता भुवि कीर्तिः ॥ तावदत्र मुनिवर्यसमाजे श्रीहरेरवंद कथां कमनीयाम् ॥ ४६ ॥
इत्थं द्विजाशीर्वचनं प्रदक्षिणीकृत्य द्विजान् समस्तान् ॥ नत्वाऽगमद्देवनदीं स्वकीयं कृत्यं
 विधातुं स च सूतसूनुः ॥ ४७ ॥ अन्योन्यमुचुर्निमिपालयस्था वरिष्ठमाहात्म्यमिदं पुराणम् ॥
 इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे पुरुषोत्तममासमाहात्म्य
श्रवणफलकथनं नाम एकत्रिंशोऽध्यायः ॥ समासमिदं पुरुषोत्तममासमाहात्म्यम् ॥

Acc. 12713

लिएर, समस्त ब्राह्मणहरूलाई परिक्रमा गरेर नमस्कार गरी आफ्नू नित्यकर्म गर्नाका लागि ती सूतपुत्र गंगा नदीमा गए ॥४७
तब नै नैमिषारण्यमा रहने मुनिहरू पुरुषोत्तम महीनाको यो पुरानो दिव्य माहात्म्य इच्छा गरेको वस्तु दिनमा कल्पवृक्ष जस्तै अति श्रेष्ठ रहेछ भनी परस्परमा कुरा गर्न लागे ॥ ४८ ॥

इति श्रीबृहन्नारदीयपुराणे पुरुषोत्तममासमाहात्म्ये श्रीनारायणनारदसंवादे पुरुषोत्तममासमाहात्म्य श्रवणफलकथनं नाम एकत्रिंशोऽध्यायः ॥ ३१ ॥

Q22:224

उपमन्यु गोत्रीय एकदेव उपाध्याय द्वारा वह्नि वैश्वानर व्योमविलोचनविक्रममा कथा भन्ने शैलीले लेखिएको पुरुषोत्तम महीनाको माहात्म्यको टीका सकिय ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Q22:224
VYA

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ श्री गणेशाय नमः ॥

इति

श्री पुरुषोत्तम मास माहात्म्य

(नेपाली-भाषा टीकासहितम्)

टीकाकार :-

एकदेव उपाध्याय

प्रकाशक

जय नेपाल प्रकाशन

क.चौड़ीगली, वाराणसी । (२२१००१)

मूल्य भा.रू० ३०)

९२९.

5.1. 95693

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu